भाग १

# द्वन्द्वात्मक भौतिकवाद

## विषय प्रवेश

यस जगतलाई अध्ययन, र व्याख्या गर्ने परम्परा मानवजातिको चेतनाको विकाससँगै भएका हुन् । यही परम्पराबाट जगतलाई दैवको लीला अपरम्पार मान्ने या जगत बोधगम्य छ भन्ने दुई दर्शन शाखाहरू विकसित भए । दैवको लीला अपरम्पार मान्नेहरूले जगतमा भएका वा हुने सवै घटना वा परिवर्तनहरू दैव इच्छा वा शक्तिको परिणामका रूपमा प्रस्तुत गरे भने अर्काथरीले जगतमा हुने परिवर्तनहरू कुनै बाह्य दैवी शक्ति वा इच्छाको कारण होइन भने । मार्क्स र एंगेल्सभन्दा अधिका दार्शनिकहरूले विषय वा वस्तुका आन्तरिक पक्षहरू आपसी द्वन्द्का कारण परिवर्तन हुने वा घटना घट्ने हुनेबारे व्याख्या गर्न थालिसकेका थिए । हेगेलले कुनै पनि घटना र परिवर्तनहरू खासखास प्रक्रिया र नियमबाट हुने गर्दछन् भन्ने बताए तर उनी घटनाका लागि बाह्य वा दैवी शक्तिको आवश्यक पर्ने कुराबाट मुक्त हुनसकेनन् । तर मार्क्स र एन्गेल्सले कुनै पनि घटना र परिवर्तनहरू खासखास प्रक्रिया र नियमबाट हुने, ती कुराहरू वस्तुभित्रको आपसी पक्षहरूको द्वन्द्को परिणामका रूपमा प्रकट हुने कुराको व्याख्या गरे । यस्ता परिवर्तनका प्रक्रिया समाजको परिवर्तनमा लागू हुने कुराको व्याख्या गरे । उनीहरूको व्याख्याको सार अनुसार दार्शनिकहरूले यस जगतलाई विभिन्न तरिकाहरूले व्याख्या गरेका छन् तर मुख्य कुरो जगतलाई बदल्नु हो । (Theses on Feurbach, Karl Marx) । यही आधारमा कार्लमार्क्स (सन् १८१८/१८८३) र फ्रेडरिख एन्गेल्स (सन् १८२०/१८९५) बाट मार्क्सवादको विकास भयो । यो मार्क्सवाद उनीहरूको दिमागमा एकाएक टुप्लुक्क उब्जेको नभई ज्ञानको सिद्धान्त अनुसार ऐतिहासिक विकासको क्रममा प्राप्त ज्ञानहरूको संश्लेषणात्मक परिणाम हो, निष्कर्ष हो । यस निष्कर्ष नै जगत वा समाज परिवर्तन गर्ने दिगदर्शनका रूपमा व्यवस्थित गर्ने मार्क्सवाद भयो । मार्क्सवादका लागि उनीहरूले तीन स्रोतहरूलाई सन्दर्भ मानेका छन् । पहिलो स्रोत, फ्रान्सेली राजनीति हो । खासगरी, सन् १७९० को फ्रान्सेली राज्यक्रान्ति र त्यसरी नै १९ औ शताव्दीका शुरूको अवधिका वर्गसंघर्षको मार्क्सको विश्लेषण हो । दोस्रो अंग्रेज अर्थशास्त्र अर्थात् इंग्ल्याण्डमा विकसित भएको पूँजीवादी प्रणालीको विश्लेषण हो । मार्क्सवादको तेस्रो स्रोत जर्मन दर्शन हो । जर्मन दर्शन नै मार्क्सवादको प्रारम्भिक आधार थियो । यी तीन वटै स्रोतहरू नै मार्क्सवादका तीन अवयवहरू हुन्, ती द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र मार्क्सवादी अर्थशास्त्र हुन् । यस खण्डमा हामीले यी अवयवहरूको छोटकरी चर्चा गर्न लागेका छौं ।

## १. द्वन्द्वात्मक भौतिकवाद

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको दर्शन हो । दर्शन विश्व र चराचर जगत र यहाँ भएका परिवर्तन र यसका प्रक्रियाहरूलाई बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण तथा विधि हो । यस अर्थमा द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको विधि हो । यो विधि दार्शनिक आधार हो र यसमा नै मार्क्सवादी सिद्धान्त अडेको छ । यो विधि उन्नाइसौं शताव्दीको जर्मनीको आदर्शवादी दर्शन र मुख्यत हेगेल र फायरवाखको दर्शन नै मार्क्सवादी दर्शनको मुख्य सैद्धान्तिक स्रोत हो ।

हेगेलले विचार र चिन्तनको विकाससम्बन्धी द्वन्द्ववादका मूल नियमहरूको व्याख्या गरे । विचारको विकास कमजोर वा निम्न स्तरबाट विकसित वा उच्च स्तरमा क्रमिक रूपमा हुन्छ । यसै प्रक्रियामा परिमाणात्मक परिवर्तनले गुणात्मक परिवर्तनमा संक्रमण गर्दछ । परिवर्तन वा विकासको स्रोत चाँही अन्तरविरोध हो । उनले द्वन्द्ववादका मूलभूत भावहरूको व्याख्या गरे । उनीहरूको बीचको पारस्परिक सम्बन्ध र कसरी एकअर्कामा तिनको अदलबदल हुन्छ भन्ने पनि उनले देखाए । हेगेलको दर्शनमा निहित सकारात्मक पक्ष वा द्वन्द्ववादलाई मार्क्स र एन्गेल्सले भौतिकवादी दृष्टिकोणले व्याख्या गरे ।

मार्क्स र एन्गेल्सको भौतिकवादी विश्वदृष्टिकोण निर्माणमा लुडविख फायरवाख (सन् १८०४ -१८७२) को भौतिकवादको महत्वपूर्ण प्रभाव छ । उनी त्यस समयका प्रख्यात भौतिकवादी थिए । उनले दर्शनशास्त्र विशुद्ध चिन्तनको परिधिभित्र मात्र सिमित नरही यसले प्रकृति र मानिसको पनि अध्ययन गर्नुपर्ने कुरामा जोड दिए । प्रकृतिको अस्तित्व मानिसभन्दा बाहिर छ । प्रकृति … प्रथम आद्य र अनिर्मित वस्तु हो । बरू मानिस प्रकृतिको एक अंश या दीर्घकालीन विकासको उपज हो । उनले चेतना प्रकृतिभन्दा अग्रगामी होइन, त्यसले प्रकृतिको प्रतिविम्व उतार्छ र प्रकृतिलाई वोध गर्दछ ।

पदार्थ वोधगम्य छन् । तिनलाई मानिसले उपयोग गर्न सक्तछ, आफ्ना सबै ज्ञानेन्द्रीयहरूले अनुभव गर्न सक्दछ - *दर्शन शास्त्रको प्रारम्भिक ज्ञान* / फायरवाखको दर्शनमा निहित भौतिकवादी विचारले मार्क्स र एन्गेल्सलाई हेगेलको अध्यात्मवादबाट मुक्त गर्न सहयोग गर्‍यो ।

मार्क्स र एन्गेल्सले हेगेलको द्वन्द्ववादबाट आदर्शवादी खोल र फायरवाखको भौतिकवादबाट आत्मवादी, धार्मिक र नैतिक आवरण हटाउँदै ती दुबैको सारतत्वहरूलाई ग्रहण गरी एक वैज्ञानिक दर्शन विकास गरे । यही दर्शनलाई द्वन्द्वात्मक भौतिकवाद भनियो, जसलाई मार्क्सवादी दर्शन नामाकरण गरियो ।

**दर्शनको मुख्य विषयवस्तु**

द्वन्द्वात्मक भौतिकवादको मुख्य विषयवस्तु नै दर्शन शास्त्रको मूल प्रश्न हो । दर्शनको मूल प्रश्न के हो भने पदार्थ र चेतना मध्ये कुन पहिलो हो ? पदार्थले चेतनालाई जन्म दिन्छ कि यसको विपरीत चेतनाले पदार्थलाई जन्माउँछ ? यो दर्शनको सबभन्दा पहिलो प्रश्न हो ।

यस प्रश्नको उत्तर अनुसार दार्शनिकहरूलाई दुई भागमा बाड्ने गरिन्छ । पदार्थको उत्पत्ति हुनुभन्दा अघि नै चेतनाको अस्तित्व थियो र चेतनाले नै पदार्थको सृष्टि गर्दछ भन्नेहरूलाई आदर्शवादी भन्छन् । चेतना पदार्थको उपज हो र चेतनाले पदार्थको अस्तित्वलाई निर्धारण गर्दैन, बरू यसको उल्टो पदार्थले चेतनालाई निर्धारण गर्दछ भन्नेहरूलाई भौतिकवादी भन्छन् । यी आदर्शवादी र भौतिकवादी दुई विचार एकअर्काका पुरै विरोधी छन् - *लेनिन* भन्छन् । माओले यस भन्दा अघि बढेर दर्शनको हालसम्मको इतिहास नै एकअर्काका परस्पर विरोधी दर्शनहरू - भौतिकवाद र आदर्शवादबीचको संघर्ष र विकासको इतिहास हो । सबै दार्शनिक धारहरू तथा पाठशालाहरू यी दुबै मूल दर्शनका लाक्षणिक गुणहरू हुन् । ती सबै दार्शनिक सिद्धान्तहरू आआफ्ना वर्गका सेवाका लागि रचित गरिएका हुन् भनेका छन् । यसरी दर्शनको दुई विशाल वैचारिक क्याम्प छ, ती भनेका एउटा भौतिकवाद र अर्को आदर्शवाद हुन् । ती बीच मुख्यत निम्नलिखित दृष्टिकोणमा भिन्नता छन् :

***१. पदार्थको अस्तित्व नै एक मात्र सत्य हो र यो पूर्णत वोधगम्य छ ।***

*भौतिकवाद र आदर्शवादवीचको आधारभूत रूपमा भिन्नताबारे आत्मा (चेतना) र पदार्थ (अस्तित्व) को सम्बन्धी दृष्टिकोण हो । आदर्शवादले आत्मा (चेतना, धारणा, निश्चित कर्ता) नै यस पृथ्वीमा अस्तित्वमा रहेका सम्पूर्ण कुराहरूको स्रोत हो भन्दै पदार्थ (प्रकृति, समाज, वस्तुहरू) आत्माका अधिनस्थ ठान्छ - माओ /* भौतिकवाद नै मार्क्सवादको आधार हो । भौतिकवाद अनुसार पदार्थ नै सवै यथार्थको सार हो । पदार्थको उपज मन वा सोच हो । हुन त सोच र सबै चिजहरू जस्तै कलात्मक विचारहरू, वैज्ञानिक विचारहरू, कानूनी विचारहरू, राजनीति, नैतिकता आदि विचारबाट आएका हुन् । तर ती सबै चिजहरू भौतिक जगतबाट नै उत्पन्न भएका हुन् । सोच या मन अर्थात् सोच र सोचाइ प्रक्रियाहरू मष्तिस्कका उपज हो । मष्तिस्क नै पनि पदार्थको उपज हो र यहीबाट विचारहरूको क्रिया सम्पन्न हुन्छ । अन्तत विचार वा मन भौतिक जगतको उत्पादन हो । त्यसैले मनको उपज पदार्थ होइन ।

**२. पदार्थको अस्तित्व हाम्रो मनमष्तिष्क भन्दा स्वतन्त्र र पृथक छ ।**

दार्शनिक रूपमा भौतिकवाद भनेको एक विश्वदृष्टिकोण हो । यसले एकमात्र भौतिक जगतको व्याख्या गर्दछ । स्वर्ग पनि छैन नरक पनि छैन । यस चराचरजगत व्रम्हाण्ड सँधै थियो र यो कुनै अलौकिक शक्तिको सृष्टि होइन र निरन्तर परिवर्तनशील छ । मानव यस प्रकृतिको एक अंश हो, यसको उत्पत्ति अजैविक पदार्थबाट जैविक पदार्थ, हुँदै निम्नतम जीवबाट विकसित भइ भएको हो । सो जीव निर्जीवबाट ३६ खरव वा सो भन्दा अघि उत्पति भएको अनुमान छ । जीवनको विकाससँगै, स्नायू प्रणाली भएका जीवहरू विकसित भए, कम दिमाग भएका जीवबाट विकसित दिमाग भएको मानिसको उत्पत्ति भयो । मानिससँगै मानवीय सोच र चेतनाको उत्पत्ति गर्ने मष्तिष्क विकास भयो ।

मार्क्सवादीहरूले मन, चेतना, विचार, इच्छा, भावना, वा सम्वेदना यथार्थ हुन् भन्ने कुरामा विमति त राख्दैन तर यसले मन (आत्मा) चाहीँ भौतिक देह भन्दा भिन्न अस्तित्वमा रहन्छ भन्ने कुरालाई अस्वीकार गर्दछ । मन वा विचार देहभन्दा

भिन्न रहन सक्दैन । सोच वा विचार मगजको उपज हो । यसो भन्दाभन्दै पनि हाम्रो चेतना विद्यमान समाज वा प्रकृतिको प्रतिविम्व होइन । मानवहरू आफू वरपर रहेको परिवेश वा वातावरणमा अनुकुलित हुने गर्दछन्, ती परिवेशसँग सचेत र सजग हुँदै तदनुकुल प्रतिक्रिया वा अनुक्रिया गर्छन् । मानिसले भौतिक अवस्थाको गहिराइमा पुगेर अवस्थालाई बुझ्न र रचनात्मक तरिकाले सोच्न सक्छन् । र, आफ्नो भौतिक परिवेशमा परिवर्तन गर्न पनि सक्छन् ।

आदर्शवादीहरू संसारलाई रहस्यपूर्ण ठान्छन् । तिनीहरू जगत मिथ्या वा बुझ्न नसकिने र यसको भेद विज्ञानले कहिल्यै पाउन नसक्ने भन्छन् । तर भौतिकवादले यस प्रकृतिजगत्मा मानिसको ज्ञानले पत्ता लगाउन नसक्ने कुनै कुरा छैन भन्ने विश्वास राख्छ । अहिलेसम्म थाहा नपाइएका कुरा थुप्रा छन्, यो ठीक हो । तर मानिस आफ्नो प्रयोग र व्यवहारबाट सिक्दै, आफ्नो ज्ञानलाई झन् समृद्ध पार्दै र अहिलेसम्म थाहा नपाइएका विषयमा नया नया कुरा खोज गर्दै जान्छ र प्रकृतिका सारा नियमको भेद खोल्न सक्छ । उहिले अज्ञेय ठानिएका थुप्रै कुरा पत्ता लाग्दै जानु र विज्ञानको अनेक चमत्कारपूर्ण आविष्कार गर्नु यसका बलिया प्रमाण हुन् ।

एक खालका आदर्शवादीहरू विश्वको सृष्टि व्यक्तिको चेतनाले गरेको हो भन्छन् । अर्का खालका भनाइअनुसार विश्वको सिर्जना मानवीय चेतनाबाहिरको कुनै 'निरपेक्ष विचार', 'सर्वव्यापी आत्मा' वा 'ईश्वर' ले गरेको हो भन्छन् । सबै आदर्शवादीहरूका विचारको निचोड 'भौतिक जगत्देखि अलग रहेको स्वतन्त्र शक्ति नै समग्र विश्वको रचयिता हो' भन्नेमा नै पुग्छ । यसलाई ईश्वर र धर्मबाट अलग गर्न सकिँदैन ।

भौतिकवादले संसार स्वभावले नै भौतिक छ भन्ने प्रष्ट पार्दछ । संसारको रचना र विकासका निम्ति कुनै इश्वर वा विश्वव्यापी आत्माको खाँचो पर्दैन । पदार्थका अस्तित्वको कुनै आदि र अन्त्य छैन । यो अनादीकालदेखि थियो र अनन्तकालसम्म रहिरहनेछ । पदार्थभित्रै रहेको गतिका नियमबमोजिम संसारको विकास हुनेछ ।

आदर्शवादीहरू चेतना पदार्थमा भर पर्दैन, पदार्थ नभए पनि रहन सक्छ भन्ने सोच्छन् । यसको उल्टो भौतिकवादीहरूको दावा छ- पदार्थ वस्तुगत तथ्य हो । अनुभव र चिन्तन गर्ने मानिस हो । मानिस नै नभए चिन्तनको कुरै आउने थिएन । भौतिक पदार्थकै विकासको परिणामस्वरूप मानिस बनेको हो भन्ने कुरा विज्ञानले सिद्ध गरिसकेको छ । प्राणीको सृष्टि हुनुभन्दा अघि पनि प्रकृति थियो । तर चेतनाको अस्तिव कहीँ थिएन । मानिसको चिन्तन गर्ने मस्तिष्क नै स्वयं भौतिक विकासको उपज हो । यो सूक्ष्म र जटिल भौतिक वस्तुहरूको बनोट भएकाले नै गर्दा नै बढी चिन्तन गर्न सक्नु र नसक्नु मस्तिष्क स्वस्थ हुनु र नहुनुमा भर पर्दछ । मार्क्स भन्नुहुन्छ, *'जुन संसार भौतिक छ, इन्द्रियबाट थाहा पाउन सकिन्छ र जसमा स्वयं हामी छौं, त्यही नै एक मात्र सत्य हो । पदार्थ चेतनाको उपज होइन, तर स्वयं चेतना नै पदार्थको सबभन्दा ठूलो उपज हो ।'*
*पदार्थको अस्तित्व हाम्रो मन र सोच भन्दा बाहिर र स्वतन्त्र छ ।*

**३. पदार्थको अस्तित्व सतत गतिशील छ ।**

भौतिकवादले हामीलाई आत्मविश्वासको शिक्षा दिन्छ र हाम्रा अगाडि ज्ञान-विज्ञानको असीम भण्डार खोलिदिन्छ । प्रगतिशीलहरूको दर्शन सधैं भौतिकवाद नै रहिआएको छ ।

भौतिकवादी पनि थरिथरिका हुन्छन् । हामीले कुरा गरिरहेको भौतिवाद द्वन्द्वात्मक हो । तर अर्का खाले चाहिँ नाममा भैतिकवादी भए पनि तिनीहरूको मुहान भने आदर्शवाद नै भएका पनि छन् । तिनीहरूलाई यान्त्रिक भौतिकवादी भन्ने गरिएकोछ । यस प्रसंगमा, मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको स्थापना गर्नुअघि युरोपमा प्रचलित यान्त्रिक भौतिकवादी विचारबारे संक्षेपमा विचार गरौं ।

**यान्त्रिक भौतिकवाद**

१. दर्शनमा यान्त्रिक भौतिकवादी विचार धेरै पुरानो हो । यो सत्रौं र अठारौं शताब्दीतिर युरोपमा यसको विशेष रूपमा चल्ती भएको थियो । सुन्दा भौतिकवादी विचार भए तापनि यो आदर्शवादको धेरै नजिक छ र यसले पुँजीपतिवर्गको सेवा गर्दछ । पुँजीपतिलगायत चुसाहावर्गहरू परिवर्तनदेखि साह्रै डराउँछन् । त्यसैले परिवर्तन नहुनेखालको कुनै न

कुनै चीज खोजिरहन्छन् । आफ्ना छेउछाउमा सधैं भइरहेका परिवर्तनलाई सोझै त कसैले पनि इन्कार गर्न सक्तैनन् । जस्तै- दिन, रात, हिउँद, वर्षा आदि । अब यी परिवर्तन हुने कारण के हुन् त भन्दा आदर्शवादीहरू त्यसको कारण पदार्थदेखि अलग रहेको, स्वतन्त्र र अपरिवर्तनीय शक्तिमा खोज्छन् । यन्त्रवादीहरू परिवर्तनको कारण पदार्थभित्रै रहेको अपरिवर्तनीय तत्वमा खोज्छन् । यसप्रकार यी दुवैकोविचार मूलतः परिवर्तनलाई नमान्नु हो ।

यान्त्रिक भौतिकवादीले संसार साना-साना अणु मिलेर बनेको छ भन्छन् । अणुमा परिवर्तन आउँदैन । तिनै अणुहरूको बाहिरी गति र आपसी क्रियाको परिणामस्वरूप हामीले देखिने परिवर्तन भएका हुन् । संसार एउटा विशाल यन्त्र हो र अणु यसका सूक्ष्म पूर्जा मात्र हुन् । यो धारणा गलत छ । मार्क्सवादी दृष्टिकोणअनुसार संसार तयारी वस्तुहरूको थुप्रो होइन, संसार जटिल प्रक्रियाको परिणाम हो । यसलाई विभिन्न पदार्थहरू अस्तित्वमा आउने र अस्तित्व लोप हुने परिवर्तनको प्रक्रियाले कायम राख्छ । वैज्ञानिक अन्वेषणले विश्वको प्रारम्भिक एकाई परमाणु होइन र अझ इलेक्ट्रोन, प्रोटोनहरूसम्म अविभाज्य छैनन् भन्ने प्रमाणित गरिसकेको छ ।

२. यान्त्रिक भौतिकवादअनुसार पदार्थ स्वयं गतिमान छैन । पदार्थको विश्व यन्त्र निरन्तर चलिरहेकोछ । त्यसो हो भने यसलाई सुरूमा चलाउन पदार्थभन्दा बाहिरको शक्ति चाहिन्छ । त्यो कुनै सर्वोच्च शक्ति (ईश्वर) नै हुन सक्छ । यसको विपरीत सत्य के हो भने पदार्थलाई गतिबाट अलग्याउन सकिँदैन । 'गति पदार्थको अस्तित्वको रूप हो ।' यसैगरी समाजको विकासपनि समाजभित्रैको गति (द्वन्द्व, अन्तर्विरोध) बाट हुन्छ । तर यन्त्रवाद अनुसार यस्तो परिवर्तन ल्याउन समाजमा देखिने स्वार्थ बिकारबाट माथि उठेको ठूलो मानिस चाहिन्छ । यो निरर्थक सावित भइसकेका काल्पनिक समाजवादलाई सघाउने विचार हो ।

३. यन्त्रवादको अर्को धारण छ- बाहिरी शक्तिले गर्दा अणुको स्थान परिवर्तन हुन्छ र अणुमा यस्तो यान्त्रिक गति नै पदार्थमा पाइने गतिको मूल रूप हो । सारा परिवर्तन र घटनालाई यस्तो यान्त्रिक गतिमा घटाउन सकिन्छ । यसरी एक त यस सिद्धान्तले पदार्थमा हुने आन्तरिक परिवर्तन र त्यसबाट हुने खाल विकासका निम्ति कुनै ठाउँ राख्दैन र अर्को चाहिँ यसको भनाइबमोजिम भौतिक जगत्मा पाइने विभिन्नखाले प्रक्रियालाई एकै किसिमको यान्त्रिक गतिमा घटाउन असम्भव छ ।

४. यन्त्रवादले विश्वका सम्पूर्ण चीज एकअर्काबाट अलग, पूर्ण स्वतन्त्र एकाई हुन् भन्ने ठान्छ । तिनीहरूको मिलन संयोग मात्र हो । 'सम्पूर्ण' भनेको यस्ता 'अलग' भागको योग हो । यो सोचाइ सरासर गलत छ । किनभने कुनै पनि वस्तुको निम्ति अस्तित्वको अवस्था हुनुपर्छ, पूरै शुन्यमा केही रहन सक्तैन । सबै पदार्थहरू एकअर्कासँग सम्बन्धित छन् ।

यसप्रकार यान्त्रिक भौतिकवादको निरर्थकता र भौतिक जगत्का घटनाको व्याख्या गर्ने यसको गलत तरिकाको बोध भएपछि अर्को सही र व्यापक भौतिकवादी सिद्धान्तको आवश्यकता पर्दछ । यो द्वन्द्वात्मक भौतिकवाद हो ।

**द्वन्द्वात्मक भौतिकवाद**

मार्क्स र एंगेल्सले आफ्नो समयसम्म चलेका दार्शनिक विचारको गहिरो अध्ययन गरी आदर्शवादको स्थानमा भौतिकवादको स्थापना गरे । उनीहरूले भौतिक जगत्लाई चिन्ने, व्याख्या गर्ने यन्त्रवादी र अध्यात्मवादी तरिकाविरूद्ध द्वन्द्वात्मक तरिका वा विधिको विकास गरे । द्वन्द्ववाद विश्वका प्रत्येक वस्तु र घटनालाई अरूसँग सम्बन्ध भएको, परनिर्भर, परिवर्तनीय र विकासशील रूपमा अध्ययन गर्ने तरिका वा विधि हो । द्वन्द्वात्मक तरिका संसारलाई जान्ने र बुझ्ने बैज्ञानिक हतियार मात्र नभएर विश्वको रूपलाई फेर्ने दह्रो हतियार पनि हो । यसका नियमलाई हरेक घटनामा लागू गर्न सकिन्छ ।

द्वन्द्ववादी तरिका विश्वका प्रत्येक वस्तु र घटनालाई अरूसँग सम्बन्ध नभएको, स्वतन्त्र, अपरिवर्तनीय र अविकासशील रूपमा अध्ययन गर्ने अध्यात्मवादी तरिकाभन्दा ठीक उल्टो छ ।

द्वन्द्ववादका खासखास विशेषता निम्न छन्ः

१. विश्वका प्रत्येक वस्तु र घटना परस्परमा सम्बन्धित हुन्छन् ।

स्टालिन भन्नुहुन्छ, 'प्रकृति एउटा सुसम्बद्ध र अविच्छिन्न एकाई हो, जसमा वस्तु, घटना प्रवाह एकअर्कोसँग भित्री रूपले सम्बन्धित छन्, एकअर्कामाथि निर्भर छन् र एकअर्काको रूपरेखा निश्चित गर्दछन् ।' कुनै पनि घटनाको विषयमा अध्ययन गर्दा त्यसका कारण र त्यसमाथि असर पर्ने अरू घटनाहरूको याद गरिएन भने त्यस घटनाबारे केही थाहा पाउन सकिन्न । त्यो निर्जीव कथा मात्र हुन्छ । पृथ्वीको अति सूक्ष्म कणदेखि लिएर पृथ्वी स्वयं सौर्यमण्डलसँग गाँसिएको छ र सौर्यमण्डल अरू अझ ठूलो समूहसँग जोडिएको हुन्छ ।

२. प्रकृतिको कुनै पनि क्षेत्रमा स्थिरता, गतिहीनता छैन ।

यहाँ चीजहरू अस्तित्वमा आउने, हुर्किने, पुरानो हुने र थोत्रिएर विलिन हुने क्रिया निरन्तर चालु छ । एङ्गेल्सका अनुसार 'सम्पूर्ण प्रक्रिया, सबभन्दा सानोदेखि ठूलोसम्म, बालुवाको एउटा कणदेखि सूर्यसम्म, प्रोटिस्टादेखि मानिससम्म अस्तित्वमा आउने र अस्तित्व लोप हुने निरन्तर प्रवाहमा छन्, गति र परिवर्तनको निरन्तर अवस्थामा छन् ।' यस सिद्धान्तले हामीलाई विकासको अवधि पुग्नै लागेको मरणशील होइन, बढ्दो, हुर्किँदो वस्तुलाई चिन्न सक्नुपर्छ र त्यसलाई जतन गर्नुपर्छ भन्ने शिक्षा दिन्छ । मार्क्सवादीहरू सधैं प्रगतिशील हुनुको कारण उनीहरू पतन हुनै लागिसकेको, सडेको र नास भइनछाड्ने राजनीतिक, सामाजिक व्यवस्थालाई छाँद हालेर रूँदैनन्, बरू त्यसको गर्भमा जन्मेर बढिरहेको विकासशील व्यवस्थालाई मलजल गर्न र हुर्काउन क्रियाशील हुन्छन् ।

३. विकास वा परिवर्तन साधारणबाट जटिलतिर, तल्लो स्तरबाट माथिल्लो स्तरतर्फ बढ्छ

द्वन्द्ववादले परिवर्तन हुन्छ मात्र नभनेर परिवर्तन र विकास कसरी हुन्छ भन्ने समेत बताउँछ । द्वन्द्ववादी सिद्धान्तअनुसार प्रत्येक विकास सुरूमा परिमाणका परिवर्तनका रूपमा हुन्छ । यसरी पदार्थमा भइरहेको परिमाणको परिवर्तन एउटा खास अवस्थामा पुगेपछि पदार्थको गुणमा एकैचोटि परिवर्तन आउँछ । यसरी फेरिएको नयाँ पदार्थमा फेरि परिमाणात्मक परिवर्तनको प्रक्रिया सुरू हुन्छ । यसप्रकार यो क्रम निरन्तर चलिरहन्छ र यस्तो परिवर्तनद्वारा भएको विकास साधारणबाट जटिलतिर, तल्लो स्तरबाट माथिल्लो स्तरतर्फ बढ्छ ।

४. हरेक वस्तु र घटना प्रवाहभित्र सकारात्मक र नकारात्मक दुई पक्ष हुन्छन् ।

दुवै पक्ष परस्पर विरोधी हुन्छन् । यी दुईमध्ये नयाँले पुरानोविरूद्ध संघर्ष गर्छ र बलियो हुन्छ । पुरानो नष्ट हुन्छ । फेरि त्यसमा पनि नयाँ विरोध प्रकट हुन र बढ्न थाल्छ । प्रकृति र समाजमा भएको अहिलेसम्मको सम्पूर्ण विकास पदार्थभित्र रहने परस्पर विरोधी तत्वहरूको संघर्ष, पुरानोको हार र नयाँको जीतकै नतिजा हो । लेनिनका शब्दमा, 'सही अर्थमा द्वन्द्ववाद वस्तुहरूको मूल तत्वमा रहेका अन्तर्विरोधहरूकै अध्ययन हो ।' 'विकास 'विरोधी तत्वहरूको संघर्ष' हो ।'

**परिवर्तन र विकासका मुख्य द्वन्द्ववादी नियमहरू**

संसारमा जे-जति घटना घटिरहेका छन् र विकास भइरहेका छन्, यो अव्यवस्थित रूपमा आकस्मिकताबाट भएको होइन । हरेक वस्तु र घटनाको परिवर्तनका खास नियम हुन्छन् । यदि त्यसो नहुँदो हो त संसार उहिल्यै नष्ट भइसक्थ्यो वा यस्तो सिलसिला मिलेको विकासको इतिहास हुने थिएन । नियम भनेको वस्तुको बीचमाआपसी सम्बन्ध हो । ज्ञानविज्ञानको हरेक क्षेत्रमा हुने हरेक क्रियाकलापका आफ्नै विशिष्ट नियम हुन्छन् । तर यहाँ हामीले चर्चा गर्ने नियम सर्वव्यापी, आवश्यक र सामान्य नियम हुन्, जसलाई समाज र प्रकृतिजगत्का हरेक घटनाप्रवाहमा लागु गर्न सकिन्छ । नियमको सम्बन्धमा अर्को बुझ्नुपर्ने कुरा के छ भने नियम वस्तुगत हुन्छन् । यी नियम मार्क्सले बनाएका होइनन्, उहाँको अनुसन्धानको निष्कर्ष हो । मार्क्स जन्मनुभन्दा अघि पनि द्वन्द्ववादका नियमले काम गरिरहेकै थिए । मानिस आफूले चाहेअनुसार प्रकृतिका नियमविरूद्ध चल्न सक्दैन । सामन्त, पुँजीवादी र सबै प्रतिक्रियावादीहरू

सामाजिक स्थितिलाई जस्तो छ, त्यस्तै राख्न बल गर्छन् र शोषणव्यवस्थालाई सधैंभरि टिकाउने कोसिस गर्छन् । तर सामाजिक विकास नियमविरूद्ध भएको हुँदा जतिसुकै शक्ति र जुक्ति खर्च गरे पनि उनीहरूको पतन नभई छाड्दैन ।

### *१. परिमाणबाट गुणमा परिवर्तन हुने नियम*

प्रत्येक पदार्थमा एउटा न एउटा किसिमको गुण हुनु स्वभाविक छ । जस्तैः पानी, धान, ढुंगा प्रत्येकका आ-आफ्ना गुण हुन्छन् । पदार्थमा रहेका गुणमा परिवर्तन आएपछि स्वयं पदार्थमा पनि परिवर्तन आउँछ । यो देखिरहेकै कुरा हो । पदार्थमा गुण मात्र होइन, परिमाण अर्थात् मात्रा पनि हुन्छ । जस्तै- कति चामल ? कत्रो ढुंगो ? आदि प्रश्नका उत्तरले तिनका परिमाणको बोध गराउँछ ।

द्वन्द्ववादको यस नियमअनुसार पदार्थमा आएको परिमाणात्मक परिवर्तनले गुणलाई फेरिदिन्छ । प्रत्येक पदार्थको परिमाणात्मक पक्षमा निरन्तर परिवर्तन भइरहेको हुन्छ । तर वस्तुको परिमाण सधैंभरि एकनाससँग घटेको घट्यै वा बढेको बढ्यै गर्न सक्दैन । त्यो विस्तारै हुने परिमाणात्मक परिवर्तन एउटा निश्चित अवस्थामा पुगेपछि त्यस परिवर्तनको क्रमिकतामा हस्तक्षेप हुन्छ अर्थात् क्रान्तिकारी फड्कोद्वारा परिमाण गुणमा प्रवेश गर्छ । वस्तुको गुणमा पूर्ण परिवर्तन आउँछ । यस्तो परिवर्तनलाई हाम्रा दिनहुँका थुप्रै कामकारवाहीबाट पनि बुझ्न सकिन्छ ।

हामीले एउटा भाँडोमा पानी उमाल्दा पहिला भाँडाको पानी तात्न थाल्छ । बिस्तारै क्रमिक रूपमा ताप बढ्दै जान्छ । पानी तात्दै जान्छ । ५०-६० हुँदै ९९ डिग्री सेन्टिग्रेडसम्म तापमान पुगुन्जेल पानीको गुणमा फरक आउँदैन । पानी पानी नै रहन्छ । खाली पानीभित्रको तातो मात्रै बढेको हुन्छ । तर पानीको ताप १०० डिग्री सेन्टिग्रेडमा पुग्नासाथ अघिदेखि जम्मा हुँदै आएको तापको परिमाणात्मक वृद्धिले पानीलाई उम्लिने बिन्दुमा पुऱ्याउँछ । यहाँ अचानक पानीमा गुणात्मक परिवर्तन आउँछ अर्थात् पानी पानी रहँदैन, वाफ भएर उड्छ ।

समाजमा विकास पनि यस्तै किसिमबाट हुन्छ । पुँजीवादी व्यवस्था भएका र यस्तो शक्ति निर्णायक बिन्दुमा पुगेपछि फड्को अर्थात् क्रान्तिद्वारा पुरानो पुँजीवादी व्यवस्था नष्ट हुन्छ । नयाँ समाजवादी व्यवस्था अस्तित्वमा आउँछ र यसरी समाजको गुणमा पूर्ण परिवर्तन आउँछ । अहिलेसम्मका सम्पूर्ण ठूला-ठूला सामाजिक परिवर्तन यस्तै प्रक्रियाबाट भएका हुन् ।

यस नियमबाट के थाहा पाइन्छ भने विकासका खुड्किला हुन्छन् । एउटा, परिमाणमा बिस्तारै-बिस्तारै आउने परिवर्तन र दोस्रो, त्यो क्रिया खास बिन्दुमा पुगेपछि आउने क्रान्तिकारी गुणात्मक परिवर्तन । नौला विकास वा पूर्ण परिवर्तन आउन यी दुवै खुड्किला पार गर्नुपर्छ । वामपक्षी दुस्साहसवादीहरू खाली फड्को (क्रान्ति) लाई मात्र स्वीकार गर्छन् र फड्को आउनुभन्दा अघि पर्याप्त परिमाणात्मक विकास भइसकेको हुनुपर्छ भन्ने कुरालाई वास्ता गर्दैनन् । अवसरवादी र संशोधनवादीहरू क्रान्तिको विरोध गर्छन् र सधैं परिमाणात्मक विकास मात्र भइरहोस् भन्ने चाहन्छन् । यी दुवै मार्क्सवादविरोधी गलत विचार हुन् ।

### *२. विरोधी तत्वहरूको एकता र संघर्षको नियम*

यस नियमअनुसार प्रत्येक पदार्थमा दुई किसिमका तत्व हुन्छन् र ती दुवैको आपसमा संघर्ष भइरहन्छ । यही संघर्षलाई अन्तर्विरोध भन्छन् । अन्तर्विरोध विकासको आधारभूत नियम हो । माओत्सेतुङका अनुसार 'वस्तुभित्रको अन्तर्विरोध विकासको आधारभूत कारण हो, जब कि अरू चीजहरूसँगको सम्बन्ध तिनीहरूको अन्तर्सम्बन्ध र अन्तरर्क्रिया दोस्रो कारण हो । बाहिरी कारण परिवर्तनका अवस्था हुन् र भित्री कारण परिवर्तनका आधार हुन् । बाहिरी कारणहरू भित्री कारणद्वारा नै क्रियाशील हुन्छन् ।' यस भनाइलाई अझ प्रष्ट पार्न उनले उदाहरण दिएका छन् 'सुहाउँदो तापमानमा फूल चल्लामा फेरिन्छ, तर जस्तोसुकै तापमानले पनि ढुंगालाई चल्लामा फेर्न सकिँदैन, किनभने दुवैको जग (आधार) नै बेग्लाबेग्लै छन् ।'

दुई विरोधी तत्वहरूमध्ये कुनै एउटाको अभावमा पदार्थको अस्तित्व नै रहन सक्दैन । त्यस्तो स्थितिमा पदार्थमा गुणात्मक परिवर्तन आउँछ र फेरि नयाँ अन्तर्विरोध सुरू भइहाल्छ । समाजमा पनि यस्तै हुन्छ । आदर्शवादीहरू

पुँजीवादी समाजमा असल र खराब दुवै किसिमका तत्व हुन्छन् भन्ने कुरा स्वीकार गर्छन् र के भन्छन् भने सम्पूर्ण खराबीलाई हटाएर सुधार गर्ने हो भने पुँजीवादलाई सधैँका लागि टिकाऊ असल व्यवस्थामा बदल्न सकिन्छ । यो गलत हो । विश्वका अरू हरेक पदार्थ र व्यवस्थासरह नै पुँजीवादी व्यवस्थामा पनि प्रगतिशील र प्रतिक्रियावादी तत्व हुन्छन् र यी दुई तत्वको आपसमा अन्तर्विरोध हुन्छ । यस अन्तर्विरोधलाई मास्न स्वयं पुँजीवाद नै नष्ट हुनुपर्छ ।

भौतिक संसारमा गति नभएको कुनै वस्तु छँदैछैन । गति भनेको अन्तर्विरोधकै रूप हो । यति मात्र होइन, अन्तर्विरोध प्रत्येक वस्तुका विकासको थालनीदेखि अन्त्यसम्म पाइने सामान्य लक्षण हो । तर प्रत्येक वस्तुमा अन्तर्विरोधको एउटा विशिष्ट लक्षण हुन्छ । यो पदार्थको सारतत्व हो । यसैले गर्दा नै पदार्थका विभिन्न गुण हुन्छन् र एउटाबाट अर्कोलाई छुट्याउन सकिन्छ । कुनै ठूला घटनाको विकास हुँदै जाँदा थुप्रै अन्तर्विरोध उत्पन्न भएका हुन्छन् र खास प्रकारको विशिष्टता भएका अन्तर्विरोधलाई खास किसिमबाट मात्र समाधान गर्न सकिन्छ । यसकारण कुनै वस्तुको विकासको अययन गर्दा त्यस वस्तुमा पाइने अन्तर्विरोधको विशिष्ट स्वरूप र सामान्य स्वरूपसँगको त्यसको सम्बन्धलाई राम्ररी पत्ता लगाउनुपर्छ । यति गरिसकेपछि अन्तर्विरोधका दुवै विरोधी पक्षमध्ये प्रत्येकको खास अवस्था, शक्ति र दुवैबीचको सम्बन्धलाई केलाउनुपर्छ अनि समग्र अन्तर्विरोधको प्रक्रिया कुन अवस्थामा पुगेको छ, त्यो थाहा पाउनुपर्छ । यसबारे बुझ्न माओत्सेतुङको 'अन्तर्विरोधबारे' भन्ने रचना निकै सरल र पठनीय छ । उनले भनेका छन् 'कुनै वस्तुको विकासका प्रक्रियामा रहेका हरेक अवस्थामा पाइने अन्तर्विरोधका विशिष्टताको अध्ययन गर्दा हामीले तिनलाई तिनका आपसका सम्बन्ध, तिनका सिंगै स्वरूपमा हेर्ने मात्रै होयन कि हरेक अन्तर्विरोधका दुवै पक्षलाई पनि खोजेर हेर्नु गर्नुपर्दछ ।'

माओत्सेतुङका अनुसार जटिल वस्तुका विकासको प्रक्रियामा एकैचोटि थुप्रैथुप्रै किसमका अन्तर्विरोध जन्मेका हुन्छन् । जस्तैः एउटा पुँजीवादी मुलुकमा दशौं किसिमका अन्तर्विरोध हुन सक्छन् । ती सबैमध्ये एउटा चाहिँ मुख्य हुन्छ र अरू सबै अन्तर्विरोध त्यसैका अधिनमा रहेका हुन्छन् । समाजका परिवर्तनकारीले मुख्य अन्तर्विरोध पत्ता लगाउन सक्नुपर्छ । यसो गर्नुको अर्थ समाजका सारा प्रतिक्रियावादी वर्गमध्ये मुख्य कुन चाहिँ हो र त्यससँग सोझै टक्कर पर्ने र परिवर्तन चाहने शक्तिमध्ये पनि सबभन्दा विकासशील वर्ग कुन हो ? त्यो पत्ता लगाउनु हो । पुँजीवादी समाजमा पुँजीपति र सर्वहारावर्गको अन्तर्विरोध अरू सबै अन्तर्विरोधमध्ये मुख्य हुन्छ ।

अर्को कुरो, मुख्य अन्तर्विरोध पत्ता लगाएर मात्र टुंगिदैन । त्यस अन्तर्विरोधका २ पक्षहरूमध्ये पनि एउटा मुख्य र एउटा चाहिँ गौण हुन्छ । मुख्य पक्ष भनेको शक्ति भएको र बलियो पक्ष हो । मुख्य पक्ष जस्तो छ, वस्तुको गुण पनि त्यहीअनुसारको हुन्छ । एक समयको गौण पक्ष अन्तर्विरोधको विकास हुँदै ज्याँदा मुख्यमा फेरिन्छ र वस्तुको गुणमा पूर्ण परिवर्तन आउँछ । जस्तै- पुँजीवादी समाजमा सुरूसुरूमा पुँजीपतिवर्ग सर्वहारावर्गसँगको अन्तर्विरोधमा मुख्य पक्ष हुन्छ । तर सर्वहाराको शक्ति बढ्दै जान्छ र यसमा मनग्गे परिमाणात्मक वृद्धि आइसकेपछि यो मुख्य पक्षमा फेरिन्छ । यसले समाजवादी क्रान्ति (फड्को) द्वारा समाजवादको स्थापना गर्दछ । पुँजीपति गौण पक्षमा फेरिन्छ र मानिन्छ । यसैगरी हरेक किसिमका सामाजिक, राजनीतिक व्यवस्थामा र प्रकृतिजगत्मा अन्तर्विरोधद्वारा पुराना मासिदै जान्छन्, नयाँ हुर्किदै जान्छन् र यस्तो क्रिया सदैव चलिरहन्छ । यो द्वन्द्ववादको मुख्य नियम हो ।

### *३. निषेधको निषेध*

जुनसुकै पदार्थ र व्यवस्था पनि एक समयमा उत्पन्न हुन्छ, बढ्छ र आखिरमा नष्ट हुन्छ । यस्तो जहाँतहीँ जहिले पनि भइरहन्छ । यसरी नष्ट हुनुलाई निषेध भन्छन् । तर द्वन्द्वात्मक निषेधको अर्थ खाली नष्ट हुनु मात्र होइन । निषेध जति सबै द्वन्द्वात्मक हुन्छन् भन्नु गलत हो । विकासको स्रोतको रूपमा काम गर्ने र सम्पूर्ण सकारात्मक र स्वस्थ लक्षको रक्षा गर्ने निषेध मात्र द्वन्द्वात्मक हुन्छन् । निषेध भएको पदार्थले आफ्नो ठाउँ त्योभन्दा शक्तिशाली र विकासशील वस्तुका निम्ति खाली गरिदिन्छ । आफ्नो यथेष्ट विकास भइसकेपछि स्वयं यसले पनि नयाँका लागि नष्ट हुनुपर्दछ । यसैलाई निषेधको निषेध भन्छन् । प्रत्येक निषेधमा विकास निम्नस्तरबाट उच्च स्तरतर्फ, साधारणबाट जटिलतर्फ बढ्छ । यस कुरालाई एगेंल्सले एन्टिड्युरिंग नामक पुस्तकमा विषद व्याख्या गरेका छन् , उनले त्यहाँ तलको उदाहरणबाट *निषेधको निषेधलाई* प्रष्ट पारेका छन् ।

जब किसानले जौं छर्छ । जौंको बीउको निषेध हुन्छ र त्यसको ठाउँमा जौको बोट आउँछ । बीउको निषेध नभएको भए बोट हुन सक्ने थिएन । प्रकृतिको नियमअनुसार बोट बढ्दै, छिप्पिँदै जान्छ । फुल्छ, फल्छ । आखिरमा जौं

पाकेपछि विकासको प्रक्रिया खत्तम हुन्छ । जौं थन्क्याइन्छ । बोट मर्छ अर्थात् यसको निषेध हुन्छ । यो निषेधको पनि निषेध भयो । हामीसँग बीउको रूपमा पहिला जौं थियो, अहिले पनि जौं नै छ । फरक के आयो त ? हामीलाई यहाँ प्रक्रियाको पुनरावृत्ति भएझैं लाग्छ । तर अहिले हामीसँग अघिको तुलनामा जौंको बीउ दशौंगुना बढेर आएको छ । फेरि त्यही विधि दोहोऱ्याउने हो भने हजारौं गुना बढ्छ । यसरी निषेधको निषेधबाट विकास हुन्छ र त्यो विकास निम्नबाट उच्चस्तरतर्फ जान्छ ।

समाजको विकासमा पनि त्यही कुरा देखिन्छ । सामन्ती व्यवस्था नष्टभएपछि त्यसको ठाउँ पुँजीवादले लिन्छ, फलस्वरूप समाज एक कदम अगाडि बढ्छ । फेरि कालान्तरमा पुँजीवादी व्यवस्था पुरानो र जर्जरहुन्छ र पुँजीवादको निषेध भई त्यस्को चिहानमा अझ उच्चस्तरको व्यवस्था, समाजवाद आउँछ ।

समाजका विकासविरोधीहरू अथार्त् यथास्थितिवादीहरू मार्क्सवादीलाई 'ध्वंशप्रेमी' भनेर बदनाम गर्छन् । तर मार्क्सवादीहरू सबै किसिमका अस्तित्वको विरोध गर्दैनन् । मार्क्सवादीहरू काम नलाग्ने, कुहेर गन्हाउने भइकेकालाई निषेध गर्न जति सक्रिय हुन्छन्, नयाँ र विकासशीलको स्वागत गर्न र रक्षा गर्न पनि उस्तै सिपालु हुन्छन् ।

भाग २

# ऐतिहासिक भौतिकवाद

**विषय प्रवेश**

सामाजिक विकासको मूल आधार के हो भन्ने बारे मानिसले धेरै पहिला देखि सोच्न थालेका थिए, तर यसका बारेमा भिन्न-भिन्न दृष्टिकोण थियो । जस्तो कि लगभग सबै धर्महरूले प्रकृति र समाजको विकासलाई भगवानको इच्छा हो भनेर स्वीकार गर्दछन् । यसरी नै, कैयन बुर्जुआ विद्वान आज पनि, समाजको विकासलाई भौगोलिक परिवेश अर्थात् विशिष्ट प्राकृतिक अवस्थाहरू (हावापानी, माटो, खनिज आदि), जनसंख्यामा निर्णायक रूपले निर्भर रहेको ठान्दछन् । निश्चय नै, भौगोलिक परिवेश, जनसंख्या समाजको विकासलाई सबैभन्दा आवश्यक शर्तहरू हुनसक्छन् तर ती कुनै पनि किसिमले निर्णायक शर्त भने होइनन् । जस्तो युरोपमा ३००० वर्ष मै एक एक गरी तीन वटा भिन्नभिन्न सामाजिक व्यवस्था देखापरे- मध्य/पूर्वी युरोपमा त समाजवादी युग पनि आयो । यस अवधिमा युरोपमा भौगोलिक अवस्थाले फरक नै आयो भने बहुतै कम मात्र । यसैगरी जनसंख्याको कारणले समाजको विकासलाई प्रभाव पार्दछ भने पनि बढी जनसंख्या भएको चीन दोस्रो विकसित र बढी जनघनत्व भएका मुलुक हल्याण्ड विकसित छ । केहीलाई के लाग्छ भने इतिहासको गति केही विशिष्ट व्यक्तिहरू, राजनेताहरू सेनानायक आदिको इच्छामा भर पर्दछ । तर यथार्थमा यस्ता व्यक्तिको क्रियाकलापले कुनै विशेष घटनालाई उत्तेजित वा मत्थर पार्न सक्छ, तर इतिहासको क्रमलाई बदल्न भने उसले कहिल्यै पनि सक्दैन ।

त्यसो भए समाजको सामाजिक तथा आर्थिक विकासलाई केले निर्धारण गर्दछ । यस प्रश्नको उत्तर वैज्ञानिक रूपमा सबैभन्दा पहिला कार्लमार्क्स र एङ्गेल्सले दिए । उनीहरूले भने – भौतिक सम्पत्तिको उत्पादन प्रक्रियाले नै कुनै पनि समाजको सामाजिक तथा आर्थिक विकासलाई निर्धारण गर्दछ र चरित्र प्रष्ट गर्दछ ।

भौतिक सम्पत्तिको उत्पादन गरेर नै मानिसले आफ्नो जीवन गुजारका लागि गास, वास तथा कपासजस्ता प्राथमिक आवश्यकताहरू पूरा गर्न सक्छ । यस्तो उत्पादन गर्न श्रम वा काम गर्नुपर्छ । कुनै पनि समाजमा भौतिक उत्पादन गर्न रोकेमा त्यो समाजको अन्त्य हुन्छ । र, भौतिक उत्पादन गर्ने प्रक्रियाले समाजको सामाजिक तथा आर्थिक विकास हुन्छ। यस्तो विकास कसरी र किन हुन्छ भनेर कार्लमार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित ऐतिहासिक भौतिकवादले व्याख्या गर्छ । त्यसैले ऐतिहासिक भौतिकवादलाई इतिहासको दर्शन भनिन्छ । यो द्वन्दात्मक भौतिकवादलाई लागू गर्ने पद्दति हो। द्वन्दात्मक भौतिकवाद भनेको परिवर्तनको दर्शन हो र यसले सबै चिजहरू कसरी परिवर्तन हुन्छन् भन्ने व्याख्या गर्छन् । ऐतिहासिक भौतिकवादले समाजको विकास र चरित्रलाई मुख्य तीन नियमहरू र दुई सिद्धान्तहरूको आधारमा व्याख्या गर्दछ । ती निम्न हुन् ।

**नियम**

- परिवर्तनलाई प्रतिपक्ष वा विरोधीहरूबीचको द्वन्द्वले डोहोऱ्याउँछ ।
- मात्रात्मक परिवर्तनहरूले गुणात्मक परिवर्तनहरू गर्छ
- गुणात्मक परिवर्तनहरूका वातावरणले नयाँ संस्था तथा विचारहरू उव्जने अवस्थाहरू सिर्जना गर्छ

**सिद्धान्त**

- गुणात्मक परिवर्तनहरू कालान्तरमा अग्रगामी चरणतर्फ उन्मुख हुन्छ
- हरेक चरणका चरित्र अघिल्ला चरणको चरित्रका विरोधी हुन्छन् ।

यस खण्डमा हामीले वर्तमान नेपालमा कायम भौतिक सम्पदाको उत्पादन गर्ने प्रणालीका बारे चर्चा गर्न लागेका छौं, जसलाई उत्पादन पद्धति भन्ने गरिन्छ ।

**उत्पादन पद्धति भनेको के हो ?**

साधारण अर्थमा उत्पादन पद्धति भौतिक सम्पदाको उत्पादन गर्ने तरिका हो । यो उत्पादक शक्ति र उत्पादन सम्बन्धको विशिष्ट योग हो । भौतिक सम्पदाको उत्पादन प्रक्रियामा मानव श्रम, श्रमको साधन र श्रमको विषय सन्निहित हुन्छ । उत्पादन पद्धतिको बारेमा छलफल गर्नका लागि मानव श्रम, उत्पादनका साधन (श्रमका साधन र श्रमका वस्तुहरू), उत्पादक शक्ति र उत्पादन सम्बन्धको अर्थ बुझ्नु जरूरी हुन्छ ।

**केही शव्दहरूको अर्थ**

**श्रम** भनेको भौतिक सम्पदाको उत्पादनका लागि मानिसको उद्देश्य सहितको सचेतन क्रियाकलाप हो । श्रम मानव जीवनको एक निरन्तर नैसर्गिक आवश्यकता र उसको अस्तित्वको प्राथमिक शर्त हो । एगेल्सले त श्रमले नै मानिसलाई मानिस बनायो भनेका छन् ।

**श्रम विषय** भनेको मानिसको श्रम लगाइने चिज हो । मानिसले श्रमको विषयलाई श्रम उपकरणको प्रयोगबाट नै प्रभावित गर्दछ । श्रम विषय आफ्नो परिवेशमा प्रकृतिमा नै पाइने चिज हो । सबैभन्दा प्राथमिक श्रम विषय भनेको खनिज हो । बोट विरूवा र जनावर, जलस्रोत प्रकृतिमा नै पाइने श्रम विषयहरू हुन् । मानिसका श्रमले प्रभाव पार्नु पर्ने वा प्रशोधन गर्नु पर्ने श्रम विषयलाई कच्चा माल वा कच्चा सामग्री भनिन्छ ।

मानिसले आफ्नो श्रमिक क्रियाकलापले श्रम साधनको सहयोग लिएर श्रम विषयलाई आफ्नो आवश्यकता अनुरूप ढाल्छ। यसै प्रक्रियाको परिणाम श्रमको उत्पादन हुन्छ । तर स्पष्ट हुनुपर्छ, उत्पादन साधनले प्राकृतिक तरिकाबाट कुनै पनि भौतिक सम्पदा उत्पादन गर्न सक्दैन। मानिस बेगर सबैभन्दा परिष्कृत प्रविधि पनि बेकारको हुन्छ । यस कारण मानिसको श्रम शक्ति नै सबै उत्पादनको निर्णायक तत्व हो ।

**श्रम साधन या उपकरण :** यो विना उत्पादन प्रक्रिया कल्पना गर्न सकिदैन । श्रम साधनको सहयोगले नै मानिसले श्रमको विषयलाई प्रभावित गर्छ र रूपान्तरित गर्छ । श्रम साधन भनेको मेशिन, उपकरण, औजार, कारखाना, भवन र परिसर आदि हुन् । यातायात साधन, विद्युत प्रसारण लाइन, कृषिमा जमिन ।

सबै श्रम साधनहरू मध्ये श्रम उपकरणको भूमिका निर्णायक छ । मानिसद्वारा प्रकृतिलाई प्रभाव पार्ने शक्ति नै मानिसले प्रयोग गर्ने श्रम उपकरणमा निर्भर गर्दछ । जस्तै आदिम सामुदायिक समाजमा लाठी र पत्थर, भाला, त्रिशुल । यसको प्रयोग गरेर नै प्रकृति विरूद्ध संघर्ष गर्थ्यो मानिस । आजका मानिस शक्तिशाली मेसिनको सहयोगले प्रकृतिसँग संघर्ष गर्दछन् र प्रकृतिको विरूद्ध ठूलो विजय प्राप्त गरिसकेको छ । यस प्रकार श्रम उपकरणको विकासको स्तरले नै मानिसलाई आफ्नो परिवेश माथि प्रभुत्व गर्न सहयोग पुग्छ । मार्क्सले इङ्गित गरेका छन्- भिन्न भिन्न आर्थिक युगहरूको भेद (फरक) कुन युगमा कुन कुन चिज बनाउछ भनेर होइन कुन तरिकाले र केकस्ता औजारहरूले ती चिज बनाइन्छ भन्नेमा छ ।

**उत्पादनका साधन :** श्रमको विषय र श्रमका साधनहरू जस्तै औजार, उपकरणहरू आदि नै उत्पादनका साधनहरू हुन्

**उत्पादक शक्ति भन्नाले के बुझिन्छ ?**

उत्पादक शक्ति भन्नाले भौतिक सम्पदाको उत्पादन गर्ने मानिस र उत्पादनका साधन (जस्तै औजार, उपकरण, कार्यस्थल वा भवन तथा प्रविधि एवं ज्ञानसीप, श्रमविषय आदि) बुझाउँछ । मानिसले आर्जित ज्ञान, अनुभव र श्रम सीप तथा कौशलबाट श्रमको साधन र विशेषगरी उपकरणलाई विकास र गतिशिल बनाउँछ । मानिसले नै यी साधन/उपकरणलाई सुधार गर्छ, नयाँ मेशिनलाई विकास गर्दछ । नयाँ श्रम विकासलाई उत्पादन प्रक्रियामा ल्याउँछ र आफ्नो समेत ज्ञानलाई विस्तार गर्दछ । मानिसले उत्पादक शक्तिको विकास र समुचित मात्रामा भौतिक सम्पदाको उत्पादनलाई सुनिश्चित गर्दछ । यसर्थ मानिसहरू, श्रमिक वर्ग न उत्पादक शक्तिका निर्णायक तत्व हुन् । मानिसहरूको रचनात्मक र चेतनशील श्रमले नै उत्पादनका साधनहरूका सिर्जना र उत्पादन गर्दछ, तिनमा जीवन संचार गर्दछ र मानिसलाई नभैनहुने कैयौं वस्तुहरू उत्पादन गर्न तिनलाई विवश तुल्याउँछ ।

**उत्पादन सम्बन्ध भन्नाले के बुझिन्छ ?**

उत्पादनका साधन र उत्पादक शक्ति बीचको सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ ।

मानिसले भौतिक सम्पदा बेग्लाबेग्लै भएर होइन, मिलेर समुहमा सामाजिक रूपमा गर्दछ । जस्तै जुत्ता । एउटा 'माल' तयार गर्न सैकडौं मानिस लागेका हुनसक्छन् । तिनले मेशिन, छाला, धागो, सियो आदि बनाउन कारखानामा काममा लागेका हुन्छन् । सानो किसान समेत आफ्नो अन्न उब्जाउन बाहिरी समुहभन्दा अलग रहेका हुँदैनन् । उसलाई अरू कुनै कारखानामा बनेका औजार उपकरण आवश्यक पर्छ– दैनिक जीवनमा आवश्यक पर्ने साबुन, सलाई, नून आदि आवश्यक पर्छ ।

यी सबै अरूले उत्पादन गर्दछन् । यसो भन्नुको मतलब यो हो कि भौतिक सम्पदाको उत्पादनमा मानिस एक अर्कामा जोडिएका हुन्छन् । एक अर्कामा निर्भर हुन्छन् । उनीहरू विशिष्ट सम्बन्धको आधारमा एक आपसमा अन्योन्याश्रित भएका हुन्छन् ।


उत्पादन प्रक्रियामा मानिसबीचको सम्बन्ध प्राविधिक वा आर्थिक हुनसक्छ । प्राविधिक सम्बन्ध उत्पादनको प्रविधि वा उद्योगद्वारा र श्रमको संगठनद्वारा निर्धारित हुन्छ । उदाहरणका लागि ठूलो उद्योगमा मानिसको कार्यस्थल र कारखानामा औद्योगिक चक्र अनुसार एक निश्चित वितरण हुन्छ । त्यहाँ हुने कामको जिम्मेवारी म्यानेजर, इन्जिनियर, सुपरभाइजर र टिम लिडर, कामदारहरूलाई दिइएको हुन्छ । उत्पादन प्रक्रियामा यी सबै मानिस यस प्रक्रियाद्वारा निर्देशित (निहित) एक अर्कोमा अधिनताको अवस्थामा हुन्छन् र उनको बीचमा प्राविधिक सम्बन्ध उत्पन्न हुन्छ । प्राविधिक सम्बन्ध राजनैतिक अर्थशास्त्रमा पर्दैन । राजनीतिक अर्थशास्त्रको अध्ययन क्षेत्र आर्थिक सम्बन्धका उत्पादन सम्बन्ध हो ।

राजनैतिक अर्थशास्त्र भनेको भौतिक सम्पदाको उत्पादन, विनिमय, वितरण र उपभोग प्रक्रियामा मानिसहरू बीचको सामाजिक सम्बन्ध वा आर्थिक सम्बन्धको अध्ययन हो । आर्थिक सम्बन्ध सधै सम्पत्ति सम्बन्ध हुन्छ र उत्पादन साधन र उत्पादनको स्वामित्वको स्वरूपसँगै जोडिएको हुन्छ । उत्पादन सम्बन्ध या त शोषणबाट मुक्त भएका मानिसको बीच सहयोग र पारस्परिक सहायताको सम्बन्ध हुन सक्छ वा शोषणमा आधारित । यो कुरा मुख्य उत्पादन साधनहरू- जमीन र खनिज, जंगल, कलकारखाना, श्रम उपकरण आदिमा कसको स्वामित्व छ त्यस कुराले निर्भर गर्दछ । यदि उत्पादन साधन निजी स्वामित्वमा छ भने र त्यो सबै सम्पूर्ण समाजको होइन कि भिन्न भिन्न व्यक्तिहरूको सामाजिक समुहहरू वा वर्गहरूको अधिकारमा हुन्छ । त्यस्तो बेला मानिसबाट मानिसको शोषण, प्रभुत्व र अधिनताको सम्बन्ध स्थापित हुने गर्छ । ठ्याक्कै यसरी नै पूँजीवादको अधिनमा रहेका मजदुर उत्पादन साधनहरू विहिन हुन्छन् र पूँजीपति काम गर्नका लागि बाह्य हुन्छन् । समाजवादमा उत्पादन सामुहिक/सामाजिक हुने हुनाले, यस पद्धतिमा शोषण हुँदैन र मानिस बीचको सम्बन्ध भाइचारा सहयोग र समाजवादी परस्परिक सहायताको सम्बन्ध हुन्छ ।

उत्पादन साधनहरू सँगै मानिसको सम्बन्धले उत्पादनमा उनीहरूको स्थिति तथा स्थान र श्रमको उत्पादनको वितरण रितिलाई निर्धारण गर्छ। उदाहरणका लागि पूँजीवाद अन्तर्गत पूँजीपतिको उत्पादन साधन माथि स्वामित्व हुन्छ– त्यही स्वामित्वले गर्दा पूँजीपतिले मजदुरको हातबाट निर्मित सबै उत्पादनलाई आफ्नो इच्छा अनुसार उपभोग र समाधान गर्दछ । तर मजदुरलाई भने श्रम शक्ति पुनर्उत्पादन गर्नका लागि आवश्यक पर्ने पदार्थ/मजदुरी न्यून दिइन्छ । समाजवादमा, उत्पादन साधन सामाजिक सम्पत्ति हुने भएकाले उपभोगको वस्तुको वितरण श्रमको मात्रा अनुसार हुन्छ र सबै श्रमिक/श्रमजिवीको भौतिक तथा सांस्कृतिक जीवनस्तरमा जनत सुधार निश्चित हुन्छ ।

मानव समाजको विकासको इतिहासमा पाँच प्रकारका उत्पादन सम्बन्ध देखापरेका छन् । आदिम/सामुदायिक दास प्रथात्मक, सामन्ती, पूँजीवादी र समाजवादी । यिनीहरू सबैमा उत्पादन साधनको स्वामित्वको रूप विशिष्ट देखापरेका छ । यही स्वामित्वको कारणले समाजलाई अनिवार्य रूपमा शत्रु वर्ग शोषक र शोषितमा विभाजनमा लागेको छ र लान्छ । यसैले यी प्रणालीहरूको मुख्य लक्षण प्रचण्ड वर्गसघर्ष हो । समाजवादमा भने होइन ।

उत्पादन शक्ति र उत्पादन सम्बन्ध मिलेर उत्पादन पद्धति बन्छ ।




**उत्पादक शक्ति र उत्पादन सम्बन्धको द्वन्द्वात्मकता**

यद्यपी उत्पादक शक्ति र उत्पादन सम्बन्ध भनेका उत्पादन पद्धतिको भिन्न भिन्न पक्ष (पहलु) हो तर पनि तिनले एक अन्वितिको निर्माण गर्छ । त्यसले एक अर्कावीच अन्योन्याक्रिया गर्छ, एक अर्कालाई प्रभावित पार्छन् र दुवै समाजको ऐतिहासिक विकास क्रममा विकसित हुन्छन् ।

उत्पादक शक्ति उत्पादन पद्धतिको अत्याधिक गतिशील घटक हुन्छ । त्यो लगातार परिवर्तन भइरहन्छ, किनकि मानिसले लगातार श्रमउपकरणलाई सुधार गर्छ र उत्पादनसम्बन्धी अनुभव संचित गरिरहन्छ । जहाँसम्म उत्पादन सम्बन्धको कुरा छ, त्यो उत्पादक शक्तिको विकासको स्तर अनुरूप बदलिरहन्छ, आफ्नो (स्थिति) पक्षबाट आफ्नो विकासमा प्रभाव पार्छ तर सधैँ त्यसको हित वा पक्ष अनुरूप हुँदैन । यदि उत्पादन सम्बन्ध उत्पादक शक्तिको विकासको स्तर अनुरूप हुन्छ भने त्यो अनुरूपको विकासमा सहयोगी हुन्छ, जस्तै समाजवादी देशमा । समाजवादी देशमा उत्पादनको विकास तेजीसँग हुन्छ (संकट र वेरोजगारी विना) किनकि समाजवादमा उत्पादन सम्बन्ध सामाजिक स्वामित्वमा आधारित हुन्छ ।

उत्पादक शक्तिको विकासको एक निश्चित स्तर अनुरूप उत्पादन सम्बन्धको अपेक्षा गरिन्छ । यो मार्क्सद्वारा खोजिएको उत्पादन सम्बन्धलाई उत्पादक शक्तिको स्वरूप र विकासको स्तरसँगको अनुरूपतासम्बन्धी आर्थिक नियम हो । यस नियमले सामाजिक क्रान्तिको आर्थिक आधारलाई उद्घाटन गर्दछ । जब उत्पादन सम्बन्ध उत्पादक शक्तिको विकास भन्दा पछि पर्छ र त्यस उत्पादक शक्तिको विकासलाई बाधा गर्न थाल्छ, तब त्यो उत्पादन सम्बन्धको स्थानलाई अनिवार्य रूपमा नयाँ उत्पादन सम्बन्धले लिन्छ । वर्गीय समाजमा उत्पादन सम्बन्धको परिवर्तन सामाजिक क्रान्ति मार्फत हुन्छ । पुरानो उत्पादन सम्बन्धबाट आफ्नो हित पूरा गर्ने सामाजिक वर्गले आफ्नो स्थिति स्वेच्छाले त्याग्ने गर्दैन, त्यसैले **सामाजिक संघर्ष आवश्यक छ ।**

**उत्पादन पद्धतिको कसरी पहिचान गर्ने ?**

उत्पादन पद्धति परिवर्तन भएको कुरा समाजको आधारमा आएको परिवर्तनले संकेत गर्दछ । समाजको आधार भनेको आर्थिक प्रणाली हो । अर्थात् ऐतिहासिक विकासको प्रत्येक खास चरणमा विद्यमान रहेका समाजको उत्पादक शक्तिको र सामाजिक उत्पादन सम्बन्धको समग्र रूप हो । समाजको आधार विरोधपूर्ण वा विरोध नहुने हुन्छ । दासप्रथा, सामन्ती र पूँजीवादी समाजको आधार विरोधात्मक हो किनकि यस्ता समाजमा उत्पादन साधन निजी स्वामित्वमा रहेका हुन्छन् । निजी स्वामित्वले शोषण सम्बन्ध बन्छ ।

आधार अर्थात् आर्थिक प्रणालीले आफ्नो अनुरूप अधिरचना उत्पन्न गर्छ र त्यसको विकासलाई निर्धारित गर्दछ । अधिरचनामा समाजको राजनीतिक, दार्शनिक, न्यायिक, कला, धार्मिक र सो अनुरूप संस्थाहरू समावेश हुन्छन् । वर्गीय समाजमा अधिरचना वर्गीय स्वरूपको बन्छ । अगुवा र प्रभुत्वशाली वर्गले आफ्नो दृष्टिकोण अनुरूप वर्ग हित/स्वार्थ रक्षाका लागि संस्थाको निर्माण गर्दछन् ।

जस्तो आधार, उस्तै अधिरचना । यी दुवैको अस्तित्व एक निश्चित अवधिको हुन्छ । आधार परिवर्तन हुनासाथ अधिरचना पनि परिवर्तन हुन्छ । सामन्ती आधार पूँजीवादी आधारमा बदलिना साथ सामन्ती अधिरचना पनि पूँजीवादी आधारसँगै बदलिन्छ । जसरी अधिरचना सम्पूर्ण रुपमा आधारद्वारा उत्पन्न हुन्छ, त्यसरी नै अधिरचनाका विभिन्न तत्वहरू पुरानो समाजभित्र नै उदय/उब्जेको हुन्छ । किनकि पुरानो समाजमा नै सबैभन्दा अग्रगामी वर्गको विचार र दृष्टिकोणहरूले आधार ग्रहण गर्न थाल्छ । जस्तै पूँजीवादको मातहत उदियमान शक्ति ( नयाँ परिवर्तनकारी) श्रमजिवीको दृष्टिकोण अनुरूप सर्वहारा विचारधाराको उदय हुन्छ ।

अधिरचनालाई आधारले उत्पन्न गर्छ तर पनि एक पटक अस्तित्वमा आइसकेपछि यसले आधारलाई सक्रिय प्रभाव पार्छ,। त्यसकै रूप अनुकुल बनाउने प्रयत्न गर्छ, र सुदृढ हुन सहयोग गर्छ । अर्थात् अधिरचनाले आधारलाई या त प्रतिगामी या प्रगतिशिल भूमिका निर्वाह गराउन सक्छ । उदाहरणका लागि नेपाली पूँजीवादको आधारको अधिरचनाले यस समयमा प्रगतिगामी भूमिका निर्वाह गरिरहेको छ भन्न सकिदैन । यस वर्तमान चरणमा दलाल तथा नोकरशाही वर्ग प्रभुत्वशाली भएको पूँजीवादले उत्पादक शक्तिको विकासका लागि सहयोगी बनेको देखिदैन । यस चरणमा उत्पादक शक्तिको राम्ररी विकास गर्न उत्पादन साधनलाई पुनरूत्पादनका कार्यमा सक्रिय हुन र सामुहिकीकरण गर्नु आवश्यक छ।

समाजवादमा भने समाजवादी आधारको अधिरचनाले प्रगतिशिल भूमिका निर्वाह गर्दछ । समाजवादमा राजनीतिक सत्ता समाजको उत्पादक शक्तिको विकासलाई निर्देशित गर्दछ र यसरी समाजको साम्यवादमा पुऱ्याउने कार्यभारलाई सम्पन्न गर्न सहयोग दिन्छ । *(यो भाग विभिन्न स्रोतसामग्रीका आधारमा कोमल भट्टराईद्वारा प्रस्तुत गरिएको हो ।)*

मानव जातिको इतिहासमा पाँच प्रकारका सामाजिक आर्थिक प्रणालीमा आधारित रहेका समाज व्यवस्था देखा परेका छन् । ती हुन् आदिम सामुदायिक समाज, दास प्रथात्मक समाज, सामन्तवाद व्यवस्था, पूँजीवादी व्यवस्था र समाजवादी व्यवस्था । यस भागमा हामी आदिम सामुदायिक समाज र दास प्रथात्मक समाजकाबारे चिनारी गर्दै मुख्यतः सामन्तवादी व्यवस्था र पूँजीवादी व्यवस्थाका बारेमा छलफल गर्नेछौं ।

**आदिम सामुदायिक समाज**

आदिम सामुदायिक समाज र दास प्रथात्मक समाजकाबारे *मार्क्सवादको (पहिलो पुस्तक) बाट साभार गरिएको हो ।*

हजारौं बर्षसम्म मानवजातिको इतिहासमा वर्ग विभाजन थिएन, कुनै प्रकारको शोषण थिएन । पशु अवस्थाबाट विकसित भएर मनुष्य अवस्थामा पुगेपछिको पहिलो मानवसमाज आदिम साम्यवादी समाज थियो । मनुष्य कहिल्यै पनि बेग्लाबेग्लै वा एक्लै बसेन । सधैं समूहमा/दलमा मिलेर बस्यो । सुरूमा उनीहरू सानोसानो दलमा बस्ने गर्थे । मनुष्यलाई समूह या एकताको सूत्रमा बाँधेर राख्ने वस्तु के थियो भने भोजन प्राप्त गर्नका लागि उनीहरूले गर्ने सामूहिक परिश्रम किनभने एक्लै जंगलमा गएर शिकार मारेर ल्याउनु असम्भव थियो । त्यसबेला मानिसले प्रकृतिविरूद्ध पनि कठोर संघर्ष गर्नुपरेको थियो । बाँच्नका लागि गरिएको यही संघर्षले उनीहरूमा एकता र सामाजिक भावनाको विकास गऱ्यो । यो मानवसमाजको अत्यन्त अविकसित अवस्था थियो ।

एउटा लौरो या चुच्चे ढुंगो हजारौं वर्षसम्म मानिसको एक मात्र हतियार थियो । प्रकृतिको नियम थाहा नभएकाले प्रकृतिदेखि भयभित थियो र प्राकृतिक शक्तिको अगाडि ऊ शक्तिहिन थियो । तथापि आफ्नो जीविकाको साधन प्राप्त गर्नका लागि प्रकृतिसँग संघर्ष नगरी उसलाई सुखै थिएन । त्यसबेला मानिसहरू समूह बनाएर जंगलमा जान्थे र सामुहिक रूपले शिकार मारेर ल्याउँथे । सबै मिली बाँडेर खान्थे । त्यसबेला ठूलो, सानो शोषक/शोषित भन्ने कुरै थिएन । आफ्नो विकासको प्राथमिक अवस्थामा सबै जातिहरूले यस्तै आदिम युगबाट विकास गरेका हुन् । तीन हजार वर्षदेखि युरोप निवासीहरूका बाबुबाजे पनि यस्तै आदिम साम्यवादी समाजमा बस्थे । लामो अनुभवपछि उनीहरूले नयाँ-नयाँ हतियार बनाउन थाले । ढुंगाको धारिलो चक्कु, बञ्चरो, तरवार आदिबाट ठूला-ठूला जनावरको शिकार सम्भव थियो । आगोको आविष्कारले आदिम मानवका लागि नयाँ युगको ढोका उघारिदियो । यही आगोको आविष्कारले मानवलाई जन्तुजगत्को सर्वश्रेष्ठ

जीवको रूपमा प्रमाणित गर्‍यो । यही आगोको सहायताले उनीहरूले प्रकृतिमा सजिलैसँग पाइने धातुहरू पित्तल र फलामको प्रयोग गर्न थाले । अब उनीहरू बिस्तारै-बिस्तारै प्रकृतिमाथि विजय प्राप्त गर्ने दिशातिर लम्कन थाले ।

आदिम युगमा व्यक्तिगत सम्पत्ति थिएन । सबै साझा सम्पत्ति थियो । श्रम पनि सामुहिक थियो । मार्क्स, एङ्गेल्स तथा लेनिनले यस युगलाई 'आदिम साम्यवाद' भनेका छन् ।

पशुपालन र खेती सुरू भएपछि उनीहरूमा श्रमविभाजन भयो । पशुपालन, खेती, शिकार आदिको आधारमा श्रमविभाजन भयो । विभिन्न दल (कविला) हरू स्थायी रूपमा एक ठाउँमा बस्न थाले । यसरी निजी सम्पत्तिको आरम्भ भयो । राम्रो घाँसेमैदानका लागि विभिन्न कविलामा युद्ध हुन थाल्यो । पहिले युद्धबन्दीहरू मारिन्थे, पछि उनीहरूलाई दास बनाइयो र खेतमा काम गर्न लगाइयो । त्यसैबेलादेखि समाजमा दुई वर्ग देखापरे– मालिक र दास, शोषक र शोषित । व्यक्तिगत सम्पत्तिको उदयले गर्दा आदिम समाज वर्गसमाजमा परिणत भयो । त्यसबेलादेखि सम्पूर्ण मानवजातिको इतिहास वर्गसंघर्षको इतिहास भयो ।

'पशुपालन, खेती, कुटीर उद्योग आदि प्रत्येक क्षेत्रमा उत्पादनको उन्नतिले मानिसले आफ्नो आवश्यकताभन्दा बढी उत्पादन गर्ने शक्ति प्राप्त गर्‍यो । यसका साथै परिवार, कुटुम्ब या दल (कविला) का प्रत्येक सदस्यको दैनिक काम बढ्यो अर्थात् बढी श्रमशक्तिको आवश्यकता भयो। यो उनीहरूलाई दल, कविलाहरूबीचको युद्धबाट प्राप्त भयो । युद्धमा समातिएका दुस्मन गुलाम बनाइए । त्यसबेलाको ऐतिहासिक परिस्थितिमा जब समाजमा पहिलोपटक वर्ग विभाजन भयो, जसले उत्पादनशक्तिमा वृद्धि गरेर सम्पत्ति बढायो– दासप्रथा आरम्भ हुनु अनिवार्य नै थियो । पहिलोपटक ठूलो श्रमविभाजनको गर्भबाट नै समाजको पहिलो र ठूलो वर्गविभाजन सुरू भयो । समाज मालिक र गुलाम, शोषक र शोषितमा बाँडियो' (एङ्गेल्स, 'परिवारको उत्पत्ति') ।

**दास प्रथात्मक समाज**

आरम्भमा एउटा दासमालिकले केही दासहरू राखेर घर/खेतमा काम गराउँथ्यो । मालिकको दासहरूमाथि असीमित अधिकार थियो । फलाम पगाल्ने क्रियाको आविष्कारपछि कृषिउत्पादनमा ठूलो उथलपुथल भयो । काठको हलोमा फलामको फाली प्रयोग हुन थाल्यो । फलामको बञ्चरोले जंगल फाँड्ने र नयाँ–नयाँ जमिन आवाद गर्ने काम सुरू भयो। यसरी उत्पादनमा सैकडौं/हजारौंको संख्यामा दास काममा लगाइए। फलस्वरूप त्यसबेलाको सामाजिक बनोटमा परिवर्तन हुन थाल्यो । सानासाना कविलाहरू मिलेर संघ बनाउन थाले । जेठो अथवा योद्धा त्यस संघको सरदार अथवा राजा हुन थाल्यो । पछि चुनावद्धारा संघमा दलको नेताको छनोट हुने चलन भयो । ती दासहरूको दमन गर्नु र मालिकहरूको स्वर्थको रक्षा गर्नु सर्दारको मुख्य काम थियो । हतियारबन्द फौज, अड्डाअदालत, जेल आदिको गठन हुन थाल्यो । यसरी शासकवर्गको शोषित वर्गलाई दबाउने एउटा हिंसात्मक अस्त्रको रूपमा राज्यसत्ताको उत्पत्ति भयो ।

दास युगमा निर्मम शोषण थियो । दासमालिकहरूको खेतमा हजारौंको संख्यामा बिहानदेखि बेलुकासम्म दासहरूबाट कोर्राको बलमा काम लिने गर्दथे । उनीहरूको रहनसहन गोठका पशुहरूको भन्दा खराब थियो । भागेर जालान् भन्ने डरले उनीहरूलाई फलामे सिक्रीले बाँधेका हुन्थ्ये । दासहरू आफ्ना मालिकका सम्पत्ति थिए । उनीहरूको किनबेच हुन्थे । उनीहरू गाई, भैंसीभन्दा सस्तो मोलमा पाइन्थे । दासमालिकले आफ्नो दासलाई कुटपिट मात्र होइन, ज्यान मार्दा पनि बात लाग्दैनथ्यो ।

'दासप्रथा नै शोषणको सबभन्दा पहिलो रूप हो । मध्ययुगमा अर्धगुलामी प्रथा आयो र आजकाल मजदुरी प्रथाद्वारा शोषण भइरहेको छ । सभ्यताको तीन महान् युगमा शोषणका यी तीन प्रथा रहेका छन् । त्यसको मुख्य लक्ष्य गुलामी हो, चाहे त्यो प्रत्यक्ष होस् चाहे त्यो आजको जस्तो लुकेको होस्' (एङ्गेल्स 'परिवारको उत्पत्ति') ।

दासयुगको इतिहास शोषक र शोषितबीच भीषण संघर्ष र रक्तपातको इतिहास हो । दासहरू आफूमा भएको अन्याय, शारिरीक यातना र कार्यबोझ खप्न नसकेर आफ्ना मालिकविरूद्ध विद्रोह गर्दथे र मालिक तथा राज्यसत्ता मिलेर उनीहरूको दमन गर्दथे । यी विद्रोहरूले दास समाजको जरो हल्लाइदिन्थे । दासप्रथाको गर्भमा सामन्तवादी व्यवस्थाले जरो गाडिसकेको थियो र दासप्रथा समाजविकासमा तगारो भइसकेको थियो । फेरि दासप्रथाको ठाउँमा मनुष्यद्वारा मनुष्यको शोषण गर्ने एउटा नयाँ रूप कायम भयो । यसलाई सामन्तवाद या मध्ययुग भन्छन् ।

## सामन्तवाद

*(यो भाग विभिन्न स्रोतसामग्रीका आधारमा कोमल भट्टराईद्वारा प्रस्तुत गरिएको हो ।)*

सामन्तवाद सामन्ती उत्पादन सम्बन्ध भएको समाज व्यवस्था हो । यो व्यवस्था कुनै न कुनै रूपमा विश्वका सबै भाग र मुलुकमा लामो समयसम्म कायम रहेको थियो । चीनमा दुई हजार वर्ष रह्यो । युरोपमा पाँचौ शताव्दी देखि जस्तो बेलाययतमा सत्रौं शताव्दी र फ्रान्समा अठारौं शताव्दीसम्म कायम रहेको पाइन्छ । रूसमा नवौ शताव्दीदेखि १८६१ को भूदासत्व उन्मूलनको समयसम्म अस्तित्वमा रहेको थियो ।

नेपालमा करीव १७०० वर्ष रहेको जानकारीमा छ । हाल सामन्त भन्ने शव्द गाली गर्ने बनेको छ, तर अंशुवर्मा आफैले महासामन्तको पदवी लिएका थिए ।

**सामन्तवाद भनेको के हो ?**

मार्क्सवादी साहित्यमा सामन्तवादको खासै परिभाषा गरिएको फेला पर्दैन । तर राजनैतिक विश्लेषणमा कार्लमार्क्सले पूँजीवादको उदय हुनु भन्दा अघिको आर्थिक व्यवस्था सामन्तवाद भनेका छन् । उनी भन्छन् कि सामन्ती जमिन्दारले उसका मातहतका किसानहरूलाई उनीहरूले उत्पादन गरेको उत्पादनको एक हिस्सा खोसेर शोषण गर्दछ । तथापी सामन्तवादले श्रम शक्तिलाई उत्पादनका साधन जस्तै जमिनसँग प्रत्यक्ष सम्बन्ध राख्न दिन्छ तर पूँजीवादले श्रमिकलाई उत्पादनका साधनबाट अलग्याउँछ । मार्क्सले सामन्तवादलाई भूमिमा आधिपत्य जमाएको शासक वर्गको सत्ता, सो भूमिमा किसानहरूलाई श्रम गराई उत्पादनको शोषण गर्ने वर्गीय समाजको रूपमा व्यक्त गरेका छन् । यसपछिका मार्क्सवादी सिद्धान्तकार तथा अर्थशास्त्रीहरूले गरेका कैयन परिभाषाहरूमा समानता र व्यापकता पाइदैन । तर क्रिष्टोफर हिल ( मार्क्सवादी इतिहासकार) ले आफ्नो पुस्तक 'दी इङ्गलिस रिभोलुसन १६४०' को प्राक्कथनमा उल्लेख गरेको परिभाषाले विस्तृत अर्थ दिनसक्छ । उनका अनुसार "*सामन्तवाद भनेको .... कृषिमा आधारित अर्थतन्त्र भएको समाज हो, र सामन्ती समाजको राज्यसत्तामा भूमिपतिहरूको एकाधिकार हुन्छ । जनआवादीमा पराश्रित किसानहरूको बाहुल्य रहन्छ र उनीहरू आफ्ना परिवारले संचालन गरेको जोतमा उत्पादित उत्पादनमा गुजारा गर्दछन् । भूमिपतिहरूको जीवन किसानहरूले तिरेको लगानमा टिकेको हुन्छ, त्यो लगान या त पुरानो जमानामा खाद्यान्न या श्रममा चुकाइने जस्तो या (१६ औं शताव्दी ताकाबाट) मुद्राका रूपमा दिइने हुन्छ । त्यस्तो समाजमा लघु स्तरको हस्तकला उत्पादन, उत्पादनको विनिमय, घरेलु तथा वाह्य व्यापारको स्थान पनि हुन्छ । परन्तु वाणिज्य र उद्योगधन्दा भूमिपति र तिनीहरूको राज्यको अधिनस्थ हुन्छ र त्यसमा उनीहरूले लुटपाट मचाएका हुन्छन् । सामन्तवादमा वाणिज्य पूँजी मौलाउन सक्छ तर उत्पादन पद्धतिलाई नविथोलीकन । उद्योग र कृषिमा पूँजीवादी उत्पादन पद्धतिको विकास भएपछिमात्रै पूरानो सत्तासिन वर्ग र त्यसको राज्यमाथि चुनौति देखा पर्दछ ।*"

यो परिभाषाले समाज व्यवस्थाको राजनीतिक र आर्थिक विशेषताबारे प्रष्ट संकेत गरेको छ । तर, यसले सांस्कृतिक पक्षहरूका बारे व्यक्त गरेको छैन । निश्चय नै विश्वका कैयन विकसित मुलुकमा समेत दुई हजार वर्षसम्म कायम रहेको सामन्तवाद कैयन साधारण तथा जटिल संरचना भएका संघसंस्थाहरू र तिनीहरूको संचालनका लागि बैचारिक मूल्य, मान्यताहरू विकसित भएका थिए । यसरी सामन्तवाद आर्थिक, राजनीतिक तथा सांस्कृतिक विशेषता वा चरित्र सहितको एक राज्यसंचालन प्रणालीका रूपमा देखा पऱ्यो । र, सामाजिक क्रान्तिको नियम अनुसार आर्थिक सामाजिक प्रणाली वा आधारमा आएको परिवर्तनसँगै यसको राजनैतिक प्रणाली वा उपरीसंरचना मक्किन, विघटन तथा पतन हुन थाल्यो । तल यस सामाजिक व्यवस्थाका यी चरित्रहरूबारे चर्चा गरिएकोछ ।

**सामन्ती आर्थिक अवस्थाको चरित्र कस्तो हुन्छ ?**

सामन्ती समाजको आर्थिक अवस्था अर्थात् आधारको चरित्रले उत्पादक शक्तिहरू र सामन्तवादी उत्पादन सम्बन्धको एकत्व तथा अन्तरसंघर्षलाई प्रष्ट्याउँछ । यस समाजको प्रारम्भिक कालमा उत्पादक शक्तिहरूको विकास अनुरूप नै सामन्तवादी उत्पादन सम्बन्ध कायम हुन्छन् । तर, जव सामन्ती उत्पादन सम्बन्धले उत्पादक शक्तिहरूमा भइरहेको विकासमा बाधा पार्न थाल्छ तब अन्तरसंघर्ष चल्न थाल्छ । यस प्रक्रिया वा संघर्षलाई बुझ्न सामन्ती आर्थिक अवस्थाका विभिन्न चरहरू वा तत्वहरू वा पक्षहरूबारे बुझ्नु पर्छ । त्यसबारे तल चर्चा गरिएको छ ।

<u>क. सामन्ती उत्पादन प्रणालीका उत्पादक शक्तिहरू</u>

**१. उत्पादन साधनहरू :** श्रमको विषय तथा वस्तुहरू र श्रमका साधनहरू

**१.१ श्रमको विषय :** कच्चा पदार्थ, बीउविजन ।

**१.२ श्रमका साधनहरू :** उपकरणहरू, भवन मेशिन, औजार, कारखाना, भवन, परिसर, यातायात साधन, विद्युत लाइन, कृषिमा जमिन

**२. श्रम शक्ति** : यो भनेको उत्पादनका साधनसँग काम गर्न समर्थ बनाउने शक्ति हो । मानवीय बल, सीप, ज्ञान, खोजविन गर्ने क्षमता आदि ।

<u>ख. सामन्ती उत्पादन प्रणालीको उत्पादन सम्बन्ध</u>

**१. उत्पादन सम्बन्धको स्वामित्वको रूप**

यस सम्बन्धको रूप उत्पादन साधनहरूमध्ये जमीनमाथिको सामन्तहरूको पूर्ण तथा निजी स्वामित्व र भूदाशमाथि आशिंक स्वामित्व रहनु हो। यस समाजमा भूदास पूर्णतः दाश हुँदैनन्, किनकि उनीहरूका आफ्ना खेतबारी पनि हुन्छन् । सामन्तका सम्पत्तिका साथसाथै किसानहरू र शिल्पकारहरूका नीजि सम्पत्ति जस्तै औजारहरू, निजी कारोवारहरू आदि पनि ती सँग हुन्छन् । त्यसैले मार्क्सले भनेका छन् : पूँजीवादले श्रमिकलाई उत्पादनका साधनबाट अलग्याउँछ तर सामन्तवादमा श्रम शक्तिलाई उत्पादनका साधन जस्तै जमिनसँगको प्रत्यक्ष सम्बन्धबाट अलग गराई सकेको हुँदैन ।

**२. भौतिक सम्पदाको वितरण रूप**

मानव समाजको उदयपछिका सामन्तवादीलगायत सबै उत्पादन प्रणालीको ध्येय रहन्थ्यो, जैविक र सामाजिक आवश्यकताको परिपूर्ति गर्नु ( चैतन्य मिश्र, पुँजीवाद र नेपाल) । आवश्यकता पूर्तिको निम्ति मात्र गरिने वस्तु उत्पादनको परिस्थितिले गर्दा विनिमयको स्थान त्यति महत्वपूर्ण रहेको थिएन । त्यसैले सामन्तवादी अर्थव्यवस्थालाई आधारभूत रूपमा विनिमयहीन अर्थव्यवस्था पनि भनिन्छ । सामाजिक श्रमको विशेषीकरण र श्रम विभाजनको कारण आपसी वस्तु या सेवा साटासाटको अर्थमा अन्तरसामाजिक वस्तु विनिमय प्रणाली स्वाभाविक रूपमा विकसित भएको हो । समाजलाई सामन्तवादी अर्थव्यवस्थासम्म पुऱ्याउने निर्णयक शक्ति श्रमको पृथक्कीकरण थियो । यसले नै विभिन्न किसिमका उत्पादकहरू (जस्तै पशुपालक, कृषक, शिल्पकार) हरूबीच अन्तरसामाजिक वस्तु विनिमियलाई अपरिहार्य बनाएको थियो (मुरारी अर्याल, नेपालमा सामन्तवाद) ।

खासगरी दस हजार वर्षयता कृषिको उद्भव भएपछि उत्पादित कृषि र अन्य पैदावार अपेक्षाकृत लामो समयका लागि भण्डारण गर्न सक्ने समूह, प्रविधि र सामाजिक व्यवस्था बन्दै गयो । तर पनि भण्डारणको ध्येय कामदारको परिवार, नातागोता र छिमेकीसम्मको जैविक र सामाजिक आवश्यकता परिपूर्ति गर्नु र स्थान तथा अवधिविशेषमा सामन्त र राज्यसत्तालाई कूत/कर आदि तिर्नु रहेको थियो चैतन्य मिश्र, पुँजीवाद र नेपाल । विकसित कृषि प्रधान समाजको प्रमुख विशेषता नियमित करको प्रणालीको विकास हो । युरोपेली सामन्तवादमा कृषियोग्य भूमिको स्वामित्व हस्तान्तरण र कर संकलनमा कृषिको विकास पहिला नै देखिएको थियो । मुरारी अर्याल, नेपालमा सामन्तवाद । उत्पादनको सङ्गठनको उद्देश्य उपभोग गरिने वस्तुको सिर्जना गर्नु नै रह्यो । अर्थतन्त्र, राजनीति र संस्कृति मूलतः उपभोगीय उत्पादनको कार्य सहज तुल्याउने किसिमले संरचित भए । सामन्तवादलगायतका प्राक्-पुँजीवादी उत्पादन प्रणालीको विशेषता उत्पादकले उपभोग गर्ने पैदावार र वस्तुको रचना गर्नु रह्यो । चैतन्य मिश्र, पुँजीवाद र नेपाल ।

**३. उत्पादनमा वर्ग तथा सामाजिक समूहबीचको सम्बन्ध**

दाश प्रथात्मक व्यवस्थामा जस्तै सामन्तवादको उत्पादन सम्बन्ध प्रभुत्व र पराधिनताको सम्बन्ध थियो । यो सामन्तहहरूबाट भूदाशमा हुने शोषणको सम्बन्ध थियो । तैपनि दाश प्रथात्मक समाजमा कायम सम्बन्धहरूभन्दा यी सम्बन्धहरू बढी प्रगतिशील थिए, किनभने यी सम्बन्धहरूले कामदारलाई श्रममा केही भएपनि अभिरूची लिने सम्भावना दिएका थिए । किसान र शिल्पकारहरूको आफ्नो निजी कारोवार हुन्थ्यो । सामन्तका लागि अनिवार्य काम गरिसकेपछि उनीहरू आफ्नो नीजि काममा लाग्दथे । दर्शन शास्त्रको प्रारम्भिक ज्ञान भिक्टर आफनास्येभ ।

भूदाश किसानका कार्य समय दुई समयमा बाडिएका हुन्थे : अनिवार्य र अतिरिक्त । अनिवार्य कार्य समयमा किसानहरू आफ्नो र आफ्नो परिवारको निर्वाहका लागि आवश्यक पर्ने उत्पादन गर्न परिश्रम गर्दथे । अतिरिक्त समयमा उत्पादन गरेको अधिक उत्पादन भने सामन्तलाई लगान (वेगार, जिन्सी, नगद) का रूपमा बुझाउनु पर्दथ्यो । लगानको रूपमा किसान माथिको शोषण सामन्तवादको मुख्य लक्षण हो । शहर पनि सामन्तका अधिनको जमिनमा विकास भएका थिए, जहाँ अधिकांशतः शिल्पकार र व्यापारी बस्दथे । ती वर्गसमेत सामन्तको सत्ताको अधिनमा रहनु पर्थ्यो । शहरबासीहरू आफ्नो मुक्तिका लागि लड्दथे र प्रायशः स्वतन्त्र हुन्थे । नगरको विस्तार र व्यापारको विकासले नै सामन्ती गाँउक्षेत्रमा प्रबल प्रभाव पाऱ्यो । यसले गर्दा नै सामन्तको अर्थव्यवस्था बजारको परिचालन चक्रमा आयो । सामन्तहरूलाई विलाशका वस्तुहरू किन्नका लागि धनको जरूरत पर्न थाल्यो । यही सिलसिलामा सामन्तहरूले किसानहरूसँग बेगार तथा जिन्सी लगानको साट्टो नगदमा लगान उठाउन थाले । नगद लगानमा संक्रमण हुने क्रममा नै सामन्ती शोषण तीव्र भयो र सामन्त तथा किसानहरूबीचको संघर्ष निक्खर हुन थाल्यो । राजनीतिक अर्थशास्त्र के मूल तत्व, प. इ. निकीतिन, प्रगति प्रकान मस्को, १९८७ ।

**सामन्तवादको उपरीसंरचनाको चरित्र कस्तो हुन्छ ?**

सामनती समाजको उपरीसंरचनाको कुरा गर्ने हो भने त्यसको शोषण्मूलक सारतत्व हुन्छ । यसले सामन्तहरूको आर्थिक तथा राजनतिक हितको रक्षा गर्दछ । यसले सामन्तवादी व्यक्तिगत स्वामित्व र त्यसमा आस्रित उत्पादन सम्बन्धहरू, सामन्तवादको आर्थिक आधारको संरक्षण र सुदृढता जोड पुऱ्याउँछ *दर्शन शास्त्रको प्रारम्भिक ज्ञान भिक्टर आफनास्येभ।* राज्ययन्त्र र सेनाको विकास सामन्त वर्गको रक्षाका लागि गरिन्छ र ती यन्त्रहरू सामन्तका प्रतिनिधीहरूप्रति वफादार रहन्छन् । समाजको कथित बौद्धिक जमातमा धर्मको प्रचार हुनथाल्छ र यसको प्रभाव बढाउन राज्य अग्रसर हुन्छ । यही धर्म मार्फत् सामन्तहरू कहिं परमेश्वरका दूत र कहीं अवतार बनेर आफ्नो औचित्य सिद्ध गर्छन् र जनता माथि गरिएको शोषणलाई पापको फलका रूपमा प्रमाणित गर्ने चेष्टा गर्छन् ।

**सामन्तवादको विघटन तथा पतन कसरी भयो ?**

ऐतिहासिक भौतिकवादी सिद्धान्तले प्रष्ट पार्दछ कि हरेक समाजको गर्भमा सोही समाजको पतन गराउने सम्बन्धहरू विकसित हुने गर्दछ । सामन्तवादी समाजमा पनि यही प्रक्रिया दोहोरियो ।

दासप्रथाको तुलनामा सामन्ती युगमा उत्पादक शक्तिहरूको स्तरमा अति नै सुधार भयो । कृषि उत्पादन प्रविधिहरू सुधार आयो, फलामे हलो तथा अरू औजारहरूको प्रयोग व्यापक भयो । कृषिका नयाँ शाखाहरू खुले । *राजनीतिक अर्थशास्त्र के मूल तत्व, प. इ. निकीतिन, प्रगति प्रकान मस्को, १९८७* / समय बित्दै गयो । पन्धौं शताव्दीको अन्त्य र सोऱ्हौं शताव्दीको शुरुमा महान भौगोलिक स्थान (अमेरिकामा कलम्वस पुग्नु, भारतमा भास्कोडिगामा पुग्नु) पत्ता लाग्नुले सामन्तवादको विकासमा ठूलो प्रोत्साहन भयो । अन्तरराष्ट्रिय बजार समेत देखा परे । विभिन्न प्रकारका वस्तुहरूको माग बढ्दै गयो । उत्पादक शक्तिहरू विकसित हुँदै गए । तर सामन्ती व्यवस्थाको संकिर्ण सीमाहरूभित्र उत्पादक शक्तिहरू अट्न सकेनन् । सामन्ती शोषणको मारमा परेका किसानहरूले कृषिको उपज बढाउने अवस्था बन्न सकेन, किनकि भूदास श्रमको उत्पादकत्व धेरै कमजोर थियो । श्रेणी पद्धतिको नियामवलीले खडा गरेको बाधाले शहरमा पनि शिल्पकारको श्रम उत्पादकत्वको बृद्धिलाई रोकी रहेको थियो । यी सबै कुराहरूले पुरानो उत्पादन सम्बन्धलाई उन्मुलन गर्ने र त्यसको स्थानमा सामन्ती उत्पादन सम्बन्धबाट मुक्त उत्पादन सम्बन्धलाई प्रतिस्थापन गर्ने अवस्था बनी रहको थियो ।

सामन्ती युगमा आदिम वा साधारण माल उत्पादन अर्थात् विनिमयका लागि जिन्सी उत्पादन हुने काम विस्तारै विस्तारै हुन थाल्दै थियो । तर, यो काम उत्पादन साधनहरूमा निजी स्वामित्व र व्यक्तिगत श्रममा आधारित हुने गर्थ्यो । जिन्सी उत्पादकहरूबीच प्रचण्ड प्रतिस्पर्धा चल्थ्यो, जसको परिणाम गाउँ र शहर दुवै स्थानमा धनी र गरीववीचको खाडल बढ्दथ्यो । बजारको विस्तार हुने क्रममा जिन्सीका ठूला उत्पादकहरूले कंगाल भएका शिल्पकार तथा किसानहरूलाई सकेसम्म रोजगारी दिन थाले । यसप्रकार, विस्तारै विस्तारे सामन्ती वयवस्थाको गर्भाशयभित्र पूजीवादी सम्बन्ध विकास हुन थाल्यो ।

पुँजीवादको अभ्युदय अर्को तरिको पनि हुन थाल्यो । व्यापारीहरू मार्फत् वाणिज्य पूँजीले किशान र शील्पकारको उत्पादनलाई प्रत्यक्ष अधिनमा लिन थाल्यो । शुरूमा व्यापारीहरूले जिन्सीको विनिमय कार्यमा विचौलिया भएर गर्ने गर्दथे तर पछि साना उत्पादकहरूका पैदावारहरू नियमित खरीद गर्ने, ती उत्पादकहरूलाई कच्ची सामग्री, वीउविजन प्राप्त गर्न र नगद ऋण दिन थाले । यसरी साना उत्पादकहरू गाँउका सामन्तहरूबाट मुक्त हुँदै आर्थिक रूपमा व्यापारीसँग आश्रित हुँदै गए । वाणिज्य पूँजीको अर्को पाइलो भनेको अलग अलग रहेका शिल्पकार र कालिगढलाई एउटै परिसरभित्र ल्याउनु थियो । जसरी २०३६ सालतिर घरभित्र तान चलाइरहेका साना उत्पादकहरू काठमाडौंका कार्पेट कारखाना ओइरिएका थिए, त्यसरी नै एकै कारखानामा ज्यालादारी मजदुरीमा काममा लाग्ने गर्थे । अब भने वाणिज्य पूँजी औद्योगिक पूँजीमा परिणत भयो र व्यापारी औद्योगिक पूँजीपति बन्यो । नेपालमा अहिले नाम चलेको औद्योगिक घराना भनिएकाहरू सबै वाणिज्य सम्बन्धी व्यापारी नै थिए ।

पूँजीवादको प्रक्रिया शहरमा मात्र होइन, गाउँमा पनि चलेको थियो । माल उत्पादनका साथसाथै धनको शक्ति पनि बढ्यो र यसैकारण सामन्तले पनि नगदमै लगान लिन चाहन थाले । नगदसम्बन्धले किसान समूहका ग्रामिण पूँजीपति र गरीव किसानबीचमा खाडल बढ्ने क्रममा तेजी आयो ।

यस प्रकार शहर र गाउँमा सामन्ती व्यवस्थाको गर्भाशयबाट पूाजीवादी उत्पादनको जन्म भयो । सामन्तवादको अन्त एक ऐतिहासिक आवश्यकता बन्यो ।

सामन्तवादको पुरै अवधि किसानहरू र सामन्तहरूबीचको कडा वर्ग संघर्षको इतिहास थियो । सामन्ती युगको अन्तको समयमा यस्तो संघर्ष विशेषप्रकारको तिक्खर भयो । किसान विद्रोहले सामन्ती व्यवस्थाका जराहरू हल्लाउन थाले र त्यसको विनाश यात्रा शुरू भयो । सामन्तहरूको विरूद्धका आन्दोलन र विद्रोहमा पूँजीवादीहरूको नेतृत्व रह्यो । भूदासको सामन्ती विरूद्धको विद्रोहलाई पूँजीवादीहरूले राजनीतिक सत्ता हत्याउनका लागि प्रयोग गरे ।

**नेपालमा सामन्तवाद**

नेपालमा सामन्तवादको प्रारम्भ कहिलेदेखि भयो भनेर तोक्न सजिलो छैन । गोपाल, महिषपाल तथा किराँत राजाहरूको प्रारम्भिक चरणलाई सरदारतन्त्र मान्ने हो भने किराँत राज्य तथा प्रारम्भिक लिच्छवी चरण कृषक समाजको नजिक रहेको अनुमान गर्न सकिन्छ । तर, लिच्छवी राज्यको स्थापना कहिले भयो भन्ने कुनै यकिन छैन। नेपालमा सामन्तवादको संकेत इशापूर्व चौथो तथा तेस्रो शताव्दीदेखि देखा परेको मानिएको छ । नेपाली राजाहरूको मिति किटान भएको पहिलो अभिलेख इ. ४६४ को राजा मानदेवको चाँगुनारायणको अभिलेख हो । यसले धर्मदेवको आकस्मिक मृत्यूपछि पूर्वका किराँत र पश्चिमका सामन्तहरूले विद्रोह मच्चाएको र राजाले सो विद्रोह दमन गरेको बुझिन्छ । यस अभिलेखबाट त्यतिबेला नेपालको केन्द्रीय सत्तामा राजा रहने र राजको करद (कर तिर्ने) सामन्तहरूले स्थानीय स्तरमा शासन गर्ने प्रणाली विकसित भइसकेको देखिन्छ । नेपालमा सामन्तवादको प्रारम्भिक चरणदेखि नै आम नागरिकहरूले राज्य र सामन्तहरूका लागि नियमित करका साथै बेगार र विष्टी पनि चुक्ता गर्नु पर्थ्यो । निश्चित क्षेत्रका जनताले एउटा खास इलाकाभित्र सम्पन्न गरिने राजकीय कार्यको निम्ति झारा उपलब्ध गराउनु पर्ने बाध्यता थियो र शिल्पीहरूसँग समेत बेगार असुल गरिन्थ्यो । निशुल्क रूपमा राजा तथा सामन्तहरूको खेतीमा काम गर्न आम नागरिकहरूक बाध्य थिए भए भने राजाको राजस्व बृद्धिको माध्यम व्यापारमा सघाउ पुऱ्याउन विष्टिको रूपमा अर्को थरी कर अनिवार्य श्रमको रूपमा तिर्न पनि आम नागरिकहरूलाई बाध्य पारिन्थ्यो, *नेपालमा सामन्तवाद, मुरारी अर्याल*।

लिच्छवीकाल (इशापूर्व चौथो तथा तेस्रो शताव्दी) देखि विकसित हुँदै आएको सामन्तवाद एक्काइसौ शताव्दीमा उन्मूलन भएको छ । यस १७ सय वर्षको अवधिमा यो सामन्तवाद नेपाली भूमिमा कहिल्यै खुम्चदै कहिलै विस्तार हुँदै विकास भएको थियो । सन् १९३७ देखि पूँजीवादी उत्पादन प्रणालीले खुम्चाउँदै लगेको यस सामन्तवादी उत्पादन प्रणालीलाई एउटा कुनामा पुर्‍याई सकेकोछ । १९७० को दशकमा आर्थिक प्रणालीका रूपमा यसको पतन नै भइसकेर पनि राजनैतिक तथा उपरीसंरचना गीँड बेगर टाउको मात्रै छटपटाइ रहेकोमा ०६२ ⁄०६३ को जनक्रान्तिबाट नेपाली भूमिबाट विदा भएको छ ।

**सामन्तवाद छ भन्ने भ्रमहरूको खण्डन**

नेपाली कम्युनिष्ट आन्दोलनका घटकहरू खासगरी हाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र अहिले पनि नेपाली समाज सामन्तवादी हो या पूँजीवादी हो भन्ने प्रश्न बहसको केन्द्रमा रहेको छ । नेपालमा सामन्तवादको पतन र पूँजीवादको प्रभुत्व भएकोमा नेपालका समाजशास्त्रीहरूका साथै नेपाल कम्युनिष्ट पार्टी एमालेको संस्थापन पक्ष, एमाओवादी र मार्क्सवादी विद्वानहरू एक मतोमा आइसकेका छन् । तर, एमालेका केही व्यक्तिहरू नेपाली समाज अझै पनि सामन्तवादी हो भन्ने भ्रममा रहेका छन् र विभिन्न प्रश्नहरू गरिरहेका छन्, जुन प्रश्नहरूले नेपालमा विकसित भइरहेको पूँजीवादी चरित्रका विरूद्ध औला उठाउन सक्दैनन् । तैपनि ती प्रश्नहरूले मार्क्सवादको अध्ययनमा भरखरै लागेका युवाहरू र व्यक्तिहरूमा भ्रम उत्पन्न गर्न सक्छ । यसर्थ यहाँ ती प्रश्नहरूको उत्तर ने क. पा. एमालेको मुखपत्र नवयुग वर्ष २४ अंक ५ मा प्रकाशित डा. विजय पौडेलबाट लिखित लेखलाई सन्दर्भ बनाई प्रस्तुत गरिएको छ ।

**सामन्ती अन्धविश्वास, जातपात, र विभिन्न कुरितीहरू लगायत अवशेषहरू विद्यमान हुँदाहुँदै नेपालमा सामन्तवाद समाप्त भयो भन्न सकिदैन ।**

अवशेष त जहाँ पनि रहन्छन् । पुरानो उत्पादन सम्बन्धका अवेशेषको चर्चा गर्ने हो भने हाल नेपालमा विभिन्न पछौटे उत्पादन सम्बन्धका अवशेष छन् । राउटे र चेपाङहरूमा आदीम सामुदायिक- कबिलायी उत्पादन सम्बन्ध कायमै छ । विभिन्न रूपमा दासताका अवशेषहरू पनि कायमै छन् । सामन्ती अवशेष पनि छन् । अवशेषहरूले कुनै पनि युगको मूल चरित्र निर्धारण गर्दैनन् । हाम्रा घरहरूमा अझै पनि सिलौटो र जाँतो छन् । सस्तो र सजिलोको कारणले काठमाडौँका मानिसहरू पनि ती औजारहरू प्रयोग गरिरहेका छन् । ती औजारहरूकै प्रधानता हुन्थ्यो भने हामी ढुँगे युगमै हुने थियौं । तर आज त तीनै औजार *पूँजीवादी माल* भएका छन् । सिलौटोको थोक बजार काठमाडौँको गोंगबु बजारमा छ। ती आफैंले प्रयोग गर्नका लागि कुनै ढुंगे युगका मानिसले बनाएका होइनन्, ती त आधुनिक समयका पूँजीवादी मालको रूपमा हाम्रो अगाडि उपस्थित छन् ।

सामन्ती चालचलनका अवशेष छन् तर ती पनि धेरैजसो पूँजीवादीकरण भएका छन् । पुरोहितहरू सामन्तवादमा थिए, आज पनि छन् तर तिनीहरू आज स्वरोजगार श्रमिक भएका छन् । उनीहरूले कुनै धार्मिक आस्थामा कटिबद्ध भएर पुजा-आजा गराउँदैनन् । अध्यात्मिक मान्यता र नेपाली प्रचलनअनुसार पुरोहितले यजमानले दिने गोप्य दक्षिणा (कागज वा दुनामा ढाकेर दिइने) मा चित्त बुझाएर बस्दैन । अहिलेको नेपाली पण्डित घण्टा, दिन वा कामको आयतनको हिसाबले पहिले नै आफ्नोज्याला तय गरेर मात्र पुजाको आसनमा बस्न तयार हुन्छ । पशुपतिका भट्ट र पुजारीहरूले समेत ज्यलाका लागि हडताल गरेर तलब बृद्धि गराएका छन् ।

विभिन्न दासकालिन र सामन्ती कुरितिहरू ज्युँदै छन् । अझै पनि गाउँ-शहरमा बोक्सी, लागो-भागो हुन्छ भनेर मान्ने र उपचारका लागि धामी-झाँक्रिमा विश्वास गर्नेहरूको ठूलो संख्या छ । तर यस्ता गलत मान्यताहरूले नेपालमा सामन्तवाद रहेको पुष्टि गर्दैनन् । बेलायत, अमेरिका वा क्यानडामा पनि बोक्सी (witch) हुन्छ भनेर पत्याउनेहरूको ठूलो संख्या छ । तर ती देश सामन्ती होइनन् । कसैकसैले यहाँ महिलामाथि भेदभाव छ त्यसैले सामन्तवाद छ भन्दछन् । तमाम मध्यपूर्वका अरब मुलुकहरूमा महिलाथिको भेदभाव धेरै चर्को छ । धेरै इश्लामिक मुलुकहरूमा पुरूषले बहुबिवाह गर्न पाउने कानून नै छ । महिलाहरूलाई अहिले पनि बुर्का ओढेर हिँड्न बाध्य पारिएको छ । कतिपय इश्लामिक मुलूकहरूमा महिलाहरूलाई चिकित्सा शास्त्र र इन्जिनियरिङ विषय पढ्न रोक लगाइएको छ । यी सबै हुँदाहुँदै पनि मध्यपूर्वका पेट्रोल निर्यातक देशहरू सामन्ती हैनन् । ती त विकसित पूँजीवादी मुलुकहरू हुन् ।

नेपालमा जातपातको अवशेष अझै पनि जब्बर रूपमा छ । जातपातमा आधारित कुरीति हटाउन अझै धेरै सुधारको खाँचो छ तर यसले नेपाली उत्पादनसम्बन्ध सामन्ती रहेको पुष्टी गर्दै गर्दैन । जातपातको ब्यवस्था सामन्ती कालमा कानूनी मान्यताका साथ थियो । आज ती सबै गैरकानूनी भएका छन् । अमेरिका र बेलायत लगायतका पश्चिमा देशहरूमा कालो छालाका मानिसहरूलाई अहिले पनि दोश्रो दर्जाको रूपमा हेरिन्छ । त्यहाँ जातपात छैन तर काला र गोराका बीचमा त्यस्तै भेदभाव छ । रकेट उडाउनु अघि पादरीले प्रार्थना र धुप-धुवाँर गरिदिन्छन् । कतिपय मानिसहरू के ठान्छन् भने समाज पूँजीवादी हुनु भनेको सडेगलेका सबै पुराना मान्यता सर्लक्क सखाप भएका हुन्छन् । त्यस्तो होइन । पूँजीवादमा सामन्ती साँस्कृतिक अवशेष रहिरहन्छन् । सामन्तवादका कतिपय साँस्कृतिक अवशेष नेपालमा भन्दा बढी बेलायतमा बाँकी छन् तर बेलायत त आधुनिक पूँजीवादको जन्मदाता पो हो ।

**<u>भूमिहीनहरूको ठूलो संख्या हुँदाहुँदै नेपाली समाज पूँजीवादी भन्न मिल्छ र ?</u>**

केही साथीहरू तर्क गरिरहेका छन्- नेपालमा भूमिहीनहरूको ठूलो संख्या छ, यसैले सामन्तवाद जबरजस्तरूपमा छ । उत्पादन सम्बन्धसँग जोडेर नहेरिकन भूमिहीनहरूको ठूलो संख्या मात्रै हेरेर युगको निर्धारण गर्न सकिन्न । भूमिहीनहरू दास युगमा दास हुन्थे, सामन्ती युगमा

आश्रित किसान वा कृषि श्रमिक हुन्छन् । पूँजीवादी युगमा भूमिहीनहरू सर्वहारा–श्रमिक हुन्छन् । मानिसहरूलाई भूमिहीन दास युगले पनि बनाउँछ, सामन्तवादले पनि बनाउँछ, पूँजीवादले पनि बनाउँछ। नेपालका अहिलेका धेरैजसो भूमिहीनहरू हिँजोको सामन्ती ब्यवस्थाको शोषणका कारणले नै भएका हुन् । तर हिँजोको सामन्तवादले बनाएका भूमिहिनहरू आज नेपाली समाजमा पूँजीवादी उत्पादनसम्बन्ध कायम भएका कारणले भूमिका मालिक भै हाल्दैनन् वा भूमिहीनहरूको उपस्थिति रहेका कारणले नेपालमा सामन्तवादको उपस्थिति हुँदैन । बरू हामीले त सामन्तवादले स्वतन्त्र किसानहरूलाई भूमिहीन बनाएर कसरी आफ्नो चिहान आफैं खन्छ भन्ने ऐतिहासिक विश्लेषण पो गर्नुपर्छ ।

सन् पन्ध्रौं शताब्दीको पहिलो चतुर्थांश (१४२५को आसपासको समयदेखि) १९ औं शताब्दीको शुरूसम्म बेलायत लगायतका पश्चिमा मुलुकहरूमा जमिन्दारहरूको हितमा संसदबाटै कानून पारित गरेर *बार बार्ने अभियान* (इन्क्लोजर मुभमेन्ट) चलाइयो र लाखौं मानिसहरूलाई उनीहरूको जमिनबाट लखेटियो । त्यसको कहाली लाग्दो बृतान्त यस्तो छ– बेलायती ऊनी कपडाको माग विश्वस्तरमा बढेको थियो । कपडा उद्योगहरूमा कच्चा ऊनको माग निरन्तर बढी रह्यो । त्यसका लागि बढीभन्दा बढी कच्चा ऊन चाहिन्थ्यो जसका लागि ठूलो मात्रामा भेंडा पालन गर्नु पर्ने भयो । तत्कालिन बेलायती सरकारले *राष्ट्रलाई समृद्ध बनाउने* नाममा स्थानीय जमिन्दारहरूले जुनसुकै किसानलाई पनि उसको पुर्ख्यौली थातथलोबाट उठीबास लगाएर जमिन खाली गराई भेंडा पालन गर्न पाउने अधिकार दियो । जमिन्दारहरू सरकारी सैनिकहरू लिएर जान्थे र आफूलाई पायक पर्ने गाउँमा आगो लगाएर किसानहरूलाई धपाउँथे । प्रतिरोध गर्नेहरूलाई गोली ठोकेर मारिन्थ्यो । त्यसपछि त्यहाँ बार बारेर भेंडा पालिन्थ्यो । बार बारेको ठाउँमा भेंडा पाल्दा थोरै गोठालाहरू राखे पुग्थ्यो । यसरी भीमकाय भेंडा फार्महरू कायम गरिए । घरबास खोसिएर भूमिहीन बनाइएका मानिसहरूलाई गाउँमा बस्न पनि दिइएन । उनीहरूलाई गाउँमै बस्न दिँदा सामन्तहरूका विरूद्ध संगठित प्रतिरोध हुनसक्थ्यो । उनीहरलाई शहरमा धपाइयो । यसरी युरोपमा आधुनिक सर्वहारा वर्ग तयार भएको थियो । त्यो काम पूँजीपति र जमिन्दारहरूको संयुक्त साँठगाँठमा भएको थियो । त्यहाँ सामन्तहरूले नै किसानलाई भूमिहीन बनाएका थिए । त्यसैले नै युरोपेली मुलूकमा पूँजीवादीकरणको प्रक्रियालाई तीब्र बनायो र सामन्तवादको चिहान खन्यो ।

युरोपमा त्यहीँका पूँजीपति र सामन्त मिलेर किसानहरूलाई भूमिहीन बनाए । त्यो यौटा प्रत्यक्ष क्रूर प्रक्रिया थियो । आज स्वेच्छिक जस्तो देखिने गरी मानिसहरूलाई जमिनबाट धपाइएको छ । नेपालमा हिजोको सामन्ती ब्यवस्थाले पनि मानिसहरूलाई भूमिहीन बनायो भने पछिल्ला दिनमा आएर अरब, मलेशिया, कोरिया इत्यादि देशका पूँजीपतिहरूले सस्तो श्रमिकको रूपमा नेपालीहरूलाई लिइदिएका कारणले नेपालीहरू भएको जमिन पनि छोडेर गएका छन् । हिँजो सामन्तहरूले किसानहरूलाई जमिनबाट बेदखल गरेका थिए, आज विश्व पूँजीबजारले तानेका कारणले मानिसहरू भएको जमिन पनि बाँझो बनाएर हिँडेका छन् । हिँजो सामन्तले धकेलेको थियो, आज पूँजीपतिले तानेको छ ।

<u>कृषिमा आश्रित जनसंख्याको ठूलो हिस्सा रहेको मुलुकलाई पुँजीवादी भन्न कसरी सकिन्छ ?</u>

जनसंख्याको ठूलो भाग कृषि पेसामा संलग्न रहेका कारणले नेपालमा अझै पनि सामन्तवाद बलियो रहेको कुरा केही साथीहरूले उठाइरहेका छन्, दुख छ कि नेपालका राष्ट्बैंकका गभरनर समेत यसमा लाम लाग्न आइपुगेका छन् । जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा रहेको कुराले सामन्तवाद रहेको पुष्टी गर्दैन । कृषि त हरेक युगमा हुन्छ, मानिसको अस्तित्व रहिन्जेल । कृषि कार्य दास युग, सामन्ती युग, पूँजीवादी युग र समाजवादी युग सबै समयमा गरिन्छ, गरिने छ । कस्तो श्रम सम्बन्धका आधारमा कृषि पेसा गरिन्छ भन्ने कुराले मात्रै त्यो कृषि कुन युगमा गरिएको हो भनेर पत्ता लगाउन सकिन्छ । के–कस्ता साधन–श्रोत–औजार इत्यादिको सहयोगले कृषि गरिन्छ, त्यहाँ कृषकको अवैतनिक श्रमको शोषण गरिन्छ या गरिँदैन भन्ने कुरा हेरेर मात्रै त्यो कृषि कुन युगको हो भनेर छुट्याउन सकिन्छ। पछिल्लो कृषि गणनाले नेपालमा कूल ३८ लाख ३१ हजार कृषक परिवार रहेको देखाएको छ। यो संख्या कूल ५६ लाख ५९ हजार परिवार संख्याको लगभग ६५ प्रतिशत हो । यही कृषि गणनाले देखाएको छ कि कूल कृषक परिवारको ६० प्रतिशत हिस्सालाई आफ्नो उत्पादन वार्षिक उपभोगकालागि नपुग रहेको देखिन्छ अर्थात् उनीहरूलाई आफ्नै उत्पादनले वर्षभरी खान पुग्दैन । सामन्ती शोषणका साथ गुजारा खेती हुन्थ्यो भने त्यस अवस्थालाई हामी सामन्ती भन्ने थियौं । यो त गुजारा खेती पनि भएन । कूल कृषक परिवारको ६० प्रतिशत भनेको २२ लाख ८० हजार परिवार संख्या हो । यो संख्या कूल परिवार संख्याको ३९ प्रतिशत चानचुन हुन आउँछ। गैर कृषि पेसामा आश्रित ३५ प्रतिशत र कृषि पेशामा रहेको तर त्यसबाट खान नपुग्ने ३९ प्रतिशत जोड्दा कुल परिवार संख्याको ७४ प्रतिशत हुन आउँछ । यसको अर्थ हो- ७४ प्रतिशत जनसंख्या या त कृषिबाट बाहिरिई सकेको छ या बाहिरिने क्रममा छ । अझ अर्को तथ्यांकले झनै गहिरो निश्कर्ष दिन्छ । कूल ३८ लाख ३१ हजार कृषक परिवार मध्ये १९ लाख ३१ हजार परिवार ब्यावसायिक तरकारी खेतिमा लागी सकेका छन् । यसरी हेर्दा गैर ब्यावसायिक वा परंपरागत गुजाराको उद्देश्यले खेती गर्नेहरू कूल कृषक परिवारको ५० प्रतिशत मात्रै छन् । यो संख्या कूल परिवार संख्या (५६ लाख चानचुन) को ३३ प्रतिशत चानचुन मात्रै हुन आउँछ । यसरी तथ्यांकमा खेल्ने धेरै ठाउँहरू छन् । तथ्यांकमा खेलेर मात्रै केही हुँदैन, ती तथ्यांकहरूलाई विद्यमान उत्पादन सम्बन्ध र उत्पादनपद्दतिसंग एकाकार गरेर मात्र निश्कर्ष निकाल्नु पर्ने हुन्छ । गैरब्यावसायिक खेति गरिरहेको जुन जनसंख्याको (वा परिवार संख्याको) ३३ प्रतिशत हिस्सा छ, त्यसलाई पनि विश्वव्यापी पूँजीवादी प्रक्रियाले चुसीरहेको छ । कहिँ कतै सामन्ती प्रणाली देखिन्न ।

केही साथिहरू नेपालको ग्रामिण समाज बजारको प्रक्रियामा राम्ररी नजोडिएको, कृषि उत्पादनले बजार नपाएको जस्ता तर्क गरेर नेपालमा सामन्तवाद कायमै रहेको जिकिर गरिरहेका छन् । यसो झट्ट हेर्दा नेपालको कृषि क्षेत्रको ठूलो हिस्सा बजारसँग जोडिन नपाएको, कृषकहरूको ठूलो हिस्साले बजारमा पुऱ्याउन सक्नेगरी उत्पादन नै गर्न नसकेको जस्ता तथ्यहरू बाहिरबाट देखिन्छन् । बजारसम्म पुग्न नसकेको सुगम गाउँको के उदाहरण दिनु, हुम्ला, जुम्ला र मुस्ताङजस्ता अति विकट ठाउँको स्याउलाई बजारसम्म पुऱ्याउन नसकेर

किसानहरूले दुःख पाएको उदाहरणलाई नै लिउँ न ! यो सत्य हो कि बहुसंख्यक नेपाली किसानको उत्पादन बजारसँग जोडिन पाएको छैन। तर ती किसानले लगाउने कपडा, तिनले भान्सामा प्रयोग गर्ने नुन, तेल, मसला, तिनले विरामी पर्दा प्रयोग गर्ने औषधि कहाँबाट आइरहेको छ ? खाद्यान्न अभाव हुँदा उनीहरूले किनेर खाने चामल कहाँबाट आइरहेको छ ? उनीहरूको भूगोलमा बजार नपुगे पनि उनीहरू आफैं बजारमा पुगेर विश्वब्यापी पूँजीवादी शोषणको शिकार भएका छन् । यस सम्बन्धमा विश्वविख्यात मार्क्सवादी चिन्तक प्रो.एजाज अहमदले निकालेको निश्कर्ष ज्यादै घतलाग्दो छ । उनी भन्छन्–

"अहिलेको सन्दर्भमा चर्चा गर्ने हो भने एशिया र अफ्रिकाका ती सबै किसानहरू पनि मजदूर हुन् जसले बहुराष्ट्रिय कम्पनीहरूको बजारका लागि अनाज र अन्य कृषिजन्य वस्तु उत्पादन गर्दछन् । यी किसानहरू वर्षको आधा समयमात्र रोजगारी पाउँछन् भन्ने कुरा त हामीलाई थाहै छ । पूर्ण बेरोजगार र अर्ध बेरोजगारहरूको यो सबै फौज आधुनिक सर्वहारा नै हो । विश्व पूँजीवादी ब्यवस्थाले सारा संसारलाई आफ्नो शोषणको जालोमा समेटि सकेको छ। ती सबै श्रमजीवीहरू सर्वहारा हुन् जो बेरोजगार छन् या रोजगारी पाएर पनि बाँच्न मुश्किल पर्ने ज्याला पाउँछन् ।" (एजाज अहमद, *कम्युनिष्ट घोषणापत्रको सामयिकता*, पृ.२०)

**<u>थोरै मानिससंग धेरै जमिन रहेको तथ्यांकले नेपाली समाजमा अझै पनि सामन्तवाद रहेको कुरा पुष्टि गर्दैन र ?</u>**

ठूलो जोतको मालिक स्थानीय सामन्त हुने र उसका हातमा निश्चित प्रकारका राजनीतिक, न्यायिक, प्रशासनिक, आर्थिक अधिकार छन् कि छैनन् भन्ने कुराले मात्रै सामन्तवाद रहे नरहेको कुरा थाहा लाग्छ । एक त यहाँ स्थानीय ठूलो जोतका मालिक वा *ठूला जमिन्दार* का हातमा कुनै प्रशासनिक, न्यायिक र वित्तीय अधिकार छैनन् । अर्कोतिर यहाँ त ठूलो जोतका मालिक पो कति छन् र ? पछिल्लो कृषि गणनाले खेति गरिएको जमिनको कूल क्षेत्रफल २५ लाख, २५ हजार, ६३९ हेक्टर देखाएको छ । यदि १० हेक्टर (लगभग १५ बिघा) र सो भन्दा माथिको जमिन हुनेलाई जमिन्दार वा ठूलो जोतको मालिक मान्ने हो भने तिनीहरूको संख्या र तिनले ओगटेको जमिन कति छ त ? १० हेक्टरभन्दा बढी जमिन ओगट्नेहरू कूल १०५४ (एकहजार चौवन्न) परिवार छन् । यो कूल कृषक परिवार (३८लाख ३१हजार) संख्याको ०.०२६ प्रतिशत हो । यसको हातमा कूल कृषि जमिन (२५ लाख, २५ हजार, ६३९ हेक्टर) को ०.६० प्रतिशत जमिन छ । *थोरै मानिससंग धेरै जमिन* कहाँ छ त ? कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका पटक पटकका किसान आन्दोलनले किसानहरूलाई भूमिको मालिक बनाउने प्रक्रियाले ठुलो जोतमा कमी आउँदै गएको थियो । पटक पटकका भूमिसुधारका हल्लाले पनि जमिन्दारहरूलाई जमिन बेचेर पैसा थुपार्न प्रेरित गरेकै थियो । माओवादी हिंसात्मक द्वन्द्वले जमिन्दारहरूलाई जमिन बेच्न बाध्य बनायो । अनियन्त्रित जग्गा प्लटिङले पनि ठूलो आकारको भूजोतलाई खुम्च्याउँदै लग्यो । यसरी जताबाट हेरे पनि ठूलो जोत वा सामन्ती भूस्वामित्व ज्यादै कम देखिएको छ । सामन्ती उत्पादन सम्बन्ध अत्यन्त झिनो अवशेष बाहेक कतै छैन ।

यहाँ हामी सामन्ती अवशेषको विषयमा ठूलो बहस गरिरहेका छौं । मार्क्स–एगेल्सले कम्युनिष्ट घोषणापत्रमा लेखे – अहिलेको ब्यवस्था बुर्जुवा ब्यवस्था हो । मार्क्स–एंगेल्सको त्यस घोषणाको ब्याख्या गर्दै प्रो. एजाज अहमद भन्छन्– "वास्तविकता यो हो कि मार्क्सको समयमा एशिया र अफ्रिकाको त कुरै छोडौं, युरोपको पनि अत्यधिक जनसंख्या न त बुर्जवा थियो न त सर्वहारा । यी दुबै वर्ग उदीयमान अवस्थामा मात्रै थिए, समाजको मूल हिस्सा बनिसकेका थिएनन् । त्यहाँ किसान, घरेलु नोकर–चाकर, कारिगर, सरकारी क्लर्क र सानातिना पेशा–ब्यवशाय गर्ने मानिसहरूकै बाहुल्य थियो। विस्तारित उत्पादनको प्रक्रियाले भर्खर जन्म लिँदै थियो । धेरैजसो उत्पादन पारिवारिक वा घरेलुरूपमा सानो मात्रामा गरिन्थ्यो । अहिलेको तुलनामा शहरहरू ज्यादै कम थिए । धेरैजसो गाउँहरू नै थिए र अलि ठूला गाउँहरू नगरोन्मुख हुँदै थिए ।" (उही)

मार्क्सले त्यो अवस्थाको युरोपलाई पूँजीवादी भनेका थिए । किन भनेका थिए ? किनभने उनले नयाँ उत्पादक शक्तिले उत्पादन सम्बन्धलाई पार्ने प्रभावलाई बुझेका थिए । आज हामीले आफूलाई मार्क्सका अनुयायी मान्ने दाबी गर्छौं तर उनको विश्लेषण पद्दतिलाई चटक्कै बिर्सेर झिना मसिना अवेशषलाई देखाउँदै नेपाल सामन्ती अवस्थामै रहेको निश्कर्ष निकाल्नका लागि मरिहत्ते गर्छौं भने दुनियाले के भन्ला भनेर घोरिनु पर्दछ ।

**<u>नेपाली समाजमा कुनै वेला सामन्तवादमा पूँजीवाद मिसिन आउँदा अर्द्धसामन्ती भनिएको थियो भने अहिले पूँजीवादमा बाँकी रहेको सामन्तवादलाई अर्को कुनै नाम नदिई किन पूँजीवाद नै भन्ने ?</u>**

अहिलेको बहसमा अर्को तर्क र प्रश्न उठेको छ– 'हिजो बिराटनगर जुट मिल स्थापनासंगै सामन्तवादमा पूँजीवाद मिसिन आउँदा हामीले नेपाली समाजलाई अर्द्धसामन्ती (अर्द्धपूँजीवादी) भन्यौं भने आज पूँजीवादमा बाँकी रहेको सामन्तवादलाई के भन्छौं ? यो प्रश्न गर्ने साथिहरूले भन्न चाहेको कुरा हो– 'कमरेड पुष्पलालले नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्दाको समयलाई अर्द्ध सामन्ती भन्नुभयो । त्यतिखेर एकाध उद्योग–धन्दाहरू मात्रै खुलेका थिए । जब एक–दुई पूँजीवादी उद्योग–धन्दा खुल्दा त समाजलाई अर्द्धसामन्ती भन्न मिल्छ भने आज सामन्तवादका अवशेष बाँकी रहेका कारणले नेपाललाई अर्द्धसामन्ती भन्न किन नमिल्ने ?' उत्पादक शक्ति, त्यसले कायम गर्ने उत्पादन सम्बन्ध र उत्पादन पद्दतिको मार्क्सवादी अवधारणा नबुझेपछि यस्तै कमजोर तर्कहरू निस्कन्छन् ।

वि.सं. २००७ अघिको सामन्ती नेपालमा केही उद्योग मात्रै खुलेका भएपनि वा राष्ट्रिय उत्पादनका हिसाबले तथ्यांकमा अत्यन्त कम योगदान पूँजीवादी क्षेत्रको भएता पनि पूजीवाद जे–जति पसेको थियो, आफ्नो सम्पूर्ण परिचय र अस्तित्वका साथ उपस्थित भएको थियो ।

बिराटनगरमा खुलेका केही उद्योगहरूले आफूसंगै पूँजीपति र मजदूर, नगदीमा ज्याला, आधुनिक मेसिन र श्रमका औजार, उत्पादनले सिर्जना गर्ने बजार, वित्तीय पूँजी, अतिरिक्त मूल्यको शोषण इत्यादि पूँजीवादी उत्पादन सम्बन्धका सम्पूर्ण अवयवहरूलाई संगै लिएर आएका थिए । यसैले आँकडामा थोरै भएपनि पुष्पलालले नयाँ उत्पादन पद्धतिको प्रवेशलाई बुझ्नुभएको थियो र नेपाली समाज अर्द्ध सामन्ती भएको निश्कर्ष निकाल्नु भएको थियो । कठोर सामन्ती राणा शासन कायमै रहेको समयमा पुष्पलालका ती निश्कर्ष आएका थिए । आज बाँकी रहेका सामन्ती अवशेषसँग आफ्नो युगले प्रतिनिधित्व गर्ने के कुरा बाँकी छन् त ? राज्यको स्थानीय प्रतिनिधि हुने अधिकार पाएका स्थानीय सामन्त बाँकी छन् कि ? सामन्ती प्रचलनहरूले कानूनी मान्यता पाएकै अवस्था बाँकी छ कि ? किसानहरूले सामन्तहरूका सेवामा बेठी-बेगारी गर्नु परेको छ कि ? सामाजिक श्रम विभाजनका आधार जातीय, साँस्कृतिक र पारिवारिक छन् कि ? यी केही पनि बाँकी छैनन् । नेपालको सन्दर्भमा भन्दा सामन्ती युगमा पढ्ने लेख्ने काम (अधिकार पनि) बाहुनको, शासन गर्ने काम क्षत्रीको, धातुका औजार बनाउने काम कामीको, कपडा सिलाउने काम दर्जीको, छालाका सामान बनाउने काम सार्कीको एवं रितले जातीय, पारिवारिक र साँस्कृतिक आधारमा श्रम विभाजन हुन्थ्यो । अहिले बाहुनका छोराछोरी कृषि औजार कारखानाका कामदार हुनसक्छन् र कामीका सन्तान विश्वविद्यालयका प्राध्यापक हुनसक्छन् । आज श्रमिकको रूची, पेशागत अवसर र विषयगत दक्षता जस्ता कुराहरू श्रम विभाजनका आधार भएका छन् । यस हिसाबले श्रम विभाजन पूँजीवादमा हुन्छ । यसैले नेपाल पूँजीवादी युगमा प्रवेश गरिसकेको छ ।

नेपाली समाज पूँजीवादी भयो भन्ने निश्कर्ष प्रस्तुत गरिरहँदा कतिपय मानिसहरूले तर्क गर्ने गरेका छन्– खोइ त मानिसहरूले रोजगारी पाएको ? सामाजिक दमन र विभेद खोइ अन्त्य भएको ? यी मानिसहरूको सोँचाइमा पूँजीवाद भनेको मानिस सुखी हुने, बेरोजगारी नहुने र विभेदहरूको अन्त्य हुने ब्यवस्था हो भन्ने भ्रम छ । सामन्तवादको तुलनामा पूँजीवादले नै मानिसहरूलाई बेरोजगार र बेघरबार बनाउँछ तथा विभेदहरूलाई झन् चर्को गराउँछ भन्ने तथ्यलाई बुझ्न जरूरी छ ।

<u>के नेपालको सामन्तवाद रूप परिवर्तन गरेर बाँचेको छ ?</u>

नेपालमा सामन्तवाद कायमै छ भन्ने साथिहरूको तर्क छ– *'जसरी आज हिँजोको पूँजीवाद छैन, त्यसैगरी हिँजोको सामन्तवाद पनि छैन । पूँजीवादले आफ्नो रूप परिवर्तन गरेजस्तै सामन्तवादले पनि आफ्नो रूप परिवर्तन गरेर बाँचेको छ ।'* पूँजीवादी ब्यवस्थाले मिश्रित अर्थतन्त्रको प्रणाली अपनाएका कारणले त्यसको रूपमा परिवर्तन भयो भन्ने कुरा यस तर्कको निचोड हो । निश्चय नै पूँजीवादले बाहिर देखिने रूप पक्षमा केही परिवर्तन गरेको छ तर सारमा त्यो यथावत छ । माल उत्पादनमार्फत् श्रमिकको अतिरिक्त मूल्यको शोषण गर्नु, निरन्तर धनको केन्द्रीकरण गरिरहनु, धनी र गरीबका बीचको सापेक्षिक विभेद निरन्तर गहिरो बनाउँदै लैजानु, राज्यसत्तालाई पूँजीपति वर्गको हितमा प्रयोग गर्नु पूँजीवादका आधारभूत पहिचान तथा सार पक्षहरू हुन् । अर्थतन्त्रलाई मिश्रित बनाए पनि पूँजीवादले आफ्नो आधारभूत चरित्र फेरेको छैन । अर्को कुरा, उद्देश्यका हिसाबले दुईथरी मिश्रित अर्थतन्त्र हुन्छन्– एक– पूँजीवादी शोषणलाई निरन्तरता दिनका लागि कायम गरिएको मिश्रित अर्थतन्त्रको प्रणाली र दुई– समाजवादी ब्यवस्थामा जाने उद्देश्यका साथ मार्क्सवादीहरूद्वारा लागू गरिएको समाजवादोन्मुख मिश्रित अर्थतन्त्रको प्रणाली ।

जब पूँजीवाद रक्षात्मक हुन्छ तब उसले मिश्रित अर्थतन्त्रको प्रणाली लागू गर्छ, जब उ आक्रामक हुन्छ तब उ निजीकरणमार्फत् पुरानै रूपमा फर्किन्छ । आज विश्वब्यापीरूपमा पुनरागमन गरिएको नवउदारवाद पुरानो पूँजीवादकै अर्को संस्करण मात्रै हो । यस हिसाबले कुन रूपमा परिवर्तित भएर नेपालमा सामन्तवाद (सारमा) बाँचेको छ त ? कतै कुनै रूप र सारमा नेपालमा सामन्तवाद बाँचेको छैन । साँस्कृतिक अवशेष र विभेद बाँकी रहेका कारणले सामन्तवाद बाँकी रहेको हुँदैन, समग्र उत्पादन प्रणालीको सार बाँकी रहेको छ भने मात्रै सामन्तवाद छ भन्न सकिन्छ ।

## अन्य प्रश्न र तिनीहरूका उत्तर :

तलको प्रश्नोत्तर चैतन्य मिश्र, समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापकको पूँजीवाद र नेपाल नामक पुस्तकबाट साभार गरी प्रस्तुत गरिएको छ ।

<u>के गुजारामुखी उत्पादन प्रणाली हुँदाहुँदै पनि सामन्तवादको अन्त्य भयो भन्न मिल्छ र ?</u>

अब नेपालको कथित 'आत्मनिर्भर खेती', 'आत्मनिर्भर अर्थतन्त्र' र 'आत्मनिर्भर उत्पादन प्रणाली'बारे छोटो चर्चा गरौं । 'गुजारा खेती'लाई यो आत्मनिर्भरताको केन्द्रबिन्दु मान्ने गरिएको छ । यो गुजारा खेती कुन उत्पादन प्रणालीअन्तर्गतको संरचना हो ? यो सामन्तवादी हो वा पुँजीवादी या अन्य कुनै 'वादी' ? वा यो आफैमा पूर्णरूपले विकसित, स्थापित 'वाद'हरूबाट पूर्ण रूपले अलग, सिङ्गो र स्वयम्भू उत्पादन प्रणाली हो ? यदि गुजारा खेती भनेको पछिल्लो किसिमकै हो भने यसलाई बडा रहस्यपूर्ण र अद्‌भुत मान्नुपर्ने भयो । स्वभावतः यसको भण्डाफोर गर्नु अति आवश्यक मान्नुपर्ने भयो । तर गुजारा खेती उत्पादन प्रणालीका स्थापित वर्गीकरणको बाहिरको र छुट्टै, आफैमा पूर्ण उत्पादन प्रणाली हुनै सक्दैन । तसर्थ यो प्रणालीलाई उत्पादन प्रणालीको स्थापित वर्गीकरणभित्रै राखेर बुझ्नु र विश्लेषण गर्नु आवश्यक हुन्छ ।

त्यसो भए, यो प्रणाली कुन स्थापित उत्पादन प्रणालीअन्तर्गतको हो र किन ? गुजारा खेती साम्यवादीबाहेक अरु सबै उत्पादन प्रणालीहरूमा पाउन सकिने प्रणाली हो । अर्थात् यसले विभिन्न प्रणालीगत चरित्र बोक्न सक्छ । त्यसैले यसबारेको मिहिन र यथार्थ चित्रण दुई वटा आधारमा गरिनुपर्दछ : आन्तरिक रूपले यसको गुजारापनाको प्रकृति र मात्रा जाँचेर; बाह्य रूपले समग्र उत्पादन प्रणाली र अर्थतन्त्रको बीचमा यसलाई स्थित गराएर, उभ्याएर अनि समग्रतामा यसको हैसियत जाँचेर ।

वर्तमान नेपालको 'गुजारा खेती'मा गुजारापनाको प्रकृति के हो ? यसमा गुजारापनाको सापेक्षिक मात्रा कति छ ? मोटामोटी उत्तर यस्तो होला- आफ्नै खेती मात्रले ज्यादै थोरै परिवारले भौतिक र सामाजिक जीवन धान्न सक्छन् । बनिबुतो, ज्यालाबाट उल्लेख्य पारिवारिक खर्च धानिन्छ । कोही सानोतिनो व्यापार गर्छन्, कोही तलब थाप्छन् । कोही पुरेत्याइँ गर्दछन्, कोही कुटोकोदालो बनाउँछन् र मर्मत गर्छन्, कोही लुगा सिउँछन् । कोही मौसमी, अस्थायी वा स्थायी रूपले श्रम शक्ति बेच्न देश-विदेश चाहार्छन् । कोही लगानी गर्छन् र ब्याज खान्छन्, कोही पसल थाप्छन् । 'गुजारा'अन्तर्गतको खेती गर्न श्रम शक्ति, बीउ, मल, कीटनाशक, प्राविधिक ज्ञान आदि किन्नुपर्ने स्थिति पनि छ । वर्तमानमा यी सबै परिपाटी विस्तारित र सघन बन्दैछन् ।

'गुजारा खेती'को अवधारणााभित्र आफूले उत्पादन गरेको फसल र सामानको विक्री वितरण पनि अटाउन सक्दैन । एकको विक्री अर्काको खरिद त बन्छ बन्छ, यस्तो विक्री-वितरणले 'गुजारापना'को वास्तविक अर्थ पनि नकार्छ । आफूले उत्पादन गरेका फसल र सामान विक्री नगरी कति परिवारको जीवन धानिन्छ ? तेल, मट्टीतेल, नुन, लुगा, जुत्ता, औषधि, पाठ्यपुस्तक आदिको खर्च नत्र कसरी पूर्ति गरिन्छ ?

अब अत्यन्त संक्षेपमा समग्र अर्थतन्त्र र उत्पादन प्रणालीभित्र पारिवारिक तहको 'गुजारा खेती'को हैसियत के हो भनेर हेरौं । यस्तो सापेक्षिक हैसियतका केही पक्ष माथि नै उजगार भइसकेका छन् । तर पनि यति भन्न सकिन्छ, समग्र अर्थतन्त्रमा गुजारा खेती मात्र नभई सबै कृषिको हैसियत न्यून भइरहेको छ । माथि चर्चा गरिसकिएको छ कि ज्यालादारी श्रमव्यवस्था प्रबल हुँदैछ । उत्पादनका साधनहरूको स्वामित्व र प्रयोग मूलतः बजार निर्देशित छ । आन्तरिक बजारव्यवस्था विस्तारित र सघन हुँदैछ, अन्तर्राष्ट्रिय निकासी, पैठारी (दुवै श्रमको समेत) बढ्दैछ र 'आन्तरिक' र 'अन्तर्राष्ट्रिय' द्रुत गतिले एकाकार हुँदैछन् । गाउँ र सहरको आर्थिक अन्तर्क्रिया पनि विस्तारित र सघन हुँदैछ । आन्तरिक तथा अन्तर्राष्ट्रिय ऋण र भन्सार, विक्रीकर, आयकर र अन्तशुल्क राष्ट्रिय तथा 'स्थानीय' तहसमेतको आर्थिक मेरूदण्ड बनेको छ । 'गुजारा खेती'लाई निर्देशित गर्ने, विशिष्ट मोड दिने, समष्टिगत अर्थतन्त्रका मुख्य पाटाहरू यिनै हुन् ।

के कुरा सही हो भने नेपालमा पारिवारिक र सामुदायिक अर्थतन्त्रमा अझै पनि र अन्य कतिपय मुलुकमा भन्दा गुजारापनाको मात्रा बढी छ । तर माथिको बहसले प्रत्यक्ष देखाउने तथ्य के हो भने यो 'गुजारातन्त्र' लामो कालदेखि पुँजीवादको सेरोफेरोभित्र पसिसकेको थियो, जसको बिस्तार र सघनता हालैका दसकहरूमा अभूतपूर्व रूपले बढेको छ । यी अर्थहरूमा वर्तमान नेपालको 'गुजारा प्रणाली' पुँजीवादी प्रणालीको अभिन्न अङ्गको रूपमा रहेको छ ।

**नेपालमा श्रमका रूपहरू कति छन् र कस्ता छन् ?**

कुनै उत्पादन प्रणाली सामन्तवादी हो या पुँजीवादी हो छुट्ट्याउने मुख्यमध्ये पनि सायद मुख्य कसी हो : श्रमव्यवस्थाको प्रकृति अर्थात् श्रम-सम्बन्धको संरचना र यसमा निहित प्रवृत्ति । माथि पनि भनियो, आश्रित श्रम सामन्तवादको द्योतक हो भने 'स्वतन्त्र', ज्यालादारी श्रम र सिङ्गो श्रमिकको सट्टा उसबाट सीमित मात्राको श्रम 'किन्ने' व्यवस्था पुँजीवादको द्योतक हो । अब हेरौं, यस कसीको आधारमा नेपालको श्रमव्यवस्था कस्तो रहेको छ । कमैया वा यस्तै अर्धदास, पुस्तैनी हली र नोकरचाकर र धेरै किसिमले र अपेक्षाकृत ठूलो सङ्ख्यामा र भूमिहीन रहेका 'अछूत'मध्ये धेरैजसोलाई आश्रित श्रमको वर्गभित्र राख्नु मनासिब होला । (यद्यपि ऋणको आधारमा संरचित कमैया श्रमव्यवस्थालाई विशिष्ट किसिमको, खासगरी 'नयाँ मुलुक'मा ऐतिहासिक रूपले श्रम शक्तिको न्यूनता रहेको र श्रम शक्तिको स्थानान्तरणको परम्परा स्थापित भइनसकेको कम विकसित पुँजीवादी श्रमव्यवस्थाको रूपमा समेत परिभाषित गर्न युक्तिसङ्गत नहुने होइन । यो व्याख्या बढी वस्तुसम्मत हो भने 'मुक्त कमैया'को स्थितिलाई बढी विकसित पुँजीवादअन्तर्गत प्रादुर्भाव भएको छुट्टै श्रमव्यवस्था मान्नुपर्ने हुन्छ ।) तर यी सबै कामदारहरूलाई आश्रित श्रमभित्र हाल्दा पनि 'स्वतन्त्र' र ज्यालादारी श्रमको मात्रा सापेक्षिक रूपले अत्यन्त ठूलो रहेको तथ्य हाम्रोसामु छ ।

श्रमिक र श्रमको विशाल आँकडाको मौसमी, अस्थायी र स्थायी स्थानान्तरण, कमसेकम पनि गएको पाँच दसकदेखि नेपालको श्रमव्यवस्थाको अभिन्न अङ्ग बनेको छ । यसभन्दा अघि पूर्वोत्तर भारतका र भारतका अन्य क्षेत्रमा जाने परिपाटी बनेकै हो । सैनिक र गैरसैनिक 'लाहुरे' श्रमको प्रथा 'पुरानो' हो र हाल पनि कायम छ । गएको दुईतीन दसकभित्र भारतबाहेक अन्य क्षेत्रमा नेपालको श्रमको चल्तीफिर्ती उल्लेख्य आँकडाको छ र यो विस्तारित हुँदै छ । यी श्रमव्यवस्थाहरू पक्कै पनि पुँजीवादका द्योतक हुन् ।

सापेक्षिक हिसाबले, स्थानान्तरण हुने श्रमभन्दा ठूलो मात्रा र महत्त्वको श्रम कृषि-श्रम हो । यो श्रमको मूल चरित्र कस्तो छ ? यसको पहिलो पाटो हो घरायसी श्रम । दोस्रो पाटो हो ज्यालादारी श्रम । तेस्रो पाटो हो पर्म (वा अन्य नामाकरण गरिएको तर यसै प्रकृतिको) श्रम । चौथो पाटो हो माथि उल्लिखित प्रकारका आश्रित श्रमिकबाट गरिने श्रम र पाँचौं पाटो हो मोही-श्रम । घरायसी श्रमिकबारे यसै उपखण्डको अन्त्यमा 'आत्मनिर्भर खेती'को समीक्षाको दौरान विश्लेषण गरिनेछ । ज्यालादारी श्रम पुँजीवादी कोटिकै हो, जुन श्रममा तराईको कृषिमा श्रम शक्ति बेच्न भारतबाट आउने श्रमिकसमेत पर्दछन् । ज्याला-श्रम द्रुत गतिमा प्रबलता हासिल गर्दै गएको श्रमव्यवस्था पनि हो ।

पर्म–श्रम सामन्त र रैतीबीच स्थापित हुने श्रम–सम्बन्ध होइन, बरू यो 'आत्मनिर्भर' साना किसान परिवारबीच साटिने श्रम हो । त्यसैले यो सामन्ती उत्पादन प्रणालीको द्योतक होइन, न त पुँजीवादी प्रणालीको द्योतक हो । आश्रित श्रम 'कमैया मोचन'को बाबजुद अझै बलियो छ । खासगरी धेरै 'अछूत' व्यक्ति र परिवार यस श्रमव्यवस्था अन्तर्गत फसेका छन् । यस श्रमव्यवस्थालाई सामन्ती श्रमप्रणालीभित्र राख्न सकिन्छ । तर ज्यालादारी श्रम प्रथाको बढोत्तरीले, श्रमको स्थानान्तरणको प्रवाहले र 'मुक्ति'को प्रक्रियाले यो व्यवस्थालाई पनि कमजोर तुल्याउँदै लगेका छन् । मोही–श्रममा एक किसिमले आर्थिक आश्रितपना त देखिन्छ तर यो आश्रितपना धर्म, परम्परा, कुल आदिको आधारमा नभई द्विपक्षीय आर्थिक सम्झौताको आधारमा हुने हुनाले, मोही राजनीतिक वा सांस्कृतिक रूपले जग्गाधनीमाथि आश्रित नहुने भएकोले र ऊ मोहीको हैसियत छोड्न र अन्य जग्गाधनीको पनि मोही हुन वा अन्य रोजगारसमेत गर्न स्वतन्त्र रहने भएकोले ऊ पुँजीवादअन्तर्गतकै श्रमिक हो । कूत प्रथाअन्तर्गतको मोही अधियाँ प्रथाअन्तर्गतको मोहीभन्दा पनि गहिरो रूपले र एक कदम बढी विकसित पुँजीवादी श्रमव्यवस्थाभित्र छिरेको श्रमिक हो । जोतिएको जग्गाको अंश प्राप्त गर्ने र दाबी गर्न सक्ने मोही पुँजीवादी व्यवस्थाअन्तर्गतकै मालिक–मोही हो, सामन्तवादअन्तर्गतको कृषि–दास होइन ।

उत्पादनको साधनको स्वामित्वको परिपाटी सामन्तवादी र पुँजीवादी उत्पादन प्रणाली छुट्ट्याउने अर्को महत्त्वपूर्ण कसी हो । यसका आधारमा आँकलन गर्दा र खासगरी विर्ता, जागिर र गुठी प्रथाको अवसान, ऐतिहासिक कालका विर्ता र किपटहरणको घटना र यिनको तात्कालिक सापेक्षिक वैधता, वनको राष्ट्रियकरण र सामुदायीकरण आदिले देखाउने के हो भने लामो कालदेखि र खासगरी सन् पचासको दसकयता भूस्वामित्वको आमचरित्र पुँजीवादी प्रकृतिको नै हो । फेरि स्वामित्वको हिसाबले विर्ता, जागिर आदि सामन्तवादी प्रकृतिको रहे पनि यिनको प्रयोग, सञ्चालन र फसलको वितरण मूलतः पुँजीवादी प्रवृत्तिअनुसारको रहेको हो । उत्पादनका साधनहरू लामो कालदेखि नै बेचबिखनका वस्तु बनेका हुन् । यी उत्पादनका साधन बन्धकी राख्ने चलन पनि पुरानो हो र हाल पनि कायम छ । यी सबै पुँजीवादी वृत्तभित्रकै स्वामित्व व्यवस्थाहरू हुन् । उता, भूस्वामित्वको आकारको आधारमा सामन्तवाद वा पुँजीवादको निर्क्योल हुन सक्दैन । न खास प्रविधिको प्रयोगको आधारमा नै यस्तो निर्क्योल गर्न सकिन्छ ।

अन्य कृषि सामग्रीहरू, जस्तै बीउ, मल, कीटनाशक आदि या 'आत्मनिर्भर खेती' अन्तर्गतका हुन् या पुँजीवादी परिपाटीअन्तर्गतका हुन्, ती कृषि पैदावार आफ्नो प्रयोगका साथै वा आन्तरिक वा बाह्य बजारमा बेचबिखन गर्नका लागि उत्पादित हुने हो । तेलहन, सुर्ती, सनपाट, उखु, कपास आदिलाई मात्र 'व्यापारिक फसल' मानिए तापनि धान, गहुँ, आलु, सनपाट सबैको व्यापारिक प्रयोजन बलियो रहेको थियो र छ ।

अन्य आर्थिक क्षेत्रहरूको स्वामित्व र कारोबारको प्रकृति मूलतः पुँजीवादी रहेको र बन्दै आएको आमअनुभवको कुरा हो । धर्म, परम्परा, चलन आदिले हालका आर्थिक कारोबारलाई कमै निर्देशित गर्दछन् । राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड मूलतः भन्सार र वैदेशिक ऋण आदि बनेका छन् । अन्तर्राष्ट्रिय व्यापारको मात्रा पहिलेको भन्दा निकै ठूलो हुँदैछ । यी सबै पुँजीवादी उत्पादन प्रणालीका द्योतक हुन् । सामन्तवादलाई ध्वंश गर्ने प्रक्रिया पनि यिनै हुन् ।

यति हुँदाहुँदै पनि नेपालको उत्पादन प्रणाली सामन्ती वा अर्ध–सामन्ती हो भन्ने निर्क्योलमा नेपालका सबै वामपन्थी राजनीतिक शक्तिहरू किन पुगे होलान् त ? 'पूर्णतया' पुँजीवादमा सङ्क्रमण भइनसकेको नेपालको अर्थतन्त्रको प्रकृतिको कारणले पनि यसो भयो होला । दोस्रो, पुँजीवाद आफैभित्र भिन्नता छ, यसैभित्र पनि धेरै उपप्रणाली र शृङ्खलाहरू छन्, जसमध्ये कुनै कम विकसित पुँजीवादको, कुनै बढी विकसित पुँजीवादको, कुनै खास क्षेत्रीय विशेषतासहितको भन्ने तथ्यलाई नजरअन्दाज गर्ने, पुँजीवादलाई सङ्क्रमणकालीन गुण र मात्रामा नहेर्ने, पुँजीवादको आदर्श र अन्तिम स्वरूप तत्कालको पुँजीवादी केन्द्रको स्वरूपलाई मान्ने आदि कारणले पनि हुन सक्छ । साथै, ठूलठूला उद्योग, उच्च प्रविधियुक्त र ठूलठूला यन्त्र जडिएका उत्पादनका साधन र मजदुर (र त्यसमा पनि औद्योगिक मजदुर) तथा सर्वहारा वर्गको विशाल पङ्क्तिको माझमा मात्र पुँजीवाद देख्ने गैर–ऐतिहासिक पण्डित प्रवृत्ति (हेर्नुहोस् खनाल २०५७ : १–२५) पनि यसमा पक्कै जिम्मेवार रहेको हुन सक्छ । यस प्रवृत्तिले श्रमको, स्वामित्वको र अन्य आर्थिक विशेषताहरूका आधारमा उत्पादन प्रणाली र अर्थतन्त्रको प्रकृति निर्क्योल गर्ने चेष्टा गरेन । कृषि पनि पुँजीवादी हुन सक्छ भन्ने तथ्यबारे सोच्नसम्म पनि इन्कार गर्‍यो । नेपालको उत्पादन प्रणालीको इतिहासलाई नजिकबाट नियाल्ने प्रयत्नमा गम्भीर बनेन । फलतः गएको पाँच दसकभित्रका परिवर्तनहरूसमेतलाई मनन गर्ने र अर्ध–सामन्ती'भित्रको गतिशीलतासमेतलाई पकड्ने, सैद्धान्तीकरण गर्ने र यसै सैद्धान्तीकरणको आधारमा भविष्यको राजनीतिक–आर्थिक बाटाको खाका कोर्ने तथा यसको परिमार्जन गर्ने काममा पछि पर्‍यो । 'आधिकारिक जकड'बाट यो उम्कन सकेन । अझ कतिपयले त यसभन्दा पनि तल ओर्लेर नेपालमा सामन्तवाद हाबी छ किनभने हामी गरिब छौँ, नेपालको उत्पादन प्रणाली पुँजीवादी भएको भए त हामी पनि धनी पो हुनुपर्ने जस्ता समेत कुतर्कहरूको आधारमा नेपाल सामन्तवादी हो या पुँजीवादी भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरे । बौद्धिक तहमा समेत 'सामन्तवाद' तुलनात्मक ऐतिहासिक अनुसन्धान र प्रकृति–विवेचनाको होइन, गालीको शब्द बन्यो ।

**पूँजीवाद**

पुँजीवाद ऐतिहासिक भौतिकवादले व्याख्या गरेको समाजको विकासको चौथो चरणको सामाजिक अवस्था हो । हाल नेपाल यही चरणमा गुज्रिरहेको छ । यस अवस्थाका बारे जानकारी लिनका लागि हामीले चैतन्य मिश्र, समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापकद्वारा लिखित पुँजीवाद र नेपाल नामक पुस्तकको पृष्ठ ४७ देखि ८२ पृष्ठ साभार गरेका छौं ।

**पूँजीवाद के हो ?**

'पुँजीवाद' शब्दले नै प्रस्टै हुन्छ; यो 'वाद', यो विश्वयुग पुँजीको प्रधानतामा आधारित छ । सिङ्गो उत्पादन प्रणाली पुँजीको आधारमा निर्माण र पुनर्निर्माण हुन्छ अनि पुँजीको आर्जन, पुँजीको लगानी र यसमार्फत् थप पुँजीको पुनर्आर्जन उत्पादन प्रणाली र कार्यको एक मात्र ध्येय बन्छ । उत्पादन भौतिक आवश्यकता पूर्ति गर्नका लागि नभएर पुँजी निर्माणका लागि गरिन्छ । धर्म, नैतिकता, विचार, आदर्श, समानता, प्रजातन्त्र आदि सबै पुँजी निर्माण र पुनर्निर्माणका सामु गौण बन्छन् । साथै, यी सबैको पुनर्परिभाषा, पुनर्रचना यस किसिमले हुन थाल्छ कि पुनर्परिभाषा र पुनर्रचनापछि यी सबै आयामहरू पुँजी निर्माणका लागि सहायक होऊन् । अर्थात् समाजका सबै अङ्ग, जस्तो व्यक्ति, परिवार, समुदाय, राष्ट्र आदि कामको पद्धति र दैनन्दिनी, आचार-विचार र रहन-सहन, इज्जत-रवाफ, उपभोगपद्धति, नियम-कानुन आदि सबै नै पुँजी निर्माण सहज र पुँजीवाद सहज बन्न थाल्छन् । यी सबै संरचना र प्रक्रिया आफसेआफ वा सरल रुपमा पुँजीवादउन्मुख वा पुँजीवाद सहज बन्छन् भन्ने होइन । वास्तवमा ऐतिहासिक हिसाबले उपरोक्त संरचना र प्रक्रियाहरू, आफै खास किसिमको गैर-पुँजीवादी, विशेष गरेर सामन्तवादी उत्पादन प्रणालीअन्तर्गत संरचित भएका हुन्छन् । गैर-पुँजीवादी संरचनाबाट पुँजीवादी संरचनातर्फको सङ्क्रमण पक्कै पनि असहज, उथलपुथलकारी र द्वन्द्वयुक्त रहन्छ । यस्तो सङ्क्रमण तत्काल वा केही वर्षभित्र सम्पन्न पनि हुँदैन र सङ्क्रमणकाल धेरै लामो, दसकौं र सदियौं लामो पनि हुन सक्छ । अर्थात् दुई वटा छुट्टाछुट्टै उत्पादन प्रणाली र यी दुईमा आधारित छुट्टाछुट्टै सामाजिक संरचना, एकआपसमा टकराउँदै गर्दा लामो काल गुज्रन सक्छ । त्यसैले हामीले हाल पुँजीवादी केन्द्र भनेर चिन्ने गरेको समाज, अर्थतन्त्र, राज्य संरचना, संस्कृति र मुलुकमा समेत गैर-पुँजीवादी विशेषता अहिले पनि प्रशस्तै देख्न सक्छौं *(पुँजीवाद र नेपाल, चैतन्य मिश्र, प्रकाशक फिनिक्स बुक्स, २०७०) ।*

**पुँजीवादका मूल विशेषता के के हुन् त ? पुँजीवादलाई कसरी चिन्ने ?**

पुँजीवाद एउटा विशिष्ट आर्थिक पद्धति मात्र होइन । पुँजीवाद एउटा समग्र उत्पादन प्रणाली र सिङ्गो सामाजिक संरचना हो । यस अर्थमा पुँजीवाद विभिन्न विशेषताको समष्टि हो । विभिन्न विशेषतालाई तीन पक्षमा बाँडेर विश्लेषण गर्नु उपयुक्त हुन्छ– पुँजीवादका आर्थिक, राजनीतिक र सांस्कृतिक विशेषता । यी तीन पक्षहरू एकआपसमा आबद्ध पनि छन् । विश्लेषणलाई सरल तुल्याउन मात्र यो त्रिआयामिक विभाजन गरिएको हो । यस विश्लेषणले पुँजीवादको अर्थ बढी मूर्त तुल्याउन पनि सहयोग गर्दछ । साथै पुँजीवादले कुन अर्थमा सर्वथा नयाँ युग र नयाँ अर्थतन्त्र, राजनीति र संस्कृतिको सूत्रपात गऱ्यो र नयाँ मानवको सृष्टि गऱ्यो भन्ने खुलाउन पनि मद्दत गर्दछ ।

**पुँजीवादका मूल विशेषताहरू : आर्थिक, राजनीतिक र सांस्कृतिक विशेषता**

१. पुँजीवादका आर्थिक विशेषताहरू
१. विनिमय र विनिमय-मूल्यको प्रधानता
२. विस्तारित पुनरुत्पादन र पुनर्लगानीको चक्र
३. नाफा र पुँजीको निर्माण
४. श्रम र ज्याला :
५. उत्पादनको साधनविहीनता :
६. उत्पादकीय शक्तिको विकास, प्राकृतिक सम्पदा, श्रम र असमानता
७. विश्व-अर्थतन्त्रको निर्माण

१. विनिमय र विनिमय-मूल्यको प्रधानता : मानव समाजको उदयपछिका सामन्तवादीलगायत सबै उत्पादन प्रणालीको ध्येय रहन्थ्यो, जैविक र सामाजिक आवश्यकताको परिपूर्ति गर्नु । खासगरी दस हजार वर्षयता कृषिको उद्‌भव भएपछि उत्पादित कृषि र अन्य पैदावार अपेक्षाकृत लामो समयका लागि भण्डारण गर्न सक्ने समूह, प्रविधि र सामाजिक व्यवस्था बन्दै गयो । तर पनि भण्डारणको ध्येय कामदारको परिवार, नातागोता र छिमेकीसम्मको जैविक र सामाजिक आवश्यकता परिपूर्ति गर्नु र स्थान तथा अवधिविशेषमा सामन्त र राज्यसत्तालाई कूत/कर आदि तिर्नु रहेको थियो । अर्थात् उत्पादनको सङ्गठनको उद्देश्य उपभोग गरिने वस्तुको सिर्जना गर्नु नै रह्यो । अर्थतन्त्र, राजनीति र संस्कृति मूलतः उपभोगीय उत्पादनको कार्य सहज तुल्याउने किसिमले संरचित भए । सामन्तवादलगायतका प्राक्-पुँजीवादी उत्पादन प्रणालीको विशेषता उत्पादकले उपभोग गर्ने पैदावार र वस्तुको रचना गर्नु रह्यो ।

पुँजीवादी उत्पादन प्रणालीको ध्येय र संरचना भने नितान्त भिन्दै रह्यो (Marx 1954 [1867] : 43-87) । यो उत्पादन प्रणालीको मूल ध्येय रह्यो, विनिमय-मूल्य प्रधान अर्थतन्त्र र समाजको निर्माण । अर्थात् त्यस्ता पैदावार, वस्तु र सेवाको निर्माण, जुन बेच्न सकिन्छ । सिङ्गो उत्पादन व्यवस्थाको संरचना व्यापारमुखी बन्यो । उत्पादन र उपभोगको बीचमा क्रय-विक्रयको परिपाटी स्थापित भयो । केन्द्रमा स्थापित क्रय-विक्रयको परिपाटीले नै उत्पादनसम्बन्धी सबै निर्णय र प्रक्रिया निर्धारित गर्ने भयो । किनभने कुन सामान वा सेवा कति पैदा गर्ने वा नगर्ने, कति मूल्य वा भाउमा पैदा गर्ने, कहाँ पैदा गर्ने र कति सामान कति मूल्यमा कहाँ बिक्न सक्छ भन्ने जस्ता सम्पूर्ण सूचना क्रय-विक्रयको संरचना र प्रक्रियामार्फत् नै उत्पादकसम्म पुग्ने भयो ।

पुँजीवादअन्तर्गत, पहिले वा अन्य उत्पादन प्रणालीमा झैं उत्पादनको सीमा उत्पादकले गर्न सक्ने उपभोगको दायराअन्तर्गत सीमित रहेन । उत्पादनको सीमा क्रय-विक्रयले, अर्थात् बजारले तोक्ने भयो । जति र जे विक्री हुन सक्छ, त्यति नै उत्पादन र उत्पादकको सीमा बन्यो । सिद्धान्ततः सीमाहीन उत्पादनका लागि अब ढोका खुल्यो ।

२. विस्तारित पुनरुत्पादन र पुनर्लगानीको चक्र : विनिमय मूल्यको परिपाटीको सृष्टि भने पुँजीवादको जन्मभन्दा धेरै पहिले भएको हो । अर्थात् बेचबिखनको चलनको इतिहास पुँजीवादको इतिहासभन्दा पुरानो हो । माथि भनिएझैं विनिमय मूल्य प्रधान अर्थतन्त्र र समाजको निर्माण भने पुँजीवादको मौलिक उपज हो ।

विनिमय मूल्यप्रधान अर्थतन्त्रको निर्माण विस्तारित पुनरुत्पादन र पुनर्लगानीको माध्यमद्वारा सम्भव बनेको हो । पुँजीवादपूर्व सामान बेचबिखनको उद्देश्य उत्पादित सामान बेच्न र त्यसबाट प्राप्त रकमले उपभोगका सामान खरिद गर्नु रहन्थ्यो । पुँजीवादी पद्धति भने योभन्दा मौलिक रूपले भिन्दै रह्यो । पुँजीवादअन्तर्गत वस्तुको बेचबिखन उपभोग्य सामानको खरिदका लागि नभएर नाफाको आर्जन, पहिलेको भन्दा विस्तारित उत्पादनका लागि यो नाफाको पुनर्लगानी, अझ बढी विस्तारित उत्पादनको अक्षुण्ण चक्रवात प्रणाली स्थापित गर्नु रह्यो । पुँजीरूपी नाफाको निर्माण, विस्तारित उत्पादन र बेचबिखन तथा थप पुँजीको पुनर्लगानीको राजपथमार्फत् नै पुँजीवादी पद्धति छिट्छिटो अघि बढ्न थाल्यो ।

३. नाफा र पुँजीको निर्माण : उत्पादकको उपभोगका लागि मात्र उत्पादन कार्य हुने स्थितिमा क्रय-विक्रयको परिपाटी उत्पादन प्रणालीको अभिन्न अङ्ग नबन्दासम्म र क्रय-विक्रयले उत्पादन प्रक्रिया निर्धारित नगर्दासम्म नाफाको परिपाटीको सम्भावना नै हुने भएन । नाफाको परिपाटीको आविष्कार तब भयो, जब उत्पादन र उपभोगको बीचमा क्रय-विक्रयको परिपाटी स्थापित भयो । उत्पादनमा लागेको खर्च ( मुख्यतः कच्चा पदार्थ किन्न, प्रशोधन गर्ने सामान किन्न, प्रशोधन गर्न र यी कार्यमा संलग्न विभिन्न तहका कामदारहरूलाई पारितोषिक भर्न) र विक्री गर्दा पाइने मूल्यको बीचमा जेजति फरक रहन्छ, त्यो नाफा बन्यो ।

उदारवादी अर्थशास्त्रअनुसार उत्पादन कार्य चार भिन्नभिन्न साधनको सम्मिश्रणबाट हुने गर्दछ : कच्चा पदार्थ, श्रम, पुँजी र उद्यमशीलता । मार्क्सवादी आर्थिक विश्लेषणअन्तर्गत भने श्रम नै सबै उत्पादन कार्यको स्रोत हो । कसरी ? पुँजीवादअन्तर्गत नाफाको परिपाटी नै पुँजीको पुनर्निर्माण र बिस्तार गर्ने स्रोत हो । अब नाफाको स्रोत चाहिँ के हो ? नाफाको स्रोत श्रमिकद्वारा प्रशोधित गरिएको, मूलतः प्रकृति प्रदत्त कच्चा पदार्थको बेचबिखनद्वारा मात्र सम्भव हुन्छ । पुँजीपति आफैले कच्चा पदार्थको निर्माण गर्ने त होइन । मार्क्सवादी भाषामा 'अतिरिक्त मूल्य' (जुन उत्पादनमा परेको खर्च र बेच्दा आएको मूल्यबीचको फरक हो) अर्थात् नाफा भण्डारीकृत श्रम नै हो, (Marx 1954 [1867] : 173-93), जसको स्वामित्व अब श्रमिकबाट पुँजीपतिमा सरेको हुन्छ । थप लगानी गरेर, थप कच्चा पदार्थ किनेर, थप श्रमिक लगाएर, उत्पादन कार्यलाई बिस्तार गरेर, थप नाफा वा थप पुँजीको सङ्कलन र यसबाट फेरि गरिने पहिलेको भन्दा ठूलो लगानीको चक्रवात प्रक्रियाको जग श्रम शक्ति नै हो । अर्थात्, श्रमले पुँजी निर्माण गर्छ र यो पुँजीले नै थप श्रमको शोषण गर्ने र यसको आधारमा अझ थप नाफा वा पुँजी निर्माण गरिने हुन्छ ।

४. श्रम र ज्याला : कृषिको उद्भव र यससँग जोडिएका आर्थिक, वित्तीय, राजनीतिक, सैनिक र सांस्कृतिक व्यवस्थाअन्तर्गत धेरै किसिमका सामाजिक असमानताको प्रादुर्भाव भयो । मूलतः सामन्तवादी उत्पादन प्रणालीअन्तर्गत नै दास प्रथा, जातीय भेदभाव, लैङ्गिक भेदभावलगायत अन्तर पारिवारिक तहमा पनि आर्थिक, राजनीतिक (जाति, कुलसम्बन्धी आदिसमेत) र सांस्कृतिक असमानता प्रबल बने । समाज मूलतः तीन भागमा विभक्त थियो– पहिलो– सामन्त : जोसँग सैनिक किसिमले विजित पैतृक वा धार्मिक किसिमले 'आर्जित' उत्पादनका कच्चा पदार्थमाथिको स्वामित्व थियो; दोस्रो– आश्रित कामदारहरू : जो उपरोक्त कच्चा पदार्थ प्रशोधन गर्दथे र सामन्त स्वामीको जीवनभरि र सन्तान दरसन्तान सेवा गर्दथे र तेस्रो– स्वतन्त्र गृहस्थीहरू : जो आफ्नो स्वामित्वअन्तर्गतको कच्चा पदार्थ आफै प्रशोधन गर्थे । स्वभावतः दास, अर्धदास, पुर्ख्यौली वा जीवनभरका नोकरचाकर र अन्य कामदारका राजनीतिक शक्ति वा अधिकार शून्यप्रायः हुन्थ्यो । तर न्यूनतम तहमा यिनको जैविक र केही हदको सामाजिक आवश्यकताको परिपूर्ति सामन्तबाट अपेक्षित हुन्थ्यो । आश्रित कामदारलाई 'पाल्न नसक्ने' सामन्त लज्जित स्थितिमा रहन्थ्यो ।

पुँजीवादले भने नयाँ किसिमको कामदारको सृष्टि गर्‍यो– श्रमिकको । त्यस्तो श्रमिक, जसको श्रम शक्ति किनबेच हुन्छ, जो प्रत्यक्ष विजित, आर्जित वा पुस्तैनी रूपले 'हस्तान्तरित' होइन । त्यस्तो श्रमिक, जसको श्रम शक्ति एक घण्टा, एक दिन, एक वर्ष वा जति आवश्यक पर्छ, त्यति नै मात्रामा किन्न सकिन्छ र जसको जीवनभरका आवश्यकताको जिम्मा लिनु पर्दैन । त्यस्तो श्रमिक, जसलाई सिङ्गो रूपमा सशरीर 'किन्नु' पर्दैन र जसको श्रम शक्ति चाहिएको मात्रामा खरिद गर्न सकिन्छ । यसरी कामदार श्रमिकमा परिणत भयो, काम श्रम र रोजगारमा । यस्तो श्रम शक्ति किन्ने आधार बन्यो ज्याला ।

ज्यालाको परिपाटीको सृष्टिले श्रमिक र उसको आफ्नै श्रम शक्तिबीच प्रभावकारी भेद हाल्यो र श्रमिकलाई खण्डित तुल्यायो । तर पुँजीवादी उत्पादन प्रणालीअन्तर्गत स्वाभाविक रूपले श्रम शक्तिको खर्चको क्षतिपूर्ति ज्यालाको रूपमा मात्र दिन सकिन्थ्यो । सिङ्गो कामदारलाई जीवनभर 'पाल्न' सकिँदैनथ्यो । यसरी 'पाल्दा' नाफा हुँदैनथ्यो वा नाफा अत्यन्त न्यून हुन्थ्यो । यसो हुँदा पुँजीवादी उत्पादन चक्र या त थामिन्थ्यो या अत्यन्त धीमा बन्थ्यो । पुँजीवाद नै जन्मदैनथ्यो वा यसको गति अत्यन्त धीमा रहन्थ्यो ।

मार्क्सवादी दृष्टिकोणमा कुनै पनि मानिस क्रियाशील र कर्मशील प्राणी हो । तर पुँजीवादले कर्मशील, असली अर्थमा कामदार मानिसलाई श्रमिकमा परिणत गर्‍यो, जसले काम आफ्नो लागि र रमाएर होइन, अरूका लागि र अर्थोपार्जनका लागि मात्र गर्दछ । पुँजीवादअन्तर्गतको श्रमिकव्यक्ति दासत्व र आश्रितपनाबाट स्वतन्त्र रहन्छ । साथै, कार्ल मार्क्सको व्यङ्ग्यमा, किनभने यो श्रमिक उत्पादनका साधनविहीन छ, त्यसै कारणले यो 'स्वतन्त्र' पनि छ । त्यसै गरी काम पाउने वा नपाउने स्थिति पनि यो श्रमिकको हातमा छैन । त्यसैले समेत पनि यो श्रमिक 'स्वतन्त्र' छ । यो पछिल्लो स्वतन्त्रताअन्तर्गत क्रियाशील र कर्मशील मानवले बारम्बार र व्यापक मात्राको बेरोजगारीलाई समाज र जीवनको अभिन्न अङ्गको रूपमा स्वीकार गर्नुपर्ने परिपाटी पुँजीवादले जन्माइदिएको छ ।

५. उत्पादनको साधनविहीनता : कामदार मानव ज्यालादारी श्रमिकमा परिणत हुनुको पछाडि पुँजीवादी प्रणालीको अर्को विशेषता लुकेको छ । त्यो हो, आमकामदार क्रमशः उत्पादनका साधनको स्वामित्वबाट वञ्चित बन्दै जाने प्रक्रिया । माथि भनियो, प्राक्-पुँजीवादी उत्पादन प्रणालीमध्येमा सामन्तवादअन्तर्गत पनि केही मानवसमूह उत्पादनका साधनको स्वामित्वबाट बेदखल भएर रहेका हुन्थे, जस्तो कि दासहरू । तर पुँजीवादअन्तर्गत बेदखलीले आमरूप लियो । परम्परागत उत्पादनका साधन, जस्तो खेतीयोग्य जग्गा, जङ्गल, अन्य कच्चा पदार्थ आदि पुँजीवादी प्रणालीअन्तर्गत आम खरिद-विक्रीका वस्तुमा परिणत भए भने उत्पादनका नयाँ साधन, जस्तो कलकारखाना, यातायात, सञ्चारका साधन आदि नवसङ्कलित पुँजीको प्रवाह र लगानीअन्तर्गत निर्माण गरिए । उत्पादनका साधनमा पुँजी र पुँजीपतिको बढ्दो नियन्त्रणको क्रममा नै कामदारहरू श्रमिकमा परिणत हुँदै गए ।

६. उत्पादकीय शक्तिको विकास, प्राकृतिक सम्पदा, श्रम र असमानता : पुँजीवादी उत्पादन प्रणालीले उत्पादकीय शक्तिको क्रान्तिकारी विकास गरेको छ । प्राकृतिक संशाधन, पुँजी, प्रविधि र श्रम शक्तिबीचको सम्बन्धको नवीन संयोजन यस्तो विकासको मूल कारक हो । प्राक्-पुँजीवादी उत्पादन प्रणालीको दाँजोमा यस प्रणालीले उत्पादनमा शृङ्खलाबद्ध रूपले अभूतपूर्व वृद्धि गर्दै गएको छ ।

तर उत्पादकीय शक्तिको विकास अति केन्द्रीकृत र असमान छ र द्रुतगतिमा अझ केन्द्रीकृत र असमान बन्दै गइरहेको छ । राष्ट्रिय र विश्व दुवै स्तरमा केन्द्रीकरण र असमानताको ऐतिहासिक रूपले वृद्धि भएको छ । साथै यो वृद्धि विश्व प्राकृतिक सम्पदाको अत्यन्त द्रुत गतिको उपभोग र सम्हारमा आधारित छ । मानव जातिको सृष्टिदेखि सन् १९५० सम्ममा प्राकृतिक सम्पदाको उपभोग र सम्हार जेजति भयो, गएको पचास वर्षभित्र नै त्योभन्दा बढी उपभोग र सम्हार भएको अनुमान गरिएको छ । काम र श्रम शक्तिको प्रयोग पनि पुँजीवादी उत्पादन प्रणालीले अत्यधिक रूपमा बढाएको छ । सूर्योदयदेखि सूर्यास्तसम्म मात्र होइन, रातसमेत पनि दिन सरहको कामको समय थलो बनेको छ । विभिन्न अनुमानअनुसार 'सिकारी युग'मा जीविकोपार्जनका लागि मानवजातिद्वारा गरिने दैनिक कामको औसत अवधि करिब दुईदेखि पाँच घण्टाको मात्र थियो र यही नै जीविकोपार्जनको लागि यथेष्ट थियो (Sahlins 1974: 14-39) । हाल जीविकोपार्जन गर्न औसत दैनिक आठ घण्टाभन्दा बढी श्रम गर्नुपर्ने भएको छ ।

७. विश्व-अर्थतन्त्रको निर्माण : पुँजीवादको प्राण क्रय-विक्रय, नाफा आर्जन, पुँजीको सङ्कलन र पुनर्लगानीको चक्रीय स्वरूपमा अडेको छ भन्ने कुरा माथि इङ्गित गरियो । बेच्ने सामान र सेवामा मात्र ध्यान केन्द्रित गर्दा यो चक्रीय स्वरूपको आदर्श वाक्य बन्छ : 'सकेसम्म धेरै सामान र सेवा बेचौं, सकेसम्म धेरै उपभोक्तालाई बेचौं ।' स्वाभाविक रूपले, थोरै सामान-सेवा थोरै उपभोक्तालाई बेच्दा थोरै मात्र नाफा लिन सकिन्छ, पुँजी वृद्धि थोरै मात्र हुन्छ र थप पुनर्लगानीको मात्रा अपेक्षाकृत सानो हुन्छ । जाहेर छ, यसै कारणले पुँजीवादको जोड बजार बिस्तार गर्नमा नै रहेको छ । यसो गर्न विभिन्न आर्थिक, राजनीतिक र सांस्कृतिक पाइला चाल्नु पुँजीवादी उत्पादन प्रणालीअन्तर्गत अनिवार्य बन्छ । कामदारको सङ्ख्या घटाउनु, कामदारको ज्याला घटाउनु वा लामै अवधिभित्र पनि ज्याला नबढाउनु, बिदा कटाउनु, ज्याला कम भएको क्षेत्र र मुलुकमा उत्पादन कार्य स्थानान्तरित गर्नु आदि बजार बिस्तार गर्ने आर्थिक पाइलामध्ये पर्दछन् । यसैगरी स्थायीको सट्टा अस्थायी कर्मचारी भर्ना गर्नु, थोरै कर्मचारी राखेर अधिकांश काम थानगन्ती परिपाटीअन्तर्गत असुरक्षित र 'अनौपचारिक' मजदुरबाट गराउनु आदि पनि यस्तै पाइला हुन् । अर्को काइदा हो, अति विशाल कम्पनीको स्थापना र विकास, जसअन्तर्गत छोटो समयका लागि केही सामान र सेवाबाट कम नाफा हुने वा घाटै पर्ने तात्कालिक स्थिति बन्दासमेत पनि त्यस कम्पनीमा उत्पादित अन्य सामानको बेचबिखनबाट कुल वा समग्र नाफाको दर उच्च राख्न सकिन्छ । यसैअन्तर्गत अन्तरदेशीय र विश्व-बजार बिस्तार गर्न बहुराष्ट्रिय निगम विकसित भएका छन् । यीमध्ये धेरैको पुँजीगत हैसियत कतिपय सिङ्गो अल्पविकसित मुलुकको भन्दा पनि बढी रहेको छ । बजार खुला तुल्याउने र भन्सारको दर न्यूनतम तुल्याउने राजनीतिक-आर्थिक अभियान यही बजार बिस्तारको हेतु नै चालिएको हो । यी अति विशाल निगममध्ये धेरैको बजार यो सिङ्गो विश्व नै बनेको छ । खाद्य पदार्थ, धातु, तेल पदार्थ, औषधि आदि र बैंक सेवा, हवाई सेवा, सञ्चार सेवालगायत अन्य कतिपय क्षेत्रको विश्वभरिको वार्षिक खपत जति हुन्छ, त्यसको असी-नब्बे प्रतिशत पाँचदेखि पन्ध्र वटा विशाल निगमद्वारा नै उत्पादन हुन्छ । अर्थात् अत्यन्त थोरै उत्पादन कम्पनीले विश्व-बजारको अत्यन्त धेरै बजार ओगट्ने क्रम जारी छ ।

**पुँजीवादको राजनीतिक पक्ष**

१. पुँजीको श्रममाथिको शक्ति : इङ्गित गरिएझैं, वर्तमान विश्वमा पुँजी अत्यन्त शक्तिशाली रहेको छ र अझ बढी शक्ति आर्जन गर्दैछ । श्रमिक र श्रम शक्तिमाथिको पुँजीको शक्ति यसको सबैभन्दा उल्लेखनीय र मूर्त शक्ति हो । श्रमिकमाथिको शक्ति श्रममाथिको शक्ति मात्र होइन, श्रमिकको सिङ्गो जीवन र त्यसको उतारचढाव, सोच, आदर्शलगायत श्रमिकको परिवार, बालबच्चा र उनीहरूको नातागोता र समुदायसँगको सम्बन्धको स्वरूप आदि सबैमाथिको शक्ति हो । पुँजीवादी उत्पादन प्रणालीले यी संरचना र सम्बन्धहरूलाई विशिष्ट मोड

दिन्छ । यसैगरी पुँजीवाद र श्रमिकको सङ्घर्षअन्तर्गत सृष्टि भएका श्रम सङ्गठनलाई पुँजीवादी प्रक्रियाद्वारा सिर्जना हुने राजनीतिक शक्ति र खासगरी राजकीय सत्ताको आडमा निस्तेज पार्ने प्रयत्न निरन्तर भई नै रहन्छ ।

२. प्रजातन्त्र र नागरिक अधिकारसँगको द्वन्द्व : सामन्तवादी उत्पादन प्रणालीअन्तर्गत अधिकांशतः धर्म, परम्परा, कुल आदिको आडमा असमानता र एकाधिकार स्थापित रह्यो । यस्तो संरचनासँगको द्वन्द्वमा इसाको सोह्रौंदेखि अठारौं शताब्दीमा भएको सामन्तवादविरोधी र पुँजीवादी भ्रूण बोकेका राजनीतिक शक्तिहरूले प्रजातन्त्रको प्रारम्भिक जग बसाले। नागरिक अधिकारको स्थापना पनि यिनै क्रान्तिहरूद्वारा सुरु भयो, यद्यपि भोट हाल्नेलगायत निजी सम्पत्ति कमाउन सक्नेजस्ता अधिकारहरूबाट दास, महिला र अन्य समूहहरू लामो कालसम्म वञ्चित रहे । तर पनि पुँजीवाद र प्रजातन्त्रको इतिहास जोडिएर नै आएको हो ।

यति हुँदाहुँदै पनि पुँजीवादअन्तर्गतको स्वाभाविक आर्थिक असमानता, आर्थिक केन्द्रीकरण, निजी पुँजीको सर्वोपरि राजनीतिक बोलवाला, श्रमको शोषण, कच्चा पदार्थमाथि कब्जा गर्न सक्ने हैसियत, आम सम्हारकारी र अन्य हातहतियार र सैन्यशक्तिको निर्माण र नियन्त्रण आदिले गर्दा स्थानीयदेखि राज्य र विश्वतहका नहुने र शक्तिहीनका लागि प्रजातन्त्र धेरै अर्थमा, खासगरी आर्थिक हिसाबले गौण बन्दै गयो । यसै गरी, पुँजीवाद आन्तरिक सङ्कटमा फसेको स्थितिमा बाहेक श्रम सङ्गठन र अन्य राजनीतिक शक्तिहरू सिङ्गो पुँजीवादी उत्पादन प्रणालीको विरोधमा भन्दा पुँजीवादी प्रणालीका मूल मान्यताहरूभित्रै रहेर आफ्ना न्यूनतम उद्देश्य हासिल गर्न उद्यत रहने स्थिति रह्यो । पुँजीवादको सशक्त विरोध गर्ने सङ्गठन र व्यक्तिहरूको राज्यनियन्त्रित सुरक्षाका अङ्गबाट दमन भयो, बगावतको मुद्दा लगाइयो र सामाजिक रूपले समेत बहिष्कृत तुल्याउने व्यापक प्रपञ्च रचियो । कतिपय मुलुकहरूमा लामो वा आवधिक रूपमा साम्यवादी दल गैरकानुनी घोषित गरियो । नेपाल पनि यसबाट अछूतो रहेन : सन् पचासको दसकको मध्यअवधिमा यहाँ पनि साम्यवादी दल गैरकानुनी घोषित गरिएको थियो ।

३. उपनिवेशवाद : बजार बिस्तारको क्रममा व्यापारिक गतिविधिलाई सुनिश्चित तुल्याउन, मुलुकविशेषको सम्पदा र कच्चा पदार्थमाथि कब्जा जमाउन र अन्य मुलुकलाई त्यहाँभित्र व्यापारिक-आर्थिक किसिमले छिर्नबाट रोक लगाउनका लागि पुँजीवादले औपनिवेशिक व्यवस्थाको सूत्रपात गर्‍यो । यस व्यवस्थाअन्तर्गत उपनिवेशभित्र उल्लिखित सुविधा दिगो बनाउन औपनिवेशिक मुलुकहरूले उपनिवेशमाथि व्यापारिक-आर्थिक मात्र नभएर राजनीतिक, सैनिक र सांस्कृतिक नियन्त्रण पनि कायम गरे । सोह्रौं शताब्दीदेखि सुरु भएको यो पुँजीवादी विश्व-औपनिवेशिक नियन्त्रण चार दसकअघि मात्र अन्त्य भयो । सामरिक महत्त्वका केही स्थानहरूमा भने अझै पनि निकै हदमा औपनिवेशिक नियन्त्रण कायम नै रहेको छ ।

४. सैन्यवाद : पुँजीवादको राजनीतिक पक्षको एक प्रमुख उपपक्ष सैन्यवाद हो । यस सैन्यवादअन्तर्गत अत्यन्त ठूला सैन्यबल र आमसम्हारकारी र अन्य 'साना' हतियारहरू तैनाथ गरिएका छन् । सानाठूला र विश्वस्तरको सैनिक तयारी युद्ध अवधिभित्र मात्र नभएर निरन्तर चलिरहेको छ । सबैभन्दा अग्रणी प्रविधिको आविष्कार अधिकांश सैनिक क्षेत्रमा नै हुने अवस्था बनेको छ । अत्याधुनिक विमानदेखि लिएर अत्याधुनिक र अत्यन्त शक्तिशाली कम्प्युटर, सञ्चारप्रविधि, अत्यन्त विषालु जीवाणु र ग्यास आदि पुँजीवादी सैन्यवादकै देन हुन् । विश्व-सम्हार तत्कालै गर्न सक्ने स्थितिमा वर्तमान पुँजीवादी सैन्यवाद पुगेको छ ।

यो सैन्यवादले विश्वभरि भय मात्र खडा गरेको छैन । द्वन्द्व, सङ्घर्ष, कलह आदिको निकास वार्ता, बहस र जनआन्दोलन आदिका राजनीतिक क्षेत्रभित्र नखोजी सैनिक क्षेत्रबाट खोज्ने तत्परतामा व्यापक वृद्धि भएको छ । पुँजीवादी उत्पादन प्रणाली र सामाजिक व्यवस्थाको रक्षाका लागि देशभित्रै पनि र अन्तरदेशीय सैनिक कारबाहीका घटना र प्रक्रिया आम बन्दैछन् । खासगरी अल्पविकसित र गैर-पुँजीवादी मुलुकहरूमा पुँजीवादका केन्द्र बनेका मुलुकहरूको सैनिक हस्तक्षेप गएको दसकमा उल्लेखनीय मात्रामा वृद्धि भएको छ । सिङ्गो राज्य र त्यहाँका जनतालाई 'स्वाँठ', 'दुष्ट' र 'आतङ्ककारी' राज्यको संज्ञा दिने र ती राज्यलाई विश्व-समुदायबाट अलग राख्ने र दबाउने कोसिस पुँजीवादी केन्द्रहरूले गरिरहेका छन् ।

५. साम्राज्यवाद, सार्वभौमिकता र राष्ट्रिय नीति : पुँजीवादी विश्व-अर्थतन्त्रको निर्माण (स्वतन्त्र तथा सार्वभौमिक राष्ट्रिय अर्थतन्त्रहरूको बढ्दो दुर्बलता र अवसान) र यसको अतिकेन्द्रीकरण र एकाधिकार साम्राज्यवादको मुटु हो । यस्तो अर्थतन्त्र र आर्थिक केन्द्रीकरणको केही चर्चा माथि नै भइसकेको छ । (वास्तवमा हालको 'विश्वव्यापीकरण'लाई विश्वको साम्राज्यवादीकरणको नरम पर्यायका रूपमा सजिलै लिन सकिन्छ) । यसै गरी पुँजीवादका केन्द्रीय मुलुकहरूको एकाधिकारी सामरिक शक्ति र प्रवृत्तिका बारेमा पनि माथि छोटो चर्चा भइसकेको छ ।

दोस्रो विश्वयुद्ध र उपनिवेशकालपछिको गहिरो र अझ गहिरिँदै गएको वर्गीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय असमानतायुक्त अन्तरराज्यीय स्वरूप (Wallerstein 1984: 1-12, 27-36) पुँजीवादी-साम्राज्यवादी विश्व-राजनीतिको प्रमुख आयाम हो । यस्तो विशिष्ट अन्तरराज्यीय स्वरूपअन्तर्गत अकण्टक रूपले, खासगरी सन् १९९० अघि, खुला विश्व-बजारको रणनीति लागु गर्दै सिङ्गो विश्व-बजार निर्माण गर्न साम्राज्यवादलाई पक्कै पनि महत्त्वपूर्ण कठिनाइ झेल्नुपर्‍यो । तर अर्कोतिर यो अन्तरराज्यीय व्यवस्थाबाट साम्राज्यवादलाई के राजनीतिक लाभ भयो भने पुँजीवादपीडित जनता र गैह्रपुँजीवादी मान्यता बोक्ने राजनीतिक शक्तिहरूको पीडा र चाप राज्यराज्यले छुट्टाछुट्टै विभाजित भएर नै बहन गर्ने स्थिति बन्यो । पुँजीवादका केन्द्र बनेका साम्राज्यवादी शक्तितर्फ यो पीडा र चाप मोड्ने स्थिति बनेन । अन्य कामको अलावा यो पीडा र चाप बहन गर्न र दमन गर्न यी राज्यहरू सार्वभौम रहे । राज्य र राष्ट्रवाद यो पीडा र चापको सीमा बन्यो । यो पीडा

र चापले अन्तर्राष्ट्रिय र विश्वरूप धारण गर्न सकेन । यसरी यो अन्तरराज्यीय विश्वव्यवस्था विश्व-पुँजीवाद र साम्राज्यवादको ढाल बन्यो । उता, कथंकदाचित राज्यविशेषमा र साम्राज्यवादविरोधी सङ्घर्ष चर्किंदा, वर्गीय र राजकीय 'मित्रशक्ति'को निमन्त्रणामा र निमन्त्रणबिना नै पनि सार्वभौमिकता उल्लङ्घन गर्न साम्राज्यवाद अघि सरेका उदाहरणहरू प्रशस्तै छन् । यस्तो किसिमको सङ्घर्षले मुलुकविशेषको सीमा नाघ्दै अन्तरराज्यीय बन्न सक्ने स्थितिमा त झण्डै सधैँजसो नै साम्राज्यवादी हस्तक्षेप हुने गरेको छ ।

अल्पविकसित मुलुकहरूका राजनीतिक, सैनिक, कानुनी, वित्तीय र सांस्कृतिक क्षेत्रहरूमा पुँजीवादको हस्तक्षेप गएको दुई दसकभित्र विस्तारित र तीव्र बनेको छ । आणविक हतियारको निर्माण र रोकमा मात्र यो हस्तक्षेप सीमित छैन । साथै, अन्य कतिपय हातहतियारको विक्रीबाट समेत पुँजीवाद समृद्धशाली बन्दै छ । राजनीतिक सम्बन्ध गाँस्नका लागि पनि हतियारको विक्री वितरण एक प्रमुख साधन बनेको छ ।

क्षेत्रीयलगायत समष्टिगत आर्थिक र वित्तीय नीति निर्माणमा पुँजीवादी केन्द्रहरूको हस्तक्षेप चुलीमा पुग्ने स्थितिमा छ । अल्पविकसित मुलुकहरूमा आर्थिक विकासको लक्ष्य, रणनीति र कार्यनीतिसमेत पनि के कस्तो हुनुपर्दछ भन्नेबारे पुँजीवादी केन्द्रका मुलुकहरूका साथै विश्वका प्रमुख वित्तीय संस्थाहरूको रेखदेख र खटनपटनको घटना र प्रक्रिया आम भइसकेको छ । यस्ता क्षेत्रीयलगायत आर्थिक र वित्तीय नीतिहरू लागु गर्न आवश्यक पर्ने कानुनी प्रावधानहरूको निर्माणमा समेत पुँजीवादी हस्तक्षेप आम बन्दै गरेको छ । वर्तमानको साम्राज्यवादी पुँजीवादअन्तर्गत राष्ट्रियता, सार्वभौमसत्ता र प्रजातन्त्रको स्खलन यसैबाट पनि आँकलन गर्न सकिन्छ ।

**पुँजीवादको सांस्कृतिक पक्ष**

**१. मानवीय सम्बन्धको पुनर्गठन र व्यक्तिवादको निर्माण :** प्राक्-पुँजीवादी उत्पादन प्रणाली र समाजहरूमा सबैजसो मानिसहरू जुन परिवार, नातागोता, समुदाय र स्थानमा जन्मन्थे, सोही संरचनामा हुर्कन्थे, बढ्थे, काम गर्थे, बूढाबूढी हुन्थे र मर्दथे । यी संरचनाहरूसँग हरेक मानिसको गहिरो र प्रगाढ सम्बन्ध रहन्थ्यो । पुँजीवादी उत्पादन प्रणालीले समाजका सदस्यहरूको निर्माण, यी सदस्यहरूबीचको सम्बन्ध र सिङ्गो सामाजिक संरचनामा ठूलो उथलपुथल सिर्जना गऱ्यो । यो उथलपुथलका धेरै पक्षहरू छन् । तर मूलतः पुँजीवादी उत्पादन प्रणालीअन्तर्गत पूर्ववयस्कता वा वयस्कताको सुरूमै उच्च शिक्षा हासिल गर्न र खासगरी श्रमिकको रूपमा काम गर्न, जन्मेको र हुर्केको परिवार, नातागोता, समुदाय र स्थानबाट प्रायः कहिल्यै नफर्कने गरी अन्य स्थान, खासगरी सहरमा बसाइँ सर्न समाजका सदस्यहरू बाध्य भए । यस्तो बसाइँसराइ र श्रमसराइ अधिकांशका लागि एकपटकका लागि मात्र नभएर बारम्बार गरिराख्नुपर्ने स्थिति बन्यो । रोजगार जहाँ पाइने सम्भावना छ, श्रमिक त्यहीं सर्ने भयो । यसै क्रममा जन्मेको र हुर्केको परिवार, नातागोता र समुदायका साथै पहिलो, दोस्रो आदि बसाइँ सरेका स्थानमा जोरजम्मा भएका मित्रगण आदिसँगको सम्बन्ध क्रमशः दुर्बल हुँदै जाने, विच्छेद हुने स्थिति बन्यो । सिङ्गो परिवार र बालबच्चा, नातागोता, समुदाय र मित्रगणबीचको यो चरित्रको सम्बन्ध र सङ्गठितपनामा यो प्रक्रियाले भाँजो हाल्यो । यिनीहरूबीचको घनिष्ठतालाई कम दिगो र सतही तुल्यायो अनि व्यक्तिवादको जरा फिँजायो ।

**२. वैवाहिक पद्धति, वैवाहिक सम्बन्ध र परिवारको पुनर्गठन :** जन्मिएको परिवारबाट भौतिक र भावनात्मक किसिमले टाढा रहेको, पैतृक सम्पत्तिको आधारमा गुजारा नगर्ने, सांस्कृतिक मान्यता र कानुन दुवैका आधारमा पैतृक सम्पत्तिमाथि दाबी नगर्ने र गर्न नसक्ने, पारिवारिकभन्दा छुट्टै पेसा र जीवनशैली समातिसकेको, भविष्यमा समेत झण्डैझण्डै कहिल्यै दिगो रूपले 'घर' नफर्कने, व्यक्तिगत स्वतन्त्रता, स्वनिर्भरता र स्वजिम्मेवारीको शिक्षा दिइएको सन्तानको (जीवनका अन्य आयामहरूमा जस्तै गरी) वैवाहिक चयनमा पनि बाबुआमा, परिवारका अन्य सदस्य र नातागोताले निर्णय गर्ने वा आफूलाई लागेको कुरासम्म भन्ने पनि स्थिति नरहनु स्वाभाविक रह्यो । यसरी पुँजीवादी उत्पादन प्रणाली- सामाजिक व्यवस्था र 'मागी विवाह' : यसरी स्वभावतः एकआपसलाई निषेध गर्ने अन्तरविरोधी व्यवस्था बने ।

यो स्वतन्त्र, स्वनिर्भर र स्वजिम्मेवार व्यक्तिवादी व्यक्तिका लागि स्वाभाविक विवाह पद्धति रह्यो : प्रेम विवाह (मिश्र २०५७) । अपरिचित र सतही रूपमा मात्र परिचितहरूको बीचमा बाँच्न, प्रतिस्पर्धाको चाप मत्थर पार्न तथा तीक्ष्ण र दिगो एक्लोपना न्यून तुल्याउन प्रेम र प्रेम विवाह एक किसिमको राजमार्ग बन्यो । साथै रोजगारका लागि स्थानान्तरण भइरहनुपर्ने, आवधिक बेरोजगारी भोलिरहनुपर्ने, आर्थिक स्थितिमा उतारचढाव भइराख्ने, कामको व्यस्तता र पारिवारिक कर्ममा हुने बेफुर्सदी आदिले कतिपय स्थितिमा वैवाहिक सम्बन्धको प्रगाढतामा खलल पुऱ्याइराख्ने स्थिति बन्यो । व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत स्वनिर्भरता आदि मूल्य-मान्यताहरू पनि कतिपय स्थितिमा वैवाहिक सम्बन्धको प्रगाढताको प्रतिकूल बने । सामन्ती पितृसत्तात्मक समाजको रूपान्तरण हुने क्रममा, खासगरी दोस्रो विश्वयुद्धपछिको उर्लँदो पुँजीवादी आर्थिक वृद्धिअन्तर्गतको तीव्र गतिले विस्तारित भइरहेको श्रम बजारमा, एकातिर महिलाहरूको संलग्नता अभूतपूर्व रूपले बढ्दै गयो र महिलाहरू आर्थिक, राजनीतिक र सांस्कृतिक रूपले सशक्त बन्दै गए भने अर्कोतिर दाम्पत्य जीवनको पुनर्गठन गर्न यो प्रक्रियाले पनि सघाउ पुऱ्यायो । यी सबै प्रक्रियाअन्तर्गत दाम्पत्य जीवन अपेक्षाकृत अल्पकालिक बन्यो, क्रमिक-एकल विवाहले आममान्यता प्राप्त गऱ्यो ।

यसै गरी पुँजीवादी उत्पादन प्रणालीले परिवारको दैनन्दिनी र सङ्गठनमा व्यापक परिवर्तन ल्यायो । सबैजसो प्राक्-पुँजीवादी प्रणालीहरूमा परिवार, उत्पादन र उपभोग दुवै कार्यहरूको सङ्गठनात्मक केन्द्रविन्दु हुने गर्थ्यो । पुँजीवादी प्रणालीले उत्पादनको आयामलाई घरपरिवारबाट क्रमशः हटाउँदै विशिष्टीकृत कलकारखाना, व्यापारमुखी कृषिकेन्द्र र अन्य कार्यालयहरूको सृष्टि गऱ्यो अनि श्रमिकहरूलाई लामो अवधिका लागि वा दैनिक रूपमा निश्चित समयका लागि घरपरिवारबाट स्थानान्तरण गर्ने पद्धति बसाल्यो । यी कार्यथलोहरूमा श्रमको विभाजन, प्रविधीकरण आदिसमेत लागु गर्दा उत्पादन र उत्पादकत्व दुवै वृद्धि गर्न सकिने भयो । तर यसले परिवारको सङ्गठितपनामा

ह्रास ल्यायो । खासगरी त्यस्ता सदस्यहरू, जो 'घरायसी' र 'उत्पादनशील' दुवै काम घरपरिवारको दायराभित्र रहेर सम्पन्न गर्ने गर्थे, उनीहरूलाई उत्पादनकर्मबाट निकै हदसम्म अलग्यायो । यसले काम गर्न सक्ने बालबालिका, 'वृद्ध' र खासगरी महिलालाई 'अनुत्पादक' तुल्यायो । यो स्थितिले यी समूहहरूको घरायसीलगायत सामाजिक हैसियतमा गिरावट ल्यायो । यसै गरी पुँजीवादी उत्पादन प्रणालीले एकल विवाह, एकल परिवार र 'सानो परिवारको' मान्यता पनि स्थापित गर्दै गयो ।

**३. असीमित आवश्यकताको सिर्जना र उपभोगवाद :** जैविक र सामाजिक आवश्यकता परिपूर्ति गर्न वस्तु र सेवाको उपभोग अनिवार्य हुन्छ । प्राक्–पुँजीवादी समाजमा उपल्लो तह र सामन्ती घेराबाहिरका अधिकाधिक मानिसहरू, व्यापक अनिकालका अवधिहरूमा बाहेक, न्यून र सीमित तर जैविक र सामाजिक रूपले पुग्दो र यथेष्ट उपभोगको स्थितिमा रहन्थे । उपभोग्य वस्तु र सेवाको किसिम र मात्रा दुवै न्यून र सीमित थिए अनि आवश्यकता आफै पनि न्यून र सीमित थियो । यस स्थितिलाई 'न्यून उपभोग र सम्पन्नता'को स्थिति पनि भन्ने गरिन्छ । 'सम्पन्न' कुन अर्थमा भने न्यूनतम आवश्यकता परिपूर्ति नभएको र उपभोगबाट आफू मात्र वञ्चित रहेको स्थिति आम थिएन ।

पुँजीवादी उत्पादन प्रणालीले उत्पादन व्यवस्थाको पुनर्गठन गरेर, सीमाहीन प्रकार र मात्राका वस्तु र सेवाको उत्पादन गरेर, आर्थिक असमानता गहिरो तुल्याएर तथा यी वस्तु र सेवाको उपभोगलाई सामाजिक प्रतिष्ठाको मानक तुल्याएर उपभोगवादी संस्कृतिलाई व्यापक फैलावट दियो । आमसञ्चार र विज्ञापन यस्तो सीमाहीन 'आवश्यकता'को निर्माण गर्ने मुख्य माध्यम बने । यस्तो आवश्यकताको निर्माणको पृष्ठभूमिमा पुँजीवादी उत्पादन प्रणालीको 'धेरैथरी र धेरै सामान र सेवा धेरै उपभोक्तालाई बेचौँ' नारा प्रभावकारी रह्यो ।

# मार्क्सवादको सान्दर्भिकता

- टंक कार्की
केन्द्रीय सदस्य, नेकपा एमाले

## विषय प्रवेश

२० औं शताब्दीको अन्तिम दशकमा आएर सोभियत संघ र पूर्वी युरोपमा प्रचलित समाजवादको पतन तथा असंलग्न आन्दोलनको बाङ्गदुङ्ग परियोजना निष्प्रभावी हुन साथै दुईवटा विगुल एकसाथ फुकिए- (१) शित युद्धको अन्त्य भयो र (२) इतिहासको अन्त्य भयो । पछि विकसित घट्नाहरूले बताए शित युद्धको अन्त्यको अन्तर्य साम्राज्यवादको एक पक्षीय 'युद्ध' को उद्घोषण थियो । जहाँसम्म इतिहासको अन्त्यको प्रसंग छ, इतिहासले पूर्णविराम लिएको त कुरै छोडौं 'छुट्टिमनाएर पुनरावृत्त' भएको पनि होइन । कुरो प्रष्ट थियो, पूँजीवादमा अन्तरनिहित अन्तरविरोधको हल नभैकन इतिहासको अन्त्य हुन सक्दैन भन्ने मार्क्सवादी प्रस्तावना मिथ्या थिएन । त्यो निरस्त हुने कुरै थिएन । आज पूँजीवादको गढमा आएको आर्थिक संकटले धेरैको मथिंगल खाएको छ र मार्क्सवादका स्वयं आलोचकहरू समेत पूँजीवादी संकटका कारण र मोचनका उपायबारे मार्क्सवादमा विचरण गर्न थालेका छन् । यस लेखमा यसैको सेरोफेरोमा मार्क्सवादको सान्दर्भिकताबारे चर्चा गरिनेछ ।

## १. मार्क्सवादको उद्भव

मार्क्सवादको उद्भव कम्युनिष्ट पार्टीको घोषणापत्रको जारी भए देखि नै भने हुन्छ । त्यसले आधुनिक पूँजीवादको विरूद्धमा एक न्यायपूर्ण, लोकतान्त्रिक र सामाजिक मुक्तिको बैकल्पिक व्यवस्था प्रस्तुत गरेको हो । त्यसमा मार्क्सवादका आधारभूत प्रस्तावना समेटिएका छन् । त्यसले नै पहिलोपटक व्यवस्थित रूपमा श्रृङ्खलाबद्ध शोषणका सञ्जाललाई हटाएर समस्त मानव जातिको मुक्तिको ढोका खोलेको हो ।

कम्युनिष्ट घोषणापत्र लेखिदाको बेलामा पुँजीवाद तुलनात्मक रूपमा सानो स्तर कै कारोवार, स्वतन्त्र बजार र प्रतिष्पर्धा मै आधारित थियो । पुँजीवादले आफ्नो युवा सौर्य गुमाइसकेको थिएन । फेरि पनि, मार्क्सले पुँजीवादमा अन्तरनिहित प्रवृत्तिलाई केलाउँदै धन र पुँजीको संकेन्द्रिकरण तथा वर्गीय ध्रुविकरण हुने विश्लेषण गरेका थिए । तथ्यहरू आफै बोल्दछन्, अहिले समस्त पुँजीवादी दुनियाँको अर्थतन्त्र केही सिमित भीमकाय बहुराष्ट्रिय एकाधिकारी निगमको बर्चस्वमा चल्दछ ।

सन् १८४८ मा कम्युनिष्ट घोषणापत्र जारी गर्दा त्यसका लेखकद्वय मार्क्स र एंगेल्स क्रमशः ३० र २८ वर्षका अल्लारे ठानिने युवाहरू नै थिए । त्यतिबेला युरोप एउटा ठूलो उथल पुथलबाट गुज्रिरहेको थियो । पुरै युरोप 'कम्युनिज्मको हाउगुजी' ले काँपिरहेको थियो र त्यस हाउगुजीलाई पन्छाउन समस्त युरोपेली शासक वर्गले मोर्चा कसेको थियो । इतिहासमा पहिलो पटक पूँजीपति वर्गको दुमछल्ला नभइकन श्रमजीवि वर्ग संगठित रूपमा एक स्वतन्त्र राजनीतिक शक्तिको रूपमा उपस्थित भएको थियो । घोषणापत्रमा ऐतिहासिक विकास क्रममा पछिल्लो पटक विकसित पूँजीवादी व्यवस्थाको चिरफार गर्दै अनिवार्यतः हुने विकासको साम्यवादी सामाजिक व्यवस्थाको लक्ष्य किटान गरिएको थियो ।

त्यो दस्तावेज सारमा उदियमान सर्वहारा वर्गको गन्तव्य कार्यक्रम र रणनीतिको बकपत्र थियो । घोषणापत्रले जुन सर्वाधिक आधारभूत परिघटनाको बारेमा पूर्व कल्पना गरेको थियो, त्यसले आज विश्वव्यापी रूप लिएको छ । त्यसबेला लेखिएको दस्तावेजले आजको एक्काइसौं शताब्दीको जीवन्त र तथ्यपरक चित्रण गर्न सक्ला भनेर कसले सोच्न सक्थ्यो र !?

आफ्ना विचार, दर्शन र सिद्धान्तलाई उनीहरूले त्यस पछिका समयमा अझ गहन र सूक्ष्म अध्ययन गरेर थप धारिलो, प्रभावकारी र वैज्ञानिक बनाए । राजनीतिक अर्थशास्त्र, दर्शन र समाजवादमा उनीहरूका विचारहरूको समष्टि नै मार्क्सवाद हो । मार्क्सवादको अर्को नाम बैज्ञानिक समाजवाद पनि हो ।

मार्क्सवादले पूँजीवादलाई अन्तर्निहित अन्तरविरोधले जेलिएको प्रणालीको रूपमा हेरेको थियो । त्यसले इतिहासको भौतिकवादी व्याख्या गऱ्यो र ऐतिहासिक चेतको आधारमा भन्यो, 'आजसम्मको इतिहास (आदिम साम्यवादलाई छोडेर) वर्ग संघर्षको इतिहास हो । संक्षेपमा इतिहास भनेको उत्पीडक र उत्पीडित वर्गको अविराम रूपले एक अर्काको विरूद्धमा कहिले गुप्त कहिले खुला संघर्षको इतिहास हो । यस्तो संघर्ष समाजको क्रान्तिकारी रूपान्तरणमा या प्रतिष्पर्धी वर्गको साझा विनासमा अन्य भएको छ ।' (मार्क्स एंगेल्स कम्युनिष्ट पार्टीको घोषणापत्र)

यो प्रणाली प्रमुखरूपमा दुइटा वर्ग– उत्पादनका साधनमा हालीमुहाली गरेको पूँजीपति वर्ग र जीवन निर्वाहको निम्ति आफ्नो श्रम शक्ति बेच्न बाध्य हुने, उत्पादनका साधनविहीन आधुनिक जमानाको ज्यालादारी श्रमिक अर्थात् सर्वहारा वर्गको रस्साकसीमा चल्दछ । यो वर्गबीचको परस्परको विरोधलाई हेरेर मार्क्सले वर्ग संघर्षको सिद्धान्त प्रतिपादन गरे । उनको सपाट बिचार थियो– यी वर्गबीचको संघर्षमा अन्ततः सर्वहारा वर्ग विजयी हुन्छ र उत्पादनका साधनलाई आफ्नै हातमा लिन्छ । मार्क्सवादले पूँजीवाद पछिको विकसित हुने राजनैतिक प्रणालीको बारेमा पनि उतीखेरै आफ्नो विचार अगाडी सारको थियो । यसका खातिर सर्वहारा वर्गलाई सत्ताधारी वर्गको रूपमा प्रतिस्थापित गर्नु र लोकतन्त्रको लडाइमा महारत हासिल गर्नुलाई क्रान्तिको पहिलो कदम भनेर घोषणापत्र मै दर्ज गरियो । उनीहरूको विचार थियो कि सर्वहारा वर्ग आफ्नो मुक्तिको निम्ति आफैमा वर्ग र आफ्नै निम्ति (Class-in-itself-for-itself) संगठित हुनुपर्दछ । घोषणापत्र मार्फत अघिल्ला युगहरूमा सम्भव भएको भन्दा बढ्ता वैयक्तिक स्वतन्त्रता र अझ भरपूर वैयक्तिक विकास गर्ने लक्ष्य किटान गरिएको थियो । त्यसले आफ्नो आदर्श त्यस्तो समाजको रूपमा घोषणा गऱ्यो 'जसमा व्यक्तिको स्वतन्त्र विकास समाजको स्वतन्त्र विकासको पूर्वशर्त' रहने र "प्रत्येकबाट आफ्नो क्षमता अनुसार र प्रत्येकलाई आफ्नो आवश्यकता अनुसार" हुने छ ।

घोषणापत्रको दुइटा कुराले भने विशेष महत्व राख्दछ– पहिलो कुरा त्यसको दूरदृष्टि हो । त्यतिखेर पूँजीवाद अझै आफ्नो यात्राको विजयोल्लासको प्रारम्भ मै थियो । त्यस्तो बेलामा पूँजीवादी उत्पादन पद्धति स्थायी, स्थिर र 'इतिहासको अन्त्य होइन', बरू मानव जातिको इतिहासमा एउटा अर्को अस्थायी अवस्था मात्रै हो, त्यसको पनि दुर्गति पूर्ववर्ती समाजको जस्तै अर्को समाजले विस्थापित गर्नेछ भनेर परिकल्पना/दूरदृष्टि राख्नु लर्तरो कुरा थिएन । दोस्रो कुरा, पूँजीवादी उत्पादनको दीर्घकालीन ऐतिहासिक प्रवृत्तिको अनुवोध गर्नु । पूँजीवादी अर्थतन्त्रको क्रान्तिकारी सम्भावना जगजाहेर भइसकेको थियो । तर त्यसको विनासकारी लीला त्यति प्रष्ट भइसकेको थिएन । मार्क्स एङ्गेल्सले त्यस प्रवृत्तिलाई ठम्याउने आफु मात्रै हौं भनेर कहिल्यै दावी गरेनन् ।

मार्क्सवादको खेदो खन्ने र खिल्ली उडाउनेहरूको सुरू देखि अहिलेसम्म कुनै कमी छैन । मार्क्सवादको पछिल्लो प्रयोगशाला सोभियत संघ र पूर्वी युरोपको प्रचलित समाजवाद विसर्जनपछि पूँजीवादको दिग्विजयमा जति हर्षोल्लास मनाइयो त्यो भन्दा बढ्ता समाजवादको संहारमा हर्ष बढाइँ गर्नेहरूको भूइँमा खुट्टा थिएनन् । हुँदाहुँदा 'इतिहासको अन्त्य' भएको दुन्दुभी पनि बजाइयो । परन्तु ती कर्कलाका पानीका फोका सावित भए र मार्क्सवादको सान्दर्भिकता अरू प्रखर बन्न पुगेको छ ।

## २. पूँजीवादी दुनियामा मार्क्सवादको हलचल

पूँजीवादका पैरवीकर्ताहरूको मान्यता के रहँदै आएको थियो भने यदि बजारलाई विना हस्तक्षेप स्वतन्त्र रूपमा काम गर्न छोडियो भने सबै समस्याको हल हुनेछ, सम्पत्तिको वितरण फराकिलो रूपमा हुनेछ र राजनैतिक तथा आर्थिक शक्तिको विकेन्द्रिकरण हुनेछ । त्यसले तीलश्मीरूपमा माग र आपूर्ति बीच सन्तुलन कायम गर्दछ । सन् १९२९ को आर्थिक 'महामन्दी' जस्तो संकटको पुनरावृत्ति हुन सक्दैन । मार्क्सले गरेको अति उत्पादनले ल्याउने संकटको भविष्यवाणीलाई इतिहासको गर्तमा हाली दिनुपर्छ । परन्तु त्यस्ता दलिल गर्नेहरू अहिले प्रतिरक्षात्मक हुन पुगेका छन् । पूँजीवाद संकटको भडखालोमा भासिन पुगेको छ । समाजवादले धक्का खाएको २० वर्ष वित्न नपाउँदै उतिखेर रंगारंगेली

गर्नेहरूको तामस सेलाउन थालेको छ । यतिबेला भने मार्क्स र मार्क्सवादका आलोचकहरूको दमाहाको कर्कश स्वर मुरलीको मधुर धुनमा फेरिन थालेको छ ।

नोवेल पुरस्कार विजेता पौल क्रुजमेनले भनेका छन्, 'समष्टि अर्थतन्त्रको सिद्धान्तको विगत ३० वर्षको विकास, बढीमा असाधारण रूपमा बेकार भएको छ या घटीमा प्रत्यक्षतः हानीकारक भएको छ ।' उदारवादको यहाँ भन्दा ठूलो धज्जी के नै हुन सक्छ र ?

युविएस बैंकका वरिष्ट र आर्थिक विश्लेषक जर्ज म्याग्नुसले त केसम्म लेख्न पुगेका छन् भने 'आजको विश्व अर्थव्यवस्थाले मार्क्सको भविष्यवाणीलाई केही अलौकिक सादृश्यता भुक्तान गरिरहेको छ ।' उनले लेखेका छन् : उदाहरणको निम्ति पूँजी र श्रम बीचको अन्तरनिहित द्वन्द्व कसरी अभिव्यक्त हुन्छ भन्ने मार्क्सको भविष्यवाणीलाई सोचौ त जस्तो कि उनले पूँजीमा लेखेका छन्, मुनाफा र उत्पादकत्वबारे कम्पनीहरूको आशक्तिले गर्दा स्वभाविक रूपमा उनीहरूलाई कम भन्दा कम श्रमिकहरूको आवश्यकता पर्दछ जसले गर्दा गरिब र बेरोजगारहरूको 'औद्योगिक जगेडासेना' सिर्जना हुन पुग्दछ : 'एउटा ध्रुवमा सम्पत्तिको सञ्चय भन्नु नै, यसर्थ सँगसँगै दरिद्रताको सञ्चय पनि हो ।'

उनले अगाडि लेखेका छन् : 'उन(मार्क्स)ले वर्णन गरेको प्रक्रिया सारा विकसित दुनियामा सादृश्य छ, खासगरी लागत घटाउने र नयाँ-नयाँ रोजगार भर्ति गर्नमा बच्ने अमेरिकी कम्पनीहरूको प्रयत्नले कुल आर्थिक उपजको दाँजोमा अमेरिकी कर्पोरेट मुनाफा विगत ६ दशकमा उच्चतम स्तरमा ह्वात्तै बढेको छ जबकि बेरोजगारी दर ९.१ प्रतिशत पुगेको छ र वास्तविक ज्याला स्थिर रहन गएको छ ।

'यसै बीचमा अमेरिकी आय असमानता कुनै-कुनै मापदण्डको आधारमा १९२० को दशक यता उच्चतम स्तरको नजिक पुगेको छ । सन् २००८ अघि आय अन्तर सरल कर्जा जस्ता कारणले गर्दा दुरूह थियो, त्यस्तो कर्जाले गर्दा विपन्न घर परिवारले समेत सम्पन्न जीवनशैली धान्न मौका पाएका थिए । अहिले भने समस्याले जकेड्न थालेको छ ।' (George Magnus, Give Karl Marx a Chance to Save World Economy)

अरी पौलले द गार्जेनमा लेखेका छन्, अकुपाई वाल स्ट्रिट 'आन्दोलनले मार्क्सवादी सिद्धान्त माथिको चासोलाई पुनरजाग्रित गरेको छ । व्यवसायिक सञ्चार माध्यमले समेत वित्तिय अनियन्त्रणले उत्पन्न गराएको असमानतालाई अनावरण गर्न कुनै कसरत बाँकी राखेका छैनन् ।... श्रमजीवी आन्दोलन... हरेक आर्थिक समस्याको उहीँ बजार समाधान दिँइदा आजित भएका छन् ।' (Ari Paul, the guardian, Tuesday 19 November, 2013)

माइकल शुम्यानले लेखेका छन्, "वेरोजगारी र स्थिर आयको बोझले संसार भरिका श्रमजीवी आजित भई रहेको सन्दर्भमा पूँजीवाद आन्तरिक रूपले नै अन्यायपूर्ण र आत्मघाती हुन्छ भन्ने मार्क्सको आलोचनालाई त्यति सजिलै दुत्कार्न सकिंदैन ।" (Michael Schuman, Marx's Revenge: How Class Struggle is Shaping the World ?, Time, March 25, 2013)

मार्क ह्वाइटहाउसले वाल स्ट्रिट जर्नलमा लेखेका छन्, "पूँजीमा मार्क्सले पूँजीवादी समाज क्रियाशिल हुँदा उनले देखेको समस्याबारे वर्णन गरेका छन् । जसै कम्पनीहरू कामदारहरूबाट झन झन ज्यादा असुल्न जति बढी सिर्जनशिल हुन्छन्, त्यति नै कम मात्रामा तिनीहरूलाई कामदारहरूको दरकार पर्दछ । यसले गर्दा बेरोजगार मानिसहरूको 'औद्योगिक जगेडा सेना'" सिर्जना हुन पुग्दछ । काम नपाएकाहरूको कामको निम्ति हुने हताशाले काम पाइरहेकाहरू माथि दवाव उत्पन्न गर्न थाल्दछ र ज्यालालाई नियन्त्रित गर्दछ र नियन्त्रित गर्दछ र परिणाम स्वरूप, कामदारले सृजेको सारा कामको निम्ति हुने अधि मुल्य कम्पनीका स्वामीहरूको खल्तीमा पुग्दछ । (Mark Whitehouse, The Wall Street Journal, May 8, 2010)

१९६० को दशकमा बेलायती प्रधानमन्त्री ह्वारोल्ड विल्सनले अब समस्या समाधानको निम्ति हाइगेट स्थित (मार्क्सको) समाधि स्थल खोज्नु पर्दैन भनेका थिए । समाधि स्थलमा त मार्क्सको हाडखोर मात्रै होलान्, त्यसको महिमामा बाँसुरी बजाउने आग्रह कसैले गरेको पनि छैन तर कुरो मार्क्सका विचारको सान्दर्भिकताको हो । उसका विचारले समयको परिक्षा पार गरेका छन् र तिनले विजय प्राप्त गरेको कुरा उनका विरोधीले समेत अनिच्छापूर्वक स्वीकार्नु परेको छ ।

पुँजीवादी दुनियाँमा सन् २००८ मा आएको वित्तीय संकट र आर्थिक मन्दीले प्रष्ट देखाएको छ कसका विचार सही रहेछन् र कसका गलत । विगतमा दशकौंसम्म पूँजीवादका मतियारहरूले आर्थिक मन्दीसम्बन्धी मार्क्सका विचार कालातित भएको भनेर कम कोलाहल मच्चाएका होइनन्, उनका विचारलाई १९औं शताब्दीको विचार भनेर पन्छाइन्थ्यो र उनका विचारको प्रतिरक्षा गर्नेहरूलाई जडसुत्रवादी भनेर । दुनियादारलाई छर्लङ्ग भएको छ पुँजिवादका प्रतिरक्षकका विचारहरूको हावा खुस्केको छ जब कि मार्क्सका विचार खोटरहित सावित भएका छन् । हालैको युरो संकटले देखाएको छ ग्रिस, स्पेन र इटालीमा देखापरेको समस्यालाई समाधान गर्न पूँजीवादीहरू निरिह र निकम्मा भएका छन् । त्यसले युरोपेली साझा मुद्रा र स्वयम् युरोपको भविष्यलाई जोखिममा पारेको छ ।

बढ्दो आर्थिक उथल पुथल, वित्तिय उद्योगमा अनवरत रूपमा भै रहेका छलकपट, आकासिदो असमानता र विश्वव्यापी रूपमा देखापरेको राजनीतिक छटपटिका सामुन्ने पश्चिमी दुनियामा समेत पुँजीवादको गुहार निष्प्रभावी हुन थालेको र मार्क्सवादको आकर्षण ह्वातै बढेको छ । सन् २००८ यता मार्क्सको उत्कृष्ट कृति दास क्यापिटल (पूँजी) को बिक्री ह्वात्तै बढेको छ, त्यसैगरी कम्युनिष्ट घोषणापत्र र मार्क्सको अर्को कृति- राजनीतिक अर्थशास्त्रको समालोचनाको रूपरेखाको बिक्री पनि बढेको छ । दास क्यापिटल अहिले जर्मनीमा सबभन्दा बढी बिक्री हुने पुस्तकमा पर्दछ, जापानमा यो Manga version मा प्रकाशित भएको छ ।

### ३. पूँजीवादको उदभव र विकास

पूँजिवादको उदभव र विकासको कहानी लामो र रोमान्चक छ । जैविक अवयव जस्तै आफ्नो विकास क्रममा यो पनि तीनवटा चरणबाट गुज्रेको छ । (१) शैशवकाल (२) प्रौढकाल, र (३) बुढेशकाल ।

१. शैशवकाल : यो काल निकै लामो अवधिको रह्यो, सन् १००० देखि १८०० सम्म । पूँजीवादको यो तैयारीको कालखण्ड हो । पुँजिवादको यो अवस्था ११ औं शताब्दीमा चीनको सुन वंशको पालामा सुरू भयो र मिङ तथा छिङ वंशको पालामा अरू सुदृढ भयो ।

यही कालखण्डको सन् १५०० देखि सन् १८०० सम्मको अवधिमा भने आधुनिक पूँजीवादी विकासको अर्को एउटा लहर आयो । यस बेलाको पूँजीवादको चारित्रिक विशेषता भने वाणिज्य पूँजीवाद रह्यो ।

यसै कालखण्डमा अठारौं शताब्दीको उत्तरार्धतिर आधुनिक पूँजीवादले पूर्णता हासिल गऱ्यो । स्टिम इन्जिन जस्ता वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा भएका क्रान्तिलाई उपयोग गरेर अंग्रेजी औद्यागिक क्रान्तिको जन्म र, परिणाम स्वरूप 'मेसिन फेक्ट्री' को सुरूवात भयो । यसले उत्पादन, व्यापार र उत्पादक शक्तिको विकासमा बेजोड योगदान पनि गऱ्यो । यसै कालखण्डमा फ्रान्सेली क्रान्तिले पूँजीवादी उत्पादन पद्धति र पूँजिपति वर्गको हित अनुकुल आधुनिक राजनैतिक प्रणालीको पनि सुरूवात गरायो । पूँजीवादको पश्चिमा स्वरूप आन्ध्रमहासागरीय क्षेत्र र मध्य युरोपमा विकास भएर अमेरिका हुँदै जापानसम्म पुग्यो । यसले आफ्नै किसिमका चरित्र पनि विकास गऱ्यो । त्यति बेलाको पूँजी सञ्चयको मुख्य तरिका सम्पत्तिहरण (Expropriation) आधारित थियो । त्यसले सुरूमा स्वदेशभित्रै किसानहरूको सम्पत्तिहरण मार्फत पूँजी सञ्चय गऱ्यो र पछि उपनिवेशका जनता हो ।

२. प्रौढकाल : यो काल भनेको छोटो र १९ औं शताब्दीसम्म मात्रै सिमित रह्यो । यसै कालखण्डमा पूँजीवादले परिपक्वता हासिल गऱ्यो । यसै कालखण्डमा 'पश्चिम' ले आफ्नो आधिपत्य स्थापित गर्न भ्याएको हो । यस कालखण्डमा आएर यसले एक निश्चित किसिमको पूँजीसञ्चयको तरिका अपनायो र त्यो नै समाजलाई सञ्चालन गर्ने आधारभूत नियम बन्न पुग्यो । यसैबेला देखि यसले पूँजिसञ्चयको विनासकारी तरिका अपनाउन पुग्यो । यसले सम्पत्तिका दुवै आधार- मानवजति र प्रकृतिमाथि कुठाराघाट गर्न थाल्यो । त्यति मात्र होइन यसले पछौटे र उपनिवेशका जनताको भौतिक तथा सांस्कृतिक अतिक्रमण पनि गर्न थाल्यो ।

त्यतिबेलाको पूँजीवाद भनेको स्वतन्त्र प्रतिष्पर्धामा आधारित पूँजीवाद नै मूल स्वरूपमा थियो । व्यापार र उपनिवेशको कब्जा नै पूँजीवादका मुख्य चासो थियो ।

यसै काल खण्डमा पूँजीवादले आफ्नो 'चिहान खन्ने' खन्ने सर्वहारा वर्गलाई संगठित गर्ने र सो को निम्ति आवश्यक दार्शनिक सैद्धान्तिक र राजनीतिक अर्थशास्त्रको आधारभूमि पनि तैयार गरिदियो । मार्क्सवादको अभ्युदय यही बेला भएको हो । कम्युनिष्ट पार्टीको घोषणा हुँदा ताका पूँजीवाद र पूँजीपति वर्गमाथि स्वतन्त्र रूपमा धावा बोल्न सक्ने

सर्वहारा वर्ग उपस्थित भईसकेको थियो । यसै कालखण्डको अन्त्यतिर सन् १८७१ मा पेरिस कम्युनको मार्फतबाट पहिलो समाजवादी क्रान्तिको विजारोपण पनि भयो ।

३. बुढेशकाल : १९ औं शताब्दीको अन्त्यतिर पूँजीवाद अधपतनको दिशामा उन्मुख हुन थाल्यो । यहीँ बेलादेखि पूँजीवादले एकाधिकार पूँजीवादमा फड्को मार्‍यो र त्यसको विनासकारी लिला सुरू भयो । पूँजीसञ्चयको विनासकारी बाटो अवलम्बन गर्नमा अभूतपूर्व गति लिन थाल्यो । यसले नयाँ-नयाँ उत्पादनका क्षेत्रमा एकाधिकार कायम गर्न थाल्यो ।

यो पूँजीवादको प्राथमिकतामा आएको गुणात्मक परिवर्तन दियो । यसले पूर्ववर्ति शास्त्रीय, स्वतन्त्र प्रतिष्पर्धात्मक पूँजीवादलाई कालातित भनेर घोषणा गर्‍यो । वास्तवमा यो पूँजीवाद स्वयंको मृत्युको घण्टी थियो । पूँजीवादको यस अधपतन सँग-सँगै युद्ध र क्रान्तिको उद्घोष गर्दै २० औं शताब्दीको श्री गणेश भयो । परिस्थितिको यही तकाजामा लेनिनले 'एकाधिकार पूँजीवादलाई पूँजीवादको उच्चतम चरण' भनेका थिए । सन् १९३० मा पुग्दा नपुग्दै त्यो आर्थिक महामन्दीको जालोमा फस्न पुग्यो । बिशौ शताव्दीको उत्तरार्ध देखि भने त्यो पुनः अर्को संकटको लामो लहरमा हेलिन पुगेको छ ।

## ४. पूँजीवादको गतिशास्त्र र समाजवादको उदय

पूँजीवादको आफ्नै गतिशास्त्र छ र त्यसको पतनका आधारहरू उसकै गर्भमा विकसित हुन्छन् । पूँजीवादी शोषणको आफ्नै प्रक्रिया छ, त्यसको ऐतिहासिक विकासको प्रक्रियामा उत्घाटित हुने आफ्नै खालका अन्तरविरोध छन् र ती अन्तरविरोधल परिणामस्वरूप अन्ततः समाजवाद उत्सर्जन गर्दछन् । यसबारे मार्क्स स्वयं सबिस्तार लेख्दछन् :

"पुरानो (सामन्तवादी) सामाजिक संगठन'को... विनास हुनु, उत्पादनका छितरिएका व्यक्तिगत साधनहरूको सामाजिक दृष्टिबाट संकेन्द्रित साधनमा रूपान्तरण हुनु, अर्थात धेरैजसो मानिसका स-साना सम्पत्ति थोरैजसो मानिसका अति विशाल सम्पत्तिमा बदलिनु, अधिकांश जनताको भूमि, जीवन निर्वाहको साधन तथा श्रमका साधनको अपहरण हुनु, आम जनताको यो भयानक तथा अत्यन्त कष्टदायक सम्पत्तिहरण पूँजीको इतिहासको भूमिका मात्रै हुन्छ । त्यसमा नानाभाँतिका बल प्रयोगका तरिका उपयोग गरिन्छन् ।... प्रत्यक्ष उत्पादकहरूको सम्पत्तिहरण निर्मम ध्वंश लिप्साले र अत्यन्त जघन्य, अत्यन्त कुत्सित, क्षुद्रतम, निचतम तथा अत्यन्त गर्हित भावनाले अनुप्रेरित भएर गरिन्छ । आफ्नो श्रमबाट कमाइने निजी सम्पत्तिको ठाउँ... पूँजीवादी सम्पत्तिले लिन पुग्दछ... ।"

"...त्यस्तो किसिमको सम्पत्तिहरण स्वयं पूँजीवादी उत्पादनको अन्तरभूत नियम कार्यान्वयनमा ल्याउँदाको परिणाम स्वरूप हुने पूँजीको केन्द्रियकरणद्वारा सम्पन्न हुन्छ । एउटा पूँजीपतिले हमेसा धेरैजसो पूँजिपतिको घाँटी रेट्न पुग्दछ । त्यस किसिमको केन्द्रियकरणको साथ-साथै या यो भनौं कि केही पूँजीपतिद्वारा धेरै पूँजीपतिको यस किसिमको सम्पत्तिहरणको साथसाथै, झन् झन् बढ्दो मात्रामा श्रम प्रक्रिया सहकारी स्वरूपमा विकसित हुँदै जान्छ, प्राविधिक विकासको निम्ति सचेतन ढंगबाट विज्ञानको अधिकाधिक प्रयोग गर्न थालिन्छ, भूमिलाई उत्तरोत्तर अधिक सुनियोजित ढंगले खनजोत गर्न थालिन्छ श्रमका औजार केवल सामुहिक रूपमा मात्रै उपयोगमा ल्याउन सकिने गरी परिवर्तन गरिन्छन्, उत्पादनका साधनहरूलाई संयुक्त, सामाजिकृत श्रमका साधनको रूपमा उपयोग गरेर हर प्रकारका उत्पादनका साधनको मितव्ययिताका साथ प्रयोग गर्न थालिन्छ, सबै जनता विश्वव्यापी बजारको जालमा फस्न पुग्दछन् र यसर्थ पूँजीवादी शासनको स्वरूप झनझन अन्तराष्ट्रिय हुँदै जान्छ । रूपान्तरणको यस प्रक्रियामा उत्पन्न हुने सारा सुविधामा जबर्जस्त एकाधिकार कायम गर्ने ठूल-ठूला स्वामीहरू नै हुन्छन् तिनिहरूको संख्या एकातिर निरन्तर घट्दै जान्छ भने अर्कातिर गरिबी, अत्याचार, गुलामी, पतन र शोषणमा पनि लगातार वृद्धि हुदै जान्छ । परन्तु यसका साथसाथै मजदुर वर्गको विद्रोह पनि झनझन बढदै जान्छ । यसको वर्ग संख्यामा निरन्तर वृद्धि हुन्छ र स्वयं पूँजीवादी उत्पादन प्रक्रियाको यन्त्र नै उसलाई अनुशाशनवद्ध, एकजुट र संगठित गर्दछ । पूँजीको एकाधिकार यस सँगसँगै तथा यसै अन्तनर्गत जन्मेको र हुर्केको उत्पादन प्रणालीकै निम्ति गलपासो हुन पुग्दछ । 'उत्पादनका साधनको केन्द्रियकरण तथा श्रमको सामाजिकीकरण अन्तमा एक यस्तो विन्दुमा पुग्दछन् जहाँ ती आफ्नो पूँजीवादी खोलमा कैद रहन सक्दैन । त्यस

खोललाई च्यातचुत पारिने छ । पूँजीवादी निजी सम्पत्तिको मृत्युको घन्टि बच्न थाल्दछ । सम्पत्तिहरण गर्नेहरूको सम्पत्तिहरण हुन पुग्छ । …यो निषेधको निषेध हुन पुग्दछ ।

समाजवादमा सम्पत्तिहरण, पूँजिवादको तुलनामा व्यक्तिगत श्रमबाट उत्पन्न हुने छितरिएको निजी सम्पत्तिको पूँजिवादी निजी सम्पत्तिमा रूपान्तरण हुने प्रक्रिया स्वभावतया पूँजिवादी निजी सम्पत्तिको सामाजिकृत सम्पत्तिमा रूपान्तरण हुने प्रक्रियाको तुलनामा धेरै बढी लामो, कठिन र हिंसात्मक हुन्छ, किनभने पूँजीवादी निजी सम्पत्ति त व्यवहारमा पहिले देखि नै समाजिकृत उत्पादनमा आधारित हुन्छ । पहिलो घटनामा जबर्जस्त अधिकार जमाउने केही सिमित व्यक्तिले आम जनताको सम्पत्तिहरण गरेका थिए भने अर्को घटनामा आम जनताले जबरजस्ती अधिकार जमाउने सिमित व्यक्तिको सम्पत्तिहरण गर्दछन् ।" (मार्क्स, पूँजिवादी संचयको ऐतिहासिक प्रवृत्ति)

यसरी सामाजिक उत्पादनको अन्तिम रूप पूँजीवादी उत्पादन सम्बन्धको पटाक्षेप हुन पुग्दछ र समाजवाद र त्यसको विकसित रूप साम्यवादमा टुँगिन्छ । तब भने 'मानव समाजको प्राक् -इतिहासको अन्त्य हुन्छ ।' (मार्क्स : राजनैतिक अर्थशास्त्रको समिक्षाको एक प्रयास)

कम्युनिष्ट समाजको उच्चतर चरणमा, श्रम विभाजन प्रति व्यक्तिको दासतापूर्ण अधीनता र त्यसका साथ साथै मानसिक तथा शारीरिक श्रमको अन्तरविरोध लोप भए पछि श्रम जीवनको एक साधन मात्र हुँदैन अपितु जीवनको सर्वोपरी आवश्यकता बन्न पुगे पछि, व्यक्तिको सर्वांगीण विकासका साथ साथै उत्पादक शक्ति पनि बढ्ने र सहकारी सम्पदा प्रचुर मात्रामा आफ्ना सबै मुहानबाट अधिक बेगका साथ प्रवाह हुन थालेपछि– यस पछि मात्रै पूँजीवादी अधिकारको संकीर्ण सिमालाई नाघ्न सकिने छ र समाज आफ्नो ध्वजामा यी शब्द अंकित गर्नेछः प्रत्येकबाट उसको योग्यता अनुसार, प्रत्येकलाई उसको आवश्यकता अनुसार !" (Marx , Critique of the Gotha Program ) मार्क्सले पूँजीवाद उत्तर समाजलाई दुइ चरणमा विभाजन गरेका थिए– समाजवाद र कम्युनिज्म । समाजवाद पूँजीवाद र कम्युनिज्मको उच्चतर चरण बीचको संक्रमणकालिन चरण हो । यस चरणमा "आफु हुर्केको पुरानो (पूँजीवादी) समाजको जन्म चिन्ह पनि अंकित भएको" हुन्छ । समाजवादमा कम्युनिज्मको उच्चतर चरणमा प्रवेश गर्नको निम्ति आवश्यक पर्ने आर्थिक, बौद्धिक तथा सांस्कृतिक शक्तिको विकासमा बढी मेहनत गर्नु पर्ने हुन्छ । उत्पादक शक्तिको तुलनात्मक अल्प विकास र तत्जनित उत्पादन सम्बन्धको आफ्नै सीमाले गर्दा वितरण प्रणाली भने मानसिको आवश्यकता अनुसार न भएर उसको कार्य सम्पादन अनुसार गर्नु पर्ने हुन्छ । मानसिक र शारीरिक श्रमको भेद कायमै रहन्छ । यस चरणमा श्रमको उपार्जन मध्येबाट उत्पादनका साधनको ह्रासको क्षतिपूर्ति गर्न चाहिने रकम, नयाँ उत्पादनका साधनको विकासमा चाहिने कोष र विभिन्न किसिमका बिमा भर्नाको निम्ति रकम छुट्याउनु पर्ने हुन्छ । त्यसैले समाजवादको सीमा भनेको 'प्रत्येकबाट उसको क्षमता अनुसार र प्रत्येकलाई उसको काम अनुसार' हो ।

पूँजीवादी शोषणको बर्बरतालाई हेरेर मार्क्सको निस्कर्ष थियो, "जब एक महान सामाजिक क्रान्तिले पूँजीवादी युगका परिणाममा, विश्व बजार र उत्पादनका आधुनिक शक्ति माथि निपूर्णता हासिल गर्दछ र तिनलाई सर्वाधिक प्रगतिशील मानिसहरूको नियन्त्रणमा ल्याउँछ तब मात्रै महाकालले झैँ मृतकको खोपडीबाट अमृत पान गर्ने" पूँजीवादी परिपाटीबाट छुटकारा पाइने छ । (कार्ल मार्क्स, प्रथम भारतीय स्वतन्त्रता संग्राम १८५७-१८५९)

## ५. पूँजीवादी सञ्चय

पूँजिवादको सम्पूर्ण इतिहास भरिनै पूँजी सञ्चय दुई किसिमले हुने गरेको छ– (१) शोषण (appropriation) (२) सम्पत्तिहरण (expropriction):

पूँजिवादी उत्पादनको प्रक्रिया कार्यान्वयन हुनसाथै पूँजीविस्तारको क्रममा पूँजीपति वर्गले अतिरिक्त मुल्यको दोहनमार्फत शोषण गर्न थाल्दछन् । यो पुजिवादको सामान्य गति शास्त्र अन्तर्गत पर्ने शोषणको तरिका हो । तर समयक्रममा पूँजीपति वर्गले सम्पत्ति हरणको निमर्म तरिका पनि उपयोगमा ल्याउँछ । यो बलजफ्ती ढँगले गरिने शोषण हो । मार्क्सले यसलाई आदिम पूँजिसञ्चय भनेका छन् । यस किसिमको सञ्चयको प्रक्रियामा पहिले उत्पादनका सारा साधन (असली उत्पादकहरू) बाट खोसिन्छ र पुरानो सामन्ती व्यवस्था अन्तर्गत तिनलाई जीवननिर्वाहका जे जति प्रत्याभूति

प्राप्त भएका थिए ती सबैबाट बञ्चित गरिन्छन् । किसानहरूलाई भूमीलगायत आफ्ना उत्पादनका साधनहरूबाट बञ्चित गराए उनीहरूको सम्पत्ति हरण गर्ने र पुँजि सञ्चयकै प्रक्रियामा विभिन्न साना तथा मझौला उद्यम व्यवसायीहरूको सम्पत्ति हरण गर्ने र उपनिवेशको ब्रम्हलुट यसै कित्तामा पर्दछन् । 'यस सम्पत्तिहरणको कहानी मानवजातिको इतिहासमा रक्तरञ्जित एवं आग्नेय अक्षरमा लेखिएको छ ।' (मार्क्स, पूँजि, पृ. ७-५१)

यी दुवै तरिका पूँजीसञ्चयका ऐतिहासिक प्रक्रियामा सँग-सँगै प्रयोग भएका छन् ।

## ६. बढ्दो आर्थिक असमानता

समस्त पूँजीवादी दुनियामा धनी र गरिब बीचको खाडल बढ्दो छ । गरिब खासगरी श्रमजीवी जनताको आय घट्दो छ, सिमित मानिसहरूको हातमा आय र सम्पत्ति थुप्रिदै गइरहेको छ । अमेरिकामा हालसालै इकोनोमि पोलिसी इन्स्टिच्युटले गरेको सर्वेक्षणले के देखाएको छ भने अमेरिकी पूर्णकालिक पुरूष श्रमिकको आय सन् १९७७ को तुलनामा सन् २०११ मा घटेको छ । त्यहाँ सन् १९८० देखि सन् १९१० को बीचमा सम्पत्तिमा भएको लाभ मध्ये ७४ प्रतिशत हिस्सा ५ प्रतिशत भाग्यमानी धनाढ्यहरूको हातमा पुगेको छ भने तल्लो कम आय भएका मानिसहरूको हिस्सा घटेको छ । (Michael Shuman, Marx Revenge : How Class Struggle is shaping the world, Time, March 25, 2013) ऋणमा चुर्लुम्म डुबेका युरोपियन सरकारहरू भने लोक कल्याणकारी कार्यक्रमलाई छटनी गर्ने र सम्भ्रान्तहरूलाई खुसामद गर्न करका दरमा कटौती गर्न थालेकाछन् । तिनीहरू पूँजीवादी संकटको उपचार 'झन् बढी पूँजीवाद' मा देख्न पुगेका छन् । श्रमिकहरूको निम्ति भनिएर राखिएको सुरक्षा कवजलाई धमाधम उतार्ने र स्वदेशी बजारलाई झन्-झन् अपनियन्त्रण गर्नमा लागिपरेका छन् । यसो गरिनुलाई चिन्तकहरू 'माथिबाट लादिएको वर्ग युद्ध' को नामाकरण गर्न थालेका छन् । (Owen Jones, the British author of Chavs: The Demonization of Working Class)

अमेरिका कै कुरा गर्ने हो भने सम्भ्रान्त ४०० परिवारले तल्लो ५० प्रतिशत जनसंख्याको जति सम्पत्ति कुम्ल्याएर राखेका छन् । ५० प्रतिशत गरिबहरूसँग मुलुकको कुल सम्पत्तिको २.५ प्रतिशत मात्रै सम्पत्ति छ । राष्ट्रिय आयमा सम्भ्रान्त १ प्रतिशतको हिस्सा सन् १९७८ को १७.६ प्रतिशतबाट सन् २०११ मा ३७.१ प्रतिशत पुगेको छ ।

**<u>आर्थिक विषमताको एक झलक :</u>**

- संसारका तीन शिर्षस्त अरबपतिको अचल सम्पत्ति संसारका ६० करोड जनताको भन्दा बढी छ ।
- विश्वव्यापी रूपमा, ७०,००० जस्ता मानिसहरू छन् जसको हातमा ३ करोड डलर भन्दा बढी वित्तिय पूँजी थुप्रेको छ । संसारका ५८७ अरबपतिमध्ये आधि अमेरिकी छन् । सन् २००३ मा मात्रै संयुक्त रूपमा तिनको सम्पत्ति ५०० अरब डलरले बढेको थियो । तिनको सम्पत्ति संसारका गरिबतम १७० मुलुकको कुल घरेलु उत्पादन (GDP) को योग बराबर थियो ।
- सन् २००४ मा ३६७ वटा माथिल्ला अमेरिकी कम्पनीका प्रमुख कार्यकारी अधिकारी (CEO) को औसत कमाई अमेरिकी डलरमा १ करोड १८ लाख थियो । CEO र उत्पादक श्रमिक बीचको औसत आयको अनुपात सन् २००४ मा ४३१:१, १९९० मा १०७:१ र १९८२ मा ४२:१ थियो ।
- विगत १५ वर्षमा CEO को तलब ३०० प्रतिशतले बढेको छ । जब कि त्यहीँ अवधिमा श्रमिकहरूको ज्यालाभने ५ प्रतिशतले मात्रै बढेको छ (न्यूनतम ज्याला भने ६ प्रतिशतले गिरावट आएको छ) । यदि CEO को बढेको तलब कै अनुपातमा ज्याला पनि बढेको भए सन् २००४ मा उत्पादक श्रमिकको औसत तलब अमेरिकी डलरमा २७,४६० को सट्टामा ११०,१२३ हुने थियो ।
- अमेरिकाको उपल्ला २० प्रतिशत घर धुरीले राष्ट्रको ८३ प्रतिशत सम्पत्तिमा नियन्त्रण गरेका छन्, जब कि तल्लो ८० प्रतिशत घरधुरीले खाली १७ प्रतिशत सम्पत्तिमा पहुँच कायम गर्न सकेका छन् ।

- सन् २००२ मा ३ करोड ४६ लाख अमेरिकी जनसंख्या अर्थात् कुल जनसंख्याको १२.१ प्रतिशत सरकारी गरिवीको रेखामुनी जीविकोपार्जन गर्दथे । समग्रमा, अमेरिकी अस्वेतहरूको गरिबी स्वेतहरूको तुलनामा दुई गुणा बढी थियो ।
- अफ्रिकाको उप-सहारा क्षेत्रको प्रतिव्यक्ति आय अमेरिकी डलरमा ४९० मात्रै थियो, जब कि युरोपका प्रति गाईको निम्ति भनेर छुट्याइएको अनुदान ९१३ अमेरिकी डलर थियो । (Sourse: Paul D' Amato, Why Marx still matters, from his book, Intrnational Socialist Review, Issue 50, November–December 2006)
- आज दुनिया यहाँसम्म आइपुग्दा यति चरम विषमता र विरोधाभासयुक्त भएको छ कि जहाँ संसारका ८५ जना सर्वाधिक धनाढ्य व्यक्तिहरूको हातमा तीन अरब मानिसको जम्मा सम्पत्ति भन्दा बढी सम्पत्ति थुप्रिन पुगेको छ । (www.rollingstone.com/news/marx-was-right-five-surprising-ways-karl-marx-predicted-2014-20140130)

## ७. पूँजीवादी संकट

मार्क्सको विचार थियो, पूँजीवादी अर्थतन्त्रमा वस्तुको अति उत्पादन गर्ने मौलिक प्रवृत्ति हुन्छ, त्यसले अनिवार्य रूपमा आर्थिक विध्वंश निम्त्याउँछ । अतितमा अति उत्पादनले अर्थतन्त्रलाई गुल्जार गर्न मद्दत गरेको थियो, परन्तु पूँजीवादमा त्यसले विल्कुलै भिन्नै परिणाम ल्याउँछ । यस्तो किन हुन्छ भने पूँजीवाद मुनाफाको निम्ति मरिहत्ते गर्दछ जसले गर्दा वस्तुको प्रचुरता हुनु भनेको नकरात्मक प्रभाव निम्त्याउनु हो । त्यस अवस्थामा कम्पनीहरू मूल्य घटाउन थाल्दछन्, मूल्यको गिरावटले रोजगारी घटाउँछ जसले अन्ततः उपभोगमा कमी ल्याउँछ र यो चक्र त्यतिबेलासम्म चलिरहन्छ जतिबेला वस्तुको माग बढ्दैन ।

वर्तमान पूँजीवादी संकटले पुरै विश्वलाई आफ्नो लपेटामा पारेको छ । यो संकट भन्ने गरिए जस्तै न एकाध व्यक्तिहरूको लोभ या न त उचित प्रावधानको अभावबाट उत्पन्न विचलन नै हो । मार्क्सले व्याख्य गरे जस्तै यो संकट पुँजीवादी प्रणालीको गतिशास्त्रमा अन्तर स्वभावको परिणाम हो जसको जड नै मानवीय शोषणको मलजलमा हुर्केको छ । सारमा भने, यो पुँजीवाद कै प्रणालीगत संकट हो ।

पूँजीवाद वारम्वार विराट संकटमा फस्दै आएको छ । पहिलो पटक पूँजीवाद यस्तो संकटमा फसेको चाहीँ पेरिस कम्युनको लगत्तै पछि सन् १८७३ देखि सन् १८९६ को अवधिमा हो । यस संकटपछि प्रतिस्पर्धी पूँजीवादलाई पूँजीवादी साम्राज्यको रूपरेखा भित्र अन्तरराष्ट्रियकरण गरियो । यस संकटको सह उत्पादन नै  सम्राज्यवाद हो । त्यसबाट पहिलो विश्वयुद्ध र सोभियत संघको निर्माण भयो । दास्रो संकट सन् १९३० को दशकमा आएको 'विराट मन्दी' हो । यस संकटले पूँजीवादको अन्तरराष्ट्रियकरणको प्रवृत्तिमा लगाम लगायो, झण्डै त्यो बिनासको डिलमा पुगेको थियो । त्यसको सह उत्पादन फाँसिवादको उदय  र दास्रो विश्वयुद्धको आयोजना भयो । दोस्रो विश्वयुद्धपछि एकातिर अमेरिकालाई त्यो प्रभुत्वशाली स्थान प्राप्त भयो जसले पूँजीलाई अन्तरराष्ट्रियकरण गराउने एजेन्डालाई पुनः व्युताउन पाउने भयो । (र सफलता पनि प्राप्त गऱ्यो) । समाजवादी चीनको उदय पनि यही बेला भयो । धमाधम उपनिवेशको विघटनको प्रक्रियाले तीव्र रूप लियो । तेस्रो संकट सन् १९७० को दशकमा देखापऱ्यो । यो संकटले गर्दा पूँजीवादी मुनाफामा संकुचन आयो र किन्सियन उपचार निरस्त भयो ।  यस संकट पछि पूँजीवादले पूँजी सञ्चयको अर्को रणनीति अख्तियार गऱ्यो- 'सामान्यकृत एकाधिकार' को रणनीति । वित्तिय पूँजीको सञ्जाल संसारभरी बिछ्याइएको छ र त्यसलाई पूँजी सञ्चयको धारिलो अस्त्र बनाइएको छ । साम्राज्यवादी लगान असुल्न राजनीतिक सामाजिक प्रभावलाई पनि कसिलो बनाउँदै लगिएको छ । ती उपाय मार्फत यसले दुनियाभरको आधुनिक अर्थतन्त्रमाथि आफ्नो दादागिरी कायम गऱ्यो । त्यसले साना तथा मझौला उद्यम व्यवसायलाई समेत चौपट बनायो । किसानहरू समेत टाट पल्टिने अवस्थामा पुऱ्यायो ।

फेरि पनि सन् २००८ यता पूँजीवाद अर्को संकटमा फसेको छ । मार्क्सले पूँजीवादी संकटबारे छुट्टै र विस्तृत विवरण प्रस्तुत नगरेका भए पनि कम्युनिष्ट घोषणापत्र पूँजी र अतिरिक्त मूल्यको सिद्धान्तमा यसबारे चर्चा गरेका छन् ।

*पूँजीवादी संकटबारे मार्क्सको विश्लेषण छ :*

"उत्पादन, विनिमय र सम्पत्ति सम्बन्धी आफ्ना पूँजीवादी सम्बन्धहरू सहितको आधुनिक पूँजीवादी समाजले उत्पादन र विनिमयका यस्ता भीमकाय साधनहरू तैयार गरेको छ कि त्यो एउटा यस्तो जादुगर जस्तो लाग्दछ जसले टुनामुनाद्वारा पाताल लोकका शक्तिहरूलाई जगाउन त सकेको छ परन्तु अब तिनलाई काबुमा ल्याउन असमर्थ छ । वाणिज्य संकट(को)... आवधिक पुनरावृत्तिले सम्पूर्ण पूँजीवादी समाजको अस्तित्वलाई झन झन बढी खतरामा पार्न थालेको छ । वाणिज्य संकटको बेलामा हरेक पल्ट बनिबनाउ वस्तुको मात्र होइन पुर्व निर्मित उत्पादक शक्तिहरूको समेत एक ठूलो हिस्सालाई तहसनहस पारिदिन्छ । संकटकालमा यस्तो महामारी फैलिन्छ जुन बितेका सबै युगमा उपहासजनक लाग्न सक्दछ । त्यो हो- अति उत्पादनको महामारी । (त्यतिबेला) समाजले आफुलाई अचानक बर्बरताको गर्तमा धकेलिएको पाउँछ । यस्तो लाग्छ, अनिकाल, विध्वंशका सर्वव्यापी युद्ध जस्ताले जीवन निर्वाहका सबै साधनको आपुर्तिबाट यसलाई सम्बन्धबिच्छेद गरिएको छ, उद्योग र वाणिज्य चौपट भएको छ । किन यस्तो हुन्छ ? किन भने समाज सभ्यताको चरम चुलीमा पुगेको छ, जीवन निर्वाहका साधनहरूको छेलोखेलो भएको छ, उद्योग र वाणिज्य अजीर्ण हुन पुगेका छन् ।" (मार्क्स एंगेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र)

पूँजीवाद सामाजिक/मानवीय मुल्यका हिसाबले पनि अधम र निकृष्ट व्यवस्था हो । मार्क्सवादले त्यसलाई पनि पंजीकरण गरेको छ । यसले "निर्दयी 'नगदानगत'को नग्न स्वार्थको व्यवहार बाहेक मानिसहरू बीच अरू कुनै सम्बन्ध बाँकी राखेन । उच्चतम धार्मिक भावनाको पवित्र त्रास, बिरोचित उत्साह र संकुचित भावुकतालाई यसले स्वार्थी हिसाबकिताबको बर्फिलो पानीमा डुबाइदियो । मानिसको व्यक्तिगत गुणलाई यसले निनिमय मुल्यमा परिणत गरिदियो र पहिलाका असंख्य प्रदत्त तथा आर्जित स्वतन्त्रताका ठाउँमा व्यापारको एउटै मात्र विवेकरहित स्वतन्त्रतालाई स्थापित गरिदियो । संक्षेपमा... यसले नग्न, निर्लज्ज, हाकाहाकी र पाशविक शोषण खडा गऱ्यो ।" (मार्क्स एंगेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र)

१९ औं शताब्दीको अन्त्यमा आएर पूँजीवादले गुणात्मक रूपमा नै आफ्नो कर्वट बदल्यो । वाणिज्यवादी कालखण्डमा जस्तो वाणिज्य र उपनिवेशको बिस्तारबाट मात्रै पूँजीवादको सतत विकास न हुने ठानेर यसले कतिपय उत्पादनका क्षेत्रमा एकाधिकारको विकास गऱ्यो । यो एकाधिकारी पूँजीवाद थियो- पूँजीवादको साम्राज्यवादमा विकास थियो । यो पूँजीवादी उत्पादन पद्धति कै गुणात्मक रूपान्तरण थियो । यस पछि भने यसले पूर्ववर्ति शास्त्रीय, प्रतिष्पर्धात्मक तथा स्वतन्त्र पूँजीवादलाई सदा सर्वदाको निम्ति विदा गऱ्यो । अब भने सामन्तवादको अन्त्य गरेर उत्पादक शक्तिको विकासमा यसले योभन्दा अघि खेलेको प्रगतिशील भूमिकाको पनि अन्त्य भयो । साम्राज्यवादको आगमन सँगसँगै यत्रतत्र युद्ध र क्रान्तिका ज्वाला भड्किन थाले । रोजा लक्जम्बर्गले भने जस्तै साम्राज्यवादले आफु सँग सँगै झन झन बढी युद्ध र सामाजिक विष्फोटलाई पनि लिएर आयो । त्यसपछि भने माओले भने जस्तै 'जनता क्रान्ति चाहने, राष्ट्र मुक्ति चाहने र राज्य स्वाधिनता चाहने' प्रतिधारा पनि विकास भयो । क्रान्तिको एउटा लहर नै चल्यो, इरानमा सन् १९०५ मा, मेक्सिकोमा सन् १९१०-२० मा, चीनमा सन् १९११ मा र इजिप्टमा सन् १९१९ मा भएका क्रान्तिले सुरूमै साम्राज्यवादको उद्भवलाई जवाफ दियो । अन्ततः सोभियत संघ (सन् १९१७), चीन (सन् १९४९), भियतनाममा, क्युवामा जस्ता मुलुकले समाजवादको झन्डा नै उठाए । दुई-दुइटा विश्वयुद्ध भए । दोस्रो विश्वयुद्ध पछि एउटा विरोधाभास के देखिन्छ भने एकातिर औपनिवेसिक विगठनको प्रक्रिया तीव्र हुन्छ, त्यहाँ औद्योगिकीकरणले गति लिन्छ भने सँगसँगै यहीँ कालखण्डमा साम्राज्यवादले तुलनात्मक स्थिरता र प्रगति गर्न पनि भ्याउँछ । यति हुँदाहुँदै पनि त्यो आफ्नो शक्ति र निरिहताको सिकार पनि भएको छ । यसबारे उ बेलै भनिएको थियो, "उत्पादन, विनियम र सम्पत्ति सम्बन्धी आफ्नो छुट्टै सम्बन्ध भएको आधुनिक पूँजीवादी समाजले उत्पादन र विनियमका भीमकाय साधनलाई वशीभूत गरेको छ । यो एउटा यस्तो जादुगर जस्तो देखिन्छ जसले तन्त्रमन्त्रद्वारा पातालको शक्तिलाई त जगाएको छ तर त्यसलाई काबुमा राख्न चाहिँ ऊ असमर्थ छ ।" मार्क्स एंगेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र)

विश्व अर्थतन्त्रमा प्रभुत्वशाली रहेको पूँजीवादमाथिको संकट जति गहिरिदै जान्छ त्यसले दुनियाभर नै श्रमिकहरूमाथि बेरोजगारी ऋण र संकुचित आयको बोझ पनि उही अनुपातमा बढ्दै जान्छ । पूँजीवाद भित्रभित्रै अन्यायपूर्ण र आत्मघाती हुन्छ भन्ने मार्क्सको आलोचनालाई उनका आलोचकले सितिमित्ति उडाए जस्तो सरल छैन । पूँजीवादी प्रणालीले अनिवार्य रूपमा विश्वको सम्पत्ति जति-जति केही मानिसहरूको हातमा संकेन्द्रित गराउँदै जान्छ त्यति-त्यति

जनसाधारणलाई गरिबीको गर्तमा पनि धकेल्दै जान्छ र त्यसले आर्थिक संकट र धनी र गरिब बीचको मुठभेड पनि बढाउँदै लान्छ भन्ने मार्क्सवादी प्रस्थापना हो । पूँजीवादको निचताबारे मार्क्सले लेखेका छन् : 'एउटा ध्रुवमा सम्पत्तिको सञ्चय हुनु भनेको अर्को ध्रुवमा अर्थात् खुद आफ्नै श्रमले पूँजीको रूपमा वस्तुको उत्पादन गर्ने वर्गको पक्षमा गरिबी, कष्टपूर्ण परिश्रम, ...ह्रासता, अज्ञानता, पाशविकता तथा मानसिक पतनको सञ्चय पनि हुनु हो ।' (मार्क्स, पूँजी, भाग-१, हिन्दी संस्करण पृष्ट ७८) पूँजीवादले 'निर्दयी नगदवाद' को नग्न स्वार्थको व्यवहार बाहेक मानिसहरूबीच अरू कुनै सम्बन्ध बाँकी राखेको ... (मार्क्स, कम्युनिष्ट पार्टीको घोषणापत्र, नेपाली संस्करण, कृष्णप्रकाश श्रेष्ठद्वारा अनुवादित, पृष्ट २६) मा उच्चतम धार्मिक भावनाको पवित्र डर, विरोचित उत्साह र संकुचित भावुकतालाई स्वार्थी हिसाब-किताबको वर्फिलो पानीमा डुबाई दियो ।'

पूँजीवादी प्रणाली अन्तरगत मुनाफा वृद्धिको निम्ति आपसी होडले गर्दा प्रविधिमा परिष्कार र विकास गर्नु अनिवार्य हुन्छ । त्यसले एकातिर श्रमिकहरूलाई विस्थापित गरेर औद्योगिक जगेडा सेनाको आयतनलाई बढाउँछ भने अर्कोतिर उत्पादनमा असिम विस्तार गर्दछ । यी दुबै अवस्थामा एकातिर उत्पादनका साधन तथा उत्पादनको अधिकता र अर्कातिर जीविकाका साधनबाट बञ्चित बेरोजगारहरूको अधिकता । यही नै हो पूँजीवादी आर्थिक संकटको लक्षणिकता । समस्त (आर्थिक) वास्तविक संकटको आखिरी कारण जनसमुदायको गरिबी र सिमित मानिसहरूको हातमा पूँजी र सम्पत्तिको थुप्रो लाग्नु नै हो ।

## ८. संकटमोचनका पूँजीवादी प्रयास

सोभियत संघ र पूर्वी युरोपका देशमा प्रचलित समाजवादको पतन पछि समाजवादका शक्तिहरूलाई ठूलो धक्का पुग्न गयो । परिणाम स्वरूप अन्तर्राष्ट्रिय रूपमा वर्ग शक्तिको सन्तुलन साम्राज्यवादी शक्तिको पक्षमा देखापर्न पुग्यो । यसले गर्दा समाजवाद विरोधी शक्तिहरूले विश्वस्तरमा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनकादिशामा आफू अनुकुल नयाँ शिराबाट आक्रमण सुरू गरे । विगत दुई दशकमा साम्राज्यवादले वास्तवमा आफ्नो प्रभुत्वलाई सुदृढ गर्न भरमग्दुर कोसिस गरेको छ, एकल ध्रुवीय विश्व संरचना कायम गर्न लिप्टि कसेर लागेकै हो । फेरी पनि त्यसको थिचोमिचोमा परेका जनता, राष्ट र राज्यका प्रतिरोधका प्रयत्नले गर्दा त्यो चिताएजस्तो हुन सकेन र अहिले विश्व बहु ध्रुवीय संरचनामा संक्रमण भई रहेको छ । यो स्थिति भनेको समाजवादका शक्तिहरूको स्थिति फराकिलो/सहज हुनु पनि हो ।

लेनिनले साम्राज्यवादलाई पूँजीवादको चरम अवस्था- 'समाजवादी-क्रान्तिको पूर्व सन्ध्या' भनेर परिभाषित गरेका थिए । उनले त्यसलाई "सडेगलेको", "मरणासन्न" पनि भनेका थिए । कतिपयले लेनिनको यस प्रस्तापनालाई यान्त्रिक रूपमा ग्रहण गरे र के मान्यता बनाए भने समाजवाद संघारमै आई हाल्यो । परन्तु यस किसिमको उत्ताउलो निष्कर्षमा आउनु हतारो हुने कुरालाई हेक्का रखिएन । पूँजीवादले आफ्नो आयुलाई लम्ब्याउन सक्ने आधार बारे मार्क्स स्वयंले अगाडि सारेका विचारलाई मार्क्सका अनुयायीहरू समेतले हेक्का राख्न सकेनन् । पुजिवाद समसामयिक दुनियाको सर्वाधिक शक्तिशाली समाजिक आधार हो । आफनो विकास क्रममा देखापरेका तमाम सकटका वाबजुध पनि यसले आफुलाई बचाउदै ल्याएको छ । कसरी यसले आफनो आयुलाइ लम्ब्याउन सक्यो ? यसको उत्तर मार्क्स अफैले दिएका छन् :

'विकासको एक निश्चित चरणमा पुगेपछि समाजका भौतिक उत्पादक शक्तिहरू विद्यमान उत्पादन ...सम्बन्ध अर्थात् आफु अन्तर्गत अध्यावधी क्रियाशिल रहेको सम्पत्ति सम्बन्धसँग टकराउन पुग्दछन् ती सम्बन्ध उत्पादकशक्तिको विकासका रूप नभएर बाधक बन्न पुग्दछन् । त्यसपछि भने सामाजिक क्रान्तिको युग सुरू हुन्छ । ...कुनै पनि सामाजिक व्यवस्था त्यतिबेलासम्म अन्त्य हुँदैन जबसम्म त्यसभित्र सुरक्षित रहन सकेका तमाम उत्पादक शक्तिहरू विकसित हुँदैनन् र नयाँ, उच्चतर उत्पादन सम्बन्धहरूको आर्विभाव तबसम्म हुँदैन जबसम्म यिनको अस्तित्वको भौतिक परिस्थिती पुरानो समाजकै गर्वमा परिपक्व हुँदैन ।' (मार्क्स, राजनैतिक अर्थशास्त्रको समिक्षाको एक प्रयास)

"उत्पादनका साधनहरूमा निरन्तर परिर्वनबेगर, अनि यसको फलस्वरूप उत्पादन-सम्बन्धको साथसाथै समाजका सारा सम्बन्धहरूमा क्रान्तिकारी परिवर्तनबेगर पूँजीजीबीवर्ग बाँच्न सक्दैन ।... उत्पादन प्रणालीमा निरन्तर परिवर्तन, सबै सामाजिक सम्बन्धहरूको अनवरत उथल पुथल, संधैको अनिश्चितता र अस्थिरताले नै पूँजीवादी युगलाई पहिलेका अरू

सबै युगहरूबाट छुट्याउँछन् ।" मार्क्स एंगेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र) । यहाँसम्म आइपुग्दा पूँजीवादले प्राविधिक तथा सूचनाका क्षेत्रमा क्रान्तीकारी विकास गरेर तथा साम्राज्यवादी लगाम र वित्तिय पूँजीको मुनाफाबाट जीवन धान्दै आएको छ ।

त्यसो त पूँजिवादले आफ्नो विकासका विभिन्न चरणमा पूँजी सञ्चय गर्न र त्यस प्रक्रियामा आइपरेका संकट मोचनको निम्ति विभिन्न रणनीति अख्तियार गर्दै आएको छ । यसले आधुनिक पूँजीवादी दुनियामा प्रवेश गरे देखि तीन शताब्दीसम्म (सन् १५०० देखि १८००) सम्म वाणिज्यवादी रणनीति अख्तियार गरेको थियो । १९औं शताब्दीको अन्त्यतिर आएर पूँजीवाद अध पतनको एउटा लामो कालखण्डमा गुज्रिन पुग्यो । यो कालखण्ड पेरिस कम्युनको लगत्तै सुरू भयो यही बेलादेखी पूँजीवादले पूजि सचयको विनासकारी बाटो- एकाधिकारको स्वरूप ग्रहण गदै पूर्ववर्ती शस्त्रिय, स्वतन्त्र प्रतिस्पर्धात्मक पूजिवादलाई कालातिक बनाएर विदा गर्यो ।

लेनिन स्वयं पूँजीवादको यस संकटबाट समाजवादी क्रान्तीको निम्ती बढी आशावादी बनेका थिए । त्यसपछि विकास भएको संकटलाई पनि पूँजीवादले टार्न सक्यो र यो दुइवटा बिश्व युद्धको मूल्यमा सम्भव भयो । यसले रूसी तथा चिनियाँ क्राँन्ती र एसिया तथा अफ्रिकी महादेशमा उपनिवेशवाद विरोधी राष्ट्रिय स्वतन्त्रता संग्रामले पुऱ्याएको धक्काबाट पनि आफूलाई जोगाउन सक्यो । (१९४५-१९७५) को अवधिमा एकाधिकार पूँजीवादले छोटो पुनर्जिवन प्राप्त गऱ्यो । त्यस यता यो पूँजीवादी प्रणाली स्वयंको अर्को संरचनात्मक संकटमा फसेको छ । यस नयाँ चुनौतिलाई पूँजीवादले 'सामान्यकृत एकाधिकारी पूँजीवाद' मार्फत् सामना गर्ने रणनीति अख्तियार गरेको छ । (Samir Amin: The Trajectory of Historical capitalism and Marxism's Tricontinental Vocation) त्यसका लाक्षणिक विशेषता भनेको सिंगै विश्व र प्राकृतिक संशाधनलाई सैनिक नियन्त्रणमा राख्नु, एकाध एकाधिकारीहरू (Oligopoly) को प्रविधिमाथिको एकलौटी बर्चस्व र दोहनको सुरक्षा गर्नु तथा विश्व वित्तीय प्रणालीमाथि तिनका नियन्त्रणलाई रक्षाकवच प्रदान गर्नु हो ।

मार्क्सको माथिको भनाईबाट के पनि निष्कर्ष निकाल्न सकिन्छ भने, ऐतिहासिक रूपरेखा भित्रको कुनै पनि चरणका विभिन्न उपचरण वाअवस्थिति हुन्छन्/हुन् सक्दछन् । पूँजीवाद/साम्राज्यवाद पनि यसबाट अछुतो रहने कुरा भएन । त्यस्ता उपचरणको निर्क्यौल भने उत्पादक शक्तिको विकासमा अवलम्बन गरिने नयाँ नयाँ तरिका र पूँजी सञ्चयको समवर्ति अवस्था र तत्कालिन अवस्थाको राजनीतिक संयोगले गर्दछ ।

दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय वर्ग शक्ति सन्तुलनको हिसाबले समाजवादको पक्षमा स्थिति अनुकुल रहेको थियो । त्यतिबेला पूँजीवाद/साम्राज्यवाद आफ्नो विशिष्ठ राजनीतिक श्रेष्ठता हासिल गर्न बेग्लै स्थितिमा प्रवेश गऱ्यो । उ बेला फ्रान्स र इटलीमा कम्युनिष्ट पार्टी सशक्त थिए, युरोपका कतिपय मुलुकमा मजदुर वर्गको साथ लिएर सामाजिक लोकतन्त्रवादी शक्ति सत्तामा आए । बेलायतमा विस्टन चर्चिल समेत हार्न पुगेका थिए । सोभियत संघको सहयोगमा फाँसिवाद पराजित भएको थियो, पूर्वी युरोपमा समाजवाद स्थापना भएको थियो, चीनमा जनवादी क्रान्ति भएको थियो, तेस्रो विश्वमा राष्ट्रवादको लहर आएको थियो र उपनिवेशवादको विघटन सुरू भएको थियो । यसरी समाजवादको आकर्षण र लहरलाई निस्तेज गर्न नै पूँजीवादले लोक कल्याणकारी राज्यको अवधारणा आत्मसात गर्न बाध्य भएको थियो । त्यसले माग व्यवस्थापन गर्न किन्सियन पद्धति अपनाउन पुग्यो । पूँजीवादलाई व्यवस्थापन गर्न राज्यको हस्तक्षेप स्वीकार गरियो । साम्राज्यवादको यो नयाँ चरण थियो यस चरणमा पूँजीवादले अभूतपूर्व आर्थिक उत्कर्ष हासिल गऱ्यो र अन्ततः वित्तिय पूँजीको अन्तरर्राष्ट्रियकरण गरेर विपुल पूँजी सञ्चय गर्न पुग्यो । यस पछिल्लो कदमबाट साम्राज्यवाद आफ्नो विकासको अर्को वर्तमान चरणमा प्रवेश गरेको छ ।

समसामयिक परिप्रेक्षमा पूँजीवाद उत्पादनको माध्यमबाट भन्दा पनि अन्तरर्राष्ट्रिय वित्तिय पूँजीको माध्यमबाट मुनाफा अधिकतम् बनाउने रणनीतिमा जुटेको छ । साम्राज्यवादी वित्तिय पूँजीको यो भूमिका लेनिनको पालामा भन्दा विल्कुलै भिन्न छ । उ बेला त्यसको प्रयोजन खास राष्ट्र विशेषको खास रणनीतिक उद्देश्य हासिल गर्नु थियो भने अहिले त्यो अन्तराष्ट्रिय स्तरमा विशिष्ट रणनैतिक उद्देश्य हासिल गर्नुमा केन्द्रित भएको छ । यसको सञ्चालन पनि उ बेलाको जस्तो पारस्परिक प्रतिद्वन्द्विताको आधारमा नभएर स्वार्थ्यहरूको पारस्परिक संयोजन र मेलमिलाप भित्र, विश्व बजारलाई विखण्डन गरेर होइन एकिकृत गरेर गरिएको छ । उ बेलाको जस्तो अन्तराष्ट्रिय वित्तिय पूँजी विश्व उत्पादनबाट सम्बन्ध विच्छेद भएको अवस्था पनि अहिले होइन । यद्यपि यसको अर्थ साम्राज्यवादी शक्तिहरूबीच अन्तरविरोधको

अस्तित्व छैन भन्ने होइन । असमान विकास सम्बन्धी आधारभूत पूँजीवादी विकासका नियमको परिप्रेक्षमा तिनीहरूबीचको अन्तरविरोध अन्ततः अरू तिव्र हुने सम्भावनालाई नकार्न सकिदैन ।

अब एकाधिकार पूँजीवादलाई आफ्नो उद्गमको बेलाको जस्तो न अमेरिका हडप्ने स्थिति नै छ, न त उपनिवेश नै । अर्को कुरा विकासशील देशहरूमा आइरहेको प्रतिरोधी जागरणको सामना गर्नु त्यति सजिलो छैन भन्ने कुरा इराक, अफगानिस्तान र भूमध्यसागरीय क्षेत्रमा हालसालै भएका घटनाको शिक्षा नै पर्याप्त छ ।

पूँजीवादको समसामयिक विश्वसंकट र जारी आर्थिक मन्दीले पूँजीवाद सम्बन्धी मार्क्सवादी विश्लेषण र मुल्याङ्कन जबर्जस्त पुनर्पुष्टि भएको छ । यस संकटले एक पटक फेरि पूँजीवादको ऐतिहासिक सिमा र यसमा अन्तर निहित उत्पादनको सामाजिक चरित्र र स्वामित्वको निजात्मक चरित्र बीचको अन्तरविरोध समाधान हुने नसक्ने यथार्थलाई उजागर गरेको छ । यस संकटबाट बच्न पनि कुनै न कुनै टालटुल होला, कुनै न कुनै कोरामिन पाइएला तर, यो आफ्नै विकास प्रक्रियामा जिर्ण (   ) भै सकेको छ र अन्ततः अवस्यम्भावी भवितव्यबाट बच्ने कुनै उपाय छैन, आफ्नै चिहानखन्नेहरू आफैले तैयार गरिरहेको छ ।

असमान आर्थिक विकास, पूँजी र सम्पत्तिको केन्द्रियकरण, आवधिक पूँजीवादी संकट र पूँजी सञ्चयको निम्ति अपनाइने युद्ध र सम्पत्तिहरण लगायतका शोषणका विभत्स रूप पूँजीवादकै सहउत्पादनहुन । तिनबाट दिगो र प्रभावकारी मुक्तिको उपाय भनेको पूँजीवादको लिपापोती नभएर स्वयं त्यसबाट छुटकारा पाउनु हो ।

## ९. विश्वकिकरण

विश्वकिकरण समसामयिक विश्व इतिहासको गतिविधिको एक प्रमुख प्रवृत्ति हो । यसले जीवनका सबैजसो क्षेत्र र गतिविधिमा, राष्ट्रहरू बीचको सम्बन्धमा तथा समस्त मानव जातिको जीवनमा प्रभाव पारेको छ ।

विज्ञान र प्रविधिमा भएको ठूलो फड्काले उत्पादक शक्तिको विकासमा तथा स्वयं विश्वकिकरणको प्रक्रियालाई थप गति दिन सहायक बन्यो । राष्ट्रहरूबीचको दुईपक्षिय तथा बहुपक्षीय सम्बन्धहरू अरू सघन र विस्तृत बनेका छन् । अर्थतन्त्र, संस्कृति र वातावरणका क्षेत्रमा, अपराध नियन्त्रण, प्राकृतिक प्रकोप र महामारीको रोकथाममा त्यस्ता सम्बन्ध देख्न सकिन्छ । बहुराष्ट्रिय निगमहरू घाम जून लाग्ने संसारका सबै कुनामा पुगेका छन्, कुनै न कुनै रूपमा । मार्क्सले पूँजीको प्रस्तावित छैटौं खण्डमा पूँजीवादको विश्वकीकरणको प्रभाव बारेमा छुट्टै चर्चा गर्ने सोचेका थिए, जो अधुरै रह्यो । उनले यति सघनरूपमा भइरहेको विश्वकीकरणको प्रक्रियालाई भने उ बेलै देखेका थिए । उनकै शब्दमा विश्व बजारको दोहन गरेर पूँजीपति वर्गले प्रत्येक मुलुकको उत्पादन र उपभोगलाई सर्वव्यापी चरित्र प्रदान गरेको छ । …सम्पूर्ण पूराना राष्ट्रिय उद्योगहरू या त ध्वस्त पारिसकिएका छन् या त दिनहुँ जस्तो पारिनेछन् । नयाँ उद्योगले तिनलाई विस्थापित गरेका छन् ।  पुरानाका ठाउँमा नयाँ उद्याग स्थापना गर्नु समस्त सम्य राष्ट्रहरूको निम्ति जीवन मरणको सवाल बन्न जान्छ । यी नयाँ उद्योगलाई अब स्वदेशी कच्चा पदार्थ चलाउनु पर्दैन, बरू सुदुर भन्दा सुदुर क्षेत्रका कच्चा पदार्थ ओसार्न थालिन्छ, त्यस्ता उद्योगहरूको उत्पादन स्वदेशमा मात्र होइन धर्तिको प्रत्येक कुनाकाप्चामा उपभोग गर्न थालिन्छ । स्वदेश भित्रकै उत्पादनबाट पूरा गरिने पूराना आवश्यकताका ठाउँमा नयाँ-नयाँ आवश्यकता देखापर्न थाल्ने छन् र तिनको आपूर्ति देश देशावरबाट आएका उत्पादनबाट गरिनेछ । पूरानो स्थानीय र राष्ट्रिय पृथकता र आत्म निर्भरताको ठाउँमा राष्ट्रहरूबीच जतातत‍ै विश्वव्यापी अन्तरनिर्भरता हुनेछ । भौतिक जस्तै बौद्धिक उत्पादनमा पनि त्यस्तै हुनेछ । खास मुलुकको बौद्धिक सिर्जना साझा सम्पत्ति बन्दछ । राष्ट्रिय एक पक्षीयता र संकिर्णता झनझन असम्भव हुनेछन् र असख्य राष्ट्रिय र स्थानीय साहित्यलाई मिलाएर विश्व साहित्य बन्नेछ ।

आफ्नो उत्पादनको निम्ति बजारको निरन्तर विस्तार गर्नु पर्ने आवश्यकताले गर्दा पूँजीपति वर्ग पृथ्वीको सारा सतह चाहार्न पुग्दछ । उसले हरेक ठाउँमा गुँड लगाउनु पर्दछ, हरेक ठाउँमा डेरा डण्डा बिसाउनु पर्दछ, जतातत‍ै सम्पर्क स्थापित गर्नु पर्दछ ।

पूँजीपति वर्गले उत्पादनका समस्त औजारको द्रुत विकास तथा सञ्चारको साधनको प्रचुर सुविधालाई उपयोग गरेर यावत राष्ट्रहरूलाई, यहाँसम्म कि असभ्व राष्ट्रहरूलाई समेत, सभ्यताको कोटिमा तान्नेछ । वस्तुको सस्तो मूल्य सारा चिनियाँ पर्खाल गिराउने गोलाबारूद हुनेछ... यसले सारा राष्ट्रलाई ... पूँजीवादी उत्पादन ढाँचा अवलम्बन गर्न बाध्य बनाउँछ । यसले आफ्नो पंक्ति भित्र जे कुरालाई सम्यता भन्छ त्यसलाई अवलम्बन गर्न अर्थात् आफै पूँजीवादी हुन बाध्य पर्दछ ।

यान्त्रिक उपकरणको साघन उपयोग र श्रम विभाजनले गर्दा सर्वहारा वर्गको श्रमले समस्त वैयक्तिक चरित्र गुमाइसकेको छ र, परिणामतः, श्रमजीवीको निम्ति सारा आकर्षण समाप्त भएको छ । ऊ मेसिनको पुच्छर बन्दछ, र यो सारै सस्तो, सारै अनाकर्षक, र सारै सजिलै पाइने खेलौना हो । यसर्थ श्रमजीविको उत्पादन लागत पुराको पुरै जसो उसको भरण पोषणको निम्ति तथा आफ्नो जातिको प्रसारणको निम्ति लाग्ने जीवन निर्वाहका साधनमा सिमित हुन पुग्दछ । तर वस्तुको मुल्य, र यसर्थ उसको श्रमको मुल्य पनि, उत्पादन लागत बराबर हुन जान्छ । तसर्थ श्रमको अरूचिकै हाहारीमा मजदुरी पनि घटन पुग्दछ । भनी रहनु नपर्ला, मेसिनको उपयोग र श्रमविभाजनको बोत्तरीकै अनुपातमा परिश्रमको बोझ पनि बढ्दछ, चाहे त्यो कार्य घण्टा बढाएर होस् या निश्चित समयमा बढी कम लगाएर या यान्त्रिक उपकरणको गतिलाई बढाएर, आदि आदि । कम्युनिष्ट घोषणापत्रमै के पनि भनिएको थियो भने "वाणिज्य स्वतन्त्रता र विश्वबजारको उन्नति, उत्पादन पद्धतिको एकरूपता र तद्अनुरूप जीवनका अवस्थाहरूमा समानताले ल्याउने पूँजीपति वर्गको विकासले गर्दा जनताहरूको राष्ट्रिय पृथकता तथा प्रतिपक्षता पनि दिनप्रतिदिन मेटिदै" जाने छ ।  आज यो स्थिति जीवनको कटु यथार्थ भएको छ ।

मार्क्स स्वयं क्रान्तिले विकसित पूँजीवादी केन्द्रबाट अन्यत्र स्थानान्तरण गर्न सक्ने बारे महशुस गर्न थालेका थिए र आयरल्याण्डको औपनिवेसिक शोषसँग गाँसिएको अन्धराष्ट्रवादसँग बेलायती श्रमजीवी वर्गको मिलेमतोलाई देखेर आजित भएका मार्क्सले बेलायत भन्दा आर्थिक रूपले कम विकसित, तर राजनीतिक रूपले बढी जागृत, फ्रान्समा पहिलो समाजवादी क्रान्ति हुँदा त्यसको जोडदार समर्थन गरेका थिए ।

उनले जस्तै एंगेल्सले पनि अझ "पछौटे" जर्मनीले पूँजीवादी र समाजवादी क्रान्तिलाई अंतर्मिलन गराएर अघि बढ्न सक्ने आंकलन गरेका थिए । लेनिनले त पूँजीवाद साम्राज्यवादमा बदलिना साथै त्यसको प्रगतिशील भूमिका सकिएको भन्दै त्यसको "कम्जोर कडी" (रूसमा क्रान्ति नै गरेर देखाई दिए । उनले क्रान्ति "पूर्वमा स्थानान्तरण भएर साम्राज्यवाद तथा पूँजीवाद विरोधी संघर्ष अंतर्मिलन हुन सक्ने" आशा राखेका थिए । पछि चीन, भियतनाम लगायतका मुलुकहरूले त्यहीँ कुरा गरेर देखाई दिए । अहिले परिस्थिति बदलिएको छ । पूँजीवाद "सामान्यकृत विश्व एकाधिकार"मा बदलिएको छ । त्यो अमेरिका, युरोप र जापानको त्रिपक्षीय गठबन्धनमा चलेको छ । यसको प्रभावकारी प्रतिवादको सम्भावना एसिया, अफ्रिका र लेटिन अमेरिका बीचको सहकार्य हुन सक्दछ ।

## १०. समकालिन दुनियामा मार्क्सवादीका चुनौति

मार्क्स स्वयंले क्रान्तिले विकसित पुँजीवादी केन्द्रबाट अन्यत्र स्थानान्तरण गर्न सक्नेबारे महशुस गर्न थालेका थिए । आयरल्याण्डको औपनिवेशिक शोषणसँग गाँसिएको अन्धराष्ट्रवादसँग बेलायती श्रमजीवी वर्गको मिलेमतोलाई आजित भएका मार्क्सले बेलायतभन्दा आर्थिकरूपले कम विकसित, तर राजनीतिक रूपले बढी जागृत, फ्रान्समा पहिलो समाजवादी क्रान्ति हुँदा त्यसको जोडदार समर्थन गरेका थिए । उनले जस्तै एंगेल्सले पनि अझ पछौटे जर्मनीले पूँजीवादी र समाजवादी क्रन्तिलाई अन्तरकिलन गराएर अघि बढ्न सक्ने आकलन गरेका थिए । लेनिनले त पुँजीवाद साम्राज्यवादमा बदलिनासाथै त्यसको प्रगतिशील भूमिका सकिएको भन्दै उनले जस्तै त्यसको कमजोर कडी (रूसमा क्रान्ति नै गरेर देखाइदिए । उनले क्रान्ति पूर्वमा स्थानान्तरण भएर साम्राज्यवाद तथा पुँजीवाद विरोधी संघर्ष अन्तरमिलन हुनसक्ने आशा राखेका थिए । पछि चीन, भियतनाम लगायतका मुलुकहरूले त्यही कुरा गरेर देखाइदिए । अहिले परिस्थिति बदलिएको छ । पुँजीवाद सामान्यकृत विश्व एकाधिकारमा बदलिएको छ । त्यो अमेरिका, यूरोप र जापानको त्रिपक्षीय गठबन्धनमा चलेको छ । यसको प्रभावकारी प्रतिवादको सम्भावना एशिया, अफ्रिका र लेटिन अमेरिकाबीचको सहकार्य हुनसक्छ । अहिले पूँजी सञ्चयका आधारहरू खुम्चिएका छन् । विश्वमा एकछत्र राज गर्न पूँजीवादलाई झन् झन् कठिन बन्दै गइरहेको छ । खासगरी विकाससिल मुलुकमा 'साम्राज्यवादी लुट खसोट' विरूद्धको

जन जागरणले । पूँजी सञ्चयको निम्ति त्यसले तैयार गरेको राजनीति, कर्मचारीतन्त्र र पूँजीपति भित्रका आफ्ना दलालहरूलाई लिएर बनाएको प्रभुत्वकारी गठबन्धन ९ज्भनभ्रूयलष्अ द्यअियप० जनजागरणको निशाना बन्न थालेका छन् । ब्रिक राष्ट्रहरू -ब्राजिल, रूस, भारत, चीन तथा दक्षिण 'अफ्रिका' प्रतिरोधी शक्तिका रूपमा उदाइरहेका छन् । क्षेत्रीय संरचनाहरूले द्रुत गति लिन थालेका छन् । नजानिदो ढंगले बिश्व वहु-ध्रुवीय दिशामा मोडिएको छ । सैनिक हस्तक्षेपबाट आफ्ना स्वार्थ्य फैलाउने वा दिगो बनाउने 'ड्रेस रिहर्सल' फिका बन्न थालेको छ । भूमध्य सागरीय क्षेत्रमा हालसालै भएका घटनाहरूले पूँजीवादको पछिल्लो हर्कत र जनजागरण बीचको अन्तरविरोधलाई नै मुखरित गरेका छन् । पूँजीवाद संकटमा छ भन्नुको मतलब यो होइन कि समाजवाद स्वतः आइहाल्छ । समाजवादको निम्ति समाजवाद पक्षधर शक्तिहरूले त्यसको मर्मस्थल पहिचान गर्नु (स्थितिको वस्तुनिष्ठ हेक्का राख्नु) पर्दछ र तद्अनुरूपको र आफ्नो आत्मगत स्थिति सुहाउदो रणनीति कार्यनीति अबलम्बन गर्नु पर्दछ । मार्क्सले ऊ बेला नै भनेका थिए 'आजसम्मका दार्शनिकहरूले विभिन्न ढंगले जगतको व्याख्या त गरे यद्यपि मुख्य कुरो त्यसलाई परिवर्तन गर्नु हो । जगतको व्याख्या र त्यसको परिवर्तन लाई युक्तिसगत बनाउनु हो ।

क्रान्तिमा शक्तिको संयोजन र विन्याससम्बन्धी एउटै सर्वव्यापी रणनीति भन्ने कुरा हुँदैन । सामाजिक विकासका भिन्नता र राष्ट्रिय विशिष्टताका असरलाई त्यसले सम्बोधन गर्नु पर्ने हुन्छ । अर्को कुरा, 'आफ्नो अस्तित्वको निम्ति भौतिक परिस्थिति पुरानो समाजको गर्भमा परिपक्व नभैकन उच्चतर उत्पादन सम्बन्धको आविर्भाव हुँदैन' भन्ने मार्क्सवादी प्रस्थापनालाई स्वयं समाजवादी मुलुकहरूले महशुस गरेको तथ्यलाई पनि हेक्का राख्नु पर्ने हुन्छ । मार्क्सले बिकसित पूँजीवादी समाजबाट समाजवादको निम्ति सर्वहारा वर्गको परिचालनलाई जोड दिएका थिए । लेनिनले तुलनात्मक रूपले अझै परिपक्क नभई सकेको रूस जस्तो मुलुकमा किसानसमुदाय (तल्लो तब्का) लाई परिचालन गर्ने कुरालाई सकारोका थिए । चीनमा माओले दुई किसिमका वर्ग सम्श्रयको रणनीति अवलम्बन गरेका थिए- त्यसको केन्द्र भागमा मजदुर र किसानको मोर्चा र विस्तृत रूपमा मजदुर, किसान, मध्यम वर्ग र राष्ट्रिय पूँजीपति वर्ग रहेको चार वर्गको संयुक्त मोर्चा । नवोदित पूँजीवादी समाजमा जहाँ अझै उत्पादनको सामाजिक स्वरूपले परिपक्वता हासिल गरिसकेको छैन, सामान्य वस्तु उत्पादन कै पूँजीवादी चरणमा छ र उत्पादक शक्तिको विकास निम्छरो नै छ, त्यहाँ चार वर्गीय मोर्चाको रणनीति प्रभावकारी हुन सक्दछ । परन्तु, यस मोर्चाको दायाँ बायाँ लक्ष्मण रेखा नाघ्ने वित्तिकै क्रान्तिको रणनीतिले विचलन भोग्नु पर्ने कुरालाई हेक्का राखिनु पर्ने हुन्छ ।

साम्राज्यवाद बिरोधी तथा समाजवाद पक्षधर शक्तिहरू माझ एकीकृत र संयोजित आन्दोलन संगठित हुन न सकेकै कारण आज दुनियाँ साम्राज्यवादको रजाई तथा धार्मिक अन्धता र आतंकवादको शिकार बन्न पुगेको छ र ती शक्तिहरू पूँजीवादका संकटलाई समाजवादी क्रान्तिका दिशामा मोड्न अझै पनि असमर्थ छन् । एक त पूजीँवादको वर्तमान स्वरूप र त्यसको आन्दोलनमा पर्ने प्रभाववारे एकीकृत धारणा बनिसकेको छैन । त्यसमाथि समाजवादी आन्दोलन छितरिएको छ र एकिकृत रणनीतिको अभाव छ । मार्क्सले ऊ बेला नै भनेका थिए, अबको क्रान्तिले 'भविष्यबाट प्रेरणा लिएर मात्रै (क्रान्तिको) काव्य रचना गर्न सक्दछ । अतितसँग सम्बन्धित रहेका सम्पूर्ण अन्ध विश्वासलाई निर्वस्त्र गरेर मात्रै आफ्नो कामको थालनी गर्न सक्दछ ।… (अबका क्रान्तिमा) अन्तरवस्तुले नारामाथि राज गर्नु' पर्दछ । (Marx, Eighteenth Brumaire of Luis Bonaparte)

मार्क्सवादी र समाजवादी आन्दोलन भित्रै एउटा सच्चाई के छ भने त्यहाँ लासालपन्थी ८८ र बोनापार्टिस्टहरूको ८८८ विगविगी बढ्दो छ, आन्दोलनका सामाजिक कार्य सूचि र मिसन ओझेलमा परेका छन् । समाजवाद विरोधी शक्तिहरूसँग हिमचिमलाई बढाइदै छ (कतिपयले त सामाजिक रूपान्तरण र समाजवादलाई आफ्नो शब्दकोषबाट झिकेको प्रतित हुन्छ, अर्काथरी अतितका 'पूर्वाग्रह' मा निर्लिप्त भएर क्रान्तिको रोमाञ्चमा डुबुल्की मार्दैछन्) । आन्दोलन स्वयं नेतृत्वको सत्ता र सुविधाको निम्ति लुछाचुडी गर्ने भऱ्याङ्ग बनाइदै छ, संगठन आफै भने वैयक्तिक स्वार्थ्य संयोजनको कार्यथलो बन्न अभिशप्त छ । बाह्य रूपमा, साम्राज्यवादी घुसपैठ र नियन्त्रण तथा आन्तरिक रूपमा, मुख्यतयाः 'सामान्य वस्तु उत्पादन' कै चरणमा रहेका नवोदित पूँजीवादी मुलुकहरूको हकमा त साम्राज्यवाद विरोधी तथा समाजवाद पक्षधर प्रवल जनमत हुँदा हुँदै समाजवादी एजेण्डा नै मार्क्सवादी लिवाजमा "जनतालाई आफ्नो पक्षमा ल्याउन अभिजात वर्गले सर्वहारा वर्गको मगन्ते झोलीलाई आफ्नो झन्डा" बनाएका छन् मार्क्स एंगेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र) । तिनको सारलाई भूत्ते बनाएर सर्वहारा वर्गको अल्पचेतनालाई उपहास गरिरहेका छन् । अबको बाटो आत्म समीक्षा र अग्रगति प्रतिको निष्ठापूर्ण प्रतिवद्धताका हो, जस्तो कि मार्क्सले भनेका छन् ।

अबका क्रान्तिले 'निरन्तर आफ्नो आलोचना गर्दछन्, आफ्नो अग्रपंक्तिमा बारम्बार थामिन्छन् र पार गरिसकेको विन्दूमा फेरिफेरि फर्कन्छन् र फेरि माथि देखि सुरू गर्दछन्, आफ्ना प्रथम प्रयासहरूको अपर्याप्तता, कमजोरी तथा अयोग्यताको रिट्ठो न विराई निन्दा गर्दछन्, जमिनबाट नयाँ बल प्राप्त गर्न सकियोस् र पहिला भन्दा बढी शक्तिशाली विरोधीहरूका सामुन्ने उभिन सरियोस् भन्ने हेतुले आफ्ना विरोधीहरूलाई भूइँमा पछार्दछन्, पछि हटन पूर्णतः गुन्जायस नहुने परिस्थिति उत्पन्न न हुन्जेल आफ्ना लक्ष्यहरूको अस्पष्ट विराट आकारका अधिल्तिर बारम्बार फर्कन्छ... ।' (Marx, Eighteenth Brumaire of Luis Bonaparte Brumaire)

वास्तवमा मार्क्स आफैले पुजिबाद बाट समाजबादमा शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरण हुन सक्ने सम्भावनालाई नदेखेका होइनन् । उनले बेलायत, हल्याण्ड र संयुक्त राष्ट्र अमेरिकामा त्यस्तो रूपान्तरणको सम्भावना रहेको औंल्याएका थिए । पछि एंगेल्सले उक्त सूचिमा फ्रान्स र जर्मनीलाई पनि समेटेका थिए । यसरी मार्क्स र एंगेल्स समाजवादमा शान्तिपूर्ण संक्रमणका सम्भावनामा खुलस्त रहे पनि उनका विरोधी र पछिका अनुयायीहरूले मार्क्सको यस्तो भाष्यलाई भ्रष्टिकरण८ गरेर आफ्नो श्रष्टाको अभिमतलाई पृष्ठभूमिमा धकेलिदिए । अर्काथरी भने आन्दोलनको सामाजिक मिसनलाई खोपीमा राखेर "संसदीय रूपबाट अलंकृत सामन्ती मिलावटबाट अधिमिश्रित, ...पूँजीपती वर्गद्वारा प्रभावित र नोकरशाहीतन्त्रद्वारा विचरित" राज्यलाई अभिष्ट बनाउन उद्धत छन् । ध्येयलाई अपेक्षा गरेर साधनलाई नै साध्य बनाउनु, साधनलाई नै अधिमिश्रित बनाउनु भनेको आन्दोलनप्रतिको पापाचार पनि हो । परन्तु सुखद् पक्ष चाहिँ के छ भने यी दुई अतिबाट आन्दोलनलाई बचाएर लग्नु पर्छ भन्ने जनमत स्वर्य ती आन्दोलन भित्र हुर्किरहेको छ ।

## ११ उपसंहार

मार्क्सवादले पूँजीवाद बारेको आफ्नो विश्लेषण र भविष्यवाणीलाई सही सावित गरेको छ । त्यो अहिले प्रणाली स्वयंको संरचनात्मक संकटमा फसेको छ, कम्तिमा पूँजीवादको नवउदारवादी संस्करण बिनासको संघारमा छ । त्यस दिशामा कतिपय लाक्षणीकता देखिसकिएका छन् । युरो मुद्रा क्षेत्रका चुनौती र त्यसको आसन्न विघटनका सम्भावना, त्यसो भएको खण्डमा सिंगै युरोपियन संघ कै अस्तित्व संकटमा पर्ने सम्भावना पनि छ, बैकिंग तथा विश्व वित्तिय प्रणालीको संकट, ब्रिक्स जस्ता उदियमान राष्ट्रहरूले नयाँ विश्व व्यवस्था (प्रचलित विश्व साम्राज्यवादी व्यवस्था, जसले प्रविधि र विश्वका प्राकृतिक सम्साधनमा एकाधिकार कायम गरेको छ भन्नका निम्ति नयाँ नियमहरूको तर्जुमाको निम्ति दवाव जस्त परिघटना नै प्रर्याप्त छन् ।

स्वयं पूँजीवादी पश्चिमा जगतमा मार्क्सवादबारे आएको नयाँ जिज्ञासा र मार्क्सवादका आलोचकहरूको समेत पूँजीवाद संरचनात्मक संकटमा फसेको आत्म स्वीकृति हुनु भनेको मार्क्सवाद र समाजवादका पक्षधर शक्तिहरूको निम्ति सुखद समाचार हो । कम्तिमा विश्व साम्राज्यवादी पूँजीवादको नवउदारवादी मोडेलको अपरिहार्य अवशान हुने दृष्टिगोचर हुनु विकल्प खोज्नेहरूको निम्ति थप अवसर प्राप्त हुनु पनि हो । पछौटे आर्थिक सामाजिक संरचना र विश्व साम्राज्यवादी प्रभुत्व र नियन्त्रणका सन्दर्भमा विकसिल मुलुकहरूको हकमा माओले भनेजस्तै जनताको क्रान्तिको, राष्ट्रको मुक्तिको तथा राज्यको स्वाधिनताको चाहानालाई आफ्ना कार्य सूचीमा राख्नु पर्ने औचित्य आज पनि त्यतिकै छ । मानिसका जीवनका भौतिक अवस्थामा परिवर्तन गर्न राजनीतिक सुधार मात्रै पर्याप्त हुँदैन पूँजीवादी उत्पादन सम्बन्ध मै परिवर्तन ल्याउनु पर्छ भन्ने मार्क्सवादी प्रस्थावनालाई पनि हेक्का राखिनु पर्दछ । खासगरी भर्खरै मात्र सामन्तवादी सामाजिक प्रभुत्वबाट मुक्त भएका अवोदित/सिमान्तकृत पूँजीवादी मुलुकहरू एकैचोटी समाजवादमा फड्को मार्ने भौतिक परिस्थिति बनेको छैन, आधुनिक औद्योगिकीकरणको निम्छरोपनले उत्पादनको सामाजिकीकरण पनि सुषुप्त अवस्थामा नै छ, तिनले भने उत्पादन सम्बन्धमा स्वामित्वका विविध रूप समायोजन गरिदा आन्तरिक तथा बाह्य दुवै हिसाबले एकाधिकारी पूँजीवादबाट बच्ने उपायहरू अवलम्बन गर्नु युक्तिसंगत हुन्छ ।

समाजवाद तथा मार्क्सवादका पक्षधर शक्तिहरूको निम्ति चुनौती भनेको विश्व साम्राज्यवादी पूँजीवादको एकीकृत र संयोजित नाना भाँतीका प्रयोगको सन्दर्भमा छितरिएको आन्दोलनलाई बिश्व स्तरमानै एकीकृत, संयोजित र सन्तुलित बनाउनु हो । समाजवाद स्वतः आकासबाट खस्ने होइन, त्यसको निम्ति इमान्दार र प्रतिबद्ध प्रयत्नको खाँचो पर्दछ । बिकसित पुजिबादी समाजमा नै पुजिबादका दुस्परिणाम बारे मानिसहरूमा चेतना जागृत हुदैछन र त्यसबाट बच्न जनता आन्दोलनरत छन । एशिया, अफ्रिका र लेटिन अमेरिकाका विकासशील मुलुकहरूमा साम्राज्यवाद विरोधी तथा

समाजवाद पक्षधर प्रवल जनमत आन्दोलनरत छ । यी दुवै क्षेत्रमा भई रहेका आन्दोलनबीच पारस्परिक ऐक्यवद्धता र समर्थन पनि चाहिन्छ भन्ने कुरा बुझ्नु पर्दछ । समसामयिक परिस्थितिको तकाजा, रोजा लक्जेम्बर्गले भने जस्तै समाजवादीहरूको सुझबुझ फिरे समाजवाद हो नत्र वर्वरता । त्यसैले खाँचो छ जागरणको ।

-----------------------------------------------------------

* मार्क्सले पेरिस कम्युनको समिक्षा गर्ने क्रममा एक ठाउँ 'सर्वहारा वर्गको अधिनायकत्व' को प्रसङ्ग उठाएका छन् र त्यसको संक्रमण कालमा औचित्य औंल्याएका छन् । त्यो पदावली प्रयोग गर्नुको मार्क्सको अभिप्राय भनेको 'श्रमजीवी वर्गको राजनीतिक शासन' को सट्टामा बैज्ञानिक रूपमा अलिक सटिक पदावली प्रयोग मात्रै हो । आजकाल अधिनायकत्वको निहितार्थ जो लगाइन्छ मार्क्स स्वयम् भने त्यसबाट अनभिज्ञ थिए । आज पो मानिसहरूलाई हिटलरको आततायी नरसंहारको ज्ञान छ, उनीहरूलाई स्टालिन कालिन सोभियत संघमा विचारमा भिन्नता भएकै कारणले आफ्नै सहकर्मी माथि समेत चलाएको दमन चक्रको ज्ञान हो । मार्क्सको जमानाको स्वैरकल्पनामा त्यस्ता कुराको नितान्त अभाव थियो । मार्क्सले अधिनाकत्व भन्ने पदावलीको सापटी रोमन गणराज्यबाट लिएका थिए । त्यहाँ त्यसको अर्थ युद्धको बेलामा अस्थायी रूपमा सामान्य नियम कानुनको स्थगत हुने परिस्थिति भन्ने हुन्थ्यो । पछि आफ्नो अवधारणाको नाममा आफ्नै अनुयायी भन्नेहरूबाट चलाइएको शासनको स्वरूप देख्न पाएको भए मार्क्स स्वयम् भरंग हुँदा हुन् ।

मार्क्स अल्पसंख्यकको शासनको पक्षमा थिएनन् । मार्क्सको यो पनि विचार थियो कि अहिलेसम्मका सबै शासन अल्प संख्यकका शासन हुन् । पूँजीवादको अन्तर्निहित चरित्रले गर्दा समाजलाई त्यसले यसरी ध्रुविकरण गर्छ कि सर्वहाराले समाजको अत्यधिक ठूलो हिस्सा ओगट्न पुग्दछ । यस अवस्थामा सर्वहारा वर्गले शासन सत्ता सम्हाल्नु स्वाभाविक र लोकतान्त्रिक नै हो कि भने यो बहुमतको शासन हो । मार्क्सको सर्वहारावर्गको अधिनायकत्वको अभिप्राय यी प्रस्तावनाको अस्वीकृति होइन बरू समर्थन चाहिँ हो ।

** मार्क्सले आफ्ना अनन्य मित्र डब्लु एस ब्लकलाई लेखेको पत्रमा भनेका छन्, "ममा कुनै दुराकाक्षा छैन, न त एंगेल्समा नै त्यस्तो कुरा छ । हामी दुबैमा लोकप्रियताको निम्ति परालको त्यान्द्रो जति पनि प्रर्वाह छैन... (उ बेला नै)... व्यक्ति पूजाबारे ममा यति अरूचि थियो कि मैले आफुलाई (सार्वजनिक रूपमा प्रशस्ति गाउने) कुरालाई सार्वजनिक प्रचार-प्रसारको क्षेत्रमा आउनै दिइन... एंगेल्स र मैले गुप्त कम्युनिष्ट समाज ( कम्युनिष्ट लिग) मा सामेल हुँदा पनि एउटा शर्त भित्रै मात्र स्वीकारेका थियौं - प्राधिकार माथिको अन्धविश्वासलाई मलजल गर्ने कुनै पनि प्रावधान विधानबाट हटाउने । (पछि लासालले भने उल्टो बाटो हिंडे ।)"

*** "बोनापार्ट बंश क्रान्तिकारी किसानको होइन रूढिवादी किसानको प्रतिनिधित्व गर्दथ्यो । त्यसले आफ्ना निजी आर्थिक अवस्था भन्दा माथि उठेर दवाव दिने किसानको होइन आफ्नो सानो खेतिबारीमा रमाउने किसानको प्रतिनिधित्व गर्दथ्यो, आफुमा अन्तर्निहित उर्जाको कारणले शहरसँग मिलेर पुरानो सत्तालाई उखेल्न चाहने ग्रामीण आवादीको होइन, त्यसको विपरित पुरानै शासन व्यवस्थासँग जडवत टाँसिन चाहने र शाही सत्ताको भुतले आफु र आफ्नो सानो कोठेबारीलाई जोगाइदेओस भनेर मनोकामना राख्ने ग्रामीण आवादीको प्रतिनिधित्व गर्दथ्यो, त्यसले किसानको सुझबुझको होइन अन्धविश्वासको, आफ्नो विवेकपूर्ण मूल्यांकनको होइन पूर्वाग्रहको, भविष्यको होइन अतितको प्रतिनिधित्व गर्दथ्यो...।" (18th Brumaire of Louis Bonaparte- Marx)

भाग ४

# नेपालको वाम आन्दोलन र समसामयिक राजनीति

कोमल भट्टराई

## विषयप्रवेश

हामी सवैलाई थाहा छ, नेपाली कम्युनिष्टहरू विभिन्न दलहरूमा विभाजित छन् । वि सं २००६ सालमा स्थापना भएपछि एक दशकसम्म नेकपाभित्र अन्तरपार्टी विवाद त थियो, तर विभाजन भएको थिएन । संस्थापक महासचिव पुष्पलाललाई पदच्यूत गर्दा समेत पार्टीको विभाजन भएको थिएन । ०१७ सालको काण्डपछि ०१९ सालमा विभाजन भयो । हाल आएर उचित देखिएको यो विभाजन वनारसमा भएको तेस्रो महाधिवेशनबाट भएको थियो । यसपछि एक समूहलाई केशरजंग रायामाझीले नेतृत्व गरिरहे भने अर्को समूहको नेतृत्व बनारसको महाधिवेशनबाट निर्वाचित तुल्सीलाल अमात्यले गरे । हिजोको पार्टीभित्रको अन्तरप्रवाह वा डाइनामिक्स के थियो, त्यो हाम्रो पीँढीले अनुभूत गर्न सक्दैन र व्यक्त गर्न सक्दैन । तर आज हामीले हेर्दा यो विभाजनको पृष्ठभूमिमा चिन र सोभियत संघबीचको कलहका दागहरू पनि देखिएका छन्, र तात्कालिन महासचिवको आत्मसमर्पण पनि ।

यसपछि नेपालका कम्युनिष्टहरूमा विभिन्न विभाजनहरू हुन थाले । यो विभाजनमा अनगिन्ती समूहहरू छन् तर हाल आएर ती तीन मुख्य धारहरू प्रष्टरूपमा देखिन्छन् । यी तीन मध्ये एउटा धार हालको नेकपा संयुक्तले प्रकट गर्दछ । यो धार केशरजंग रायामाझीको पतनपछिको नेकपाको वैकल्पिक नेतृत्वले विभिन्न विभाजन झेल्दै संचालन गरिरहेको छ । हाल नेकपा (संयुक्त) का नेता विष्णु बहादुर मानन्धर र उहाँका समकालिनहरू नेपाली कम्युनिष्ट आन्दोलनको निष्ठा र इज्जतको प्रतीकका रूपमा परिचित हुनुहुन्छ ।

अरू दुई धारहरू भनेका मुख्यत तेस्रो महाधिवेशनबाट निर्मित संगठनको विस्तारबाट उत्पन्न दुई धारहरू हुन् । यी धारहरूको अर्कै कथा छ । ०१९ सालमा भएको तेस्रो महाधिवेशनबाट निर्मित केन्द्रीय नेतृत्व विच विग्रह पैदा भयो, दुईतीन वर्षमा पनि केन्द्रीय कमिटीको बैठक बस्न सकेन । खासगरी तत्कालिन महाचिव तुलसीलाल र नेता पुष्पलालबीच कटुता बढाउन नेतृत्वको एक पङ्क्ति नै लाग्यो । यही कलहका कारण तेस्रो महाधिवेशनको नेतृत्वले पार्टी मातहतका कमिटी र इकाइहरूलाई कमाण्ड गर्न सकेन र तल्ला कमिटीहरूले केन्द्रसँग सम्बन्ध विच्छेद गरे । करीव करीव कम्युनिष्ट आन्दोलन भताभुंगको स्थितिमा पुग्यो । यही क्रममा कम्युनिष्ट आन्दोलनलाई संगठित गर्ने काम एकातिर बनारसमा प्रवाशन रहेका पुष्पलालले २०२५ सालदेखि अर्कै शीराबाट शुरू गरे । अर्कातिरबाट केन्द्रीय कमिटीबाट सम्बन्ध विच्छेद गरेको पूर्व प्रान्तीय कमिटि अन्तर्गतको झापा जिल्ला कमिटीबाट अघि बढ्यो । यही कमिटिका युवाहरूले २०२८ सालमा झापा विद्रोह छेडे, मारिए, जेलनेल भोगे । यिनीहरूले नै पछि गएर अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी गठन गरे । सोही कमिटीको अग्रसरतामा मुक्ति मोर्चा र अन्य विभिन्न समूह र व्यक्तिहरूसँग सम्मिलन भएर नेकपा माले बन्यो । पुष्पलालको निधन पश्चात् मनमोहन अधिकारीको नेतृत्वमा रहेको समूह तथा बलराम उपाध्यायको नेतृत्वमा रहेको पुष्पलाल समूहबीचको भएको एकताले नेकपा (मार्क्सवादी) बन्यो । यही नेकपा (मार्क्सवादी) र नेकपा मालेको एकिकरणबाट नेकपा (एमाले) बन्यो । यो तीन मध्ये मुख्य अर्को धार हो । यसै धारसँगै नेकपा माले र संघीय समाजवादी पार्टी समावेश हुन सक्छन् ।

अर्को धार हो, मुख्यतः एकनेकपा (माओवादी) हो । यो धार ०२५ सालमा गठित केन्द्रीय न्यूक्लियसको आधारमा ०३१ सालमा मोहन विक्रम सिंहको अगुवाईमा भएको चौथो महाधिवेशनबाट उत्पन्न धार हो । चौथो महाधिवेशनबाट गठनपुनर्गठन भएको नेकपा माओवादीले चमत्कारिक जनयुद्ध संचालन गरेको थियो । र हाल यसको मुख्य शक्ति एनेकपामाओवादी हाम्रो सामू उपस्थित छ । यो तीन धारहरू मध्ये तेस्रो हो । यसरी नेकपा संयुक्त, नेकपाएमाले र एनेकपामाओवादीले आजसम्मको कम्युनिष्ट आन्दोलनको प्रतिनिधित्व गर्दछ ।

हाल नेपालका प्रमुख ३ धारमा नेपाली समाजको चरित्रमा आएको मतैक्यताले अबको कम्युनिष्ट आन्दोलनको बाटो कोर्न सरल हुनेछ । हिजोसम्म के रह्यो भने हामी कहाँ छौं, त्यो नै हामीलाई थाहा थिएन । अब आफू रहेको वा बाचेको युग थाहा भएको छ । ६० वर्ष अघि कम्युनिष्ट पार्टीको नेतृत्वले भन्दै आएको अर्द्धसामन्ती तथा अर्द्ध औपनिवेशिक समाजमा परिवर्तन आएको कुरामा सबै प्रभावशाली कम्युनिष्ट पार्टीहरू एक मतमा आएका छन् र आउने क्रममा छन् । हामीलाई राम्ररी थाहा छ, र गौरव पनि छ कि नेपाली समाजमा आएको यो परिवर्तन एकाएक आएको होइन, यसमा नेपालका श्रमजीवी तथा परिवर्तनकामी जनताहरूको रगत तथा पसिना परेको छ । कम्युनिष्ट पार्टीको नेतृत्वमा सयौं साना तथा ठूला आन्दोलन भएका छन् । २००७ सालको राजनैतिक क्रान्ति, ०३६ को देशव्यापी आन्दोलन, ०४६ को जनआन्दोलनको परिणाम हो यो परिवर्तन । हामीलाई थाहा छ, २००७ साल देखि ०६३ सालवीच नेपालका कम्युनिष्ट पार्टी विभिन्न समूहहरू तथा स्वतन्त्र विद्रोहीहरूले विविध प्रकारका सफल असफल हिसात्मक तथा विद्रोहहरू पनि संचालन गरेका थिए । ०२८ को झापा विद्रोह, ०५२ पछिको माओवादी युद्ध लगायत अन्य सानातिना तथा अनेकन गतिविधिहरू भएका छन् । ती सबै नै पूँजिवादी क्रान्तिका सहयोगी र सम्वाहक बने । यो करीव ६० वर्ष भन्दा बढी समयको आन्दोलन र विद्रोहको परिणामले नै नेपालमा पूँजिवाद क्रान्ति सम्पन्न भइसकेको छ । हामी स्पष्ट छौं कि अब पूँजीवादी क्रान्तिको आवश्यकता छैन र यस्तो क्रान्ति हुँदा पनि हुदैन ।

यस परिप्रेक्ष्यमा हामी सबै के कुरामा सहमत हुनसक्छौं कि अब कम्युनिष्टहरूले के गर्ने हो त्यही गर्ने भनेर निडरताका साथ आउनु पर्छ । यदि नेपाली समाज पूँजीवादी युगमा प्रवेश गरिसकेको भए सामाजिक न्यायसहितको पूँजीवादको विकास गर्ने बाटो कस्तो हो, गोलमटोल गरेर होइन कि त्यो स्पष्टताका साथ भन्नु पर्‍यो । मुलुकमा पूँजी विकास गर्न के के गर्नु पर्छ र कसरी गर्न सकिन्छ यसबारे लिपीबद्ध गर्नु पर्‍यो । सो लिखतका आधारमा सहकार्य गर्नु पर्‍यो । यस्तो सहकार्य सरकारमा आसिन हुनका लागि भन्दा मुलुक र जनताको पक्षमा हुनुपर्छ । हालको उपलब्धीहरूलाई संस्थागत गर्न यी तीन धारहरूबीच सहकार्य हुनैपर्छ । यही कुराको आग्रहका साथ यहाँ हामीले प्रमुख तीन धारका विभिन्न ऐतिहासिक मोडकाबारे चर्चा गर्न लागेका छौं ।

# नेपालको शान्तिपूर्ण वामपन्थी आन्दोलन : सिंहावलोकन

**-सुनिल मानन्धर**
**महासचिव, नेकपा (संयुक्त)**

विश्व इतिहासको चर्चित अक्टुवर क्रान्तिको कम्पन केही वर्षमा नै नेपालका तत्कालिन राणा शासक र सचेत नागरिकले महशुस गरेका थिए । बि. सं. २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएपनि यसभन्दा अघि नै नेपालको राजनीतिक वृत्तमा संगठित रूपमा मार्क्सवादी चिन्तन र साहित्य दस्तावेजहरूले प्रवेश पाएको देखिन्छ । विश्व कम्युनिष्ट आन्दोलनको प्रभाव भारत हुँदै नेपाल प्रवेश गऱ्यो । चीनमा भएको जनमुक्ति आन्दोलनको प्रभाव पनि सशक्त रूपमा नेपालमा परेको देखिन्छ । विभिन्न उतारचढावका बावजुद नेपालको कम्युनिष्ट आन्दोलन अर्थात् नेपाली वामपन्थी आन्दोलनले नेपाली जनता बिच आफ्नो स्थान बनाउन सफल भएको छ । नेपालको श्रमिक जनताको पक्षमा खास गरी किसानको हक हितको पक्षमा निरन्तर संघर्ष, निरंकुशतन्त्रको विरोधमा भएका प्रत्येक आन्दोलनमा सकृयताका साथ सहभागी, नेपाली राष्ट्रिय स्वाधिनताको पक्षमा वैदेशिक हस्तक्षेपको विरूद्ध हुने आन्दोलनको नेतृत्वदायी भूमिका, विश्वव्यापी भइरहेको स्वाधिनताको आन्दोलन तथा राष्ट्रिय मुक्ति आन्दोलन सित सिधै ऐक्यवद्धता जनाउने आदि नेपाली वाम आन्दोलनका विशेषता हुन् । यिनै विशेषताहरूका कारण नेपालमा सम्पन्न प्रमुख राजनीतिक आन्दोलनहरू र समसामयिक नेपाली राजनीतिमा नेपाली वामपन्थी आन्दोलनको गहिरो पकड रहिआएकोछ ।

नेपालको वामपन्थी आन्दोलनको विकासक्रमलाई बुझ्न मुलुकमा भएका प्रमुख राजनीतिक आन्दोलनहरूको पृष्ठभूमि र त्यसको ऐतिहासिक विकासको चरणहरूलाई बुझ्नु जरूरी हुन आउँछ ।

## राजनीतिक आन्दोलनको पृष्ठभूमि र ऐतिहासिक विकास

नेपालमा राणा विरोधी संगठित राजनीतिको शुरूवात् "प्रचण्ड गोरखा" को जन्मबाट भएको हो । यसका अगुवाहरूमा अक्टुवर क्रान्तिको प्रभाव परेको कुरा खड्गमान सिंह र भीम शम्शेरको वादविवादले झझल्को दिन्छ । तर यो अभियान मुलुकभर विस्तार र सफल हुन सकेन । नेपाल प्रजा परिषद् गठन पश्चात मात्र संगठित राजनीतिक आन्दोलन मुलुकका विभिन्न स्थानमा प्रसार भएको देखिन्छ । वि. सं. १९९७ सालमा धर्मभक्त, गंगालाल, दशरथ चन्द र शुक्रलाल शास्त्रीले सहादत प्राप्त गरे । यस बलिदानीपूर्ण घटना पश्चात् मात्र राजनीतिक आन्दोलनले सामन्ती जहानियाँ शासनको उन्मूलनको स्पष्ट लक्ष्य सहित वैचारिक रूपमा नयाँ मोड लियो र वि. सं. २००७ सालको जनक्रान्तिका लागि धरातल खडा गऱ्यो ।

यस क्रान्तिको राजनीतिक आधार, वि. सं. २००७ साल पूर्व स्थापित नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातान्त्रिककांग्रेस बीच एकीकरण पश्चात गठित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी तथा प्रजा परिषद् आदि राजनीतिक दलहरूका क्रान्तिकारी गतिविधिहरूले तयार पारेको थियो । यी पार्टीहरूका वैचारिक र राजनीतिक प्रेरणाको स्रोत सोभियत संघको अक्टुवर क्रान्तिका साथै त्यसबखत विश्वव्यापी रूपमा चलिरहेको राष्ट्रिय मुक्ति आन्दोलनहरू, भारतको स्वाधिनता संग्राम, चीनको जनमुक्ति आन्दोलनजस्ता घटना हुन् ।

बि. सं. २००७ को राणा शासन विरोधी क्रान्तिले नेपाललाई नयाँ युगमा प्रवेश गरायो । यो क्रान्तिले नयाँ नेपालको निर्माणका लागि ढोका खुल्ने काम गऱ्यो । यसलाई प्रजातन्त्रवादी दावी गर्ने दल ने. का.ले नेतृत्व गरेको थियो भने सोमा वामशक्ति सहयोगीका रूपमा संलग्न रहे । वि. सं. २००७ को घटना एक राजनैतिक क्रान्ति नै थियो तर, यसप्रतिको धारणा, विश्लेषण र समझदारी कम्युनिष्ट पार्टीमा स्पष्टता आउन दशकौं लाग्यो । एक त कम्युनिष्ट पार्टी मुलुकभर विस्तार भएको थिएन, अर्को तिर कैयन स्थानमा जनजिविका र राष्ट्ियताका सवालमा जनताहरूले नेका र राणाको गठवन्धनविरूद्ध चलाएका आन्दोलनमा कम्युनिष्ट पार्टीले अगुवाइ गरिरहेका थिए । यसकारण नेकाले वाम शक्तिसँग भन्दा राणा र राजासँगको सहकार्य गर्न उचित ठान्यो । यसैको परिणाम नेपाली समाजको विकासका लागि उपलब्ध अवसरको उचित उपयोग हुन सकेन । दलहरू बिच देखापरेको मतभिन्नता र कम्युनिष्टहरूको पनि वस्तुगत

यथार्थमा आधारित विश्लेषणको अभावले गर्दा उत्पन्न मतमतान्तर र त्यहि अनुसारको क्रियाकलापले श्रृजना गरेको नकरात्मक स्थितिलाई दरवारले र पुनरूत्थानवादी शक्तिले आफ्नो पक्षमा भरपुर उपयोग गऱ्यो ।

नेपालको राजनीतिक पार्टीहरू बिच देखापरेको यिनै नकारात्मक प्रवृत्ति विरासतको रूपमा बि. सं. २०१७ साल पछिका पञ्चायत काल त्यसपछिका विभिन्न जनआन्दोलनदारा स्थापित बहुदलीय व्यावस्था देखि अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको अवधिसम्म देखा परेको छ ।

## कम्युनिष्ट पार्टी र किसान आन्दोलन

वि. सं. २००८ सालमा मातृका मन्त्रीमण्डलको बेला के.आइ.सिंह काण्डमा मुछेर नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगाइयो । कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगाएपछि नेपालका कम्युनिष्टहरू विभिन्न जनवर्गीय संगठनको संयुक्त मोर्चाको नाममा खासगरी अखिल नेपाल किसान संघको नाममा जनता बिच काम गर्न थाले । बि. सं. २००९ सालमा अखिल नेपाल किसान संघको प्रथम सम्मेलन रौतहट जिल्लामा सम्पन्न भयो । उक्त सम्मेलनले किसान हक हितका विभिन्न मुद्दा उठाउनुका साथै किसानले सामन्तसित लिएका कर्जा सम्बन्धमा जाँच आयोग गठन गरी गैरकानूनी र अन्यायपूर्वक गराइएका तमसुकलाई बदर गर्ने माग उठाएका थिए । उक्त मागमा केन्द्रित भई रौतहटमा किसान आन्दोलन शुरू भयो । आन्दोलनले विशाल रूप धारण गर्दै स्वस्फूर्त रूपमा किसानहरूको ठूल-ठूला समूहहरूले सामन्तसँग भएका तमसुक च्यात्ने काम गरेर त्यो आन्दोलन "तमसुक फट्टा" आन्दोलनले परिचित हुन पुगे । क. नीर र क.नारायण त्यस किसान आन्दोलनका नेताका रूपमा अगाडि देखिए । यस आन्दोलनको प्रभाव रौतहट, बारा, पर्सा र सर्लाहीसम्म फैलिएको देखियो । आन्दोलनबाट तर्सिएर सरकारले त्यस किसान आन्दोलन माथि व्यापक दमन शुरू गऱ्यो । किसान नेतालाई जेल चलान गरियो । आन्दोलनलाई दमनको भरमा अन्त्य गरे पनि यस किसान आन्दोलनले किसानहरू बीच आफ्ना वर्गीय चेतना बढाउनुका साथै किसानहरू आफ्ना वर्गीय हक अधिकारका लागि सचेत हुने स्थिति निर्माण गऱ्यो ।

त्यस्तै वि. सं. २००९/१० साल तिर सुदूर पश्चिमाञ्चलमा किसान नेता भिम दत्त पन्तको अगुवाइमा किसान आन्दोलन तथा राष्ट्रवादी आन्दोलन सञ्चालन भयो । त्यस आन्दोलनबाट आत्तिएर नेपाल र भारत दुवै देशका सेनालाई प्रयोग गरी त्यस किसान आन्दोलनको दमन गरियो र किसान नेता भिमदत्त पन्तको हत्या गरियो ।

यसरी कम्युनिष्ट पार्टीले अखिल नेपाल किसान संघ लगायत विभिन्न नाममा देशको विभिन्न भागमा किसान आन्दोलन सञ्चालन गरे र किसान बिच वर्ग चेतना फैलाउने काम भयो ।

बि. सं.२०१३ साल वैशाखमा टंक प्रसाद मन्त्री मण्डल र कम्युनिष्ट नेता बिच वार्ता र समझदारी पश्चात नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिवन्ध फुकुवा भयो । प्रतिबन्ध हटे पश्चात पनि कम्युनिष्टहरूले किसान हक हितका लागि संघर्ष जारी राखे ।

कृषि मजदुरहरूको ज्याला बढाउने, मोहियानी हकको सुरक्षा, नाजायज तमसुकको समाप्ति आदि नारा अन्तरगत बि. सं. २०१४ सालमा रौतहटमा पुनः विशाल किसान आन्दोलन शुरू भयो । यस पल्टको आन्दोलन कम्युनिष्ट पार्टीको नेतृत्वमा र व्यवस्थित रूपमा सञ्चालन गरिएको थियो । नेपाल कम्युनिष्ट पार्टी रौतहट जिल्लाका तत्कालिन नेता क.विष्णु बहादुर मानन्धरको नेतृत्वमा त्यस किसान आन्दोलनले विशाल रूप धारण गऱ्यो । त्यस आन्दोलनको प्रभाव रौतहट जिल्लाको सदरमुकाम गौरबाट गाउँ गाउँसम्म फैलिन पुग्यो । आन्दोलनबाट आत्तिएर पथरा गाउँका सामन्ती कांग्रेसहरूले आन्दोलनरत किसानको भिडमा गोली चलाई धेरै किसानलाई घाइते बनाई दमन गऱ्यो । यो घटना पछि गएर "पथरा काण्ड" को नाममा प्रख्यात हुन गयो । "पथरा काण्ड" पश्चात हजारौं किसानलाई गिरफ्तार गर्नुका साथै किसान विद्रोहको नेतृत्व गरेको आरोपमा क. विष्णु बहादुर मानन्धर लगायत १३६ जना किसान नेता तथा कार्यकर्ता माथि मुद्दा चलाइयो । यस किसान आन्दोलनले कम्युनिष्ट पार्टीलाई आम किसान बिचमा पुग्ने र उनीहरूका हक अधिकारका लागि लड्ने पार्टीको रूपमा परिचित गरायो । परिणामतः रौतहट जिल्लामा बि. सं.२०१५ सालको आम निर्वाचनमा कम्युनिष्ट पार्टी ३ सिट मध्ये २ सिटमा विजयी हासिल गर्न सफल भए ।

बि. सं. २००७ देखि २०१५ सालसम्म तत्कालिन राजनैतिक शक्ति र दलहरूमा टुटफुटको प्रक्रिया देखापरेको ऐतिहासिक तथ्य हो । तर यस अवधिमा कम्युनिष्ट पार्टीभित्र चलिरहेको वैचारिक द्वन्द्व र त्यसले संगठनभित्र नकारात्मक असर पारे पनि यस अवधिमा कम्युनिष्ट पार्टिले आफुलाई टुटफुट हुनबाट जोगाउन सफल रह्यो । यस अवधिको यो अति नै सकारात्मक पक्ष हो । तर बि. सं. २०१७ साल पौष १ गते राजाले चालेको अधिनायकवादी तानाशाही सैनिक कदम पश्चात् कम्युनिष्ट पार्टीमा पनि टुटफुटको प्रवृत्ति शुरू भयो र यो प्रक्रिया अद्यावधि कायम छ ।

बि. सं.२००७ को त्रिपक्षीय सम्झौतामा संविधान सभाको निर्वाचन सम्पन्न गर्ने भनिएको थियो । यो कदम जनताको शासनका लागि अपरिहार्य कुरा ठानिएको थियो । तर, राजाले शासनको लगाम आफ्नो हातमा लिइरहन यो वा त्यो बाहानामा आफ्ना समर्थकहरू मार्फत विभिन्न व्यक्तिहरूको नेतृत्वमा मंन्त्रीमण्डल गठन गर्ने र दलहरूलाई किनारा लगाउने काम गर्न थाले । यस कामलाई राजनीतिक दलहरूको कमीकमजोरी र ती दलहरूमा देखा परेका नकारात्मक प्रवृतिले ठूलो सहयोग गर्‍यो । तैपनि अन्ततः दलहरू निर्वाचन गराउनका लागि र त्यसबाट प्रजातन्त्र स्थापित गराउन आपसमा मिल्न बाध्य हुन पुगे । बि. सं. २०१४ सालको भद्र अवज्ञा आन्दोलनका लागि मोर्चाबन्दी र कम्युनिष्ट पार्टी सित पनि सम्बन्ध कायम गरी राजाको चाल विरूद्ध आन्दोलन चर्काउने काम भयो । यस संयुक्त आन्दोलनको दबावमा राजा बि. सं. २०१५ सालको आम निर्वाचन गराउन बाध्य भए । यस निर्वाचनमा राजावादी र पुनरूत्थानवादी शक्तिहरूको नराम्रोसँग पराजय भयो, कांग्रेसको दुईतिहाई जनप्रतिनिधिहरू निर्वाचित भए, कम्युनिष्ट पार्टीको ५ स्थानमा मात्र विजय हासिल भयो । निर्वाचन परिणामा आएको महिनौ दिनसम्म पनि राजाले मन्त्रीमण्डल बनाउन आनाकानी गरे । आखिर विपि कोइरालाको प्रधानमन्त्रीत्वमा सरकार बन्यो । यस सरकारका विरूद्ध राजाले महेन्द्रले षडयन्त्र गरिरहे तर कांग्रेसले प्रजातन्त्रलाई संस्थागत गर्न यसका पक्षधर बिच जुन समझदारी र एकता गर्न पहल गर्नु पर्ने हो गरेन, त्यसको अभावले गर्दा राजाद्वारा उठाइएको बि. सं. २०१७ सालको सर्वसत्तावादी कदमलाई रोक्न सकेन र मुलुक ३० बर्षसम्म पञ्चायती निरङ्कुस शासनमा पिल्सिन बाध्य भयो । मुलुकमा उत्पन्न भएको यस राजनीतिक अवस्थाका वावजुद मूल रूपमा नेपाली कांग्रेस र वामपन्थीहरू बिच प्रजातन्त्र पुनर्स्थापनाका लागि आपसी समझदारी र मोर्चावन्दी हुन नसकेका कारणले उपरोक्त अवस्था सृजना भएको हो ।

## दरभंगा प्लेनम र वाम आन्दोलनमा विभाजनको श्रृङ्खला

बि. सं. २०१७ सालमा राजाले निर्वाचित सरकार विघटन गरी प्रजातन्त्रको हत्या गरी शासन सत्ता आफूमा केन्द्रित गरेको पौष १ गतेको घटनाको नेपाल कम्युनिष्ट पार्टीको पोलिटब्यूरोले एक वक्तव्य मार्फत घोर भर्त्सना र विरोध गर्‍यो । यस घटना पश्चात पार्टीले आगामी दिनका लागि कुन नीति लिने भन्ने विषयमा केन्द्रित भई नेपाल कम्युनिष्ट पार्टीले भारतको दरभंगामा केन्द्रीय समितिको विस्तारित बैठक आयोजना गर्‍यो । महिना दिनसम्म बसेको उक्त बैठकमा मुख्य रूपमा तीन कार्यनीतिक लाइन अगाडि सारियो : १. विघटित संसदको पुर्नस्थापना, २. संसदीय प्रजातन्त्रको पुर्नस्थापना ३. संविधान सभाको निर्वाचन र शसस्त्र संघर्ष ।

धेरै खिचातानी पश्चात अन्त्यमा पार्टीको केन्द्रीय समितिको बैठकले संसदीय प्रजातन्त्रको पक्षमा जनआन्दोलन सञ्चालन गर्ने निर्णय गर्‍यो । यस बाहेक दरभंगा बैठकले ९ महिना भित्र पार्टीको तेस्रो महाधिवेशन गर्ने निर्णय गर्नुका साथै महासचिव पदलाई निलम्बित गर्दै केशरजंग रायमाझी, डि.पि. अधिकारी र शम्भुराम श्रेष्ठ सहितको ३ सदस्यीय सचिवालय गठन गर्‍यो । यसका साथै नयाँ परिस्थितिमा पार्टी संगठन सञ्चालन गर्न जोन कमिटि पनि गठन गर्‍यो ।

दरभंगा प्लेनम सम्पन्न हुँदासम्म विभिन्न मतभेदका बावजुद कम्युनिष्ट पार्टी विभाजित भएको थिएन । तर दरभंगा प्लेनम पश्चात् केन्द्रीय सचिवालयसँग कुनै सरोकार नराखी अन्तर जोन कमिटि गठन गरी त्यही कमिटि मार्फत बि. सं.२०१९ सालमा वनारसमा पुष्पलाल, तुलसीलाल र हिक्मत सिंहको अगुवाईमा तृतीय महाधिवेशन आयोजना गर्‍यो । यसरी महाधिवेशन आयोजना गरी बहुमत पक्षलाई विभिन्न आरोप लगाई निष्कासन गरेपछि नेपाल कम्युनिष्ट पार्टी भित्र औपचारिक विभाजन र फुटको शुरूबाट त्यहींबाट शुरू भयो । तुलसीलाल अमात्यको नेतृत्वमा गठित तेस्रो महाधिवेशन पक्षीय समूह भित्रका नेताहरू बिचको एकता पनि लामो समयसम्म टिक्न सकेन । अन्ततः बि. सं.२०२५ सालमा गोरखपुरमा तेस्रो सम्मेलन आयोजना गरी पुष्पलालको नेतृत्वमा बेग्लै पार्टी स्थापना गरे । यो क्रम अगाडि बढ्दै जाँदा पार्टीमा थप विभाजन हुँदै मोहन विक्रम सिंहले बि. सं.२०३१ सालमा चौथो महाधिवेशन मार्फत छुट्टै पार्टी गठनको

घोषणा गरे । यसरी नै मनमोहन अधिकारीको नेतृत्वमा एकता सम्मेलनको आयोजना भई छुट्टै कम्युनिष्ट पार्टी स्थापना भयो । यसको पूर्व कोशी अन्चलको एक समूहले झापा काण्डपछि अखिल नेपाल कम्युनिष्ट कोअर्डिनेशन केन्द्रको गठन गरी पुष्पलाल समूहबाट विद्रोह गरेका मुक्ति मोर्चासँगको एकता पछि बि. सं.२०३५ सालमा नेकपा (माले) गठन गर्‍यो ।

कम्युनिष्ट पार्टीको बहुमत पक्षले बि. सं. २०२५ सालमा केशरजंग रायमाझी नेतृत्वमा तृतीय महाधिवेशन आयोजना गर्‍यो । रायमाझीको राजावादी रूझान, घोर दक्षिणपन्थी चिन्तन तथा पार्टीलाई विघटन तिर धकेल्ने कार्यको विरूद्ध पार्टी भित्र चर्किएको अन्तरसंघर्ष अन्ततः बि. सं.२०३८ सालमा भारतको मुजफरपुर (टिकापुर) मा सम्पन्न पाँचौ महाधिवेशनले केशरजंग रायमाझी, कृष्णराज वर्मा लगायतका माझी पंथी गुटलाई निष्काशन गर्‍यो । यसपछि नेपाल कम्युनिष्ट पार्टीका महासचिव पदमा विष्णु बहादुर मानन्धरलाई पार्टी निर्वाचन गरियो । उक्त महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको लाइनलाई अनुमोदन गर्नुका साथै वाम-प्रजातान्त्रिक वृहत एकताको बलमा प्रजातन्त्र पुर्नस्थापनाका लागि शान्तिपूर्ण जनआन्दोलनलाई अगाडि बढाउने नीति तय गर्‍यो । पछि गएर राष्ट्रिय प्रजातन्त्रको लाइनको पक्षमा रहेका मानन्धरको नेतृत्वमा रहेको पार्टी, तुलसीलालको नेतृत्वमा रहेको पार्टी र कृष्णराज वर्माको नेतृत्वमा रहेको तीन पार्टीबिच एकीकरण भई बि. सं.२०४८ सालमा नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) गठन हुन पुग्यो ।

नेपालको कम्युनिष्ट आन्दोलनमा देखा परेको विभाजन कार्यनीतिक मतभेद, आन्तरिक कलह, नेतृत्व बीचको समझदारीको अभाव आदिका कारणले मात्र नभएर विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेको विभाजनको असरको प्रभाव पनि रहेको देखिन्छ । सोभियत कम्युनिष्ट पार्टी र चिनियाँ कम्युनिष्ट पार्टी बिच बढ्दै गएको कार्यनीतिक लाइनको भिन्नता र मतभेदले विश्वव्यापी नै प्रभाव पारेको अवस्थामा सोको प्रभाव नेपालको कम्युनिष्ट आन्दोलनमा पर्नु पनि स्वभाविकै थियो । सोभियत कम्युनिष्ट पार्टीको प्रभावमा रहेका नेपाली कम्युनिष्टहरूले राष्ट्रिय प्रजातन्त्रको लाइन अन्तरगत शान्तिपूर्ण जनआन्दोलनको कार्यनीति लिएको देखियो भने चिनिया कम्युनिष्ट पार्टीको प्रभावमा रहेको कम्युनिष्टहरू शसस्त्र क्रान्ति सहितको नौलो जनवादी लाइन समात्न पुगे । यी दुई लाइनका वाम दलहरूबीच मित्रवत् व्यवहार र साझा सवालमा २०४६ सालको जनआन्दोलनसम्म सहकार्य कहिल्यै भएन । यसमा अमेरिकी र सोभियत संघको शित युद्धको प्रष्ट प्रभाव पर्न गएको भन्न सकिन्छ ।

## पञ्चायत काल

पञ्चायत कालको ३० वर्षको दौरान दरबारले नेपाली कांग्रेस र कम्युनिष्टहरू बिचको मतभेद र एकले अर्कालाई वर्ग दुश्मन देख्ने आचरणबाट फाइदा उठाउँदै गयो । वाम-लोकतान्त्रिक दलहरू बिचको समझदारीको अभावले पञ्चायतले आफ्नो आयु लम्बाउने मौका पाए । दलहरू बिचको वैमनष्यतालाई त्याग्दै वामपन्थी र लोकतान्त्रिक विद्यार्थी संगठनहरूले संयुक्त रूपमा बि. सं. २०३६ सालको विद्यार्थी आन्दोलनलाई शसक्त रूपमा सञ्चालन गरे । यसमा तत्कालिन माले निकट विद्यार्थीहरू र चौथो महाधिवेशन निकट विद्यार्थीहरू फरक मन्चबाट आन्दोलनमा थिए । तर, नेराविफे, नेविसंघ र नेप्रवियु (पछि नामाकरण गरिएको) ले सरकारसँग गरेको सहमतिका विरूद्ध तत्कालिन माले निकट विद्यार्थीहरू र चौथो महाधिवेशन निकट विद्यार्थीहरूले स्वीकार गरेनन् । त्यस सहमति विरूद्ध गरिएको घटनाले अन्तत मण्डलेको घुसपैठले उग्ररूप लियो र तत्कालिन विद्यार्थी नेताहरूलाई कालोमोसो पोत्ने अराजनैतिक काम समेत भयो । यो उल्लेख गर्नैपर्ने कटु सत्य हो । तर, आन्दोलनको परिणामबाट राजाले जनमत संग्रहको घोषणा गर्न बाध्य भए । जनमत संग्रहमा नेपाली कांग्रेस र कम्युनिष्टहरूले साझा मन्च बनाएर बहुदलको पक्षमा प्रचारप्रसार गर्न सकेनन् । अलग अलग मञ्चबाट बहुदलको पक्षमा जनता बीच जाने काम भयो । यसले गर्दा बहुदलीय प्रजातन्त्रको पक्षमा सशक्त सकारात्मक माहोल तयार गर्न सकिएन । यसबाट फाइदा उठाउँदै दरबारले षडयन्त्रमूलक तरिकाबाट पञ्चायतको विजय भएको घोषणा गर्न सक्यो ।

यो पनि यथार्थ हो कि बि. सं.२०३६ साल सम्म आइपुग्दा नेपाल कम्युनिष्ट पार्टी विभिन्न समूह, उपसमूहमा विभाजन भइसकेको थियो । वामपन्थी पार्टीको एक घटक तत्कालीन नेकपा (माले) ले त बहुदल निर्दल एउटै हो भनेर प्रचारमा उत्रियो तर जनमत संग्रह हुने केही दिनअधिमात्र पन्चायतका विरूद्ध मत दिने निर्णय गर्‍यो । अन्तिम समयमा गरिएको यस्तो निर्णयले बहुदलको पक्षमा कुनै सघाउ पुगेन । यो एक ऐतिहासिक तथ्य हो ।

जनमत संग्रहका दौरान दलहरूले खुला रूपमा काम गर्ने मौका प्राप्त गरे । यसले गर्दा त्यस पछिका समयमा कानूनी रूपमा प्रतिबन्धित रहिरहे पनि अर्धभूमिगत रूपमा काम गर्दै जाने अवस्था सृजना भयो र यसबाट प्रजातन्त्र पुनःस्थापनाको पक्षमा संघर्षको वातावरण तयार हुदै गयो । मुलुकमा विकसित राजनीतिक घटना क्रमले वामपन्थी र प्रजातान्त्रिक दलहरूलाई एक ठाउँमा उभ्याउने काम भयो । नेपालको इतिहासमा प्रथम पटक नेपाली कांग्रेस र संयुक्त वाम मोर्चा बीच भएको एकताको जगमा बि. सं. २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलन सफल भयो र त्यसैको जगमा नयाँ बहुदलीय संविधान निर्माण भयो । इतिहासले के प्रमाणित गरेको छ भने जुन जुन बेला वाम लोकतान्त्रिक शक्ति बिच समझदारी र एकता कायम भएको छ, मुलुकमा परिवर्तन भएका छन् र मुलुक अगाडि बढ्ने सम्भावना उजागर भएका छन् ।

## संयुक्त वाममोर्चाको गठन

वि. सं. २०४६ सालको जनआन्दोलन पूर्व गठन भएको "संयुक्त वाम मोर्चा" नेपालको वाम आन्दोलनमा देखा परेको सकारात्मक आयाम थियो । विभिन्न धारको प्रतिनिधित्व गर्ने नेकपा (माले), नेकपा (मानन्धर), नेकपा (अमात्य), नेकपा (वर्मा), नेकपा (मार्क्सवादी), नेकपा (चौम) र नेमकि संघ सम्मिलित दलहरूले बि. सं.२०४६ साल माघमा संयुक्त वाम मोर्चा गठनको घोषणा गर्दै वामपन्थी शक्तिहरू र नेपाली कांग्रेस बीच वृहत गठबन्धन गर्दै पञ्चायत विरूद्ध निर्णायक आन्दोलनका लागि वातावरण सृजना गऱ्यो । साझा संघर्षका लागि साझा मञ्च निर्माण गर्ने उद्देश्यबाट गठित संयुक्त वाम मोर्चा वामपन्थी आन्दोलनको अभूतपूर्व उपलब्धी हो भन्न सकिन्छ ।

## ऐतिहासिक जनआन्दोलन

बि. सं. २०४६ सालको आन्दोलन र सोमा अन्य बुर्जुआ शक्तिहरू सरह नै वामशक्ति समान साझेदारका रूपमा संलग्न रहे । वि. सं. २०४६ साल पश्चातका राजनीतिक आरोह अवरोहको लामो कालमा दुर्भाग्यवश राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको विकास हुन सकेन । दलहरूमा खासगरी वि. सं. ०५२ सालपछि सत्ता र शक्तिका लागि जुनसुकै अपवित्र गठवन्धन गर्ने चरित्रको विकास भएको देखियो । यसप्रकार राजदरबार हत्याकाण्डपछि दरवारको षडयन्त्रमा दलहरू फस्दै गए । दलहरू बीचको खिचातानीबाट फाइदा उठाउँदै राजाले वि. सं. २०५९ सालमा प्रजातन्त्रको हत्या गरे र मुलुकलाई प्रतिगमन तिर धकेल्न सफल भए । यस सम्बन्धमा संयुक्त वाम मोर्चा र जनमोर्चाले एक हदसम्म संयुक्त रूपमा प्रतिगमनको विरोध गर्न थाले पनि मुलुकमा विद्यमानठूला दलहरू खास गरी नेपाली कांग्रेस र एमाले सत्ता प्राप्तिका लागि दरबार तिर नै आशा राखी आन्दोलन निर्माण गर्ने तिर नलागी दरबार रिझाउने तिर लागे । राजाले दलहरूको सत्ता लोलुपता र धरमरपनको फाइदा उठाई वि. सं. २०६१ साल माघ १९ गते घोर अधिनायकवादी प्रतिगामी कदम चाल्दै सम्पूर्ण सत्ता आफूमा केन्द्रित गर्न सफल भए । यस प्रतिगमनकारी अवस्थाले दलहरूलाई नजिक आउन र मिलेर संघर्ष गर्न घचघच्याउने काम गऱ्यो । वामपन्थी र लोकतान्त्रिक दलहरू बिचको संयुक्त आन्दोलनले व्यापकता प्राप्त गऱ्यो । अन्ततः आन्दोलनरत दलहरू र जनयुद्धमा लागेको माओवादी बिच १२ बुँदे सम्झौता गर्ने अवस्था सृजना भयो । वामलोकतान्त्रिक शक्तिहरू बिच वृहत एकता, समझदारी र सहकार्यले व्यापक जनसमर्थन र शक्ति सञ्चय गरी परिवर्तनका लागि आधार खडा भयो । दलहरू बिच भएको १२ बुँदे सम्झौतालाई अन्तर्राष्ट्रिय जगतको पनि सहयोग र समर्थन प्राप्त हुन गयो । यसै सम्झौताको जगमा ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलन-२ को आधार निर्माण भयो । देशव्यापी रूपमा देखा परेको आन्दोलनको पक्षमा आएको जनलहरले राजालाई घुडा टेकाई विघटित संसद पुनस्थापन गर्न र अपहरित जनअधिकारहरूलाई फिर्ता गर्न बाध्य पाऱ्यो ।

## जनआन्दोलन-२ र यसले पारेको प्रभाव

वि. सं. २०६३ सालको आन्दोलन र सो वामशक्तिको अगुवाइमा र निर्णायक शक्तिको कारण सम्पन्न भयो । समसामयिक राजनीतिक र वामआन्दोलनलाई बुझ्न जनआन्दोलन-२ र यसले नेपाली राजनीतिमा पारेको प्रभावलाई ध्यान दिनुपर्ने हुन्छ । जनआन्दोलन-२ पछि मुलुकको राजनीति नयाँ चरणमा प्रवेश गरेको छ । नयाँ शक्ति सन्तुलन तथा राजनीतिक ध्रुवीकरणका नयाँ आयाम अगाडि देखा परेका छन् । धर्म निरपेक्षता, लोकतान्त्रिक गणतन्त्रको स्थापना र समावेशी चरित्रको संघीय आधरमा राज्यको पुर्नसंरचनाका प्रावधानलाई स्वीकार गरिएको छ ।

जनआन्दोलन-२ नेपाली जनताले लोकतन्त्र, सार्वभौमसत्ता र सामन्तवाद विरूद्ध वि. सं. २००७ देखि अटुट रूपमा गर्दै आएको श्रृङ्खलावद्ध आन्दोलनहरूको समुच्चय रूप हो । जहाँबाट नेपाली समाजले राजनैतिक क्षेत्रमा गुणात्मक परिवर्तन गरे देशलाई संघीय लोकतान्त्रक गणतन्त्रको चरणमा प्रवेश गराएको छ । वि. सं. २०६२/०६३ को जनक्रान्ति सँगै मुलुक पुँजीवाद जनवादी क्रान्तिको राजनीतिक कार्यभार सम्पन्न भईसकेको अवस्थामा पुगेको छ । यो जनक्रान्ति सहि अर्थमा व्यापक जनताको सहभागिता सहितको शान्तिपूर्ण संयुक्त जनविद्रोहको परिणाम हो र नेपाली क्रान्तिको आफ्नोपनको एक स्वरूप पनि हो ।

जनआन्दोलनका दौरान नेपाली इतिहासले नदेखेको जनसागर विद्रोहमा ओर्लियो । कर्फ्यू निषेधाज्ञा, गोली र दमनको परवाहा नगरी अभूतपूर्व रूपमा हिमाल देखि तराईसम्म शान्तिपूर्ण जनविद्रोहले जन्म लियो । अनेकौं सपुत सहिद भए । हजारौ हजार घाइते भए तर जन विद्रोह थामिएन । निरकुंश सामन्तीतन्त्रको सम्पूर्ण शक्ति निहत्या जनता सामु टिक्न सकेन र राजाले आफ्नो हार स्वीकार गरी विघटित संसदलाई पुनर्स्थापित गर्न बाध्य भए ।

यो जनआन्दोलनको अर्को विशेषता भनेको दश वर्षदेखि सशस्त्र युद्ध गरिरहेको माओवादी पार्टीको शान्तिपूर्ण आन्दोलनमा साथ दिन सात पार्टीसँगको समीकरण हो । एउटै लक्ष्यका लागि दुई चारित्रिक रूपमा मै भिन्न मोर्चामा लडिरहेका शक्तिहरू बिच प्राप्त गरिएको यो एकता आफैमा एउटा अनुकरणीय उदाहरण हो । कम्युनिष्ट हरूसँग सहकार्य नगर्न र राजतन्त्र सित सम्झौता गरी कम्युनिष्ट विरोधी खेमा खडा गर्न पश्चिमा शक्ति तथा दरबारपरस्त मध्यमार्गीहरूको व्यापक दबावका बाबजुद माओवादीहरूलाई समेत शान्तिपूर्ण आन्दोलनमा ल्याउनु पर्ने चिन्तन सहितको गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको अडानले पनि जनआन्दोलन-२ लाई सफलतासम्म पुऱ्याउन अहम भूमिका खेलेको हो ।

विस्तृत शक्ति सम्झौताले गर्दा सात र माओवादी वि. सं. २०६४ जेष्ठ महिना भित्र संविधान सभाको निर्वाचन गर्ने सहमत भए पनि प्रमुख दलहरू बीच आपसी द्वन्द्वका कारण झण्डै एक वर्ष पछि अर्थात् वि. सं. २०६५ चैत्र २८ गतेमा मात्र संविधान सभाको निर्वाचन सम्पन्न गरियो । अन्तरिम संविधानको प्रावधान अनुसार संविधान सभालाई व्यवस्थापिका संसद तथा संविधान सभाको दोहोरो जिम्मेवारी सुम्पियो । निर्वाचनबाट नेकपा (माओवादी) संविधान सभामा सबैभन्दा ठूलो दलको रूपमा स्थापित भयो ।

विभिन्न आरोह अवरोह पार गर्दै अन्ततः वि. सं. २०६६ जेष्ठ १५ गते संविधान सभाको पहिलो बैठकले राजतन्त्र समाप्तिको घोषणा गऱ्यो । यसको आधारशीलाको रूपमा विभिन्न सहमति र सम्झौता सँगसँगै सरकार र माओवादी बिच भएको विस्तृत शान्ति सम्झौता रहेको छ । जसले आन्दोलनलाई नयाँ चरणमा प्रवेश गरायो । यस सम्झौताको आधारमा सात दल र माओवादी बिच भएको आठ बुँदे सहमति, राष्ट्र संघलाई पठाएको पत्र, पच्चीस बुँदे आचार संहिता र शीर्ष नेताहरूको विभिन्न बैठकहरूले गरेका निर्णयहरूबाट तयार गरिएको थियो । यिनै सहमति र सम्झौताबाट अन्तरिम संविधानको आधारमा अन्तरिम व्यवस्थापिका संसद गठन गर्ने, मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै अधिकार राजामा नरहने, राजा विरेन्द्रको सम्पत्तिको राष्ट्रियकरण गर्ने जस्ता ऐतिहासिक कार्यहरू सम्पन्न गरिएको थियो ।

जनआन्दोलन-२ र यसबाट प्राप्त उपलब्धीका लागि नेपालका वामपन्थी शक्तिहरूको योगदान र भूमिका उदाहरणीय रहेकोमा कसैले नकार्न सक्दैन । विभिन्न ध्रुव र चिन्तनमा बाँडिएका ठूला, साना सबैजसो बामपन्थी दलहरू माओवादी, एमाले, संयुक्त वाम मोर्चा, जनमोर्चा, नेमकिपा लगायतका वामपन्थी दलहरू साझा लक्ष्य प्राप्तिका लागि संयुक्त रूपमा जनआन्दोलनमा उत्रिनु एक अभूतपूर्व घटना थियो । वामपन्थी दलहरू सित पनि समान उद्देश्य प्राप्तिका लागि वृहत वाम-लोकतान्त्रिक गठबन्धक निर्माण हुनु आफैमा आन्दोलनको सफलताको ग्यारेण्टी थियो । जब जब नेपालका वाम-लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा उभिन्छन् र आन्दोलनको नेतृत्व गर्दछन् त्यस आन्दोलनले उपलब्धी हासिल गरेका छन् । वि. सं. २०४६ को जनआन्दोलन र वि. सं. २०६२/०६३ को जनआन्दोलन-२ नेपाली जनताका आफ्नै सफलतम् आन्दोलनहरू हुन् ।

## प्रथम संविधान सभादेखि दोस्रो संविधान सभासम्म

जेष्ठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले देशबाट राजतन्त्र समाप्त गरी गणतन्त्र स्थापनाको घोषणा गऱ्यो र गणतन्त्रको घोषणा युद्धमा विजय प्राप्त गरेर नभई जननिर्वाचित संसदले गऱ्यो । यो आफैंमा ऐतिहासिक घटना हो । यस घोषणाबाट देश राजनीतिक रूपले सामन्ती युग समाप्त गरी पूँजीवादी लोकतान्त्रिक गणतन्त्रात्मक चरणमा प्रवेश गरेको हो । यस सम्पूर्ण क्रान्तिकारी प्रकृयामा वामपन्थी शक्तिहरूको अहम् भूमिका रहेको हो ।

तर दूर्भाग्यवस संविधान सभाको गठन पश्चात शुरू भएको नयाँ राजनीतिक चरण बिस्तारै बिस्तारै माओवादी र माओवादी इतर बिचको तनाव, अविश्वास र सत्ताका लागि संघर्षको चरणमा परिणत हुन पुग्यो । सहमति र विमती बिच मुलुकको राजनीति अल्झिएको, अन्यौलग्रस्त र अनिश्चितता तर्फ तानिदै गयो । यो अवधि संसदीय मान्यता तथा संस्कार विपरित संसदमा हङ्गामा, वहिष्कार, तोडफोड जस्ता घटनाहरूले भरिपूर रहेको कालखण्डको रूपमा देखा पऱ्यो । यो कालखण्डमा यो अथवा त्यो निहूँमा महिनौं सम्म संसद अवरूद्ध गर्ने, समयमा बजेट पेश गर्न नदिने जस्ता काम गरिए जसले गर्दा संसद सुचारू हुन सकेन । बजेटको अभावमा विकास निर्माणको काम गर्न सकिएन । अनेकौं विधेयकले संसदमा प्रवेश पाउन सकेन । संसदीय समितिले काम गर्न सकेनन् र परिणामतः जनहितमा कुनै ठोस काम हुन सकेन । अर्को तर्फ यो भन्दा पनि उदेक लाग्दो कुरा संविधान लेखन, शान्ति प्रकृया जस्ता प्रथम महत्वका कामहरू अवरूद्ध गरिए र संविधान सभाले तोकेको दुई वर्षको अवधिमा संविधान दिन सकेन । उल्टै नाटकीय रूपमा एक वर्षका लागि थप्ने काम भयो । सत्ता संघर्षले गर्दा माधव नेपालले प्रधानमन्त्री पदबाट राजिनामा दिए पश्चात सात महिना सम्म नयाँ सरकार गठन गर्न सकिएन । मुलुकमा राजनीतिक रूपमा शून्यताको अवस्था सृजना हुन पुग्यो । लामो द्वन्द्व पश्चात माओवादीको समर्थनमा एमालेका उम्मेदवार झलनाथ खनाल प्रधान मन्त्रीमा निर्वाचित भए । झलनाथ खनालको नौ महिने शासनकाल द्वन्द्व र अन्यौलको काल मात्र हुन पुग्यो । अस्वभाविक रूपमा माओवादीको अन्तरघातको कारण यो सरकारको विघटन हुन पुग्यो भने माओवादी र मधेशवादी दलहरूको अपवित्र गठबन्धनमा टेकेर बाबुराम भट्टराईको नेतृत्वमा नयाँ सरकार गठन हुन पुग्यो । दलहरू बीच संविधानका अन्तरवस्तुमा व्यापक मतभेदलाई निहुँ बनाउँदै जनआन्दोलनको महानतम उपलब्धीको रूपमा रहेको संविधान सभालाई नै विघटन मात्र गरेन, मुलुकलाई थप अन्यौल र संकटग्रस्त अवस्थामा धकेल्ने काम भयो ।

संविधान सभाको गठन पश्चात मुलुकलाई अग्रगामी दिशातिर फड्को मार्ने एक अभूतपूर्व अवसर सृजना भएको थियो । तमाम श्रमजिवी, शोषित किसान, मजदुर, मधेशी, जनजाति, महिला, दलित तथा सीमान्तकृत अल्पसंख्यक जनताको मुक्तिको विषयलाई राजनीतिको मूल धारमा ल्याउने सुनौलो अवसर मुलुकले प्राप्त गरेको थियो । जनआन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै मुलुकको सामाजिक, आर्थिक विकास गर्दै नयाँ युगमा प्रवेश गराउने अवसर आएको थियो । जनआन्दोलन-२ को उपलब्धी मानिएको संविधान सभाको विघटन भई दोस्रो संविधान सभाको गठन भएको छ । तर, संविधानमा उल्लेख गरिने मुख्य विष्यवस्तुमा माओवादी लगायत जातीय पहिचानवादीहरूसँग मूलधारका दलहरूको एक मत हुन सकेको छैन ।

यस अवधिमा देशका प्रमुख दलहरूको भूमिका ज्यादै सकारात्मक देखिएको छैन । संविधान निर्माण गर्ने कामभन्दा सत्ताको होडवाजी, पार्टीगत स्वार्थ, देश र जनताको चाहना र आवश्यकता भन्दा आफूले चाहे जस्तो संविधान बनाउनु पर्ने अडान हावी भएको देखियो । यसका साथै दलहरू बिचको द्वन्द्वबाट फाइदा उठाउँदै वैदेशिक शक्ति केन्द्रहरूको चलखेल पनि नग्न रूपमा देखा पऱ्यो । जसले गर्दा राष्ट्रिय स्वाधिनता निकै कमजोर भएको अवस्था सृजना हुन पुगेको छ ।

यस अवधिमा नेपालका वामपंथी दलहरू आफ्नै इतिहासलाई बिर्सदै सत्ता केन्द्रित राजनीतिमा नै बढी केन्द्रित हुन पुगेको देखियो । माओवादी पार्टीले मुलुकको शक्ति सन्तुलनको यथार्थ अवस्थालाई अस्वीकार गर्दै आफ्नो शक्तिको अतिमूल्याकंन मात्र गरेन वस्तुगत अवस्थाको विश्लेषण नगरी एक्लो रूपमा चाँडो चाँडो फड्को लगाउने प्रयास गऱ्यो । फलस्वरूप एमाओवादीको नेपाली राजनीतिमा प्रभाव स्वात्तै घट्यो ।

यस अवधिमा एमालेले पनि आफ्नो वर्ग विचलनपन, ढुलुमुलपन, जन आन्दोलनका उपलब्धीको रक्षा गर्ने भन्दा पनि सत्ता प्राप्त गर्न जुनसुकै प्रकारको गठबन्धन गर्ने आदि व्यवहार र आचरण नै हावी रहेको देखियो । संविधान सभामा प्रतिनिधित्व गर्ने अन्य साना वाम दलहरूले पनि कुनै ठोस सकारात्मक पहल कदमी लिन सकेको देखिएन । समष्टिगत रूपमा भन्नु पर्दा यस अवधिमा वामपंथी शक्तिहरू आफ्नो ऐतिहासिक दायित्व पूरा गर्न चुक्न गएको नै देखिन्छ ।

तैपनि, अहिले मुलुकमा दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न भई नयाँ शक्ति सन्तुलन कायम भएकोछ । अहिलेको कार्यभार भनेको माघ ८ भित्र संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित नयाँ संविधान निर्माण गरी जनआन्दोलन-२ का उपलब्धीहरूलाई संस्थागत गर्नुपर्ने हुन्छ । यस ऐतिहासिक जिम्मेवारी सम्पन्न गर्न वामपन्थी तथा लोकतान्त्रिक शक्तिहरूको काँधमा अहम जिम्मेवारी आइपरेको छ । विकशित घटनाक्रमलाई हेर्दा दलहरूको आन्तरिक द्वन्द्व र सत्ता लोलुपतायुक्त चरित्र नै नेपाली राजनीतिमा हावी भएको देखिन्छ । दलहरूमा देखिनु पर्ने सुझबुझपना र राष्ट्रप्रति दायित्वबोध र इतिहासमा भएका गम्भीर भूलहरूलाई नदोहोऱ्याउने संकल्पले मात्र मुलुकलाई वर्तमान संकटबाट मुक्ति दिलाउन सक्नेछ ।

## वाम आन्दोलनको सामान्य सिंहावलोकन

अहिले कम्युनिष्ट आन्दोलनका अगाडि एकातर्फ वर्तमान ऐतिहासिक चरणको ठोस विश्लेषण तथा विगतको पूर्वाग्रहरहित मूल्यांकन गर्नुपर्ने आवश्यकता छ भने अर्कोतर्फ समाज विकासको वर्तमान चरणले प्रस्तुत गरेका गम्भीर सैद्धान्तिक र संगठनात्मक प्रश्नहरूको समाधान खोज्नु पर्ने चुनौति छ । मार्क्स र लेनिनको समय भन्दा पछि विकास भएका सैद्धान्तिक चिन्तन र विज्ञान तथा प्राविधिक विकासले केही नयाँ आयामहरू थपिएका छन् । भिन्ना भिन्नै अवस्थामा काम गरिरहेका मजदूर आन्दोलन बिच तालमेल र तिनका अन्तर्राष्ट्रिय दायित्व आदिको विश्लेषण गर्नुपर्ने जस्ता जटिल सैद्धान्तिक प्रश्नहरू छन् भने अर्को तर्फ नयाँ ऐतिहासिक चरणका लागि आफ्नो रणनीति र कार्यनीति तय गर्नु त्यत्तिकै जटिल प्रश्न छ । के कुरा निश्चित छ भने वर्तमान ऐतिहासिक चरणमा कम्युनिष्ट आन्दोलन हिजोकै नारा र कार्यनीति तथा रणनीतिलाई सुत्रको रूपमा लिएर अगाडी बढ्न सक्दैन । वर्तमान परिस्थितिको गम्भीर मूल्यांकन गरी आजको अवस्थासँग मेल नखाने खालका पुराना कार्यपद्धति र नाराहरूलाई त्यागी नयाँ चरणको नयाँ माग अनुसार यस आन्दोलनलाई आगाडि बढाउनु पर्ने हुन्छ । तर जेसुकै र जस्तोसुकै परिवर्तन र परिमार्जन गर्नु परे पनि कम्युनिष्ट हरूले आफ्नो लक्ष्यलाई बिर्सनु हुँदैन र वर्गीय चरित्र छोड्न पनि हुँदैन ।

नेपाली वाम आन्दोलन भित्र मूलतः सधै दुई धार र चिन्तनको प्रतिनिधित्व भएको देखिन्छ । एकातिर शसस्त्र जनयुद्ध तथा जनविद्रोहको माध्यमबाट जनवादी क्रान्तिलाई सम्पन्न गर्दै समाजवाद तिर अगाडि बढ्ने कार्यनीति देखिन्छ भने अर्कोतिर मुलुक भित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएको वर्गीय र राजनीतिक शक्ति सन्तुलनलाई मध्यनजर राख्दै शान्तिपूर्ण जनसंघर्षको माध्यमद्वारा जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी दिशामा अगाडी बढ्न उत्पन्न भएका सम्भावनाहरूलाई उपयोग गर्दै अगाडी बढ्ने रणनीति देखा परेको छ । झापा विद्रोह देखि माओवादीले सञ्चालन गरेको दश वर्षे जनयुद्धले पहिलो धारको प्रतिनिधित्व गर्दछ भने वामपंथी शक्तिहरूको सहभागितामा मुलुकमा भएका महत्वपूर्ण जनआन्दोलनहरूले दोस्रो धारलाई दर्शाउँदछ । यी दुवै धार बिचको वैचारिक द्वन्द्व नेपाली वाम आन्दोलनको विशेषता हुँदा हुँदै पनि यो दुवै धारको प्रतिनिधित्व गर्ने शक्तिहरू एक भई जनआन्दोलनमा सरिक भएका छन् र उपलब्धीहरू हासिल गरेका छन् ।

यी दुवै खेमा अहिले मोटामोटी रूपमा माओवादी र गैरमाओवादी चिन्तनको धारमा विभाजित छ । दुवै धारले आफ्नो लक्ष्य समाजवाद नै लिएका छन्, साथै समाजवादमा संक्रमण पूर्व यो अथवा त्यो रूपको संक्रमणकालीन व्यवस्था आवश्यक पर्ने कुराप्रति कमोवेश सहमति राख्दछन् । सबैले यो अथवा त्यो रूपमा वाम एकताको प्रश्न पनि उठाएका छन् । तर क्रान्तिलाई वर्तमान चरणबाट अगाडि अपनाउनु पर्ने रणनीति तथा कार्यनीति, आन्दोलनको स्वरूप राज्यको शासकीय स्वरूप, बहुदलीय संसदीय व्यवस्था, बहुलवाद, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका आदि अहम सवालमा गहिरो मत भिन्नता रहेका छन् ।

नेपाली क्रान्तिको सबैभन्दा उपयुक्त र कम जोखिमपूर्ण बाटो भनेको शान्तिपूर्ण जनआन्दोलन नै हो भन्ने अडान हालको नेकपा (संयुक्त) को अरू नेपाली वामहरूको भन्दा पृथक छ । तत्कालीन सोभियत संघको नेतृत्वमा सशक्त समाजवादी शिविर तथा कम्युनिष्ट आन्दोलन उत्कर्षमा रहेको बेला गैर पूँजीवाद विकासको बाटो भई समाजवादमा संक्रमणको रणनीतिको रूपमा नेकपा (संयुक्त) ले शुरूको कालमा "राष्ट्रिय प्रजातन्त्र" लाई आफ्नो क्रान्तिको कार्यक्रमको रूपमा अघि सारेको थियो तर सोभियत संघको विघटन सँगसँगै अन्तर्राष्ट्रिय समाजवादी शिविर नरहेको अवस्थामा आफ्नै मौलिकतामा अधारित आर्थिक, सामाजिक रूपान्तरणको कार्यक्रम तय गर्नुपर्ने अवस्था सृजना हुन पुग्यो । यस अवस्थाले गर्दा आफ्नो क्रान्तिको बाटो विगतको भन्दा भिन्नै रूपमा तय गर्नुपर्ने आवश्यकता अनुसार नेकपा (संयुक्त) ले वि. सं. २०५४ सालमा सम्पन्न सातौं महाधिवेशनबाट नयाँ कार्यक्रम "राष्ट्रिय जनवाद" को घोषणा गरेको हो । परिस्थिति प्रतिकूल नभए सम्म शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट राष्ट्रिय जनवादी संरचनाका कार्यभार सम्पन्न गरी समाजको प्रजातान्त्रिकरण र जनवादको विकास गर्दै समाजवादमा संक्रमणको वस्तुगत र मनोगत आधारहरू सृजना गरी समाजवादमा संक्रमण गर्नु नै "राष्ट्रिय जनवाद" को सार हो । युग प्रवाहसँग तालमेल बसाई विज्ञान तथा प्रविधिको आयात, सोझो लगानी तथा ऋण प्रवाह र सहयोगलाई आफ्नो देश र जनताको हित र क्षमताको उपयोग गर्दै स्वतन्त्र तथा स्वावलम्वी राष्ट्रिय अर्थतन्त्रको विकासको बाटोलाई राष्ट्रिय जनवादी कार्यक्रमले आत्मसात गरेको छ भने यो कार्यक्रमले लोकतन्त्रलाई आम श्रवजीवि जनताको प्रत्यक्ष र व्यापक सहभागिता सुनिश्चित र स्थापित गर्नेछ । सारसंक्षेपमा भन्ने हो भने "राष्ट्रिय जनवादी" कार्यक्रम राष्ट्रियता र जनवादको समुच्चय सहितको समाजवादीन्मुख संक्रमणकालीन राज्य सत्ताको स्थापना गर्ने कार्यक्रम हो ।

नेकपा (एमाले) ले आफ्नो पार्टीको पाचौं महाधिवेशनबाट जनताको बहुदलीय जनवाद (जवज) कार्यक्रमलाई अनुमोदन गऱ्यो । यो घोषणा सँगै एमालेले औपचारिक रूपमा सशस्त्र संघर्षको नीति त्याग गर्दै शान्तिपूर्ण आन्दोलन मार्फत जनताको पक्षमा राज्य व्यवस्था स्थापना गर्ने आफ्नो रणनीति सार्वनजनिक गऱ्यो । तर "जनताको बहुदलीय जनवाद" कार्यक्रममा वर्ग विश्लेषण, नेपाली युगको व्याख्या, क्रान्तिमा बल प्रयोग आदि विषयमा अझै अन्यौलता देखिएको छ भने "जवज" लाई समयानुकुल परिमार्जन गर्नुपर्ने सोच एमाले भित्रै उठिरहेको अवस्था विद्यमान छ ।

नेपाली समाज समष्टिगत रूपमा सामन्ती आर्थिक सामाजिक संरचनालाई निषेध गर्दै पूँजीवादी संरचना तर्फ संक्रमणको प्रकृयाबाट गुज्रिरहेको समाज हो । यो संक्रमणकालको दौरान बहुआयामिक र चारित्रिक भिन्नता सहितका जटिलताहरू राजनीतिक क्षेत्रमा देखिनु स्वभाविक कुरा हो र आज यी जटिलताहरू अगाडि आएका छन् । वि. सं. २०६२।०६२ को जनआन्दोलनले केन्द्रीकृत राजतन्त्रात्मक व्यवस्थालाई समाप्त गरी लोकतान्त्रिक गणतन्त्रको परिपाटी स्थापना गरेको छ । यसले राजनीतिक रूपमा सामन्ती शासनलाई अन्त्य गरेको छ र पुँजीवादी आर्थिक संरचनाका लागि मार्ग प्रशस्त गरेको छ । तर सामन्ती संस्कार र संस्कृतिलाई समाप्त गर्न बाँकी छ र यसका लागि निरन्तर संघर्ष अवाश्यक पर्दछ । यस चरणबाट क्रान्तिलाई आम श्रमजिवी जनताको पक्षमा आमूल आर्थिक, सामाजिक रूपान्तरणको दिशामा अगाडि बढाउनु पर्ने आवश्यकता छ ।

कुनै पनि क्रान्तिको चरित्र यस कुराबाट निर्धारण हुन्छ कि त्यसले कुन व्यवस्थालाई विस्थापित गर्दैछ र कुन नयाँ व्यवस्थालाई स्थापित गर्दैछ तथा क्रान्तिको बाहक शक्ति कुन हो र त्यसले कुन वर्गको हित संरक्षण गर्दैछ ।

नेपालमा अहिले राजनीतिक रूपमा सामन्तवाद विरोधी पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भईसकेको छ । तर नेपालमा विकसित पूँजीवाद राष्ट्रिय तथा औद्योगिक चरित्रको नभई दलाल र नोकरशाही पुँजीवादको रूपमा विकास भएको देखा परेको छ । यसबाट के भन्न सकिन्छ भने मुलुकमा समाजवादी क्रान्तिका लागि वस्तुगत अवस्था तथा मनोगत अवस्था अहिले परिपक्व भइ सकेको छैन । यस अवस्थामा अहिलेको चरण भनेको पूँजीवादी लोकतान्त्रिक चरण र समाजवादी चरण बीचको संक्रमणकालीन आर्थिक सामाजिक संरचना हुनेछ । यसलाई अझ प्रष्ट भन्नु पर्दा नेपालको वामपंथी पार्टीहरूको अबको कार्यक्रम भनेको समाजवाद उन्मुख लोक कल्याणकारी आर्थिक सामाजिक कार्यक्रम तय गर्नु र त्यसलाई व्यवस्थित रूपमा लागू गर्नु हुनेछ ।

नेपालको वाम आन्दोलनले भिषण जनयुद्धदेखि महानतम विशाल जनआन्दोलनको अनुभव बटुलिसकेको छ । वाम आन्दोलनले विभिन्न आरोह अवरोह पार गर्दै एक ऐतिहासिक चक्र पुरा गरिसकेको छ । मुलुकमा विकशित नयाँ

परिस्थितिलाई हाँक्न सक्ने वाम आन्दोलन भित्रका युवा पुस्ताले अबको नयाँ युगको नेतृत्व लिने बेला आइसकेको छ । नयाँ युगलाई नयाँ पुस्ताले मात्र गति दिन सक्दछ । यथास्थितिलाई चिर्दै नयाँ युगले दिएको अभिभारा आफ्नो काँधमा बोक्न अब नयाँ पुस्ता तयार हुनु पर्दछ ।

## नेपाली वामपंथी आन्दोलनको अबको बाटो

- जुनसुकै अवस्थामा पनि सत्ता हातमा लिए पछि क्रान्ति सम्पन्न गर्ने अघोषित समझदारीलाई आवरणको रूपमा प्रयोग गरी वाम शक्तिहरूले सत्ता लोलुपताको चरण सीमालाई नाघेको देखियो । कम्युनिष्ट आन्दोलनमा देखिएको यस प्रवृत्तिको पर्दाफास गरिनु जरूरी छ ।
- मुलुकको वस्तुगत अवस्था र वर्तमान अन्तर्राष्ट्रिय अवस्थाको सहि विश्लेषण र त्यसमा आधारित वैचारिक र शैद्धान्तिक अडान र कार्यदिशा तय गर्नुपर्ने हुन्छ । त्यसको बलमा प्राप्त उपलब्धीलाई टिकाउन, संस्थागत र सम्बर्द्धन गर्न क्रान्तिकारी, सिद्धान्तनिष्ठ र आन्तरिक लोकतन्त्र सहितको अनुशासित संगठनको निर्माण अनिवार्य रूपमा आवश्यक छ ।
- पार्टी भित्र देखा परेको वैचारिक र संगठनात्मक विसङ्गति, विकृतिलाई चिर्नका लागि वाम आन्दोलनमा कार्यरत युवा पुस्ताले अठोटका साथ अगाडि बढ्नु पर्ने समयको माग हो ।
- वाम लोकतान्त्रिक शक्तिहरू बिचको समझदारी र एकता आजको पनि आवश्यकता हो । रणनीतिक कार्यक्रमहरूबारे समनिकटता भएका वामपन्थी शक्तिहरू बिचको एकताका लागि आवश्यक संवाद र अन्तरक्रियाका लागि र वामपन्थीहरूको संयुक्त शक्ति निर्माणका लागि आजको चरणमा वृहत वाम मोर्चाको आवश्यकता छ ।
- आम जनताको जनजीविका सम्बन्धी सरोकारका विषयहरूमा तत्कालिक कार्यक्रमको आधारमा जनताको बीच जानु आवश्यक छ ।
- राजनीतिक रूपमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भैसकेको अवस्थामा अब वाम आन्दोलनले प्राप्त अधिकारलाई संस्थागत गर्दै समाजवाद उन्मुख लोक कल्याणकारी आर्थिक सामाजिक कार्यक्रम तय गर्नु परेको छ ।
- जनआन्दोलन-२ बाट प्राप्त गरेका संघीय लोकतान्त्रिक, गणतन्त्र, धर्म निरपेक्षता, बहुलवाद, जातीय, धार्मिक, भाषिक, लैङ्गिक तथा क्षेत्रीय समानता, मानव अधिकार आदि आधारभूत अधिकारको संरक्षण र संस्थागत विकासका लागि सडक र सदनमा पहलकदमीलाई तिब्र पार्ने ।
- जनआन्दोलन-२ का उपलब्धीलाई संस्थागत गर्न आन्दोलनका सहयात्री राजनीतिक दल, नागरिक समाज र यावत अग्रगामी जनता बिच एकता र सहकार्यका लागि निरन्तर प्रयास गर्ने ।
- देशको राजनीति र आन्तरिक मामलामा बढ्दै गइरहेको विदेशी चलखेल विरूद्ध र देशको सार्वभौमसत्ता तथा राष्ट्रियताको संरक्षण र सम्बर्द्धनका लागि संयुक्त रूपमा राष्ट्रिय जनजागरण अभियान सञ्चालन गर्ने ।
- शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, शान्ति सुरक्षा तथा नागरिकको सूचनाको अधिकारका लागि साझा संघर्ष चलाउने ।

# नेकपा (माले) : पृष्ठभूमि र आजको महत्व

- कुमार बेलबासे,
पोलिटब्युरो सदस्य, नेकपामाले

## १. नेकपा स्थापनाको पृष्ठभूमि :

द्वितीय विश्वयुद्ध पछि मात्र एशियाको कान्छो पार्टीका रूपमा सन् १९४९ अप्रिल २२ तारिखका दिन तदनुसार वि.सं. २००६ साल वैशाख १० गते कलकत्ता (भारत) को श्यामबजारमा क. पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नु भयो । त्यसको चार महिनापछि केन्द्रीय संगठन समिति (ऋइऋ) बन्यो । त्यसमा क. पुष्पलाल, मनमोहन, तुलसीलाल, डिपी अधिकारी, शैलेन्द्र उपाध्याय र भाकपाका अयोध्या सिंह रहे ।

विश्वको छैठौं भागमा अर्थात तत्कालिन सोभियत संघमा रूसी पञ्चाङ्ग अनुसार सन् १९१७ अक्टोवर २५ ता. (तर संसारभरी चलेको आधुनिक पञ्चाङ्ग अनुसार नोभेम्वर ७ तारिख जसमा १३ दिनको फरक हुन्छ) मा समाजवादी व्यवस्थाको स्थापनाले विश्वभरी ल्याएको क्रान्तिकारी लहर, भारतीय स्वतन्त्रता संग्रामको सफलता, चीनमा क. माओ त्सेतुङ्गको नेतृत्वमा सम्पन्न जनवादी क्रान्तिको सफलता तथा मुलुकभित्रको स्वेच्छाचारी जहानीया राणा शासन विरोधी आन्दोलनको प्रभाव र निरंतर बढ्दै गरेको नवचेतनाको लहर नै नेपाल कम्युनिष्ट पार्टी स्थापनाका प्रेरणादायी कारक तत्वहरू रहेका थिए ।

वि.सं. २००६ साल वैशाख १२ गते (२४ अप्रिल, १९४९) मा नेकपाको सवभन्दा पहिलो पर्चा र सेप्टेम्वर, १९४९ मा प्रकाशित नेकपाको पहिलो घोषणापत्र मार्फत पार्टीले नयाँ जनवादी क्रान्तिको शंखघोष गऱ्यो ।

पार्टीले 'राणा, कांग्रेस र राजा'का बीच भएको २००७ सालको दिल्ली सम्झौताको कडा विरोध गऱ्यो । 'दिल्ली सम्झौता धोखा हो !' भन्ने नारा धन्काउँदै आन्दोलन चर्काउँदै गयो । आन्दोलनकै क्रममा नेकपाको सक्रियतामा अखिल नेपाल ट्रेड युनियन, अखिल नेपाल किसान संघ, अखिल नेपाल विद्यार्थी फेडेरेशन, अखिल नेपाल महिला संघ आदि वर्गीय संगठनहरू खोलिए । वि.सं. २००८ को असारमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूलाई नेपाल भ्रमणका अवसरमा कालो झण्डा देखाउने काम भयो । राणा-कांग्रेस संयुक्त सरकारका विरूद्ध संघर्ष चलाउन नेपाल कम्युनिष्ट पार्टी, प्रजापरिषद, नेपाल युवक संघ, अनेयुसं, अनेमजदुर संघ, अनेमसंघ, अनेविफे, समाज सुधार संघ, प्रगतिशील अध्ययन मण्डल आदि सम्मिलित भई वि.सं. २००८ असार २३ गते 'जातीय जनतान्त्रिक संयुक्त मोर्चा' ( राष्ट्रिय जनवादी संयुक्त मोर्चा) गठन गरियो ।

## २. प्रथम सम्मेलन :

वि.सं. २००८ साल असोज (२७ सेप्टेम्वर-२ अक्टोवर १९५१) मा कलकत्तामा नेकपाको प्रथम सम्मेलन भयो । सम्मेलनले 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' नामक क. पुष्पलालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन पारित गर्दै पार्टीको क्रान्तिकारी कार्यदिशा तय गऱ्यो भने क. पुष्पलाललाई महासचिव चुन्यो । अर्कातिर उक्त सम्मेलनले पार्टी इतिहासमै सर्वप्रथम पार्टीको विधान पारित गऱ्यो । पार्टीमा केन्द्रीय समिति, पोलिटब्युरो र जिल्ला संगठन समितिहरूको व्यवस्थापन कार्यको विकास भयो । महासचिव क. पुष्पलालको अतिरिक्त पोलिटब्युरोमा शैलेन्द्रकुमार उपाध्याय, मनमोहन अधिकारी र अयोध्या सिंह रहे । यसैबीच दिल्ली सम्झौताको विरोधमा भैरहवामा पक्राउ परी काठमाडौं ल्याइएका डा. केआई सिंहले २००८ माघ ९ गते (जनवरी १९५२) मा गरेको विद्रोहलाई समर्थन गरेको निहुँमा माघ १०, २००८ मा सरकारले नेकपालाई प्रतिवन्धित गऱ्यो । प्रतिवन्धित अवस्थामा नेकपाले आफ्ना जनवर्गीय संगठन र 'जनअधिकार सुरक्षा समिति'को नामबाट संघर्ष जारी राख्यो । यसै अवधिमा नेकपाले प्रभावकारी किसान आन्दोलनहरू सञ्चालन गऱ्यो । बारा, पर्सा, रौतहट, सर्लाही लगायत मुलुकका कतिपय जिल्लाहरूमा सशक्त किसान आन्दोलनहरू सञ्चालन गरिए । जसमा भकारी फोर आन्दोलन र " 'हाँ' नहि 'जी' कहों" आन्दोलनहरू सञ्चालन भएका कुरा उल्लेखनीय छन् ।

## ३. प्रथम महाधिवेशन :

नेकपाको प्रथम महाधिवेशन भूमिगत रूपले २०१० साल माघ १७ गते (३० जनवरी १९५४) मा उद्घाटन भई पाटन र काठमाडौं गरी ९ दिनसम्म चल्यो । महाधिवेशनले मनमोहन अधिकारीलाई महासचिव चयन गऱ्यो । महासचिव अधिकारी सहित पुष्पलाल, शम्भुराम श्रेष्ठ, डिपी अधिकारी र शैलेन्द्रकुमार उपाध्याय रहेको पोलिटब्युरोको अतिरिक्त केन्द्रीय समितिमा केशरजंग रायमाझी, कमर साहा, कृष्णराज बर्मा, हिक्मतसिंह भण्डारी, गोपालकृष्ण प्रसाई, धनुषचन्द्र गौतम, केदार उपाध्याय, नरबहादुर कर्मचार्य र मधु सिंह छानिए । यहाँ स्वभाविक रूपमा एउटा जिज्ञासा पैदा हुन्छ कि, पार्टीका संस्थापक नेता तथा प्रथम सम्मेलनद्वारा महासचिव पदमा चयन गरिएका क. पुष्पलाललाई किन प्रथम महाधिवेशनले महासचिव चयन गरेन ? यस प्रश्नको उत्तरमा केही व्यक्तिगत आग्रह-पूर्वाग्रहका अतिरिक्त मूलरूपमा भाकपाको नेकपामा परेको र पारिने प्रभाव नै थियो भन्न सकिन्छ । नेपाली कम्युनिष्टहरू अन्तर्राष्ट्रिय आन्दोलनकै पक्ष थिए र भारतीय कम्युनिष्ट पार्टीको प्रत्यक्ष निर्देशन, अनुगमन र संरक्षणमा संगठित भएका थिए । तद्नुरूप त्यहाँको वैचारिक तथा संगठनात्मक परिवर्तनको नेकपामाथि प्रभाव परिआएकै थियो । भाकपाको महासचिवबाट तुलनात्मक रूपमा क्रान्तिकारी नेता वि.टी. रणदीवेलाई हटाई शान्तिपूर्ण संसदीय संघर्ष गर्ने मान्यता बोकेका राजेश्वर राव महासचिव भएपछि २००८ सालमै रणदिपे पक्षधर पुष्पलाललाई हटाई नेपाल कम्युनिष्ट पार्टीको महासचिवमा राजेश्वर राव पक्षधर मनमोहन अधिकारी चयन गरिएको थियो भने प्रथम महाधिवेशनले पनि मनमोहन अधिकारीलाई नै महासचिव चयन गऱ्यो । उपरोक्त अनुसार भाकपा र नेकपाको समिकरण रहेको परिप्रेक्षमा नेपालमा नयाँ जनवादी क्रान्ति पक्षधर क. पुष्पलाललाई पार्टी महासचिवमा चयन नगरिनु त्यति अचम्मको कुरा रहेन । प्रथम महाधिवेशनले मुल रूपमा संविधानसभाको माग अगाडि साऱ्यो । प्रजातान्त्रिक अधिकार वहालीको माग गऱ्यो, दिल्ली सम्झौताको विरोध गऱ्यो । र सामन्ती शासन विरूद्ध संघर्ष गर्ने कुरा अगाडि साऱ्यो ।

## ४. दोस्रो सम्मेलन :

यसैगरी पार्टीको दोस्रो सम्मेलन २०१२ कार्तिक २१-२७ सम्म काठमाडौंमा आयोजना गरियो । त्यसले पनि क. मनमोहन अधिकारीलाई नै महासचिव छान्यो । तर, पार्टीको नीति, कार्यक्रम र कार्ययोजनामा कुनै क्रान्तिकारी परिवर्तन गरिनुभन्दा उल्टै २०१३ वैशाख ३ गते पार्टी महासचिव मनमोहन अधिकारीद्वारा जारी वक्तव्य मार्फत शान्तिपूर्ण तरिकाबाट समाजवादको प्राप्ति र राजालाई वैधानिक मुख्य मान्ने सहमति दिई पार्टीलाई दक्षिणपन्थी संशोधनवादी भासमा डुवाउने उपक्रम रचियो ।

## ५. दोस्रो महाधिवेशन :

पार्टीको दोस्रो महाधिवेशन २०१४ जेठ १५-२५ (मई २८-जुन ६, १९५७) मा आयोजना गरियो । महासचिवमा डा. केशरजंग रायमाझी चुनिए । केशरजंग रायमाझी महासचिव चुनिनुमा केही आग्रह र केही संयोग समेत रहेको उल्लेख गर्नु प्रासंगिक होला । सेप्टेम्बर १९५६ (असोज, २०१३) मा चिनियाँ कम्युनिष्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा नेकपाबाट तीन जना प्रतिनिधि चीन जाने विषयमा वैठक हुँदा महासचिव मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठ सर्वसम्मत चुनिएका र एक जना प्रतिनिधिको निम्ति छलफल हुँदा निर्णयमा पुग्न नसकी निर्वाचननै गर्नु परेको थियो । त्यस निर्वाचनमा क. पुष्पलाल र कमर साहा मध्ये साहालाई एक भोट बढी मिलेर चुनिदा त्याँहा देखिएको गुठबन्दीबाट क. पुष्पलाल चिढिन पुगे । पछि कायममुकायम महासचिवको निम्ति उनको नाम प्रस्तावित हुँदा अस्वीकृत गरेकोले त्यस पछि डिपी अधिकारीको नाम प्रस्तुत हुँदा उनले पनि अस्वीकार गरेकोले केशरजंग रायमाझीले उक्त पदमा रहने इच्छा व्यक्त गरे । त्यस पछि रायमाझी नै कामु महासचिव भए ।

नेकपाको दोस्रो महाधिवेशन हुँदो प्रथम महाधिवेशनका महासचिव मनमोहन अधिकारी चीनमै बसेर चर्मरोगको उपचार गराइरहेका थिए । त्यसैले पनि कामु महासचिवको हैसियतमा दोस्रो महाधिवेशनमा केशरजंग रायमाझी नै महासचिव हुन पुगे । महाधिवेशनले महासचिव रायमाझी समेत पुष्पलाल, तुलसीलाल, डिपी अधिकारी, कमर साहा, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णराज बर्मा, मोहनविक्रम सिंह, अरविन्द रिमाल, पी.एन्. राणा,

पि.वी. मल्ल, कमलराज रेग्मी, केदारप्रसाद उपाध्याय, कृष्णलाल श्रेष्ठ, कृष्णप्रसाद शर्मा (अधिकारी) र मधु सिंह गरी १७ सदस्यीय केन्द्रीय समिति चुनियो ।

## ६. आम निर्वाचनमा नेकपा :

फेब्रुअरी १ १९५८ (फागुन, २०१४) मा राजाद्वारा आम निर्वाचनको मिति तोकिए पछि उक्त चुनावमा भाग लिने/नलिनेबारे पार्टीभित्र बहस चर्कियो । संवैधानिक राजतन्त्रको समर्थन गर्ने तथा राष्ट्रका सर्वोच्च नेताको प्रतिष्ठामा (राजाको प्रतिष्ठामा) आँच आउने कुनै पनि कुराको विरोध गर्ने घोषित नीति अँगालेका पार्टी महासचिव केशरजंग रायमाझीको अध्यक्षतामा जुन १९५८ मा रौतहटमा बसेको केन्द्रीय कमिटीको बहुमतले आमनिर्वाचनमा भाग लिने निर्णय गर्‍यो ।

नोभेम्वर २६, १९५८ मा चुनाव घोषणापत्र जारी गर्दै नेकपाले फेब्रअरी १८, १९५९ (७ फागुन, २०१५) मा भएको संसदीय निर्वाचनमा भाग लियो । मुलुकभरका लागि निर्धारण गरिएको जम्मा १०९ निर्वाचन क्षेत्रमा ७८६ जना उमेदवार चुनावी मैदानमा उत्रेका थिए । नेकपाले ४७ स्थानमा उमेदवार उठायो जसमा ४ जना विजय भए, १० जनाले दोस्रो स्थान प्ाप्त गरे ३३ जनाको जमानत जफत भयो । त्यस निर्वाचनमा खसेको कूल १७,९१३८१ मत मध्ये नेपाल कम्युनिष्ट पार्टीले १,२९,१४२ मत अर्थात ७.२०% मत प्राप्त गर्‍यो । निर्वाचनमा नेकपाको स्थिति कमजोर देखिए पनि त्यस निर्वाचन मार्फत पार्टी वैधानिक रूपले जनअनुमोदिन समेत बन्यो ।

## ७. संसदको विघटन र दरभंगा प्लेनम :

वि.सं. २०१७ पुस १ गते (सन् १९६० डिसेम्वर १५) मा राजा महेन्द्रले संसदको विघटन गरी त्यसको २१ दिन पछि अर्थात पुस २२ गतेदेखि राजनीतिक दलहरूलाई प्रतिवन्धित गरे । त्यस बेला मस्कोमा रहेको केशरजंग रायमाझीले राजाको उक्त कदमलाई 'प्रगतिशील' कदम भन्दै स्वागत गर्न पुगे भने क्रान्तिकारी पक्षद्वारा १० पुस, २०१७ (२४ डिसेम्वर १९६० मा) पोलिब्युरोको नामबाट एउटा पर्चा प्रकाशित गर्दै "सैनिक आतंक" को विरोध र संसदीय दलहरूको सम्मेलनमो माग गरियो ।

यसै बीच पार्टीभित्रको विवाद चर्किंदै गईरहेको परिप्रेक्षमा भारतको दरभङ्गमा नेकपाको केन्द्रीय समितिको विस्तारित वैठक (प्लेनम) को आयोजना गरियो । विवाद लम्बिएका कारणले उक्त विस्तारित वैठक एक महिनासम्म चल्यो । वैठकमा २४ जिल्लाका प्रतिनिधिहरू तथा केन्द्रीय समितिका सदसयहरू समेत गरी ५४ जनाको सहभागिता रहेको थियो । प्लेनममा तनिवटा राजनीतिक लाइन प्रस्तुत भए । १. संसदीय व्यवस्थाको स्थापना २. विघटित संसदको पुनर्स्थापना, ३. संविधानसभाको चुनाव । यस्तो परिस्थितिमा पार्टीमा देखा परेका मतभेदको निराकरण गर्न प्लेनमले ९ महिनाभित्र तेस्रो महाधिवेशन आयोजना गर्ने भन्ने निर्देन केन्द्रीय समितिलाई दियो । त्यसैगरी तेस्रो महाधिवेशनको नेतृत्वमा पनि वि.सं. २०२२ (१९६५) देखि विवाद चर्कदै गयो । त्यसको अर पार्टीका तल्ला तहमा पर्न थाल्यो २०१९ को तेस्रो महाधिवेशनद्वारा तय गरिएको राजनीतिलाई अस्वीकार गर्दै बागमती प्रान्तीय कमिटीले केन्द्रसँग आफ्नो सम्कर्प विच्छेद गर्‍यो । त्यसै गरी पूर्व-कोशी प्रान्तीय कमिटीले भारतको कटीहारमा सम्मेलन गरी स्वतन्त्र ढंगले सञ्चालित हुन थाल्यो भने दाङ्ग र प्युठान जिल्लामा पनि त्यही प्रवृत्ति देखियो । अर्थात पार्टी भित्र उत्पन्न फुट र विवाद पार्टीका सबै तह र अङ्गमा व्याप्त हुँदै गयो ।

## ११. पार्टी विभाजनको पृष्ठभूमि र विभाजन

नेपाल कम्युनिष्ट पार्टीमा विभाजनको प्रारम्भको पछाडि मूल रूपमा वैचारिक कारण नै रहेको पाइन्छ । सन् २०१३ साल असोजमा केशरजंग रायमाझी काम महासचिव पदमा आसिन भएदेखि बढ्दै गरेको अर्न्तपार्टी विवाद २०१३ साल तिरै उत्त्र गण्डक प्रान्तीय समिति (काठमाडौं, बन्दीपुर, गोर्खा) र धनकुटा तथा चैनपुर जिल्ला समतिहिरूले केन्द्रीय समितिसँग सम्बन्ध विच्छेद गरे । दोस्रो महाधिवेशनमा महासचिव निर्वाचित भए पछि उनले महचाधिवेशनमा प्रस्तुत गरेको लाइन सवैधानिक राजतन्त्रको स्थापना गर्ने भन्ने प्रस्तावमा असहमत रहँदै

आएका महाधिवेशन प्रतिनिधिहरू असन्तुष्टि स्वरूप 'नविन विचार' को नाममा २०१४ सालमा शैलेन्द्रकुमार उपाध्यायको महलमा 'संयुक्त एरिया कमिटी (प्रस्तावित) नेकपा मोरंग गठन गरे । हुनत दोस्ो सम्मेलन यही महासचिव मनमोहन अधिकारीले राजालाई सम्वैधानिक मुख्य मान्ने भन्ने वक्तव्य जारी गरेपछि रोतहट, विरगं जिल्लाहरूले कन्द्रसँग सम्पर्क विच्छेद गरेका थिए । २०१७ पौष १ को राजा महेन्द्रले संसदमा विघटन गरेको कामलाई प्रगतिशील कदम भन्ने तत्कालिन महासचिव रायमाझीको अभिव्यक्ति पछि पार्टीमा दुई लाइनको संघर्ष तीव्र भयो । २०१९ सालमा आयोजित तेस्रो महाधिवेशनले रायमाझी प्रवृत्तिलाई पार्टीबाट निष्काशित गरे पछि पनि पार्टीले गति लिन सकेन पार्टी केन्द्र र जिल्लाको सम्बन्ध सिरिदै गयो । पार्टी केन्द्रीय कमिटीको सातौ वैठकको सिलसिलामा जारी गरिएको सर्कुलरका केही हरफहरू, "आज केन्द्रीय कार्यालय र जिल्ला समिति बीचमा कुनै जिवित सम्पर्क छैन, भएको सम्पर्क टुट्दो छ ।" ले पार्टीको तत्कालिक अवस्थालाई दर्शाउछ ।

२०१९ सालमा आयोजित तलबाट बोलाइएको तेस्रो महाधिवेशनले राजावादी भएको आरोपमा पार्टीबाट निष्काशित गरिएका केशरजंग रायमाझीको नेतृत्वमा २०२३ साल (सन् १९६६) मा तेस्रो केन्द्रीय सम्मेलन गर्दै पार्टी विधान संशोधन गर्‍यो र तेस्रो महाधिवेशन गर्ने निर्णय गर्‍यो । तदनुरूप १९६७ (विस २०२४ साल) मा काठमाडौंमा महाधिवेशन गर्‍यो । यसरी स्पष्ट रूपमा नेपालमा दुईवटा कम्युनिष्ट पार्टीको अस्तित्व देखा पर्‍यो । यसका अतिरिक्त सन् १९६२ पछि चर्किदै आएको चीन-रूस महाविवादले पनि नेकपाभित्रको बहसलाई सतहमा मात्र ल्याइदिएन कि तीव्र बनायो । त्यसले पनि रूस मुखी र चीन मुखी खेमाको निर्माण गर्दै नेकपाको विभाजनमा भूमिका खेल्ने काम गर्‍यो ।

नेतृत्वमा डा. केशरजंग रायमाझी रहेको र उनले २०१७ पौष १ को राजा महेन्द्रको कदमलाई 'प्रगतिशील कदम' भन्दै स्वागत गरेको परिप्रेक्षमा २०१७ फागुन (१९६१ मार्च) मा दरभंगामा आयोजित प्लेनमले राजावादी रूझानका कारण रायमाझीलाई महासचिव पदबाट हटाई रायमाझी, डिपी अधिकारी र शम्भुराम श्रेष्ठ सहित तीन सदस्यीय सचिवालय गठन गर्‍यो भने नौ महिनाभित्र तेस्रो महाधिवेशन आयोजना गर्ने निर्णय गर्‍यो । दोस्रो महाधिवेशनबाट महासचिव निर्वाचित भए पछि रायमाझीबाट शान्तिपूर्ण आन्दोलन, राजा मान्ने र जनवादी क्रान्ति अस्वीकार गर्ने कुरा अभिव्यक्त हुन थाले । जसले महासचिव डा. रायमाझीको नेतृत्वमा तत्कालिन नेकपाको राजनीतिक दिशा प्रष्ट देखाएको थियो ।

दरभंगा प्लेनमले नौ महिनाभित्र तेस्रो महाधिवेशन आयोजना गर्ने निर्णय गरेता पनि सचिवालय र केन्द्रीय समितिले महाधिवेशन बोलाउने निर्णयको केही वास्ता गरेनन् । पार्टी नेता र कार्यकर्ताले महाधिवेशन आयोजन बारे जिज्ञासा राख्ता महासचिव लगायत जिम्मेवार पक्षले ५/६ वर्ष महाधिवेशन हुन नसक्ने जस्ता गैर जिम्मेवारीपूर्ण जवाफहरू दिन थालियो । यस्तो अवस्थामा पार्टी विधान बमोजिम तलबाट महाधिवेशन बोलाउन 'अन्तरजोन सामन्जस्य समिति' गठन गरी त्यसकै आयोजनामा २०१९ वैशाख ४-१५ (अप्रिल १९६२) मा बनारसमा तेस्रो महाधिवेशन सम्पन्न भयो । महाधिवेशनले तुल्सीलाल अमात्यलाई महासचिव चुन्यो र सन् १९६० मा तत्कालिन सोभियत संघको मस्कोमा सम्पन्न ८१ वटा कम्युनिष्ट तथा मजदुर पार्टीहरूको सम्मेलनलाई उद्घृत गर्दै 'राष्ट्रिय प्रजातन्त्र' नामक दक्षिणपन्थी औसरवादी कार्यक्रमलाई समर्थन गर्न पुग्यो । महाधिवेशनले २०१७ पौष १ गते (डिसेम्वर १५, १९६०) को राजाको अप्रजातान्त्रिक र तानाशाही कदमलाई समर्थन गरेको आरोपमा डा. केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ, कमर साह, डी.पी. अधिकारी र पी.बी. मल्ललाई पार्टीबाट निष्काशीत गर्‍यो ।

राजावादी भएको कारणले तेस्रो महाधिवेशनले रायमाझीहरूलाई कार्वाही स्वरूप पार्टीबाट निष्काशित गर्‌यो तर, यसवेला पनि नीतिगत, कार्यक्रमिक र सांगठनिक हिसावले पार्टी नेतृत्वले सिंगो पार्टीलाई क्रान्तिकारी ढंगले एक ढिक्का गर्न र नेतृत्व दिन सकेन । परिणामतः पार्टीभित्र र बाहिर संघर्ष चल्न थाले । तेस्रो महाधिवेशनमा एकै ठाउँ देखिएका क. पुष्पलाल र महाधिवेशनद्वारा महासचिव निर्वाचित क. तुल्सीलालसमेत एक भएर अगाडि बढ्न सकेनन् । यसैताका तुल्सीलालले पार्टी कार्यक्रमलाई पुष्टी गर्ने भन्दै 'कुनबाटो' लेखे भने सिंगो पार्टीको हित तथा क्रान्तिकारी लाइनलाई उल्लेख गर्दै क. पुष्पलालले 'मुलबाटो' भन्ने दस्तावेज लेखेर कार्यकर्ता पङ्क्तिमा पुर्‍याए । त्यसै संघर्षको क्रममा २०२५ सालमा पार्टीको तेस्रो राष्ट्रिय सम्मेलनद्वारा क. पुष्पलालले नेपालको जनवादी क्रान्तिको सिद्धान्त र कार्यक्रमको रूपमा नयाँ जनवादलाई व्यवस्थित रूपमा अगाडि सार्नु भयो ।

# एमाले र माओवादीको उद्भव तथा विकास

माधव बस्नेत
पत्रकार, नेपाल साप्ताहिक

जेठ ०२८ मा झापाका केही युवाको समूहले सुरू गर्‍यको सशस्त्र विद्रोहपछि नै नेकपा माले बन्न पुगेको हो । छिमेकी भाय्तको पश्चिम बगांलमा चलिहेको माओवादप्रेरित नक्सलवाडी आन्दोलनबाट प्रभावित ती युवाको विद्रोही लप्काले १२ जनाको ज्यान लियो । चार्‍य वर्षको छिटफुट हिंसापछि ०३२ सालमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी मालेको गठन भयो ।

त्यही कमिटी ०३५ मा नेकपा माले बन्दा चिनियाँ नेता माओत्सेतुङको सोच र कार्यशैलीलाई माओवाद भन्ने कि माओ विचारधारा भन्ने प्रश्न उठिसकेको थियो । चिनियाँ मोडेलको अर्थात् नौलो जनवादी क्रान्ति भने यस पार्टीको आधारभूत रणनीति रहिरह्यो । यो पार्टी ०३६ को जनमतसंग्रहमा सहभागी हुने/नहुनेबारेमा विभाजित रह्यो र यहीबाट सुरू भयो उसको सैद्धान्तिक घुम्ती । ०४६ को जनआन्दोलनपछि भने यसमा नौलो जनवादी क्रान्ति होइन, बहुदलीय प्रकृतिको जनवादी शासन व्यवस्थामा जानपर्छ भन्ने मान्यता बलियो हुँदै गयो । अन्ततः माघ ०४९ मा सम्पन्न यस पार्टीको पाचौँ महाधिवशेनले जनताको बहुदलीय जनवाद (जबज)लाई आफ्नो कार्यदिशाका रूपमा ग्रहण गर्‍यो ।

०४७ मै नेकपा एमालको नाममा पुनःगठित यो कम्युनिस्ट पार्टी आफ्नो पाचौँ महाधिवशेनदेखि अहिलेसम्म जबजलाई नै आफ्नो मूल कार्यक्रम बनाएर अगाडि बढिय्हेको छ । नेकपा एमालेले जबजलाई आफ्नो प्रमुख कार्यक्रम बनाएर क्रान्तिको विसर्जन गर्‍यो भन्ने मूल आरोपको जगमा उभिएर असार्‍य ०५२ मा गठन गय्एिको हो, नेकपा माओवादी । नेपालको यज्य प्रणाली, सामाजिक संय्चना तथा वर्गीय स्वरूपलाई दृष्टिगत गयी सशस्त्र विद्रोहको माध्यमबाट नौलो जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्य थियो माओवादीको । त्यसैले १ फागुन ०५२ मा रोल्पा, रूकुम र सिन्धुलीलगायतका ८० ठाउँमा साना-ठूला आक्रमण गरेर सशस्त्र विद्रोहको थालनी गरियो । त्यसपछिका १० वर्ष आफ्नो प्रहार क्षमता तिखार्दै लगेको माओवादीले चुनबाङ बैठकपछि भने कोल्टे फेर्‍यो  र ७ वैशाख ०६८ मा अध्यक्ष प्रचण्डले जनविद्रोहको कार्यनीति स्थगित गर्न पोलिटब्युरोमा प्रस्तुत प्रस्ताव जुन तहका पार्टी निकायमा लगे पनि पारित हुने सम्भावना प्रबल छ ।

## नेकपा एमाले

०२८ जेठ : झापाको ज्यामिरगढीबाट 'वर्ग शत्रु खत्तम' अभियान सुरू । त्यो क्रम ०३१ सम्म जारी ।

०३२ जेठ : अखिल नेपाल कम्युनिस्ट क्रान्तिकायी को-अर्डिनेसन कमिटी माले को-अर्डिनेसन केन्द्र गठन । महासचिव सीपी मैनाली ।

०३५ पुस : नेकपा माले स्थापना । मैनाली नै महासचिव ।

०३९ कात्तिक : सीपीलाई हटाई झलनाथ खनाललाई महासचिव । पार्टी स्वतन्त्रता र राजनैतिक स्वतन्त्रताको विवाद र पार्टी स्वतन्त्रता पक्षधरमाथि व्यापक कार्वाही ।

०४३ : राष्ट्रिय पञ्चायतको निर्वाचनलाई उपयोग गर्ने वा नगर्ने भन्ने विषयमा सामान्य विवाद । अन्ततः जनपक्षीय उम्मेदवार उठाएर उपयोग गर्ने सहमति ।

०४४ : सीपी पार्टीको पूर्ण जिम्मेवायीमा पुनःस्थापित ।

०४६ भदौ : सिराहामा चौथो महाधिवेशन । मदन भण्डारी महासचिव निर्वाचित ।

०४६ चैत : जनआन्दोलनमा सहभागी ।

०४७ वैशाख : कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारमा सहभागी ।

०४७ पुस : नेकपा माले र मार्क्सवादीबीच एकता भई नेकपा एमाले गठन ।

०४८ : आमनिर्वाचनमा ६९ सिटमा विजयी ।

०४९ माघ : पाचौँ महाधिवशेनद्वारा जनताको बहुदलीय जनवाद पारित । मदन भण्डारी महासचिवमा निर्वाचित ।

०५० जेठ : चितवनको दासढुंगामा जिप दुर्घटना भएऽ मदन भण्डारी र जीवराज आश्रितको निधन ।

०५१ कात्तिक : मध्यावधि निर्वाचनमा ८८ सिटमा विजयी ।

०५१ मंसिर : मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन ।

०५३ फागुन : लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारमा सामेल ।

०५४ चैत : स्वर्गीय गिरिजाप्रसाद कोइराला नेतृत्वको संयुक्त सरकारमा सहभागी ।

०५४ माघ : छैटौँ महाधिवेशन । माधव नेपाल महासचिवमा निर्वाचित ।

०५४ फागुन : पार्टी विभाजन । वामदेव गौतम नेतृत्वमा माले पार्टीको जन्म ।

०५७ भदौ : झलनाथ खनाल नेतृत्वमा माओवादी समस्याबारे अध्ययन गर्न कार्यदल गठन ।

०५८ फागुन : वामदेव गौतमको संस्थापन पक्षको माले र एमाले बीच एकीकरण । सीपी मैनालीको नेतृत्वमा नेकपा माले पुनःगठित ।

०५९ माघ : सातौ राष्ट्रिय महाधिवेशनद्वारा पुनः माधव नेपाल महासचिवमा निर्वाचित ।

०६१ असार : प्रतिगमन आधा सच्चिएको भन्दै शेरबहादुर देउवा नेतृत्वको सरकाय्मा सहभागी ।

०६२/६३ को जनआन्दोलनमा सहभागी ।

०६३ वैशाख : गिरिजाप्रसाद कोइय्रला नेतृत्वको सरकारमा सहभागी ।

०६४ वैशाख : संविधानसभा निर्वाचनमा १ सय ९ सिट प्राप्त । महासचिव माधव नेपाल दुई स्थानबाट पराजित । एमालेको पराजयको जिम्मेवारी लिंदै ०६४ जेठमा महासचिवबाट राजीनामा ।

०६४ जेठ : झलनाथ खनाल महासचिव ।

०६५ फागनु : आठौ महाधिवेशनमा झलनाथ खनाल अध्यक्ष निर्वाचित ।

०६६ जेठ : माधव नेपाल प्रधानमन्त्रीमा निर्वाचित ।

०६७ माघ : झलनाथ खनाल प्रधानमन्त्रीमा निर्वाचित ।

## एकीकृत नेकपा माओवादी

०३१ भदौ : भारतस्थित श्रीकृष्ण धर्मशालामा चौथो महाधिवेशन । मोहनविक्रम सिंह महासचिव ।

०३५ : मोहनविक्रम सिंहलाई कारबाही । निर्मल लामा महासचिव ।

०३६ : निर्मल लामालाई काय्बाही । भक्तबहादुर श्रेष्ठ महासचिव ।

०४० : भक्तबहादुर जेल चलान । चित्रबहादुर केसी कार्यवाहक महासचिव ।

०४१ : भारत अयोध्यामा पाचौँ महाधिवेशन । मोहन वैद्य महासचिव । महाधिवेशनपछि विवाद उत्कर्षमा

०४२ : फुट । मोहन वैद्यको नेतृत्वमा मोटो मशाल र मोहनविक्रम सिंहको नेतृत्वमा पातलो मसाल गठन । प्रचण्ड, सीपी गजुरेल, रामबहादुर थापा र देव गुरूङ वैद्यतिर लागे भने बाबुराम भट्टराई, हरिबोल गजुरेललगायत सिंहतिर ।

०४३ चैत : सेक्टर काण्ड । असन, क्षेत्रपाटी, लगनखेललगायत यजधानीका नौ ठाऊमा आक्रमण । पञ्चायती निर्वाचन बिथोल्ने उद्देश्यले आक्रमण गय्एिको ।

०४५ : गोरखाको तियनचोकमा युद्ध सुरू गर्न सैन्य तालिम ।

०४६ : सेक्टर काण्ड असफलताकै परिणाम मोहन वैद्य महासचिवबाट हटे । नेतृत्व प्रचण्डलाई हस्तान्तरण ।

०४७ चैत : सिंह नेतृत्वको पातलो मसाल विभाजित । बाबुराम भट्टराई, हरिबोल गजुरेल, टोपबहादुर रायमाझी, राम कार्की, देवेन्द्र पौडेललगायतले विद्रोही मसाल गठन गरेर प्रचण्ड नेतृत्वको मोटो मशालसँग एकता ।

०४८ मंसिर : एकता महाधिवेशन । नेकपा मशाल, नेकपा चौम, सर्वहारावादी श्रमिक संगठन, नेकपा जनमुखी सहभागी । पार्टीको नाम एकता केन्द्र मशाल ।

०५१ : प्रचण्ड पक्षधरहरूको प्रथम राष्ट्रिय सम्मेलन । नारायणकाजी श्रेष्ठ, निर्मल लामालगायतलाई कारबाही गरेको घोषणा ।

०५२ असार : चितवनको माडीमा दोस्रो विस्तारित बैठक । पार्टीको नाम नेकपा माओवादी ।

०५२ कात्तिक : गोरखाको धुवाकोटमा केन्द्रीयसमिति बैठक । चार तयारीसाथ फागुनबाट 'जनयुद्ध'मा जाने निर्णय ।

०५२ फागुन : सशस्त्र युद्धको घोषणा ।

०५५ भदौ : चौथो विस्तारित बैठक । नेतृत्व केन्द्रीकरणका विषयमा मतभेद ।

०५७ असोज : डोल्पा सदरमुकाममा आक्रमण ।

०५७ माघ-फागुन : दोस्रो राष्ट्रिय सम्मेलन । प्रचण्डपथ पारित । तर, प्रचण्डपथको व्याख्यामा अस्पष्ट

०५८ असार : युद्धविराम गरी वार्तामा सहभागी ।

०५८ मंसिर : युद्धविराम भंग । दाङ, स्याङ्जा र सोलुखुम्बु सदरमुकाम आक्रमण ।

०५९ पुस : पुनः युद्धविराम ।

०६० भदौ : युद्धविराम भंग

०६० जठे : केन्दीय समिति बैठक । २१ औ शताब्दीको जनवाद पारित ।

०६१ माघ : बाबुराम भट्टराईमाथि कारबाही । विवाद उत्कर्षमा ।

०६२ असोज : रोल्पाको चुनबाङमा केन्द्रीय समिति बैठक । दलहरूसँग सहकार्य गरेर जाने निर्णय । ०६२/६३ जनआन्दोलनमा अप्रत्यक्ष सहभागी ।

०६३ वैशाख ११ : दलहरूले आन्दोलन स्थगित गरेकोमा आपत्ति जनाउँदै संघर्ष जारी राख्ने घोषणा । १३ गते पुनः वक्तव्य निकाली संघर्ष स्थगित गरेको जानकारी ।

०६३ असार २ : माओवादी अध्यक्ष प्रचण्ड, वष्ठि नेता बाबुराम भट्टराई र सात राजनीतिक दलका नेताहरूबीच प्रधानमन्त्री निवास बालुवाटारमा वार्ता ।

०६३ माघ : अन्तरिम विधायिका संसद्मा प्रवेश

०६३ चैत : गिरिजाप्रसाद कोइराला नेतृत्व सरकारमा सहभागी ।

०६४ साउन : पाचौँ विस्तारित बैठक । जनविद्रोहको लाइन पारित ।

०६४ चैत : संविधानसभा निर्वाचनमा २ सय ३८ सिटमा विजयी ।

०६५ साउन : अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीमा निर्वाचित ।

०६५ मंसिर : खरिपाटी भेला । विद्रोहकै लाइन पारित । अध्यक्ष प्रचण्ड र बाबुराम एकातिर, मोहन वैद्य अर्कातिर ।

०६६ वैशाख : प्रचण्डद्वारा प्रधानमन्त्रीबाट राजीनामा ।

०६६ साउन : केन्द्रीय समिति बैठक । बहुपदीयमा जाने निर्णय ।

०६६ असोज, कात्तिक, पुस : विभिन्न चरणका आन्दोलन घोषणा ।

०६७ वैशाख : छ दिने आमहडताल घोषणा ।

०६७ मसिर : गोरखाको पालुङटारमा छैटौँ विस्तारित बैठक । कुनै लाइन पारित हुन सकेन ।

०६७ पुस २ : केन्द्रीय समिति वैठक । प्रचण्ड र मोहन वैद्यको मिलेमतोमा विद्रोहको लाइन पारित ।

०६७ माघ २० : प्रचण्डद्वारा प्रधानमन्त्रीमा झलनाथ खनाललाई समर्थन ।

०६७ फागुन २० : चार जना माओवादी नेताहरु सरकारमा सहभागी ।

०६८ वैशाख ७ : प्रचण्डद्वारा जनविद्रोहको लाइन स्थगित गरी शान्ति र संविधानमा केन्द्रित हुने प्रस्ताव

०६८ वैशाख ९ : वैद्य पक्षधरद्वारा फरक मत पेस ।

## हिजो र आज

विगतको एमालेजस्तै रूपान्तरणमा रहेको माओवादी ऐतिहासिक मोडमा

१८ माघ २०६१ । लाबाङ बैठक । नेकपा माओवादीको पोलिटब्युरोद्वारा स्थायी समिति सदस्य बाबुराम भट्टराईलाई कारबाहीको निर्णय ।

भट्टराईमाथि भारतपरस्त र संसदीय भासमा भासिन लागेको आरोप ।

कात्तिक ०६२ । चुनबाङ बैठक । नेकपा माओवादी केन्द्रीय समितिद्वारा बाबुराम भट्टराईविरूद्धको कारबाही फिर्ता । दीर्घकालीन जनयुद्ध र स्थगित गरी शान्तिपूर्ण संघर्षमा जाने निर्णय ।

२ पुष ०६७ । काठमाडौं बठैक । एकीकृत नेकपा माओवादी केन्द्रीय समितिद्वारा जनविद्रोहको लाइन पारित ।

७ वैशाख ०६८ । काठमाडौं बठैक । माओवादी पोलिटब्युरोमा जनविद्रोहका कार्यनीति स्थगनको प्रस्ताव प्रस्तुत । शान्ति र सविधान तात्कालिक कार्यनीतिको प्रस्ताव ।

यसपछिका विकासक्रमका जानकारीका लागि डा सुरेन्द्र केसीको बूँदागत नोटमा प्रस्तुत छ ।

**भाग ५**

# नेपालको वाम आन्दोलनको अबको बाटो

घनश्याम भूसाल
उपमहासचिव, नेकपा एमाले

नेपाल कसैको उपनिवेश नरहेको, समाज व्यवस्थाका रूपमा सामन्तवादको अन्त्य भइसकेको र सो आन्दोलनमा कम्युनिष्ट पार्टीको प्रत्यक्ष संलग्नता र अन्य बुर्जुवा पार्टीसँगको संयुक्त नेतृत्वमा नेपालले गणतान्त्रिक राजीतिक व्यवस्था अँगालिसकेको हुँदा पुँजीवादी राजनीतिक क्रान्तिको आधारभूत काम सम्पन्न भइसकेको छ । यस गणतान्त्रिक व्यवस्थालाई नयाँ संविधानद्वारा संस्थागत गर्दै र श्रमजीवी वर्गका पक्षमा संविधानलाई कार्यान्वयन गर्दै जाने कामहरू बाँकि छन् र ती काम लामो समयसम्म गरिनै रहनु पर्नेछ । केवल सर्वहारा वर्गले पुँजीवादी क्रान्तिको नेतृत्व गर्छ भन्ने हिजोका निष्कर्षभन्दा बेग्लै प्रकारले अर्थात् कम्युनिष्ट पार्टी र अन्य बुर्जुवा पार्टीको नेतृत्वमा नेपालमा पुँजीवादी जनवादी राजनीतिक क्रान्ति आधारभूतरूपले सम्पन्न भएको छ । यसको अर्थ के हो भने हिजो क माओले भन्नु भएजस्तै पुँजीवादी जनवादी क्रान्ति भनेको नयाँ जनवादी राजनीतिक क्रान्ति हो । साथै, क मदन भण्डारीले भन्नु भएजस्तै जनताको बहुदलीय जनवादी क्रान्ति भनेको सारमा नयाँ जनवादी क्रान्तिको चरणमा गरिने क्रान्ति नै हो । यसरी हेर्दा के स्पष्ट हुन्छ भने नेपालमा जनताको बहुदलीय जनवादी राजनीतिक क्रान्ति सम्पन्न भइसकेको छ । हामीले समाजवाद पनि लोकतान्त्रिक विधिभित्रै रहेर निर्माण गर्छौं भनेका छौं त्यसको अर्थ समाजवादको पनि राजनीतिक व्यवस्था आधारभूतरूपले गणतान्त्रिक नै हुने हुँदा लामो समयका लागि राजनीतिक व्यवस्थाको आधारभूत काम सम्पन्न भइसकेको छ । हाम्रै पार्टी समेतको नेतृत्वमा भएको यति महत्वपूर्ण राजनीतिक उपलब्धिलाई इन्कार गरेर अझै पनि नेपालमा राजनीतिक क्रान्ति सम्पन्न भएको छैन भन्ने ठाउँमा पुग्यौं भने हामी सैद्धान्तिक हिसाबले अन्योलग्रस्त हुनेछौं र आजका कार्यभारहरूको वस्तुगतरूपले निर्धारण गर्न सक्ने छैनौं । त्यसैले २०६२/६३ को परिवर्तनलाई नेपाली जनताले सम्पन्न गरेको जनक्रान्तिका रूपमा स्वीकार गरेर अगाडिका कार्यभारहरू तय गर्नु पर्छ ।

## जनताको बहुदलीय जनवाद : हाम्रो कार्यक्रम र सिद्धान्त

हाम्रो पुँजीवादी जनवादी राजनीतिक क्रान्तिको आधारभूत कार्यभार सम्पन्न भएको छ भन्दा एउटा महत्वपूर्ण प्रश्न उठ्छ : त्यसो भए अबको नेपाली क्रान्तिको कार्यक्रम समाजवादी हुन्छ त ? निश्चय नै अबको हाम्रो लक्ष्य समाजवाद हो । तर नेपालको सामाजिक-आर्थिक अवस्था पुँजीवादी भए पनि विकसित पुँजीवादी होइन । उत्पादक शक्तिको पर्याप्त विकास नभइकन आधारभूतरूपले समाजवादी कार्यक्रम लागू गर्न सकिन्न त्यसैले आजका कार्यभारको मुख्य आधार उत्पादक शक्तिको विकास हो, पुँजीको पर्याप्त विकास हो । हामीले त्यतिमात्रै भनेर पुग्दैन किनकि हामीले अहिलेको पुँजीको प्रभुत्वशाली चरित्र दलाल पुँजीको विकास हो भनेका छौं । दलाल पुँजीको विकासले हामीलाई झनै पराश्रयी बनाउँदै लैजान्छ र हामीलाई विश्वपुँजीवादी साम्राज्यवादको अङ्गकै रूपमा अगाडि बढाउँछ । त्यसैले हामीले विकास गर्ने पुँजीको चरित्र राष्ट्रिय हुन्छ जसले बढीभन्दा बढी रोजगारी सिर्जना गर्छ, श्रमजीवी तथा असक्त तथा पिछडिएका सबै जनगणका न्युनतम हितहरूको सुरक्षा गर्छ । त्यसैले अन्य बुर्जुवा पार्टीहरू र हामी कम्युनिष्ट पार्टीमा के फरक छ भने तिनीहरू आर्थिक विकासको कुरा गर्छन् तर सामाजिक न्यायको कुरा गर्दैनन्, हामी सामाजिक न्याय सहितको आर्थिक समृद्धिको कुरा गर्छौं । अर्थात्, बुर्जुवा पार्टीहरू नेपाली समाजलाई पुँजीवादी विकासको बाटोमा लैजान चाहान्छन् भने हामी नेपाली समाजलाई समाजवादतर्फ लैजान चाहान्छौं । त्यसैले हाम्रो आजको क्रान्तिकारी कार्यक्रम दिशाको हिसाबले समाजवादी हो तर ठोस कार्यक्रमका हिसाबले राष्ट्रिय पुँजीको विकास गर्ने कार्यक्रम हो ।

हामीले जनताको बहुदलीय जनवादी राजनीतिक क्रान्ति सम्पन्न गरेका छौं भन्ने हो भने जनताको बहुदलीय जनवादको औचित्य सकियो त ? भनेर प्रश्न उठ्न सक्छ । त्यसैलाई कतिपयले क मदन भण्डारीको योगदानको औचित्य सकियो त ? भनेर पनि प्रश्न गरेका छन् । वस्तुतः त्यसो होइन । जनताको बहुदलीय जनवादी कार्यक्रमका तीन चरण मध्ये हामी अहिले ठोस कार्यक्रमका हिसाबले दोश्रो चरणमा र दिशाका हिसाबले तेश्रो चरणमा छौं । तसर्थ यो व्याख्याले जनताको बहुदलीय जनवादलाई निषेध गर्दैन बरू जनताको बहुदलीय कार्यक्रम पहिलो चरणबाट दोश्रो

चरणमा प्रवेश गरेको वस्तुगत तथ्यलाई बताउँछ । आज जनताको बहुदलीय जनवादलाई विकसित गर्ने वा समृद्ध बनाउने भनेको जनताको बहुदलीय जनवादले विताएका दुई दशकमा समाज र राजनीतिमा आएका परिवर्तनलई बुझ्नु, आत्मसात गर्नु र त्यस अनुरुप कार्यभारहरू निश्चित गर्नु हो । अर्थात्, सारका हिसाबले जनताको बहुदलीय जनवादी कार्यक्रमको नयाँ चरण आरम्भ भयो भन्ने नै हो ।

त्यस्तै जनताको बहुदलीय जनवादलाई हामीले अहिलेसम्म सिद्धान्तका रूपमा आधिकारीक हिसाबले परिभाषित गरेका छैनौं । अर्थात्, सिद्धान्तका रूपमा जनताको बहुदलीय जनवादका आधारभूत तत्वहरू के के हुन् भनेर हामीले सूत्रवद्ध गरेका छैनौं । जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको सिद्धान्तको रूपमा परिभाषित गर्दा त्यसले मार्क्सवादको प्रकाशमा नेपाली समाज र राजनीतिको अवस्थालाई प्रतिनिधित्व गर्नु पर्छ । हामीले माथि भनिसकेका छौं कि अबको समाजवाद लोकतान्त्रिक प्रक्रिया भित्रबाटै निर्माण हुनेछ । समाजवादी हुनु भनेको श्रमजीवी वर्गीय हुनु नै हो । त्यस प्रकार जनताको बहुदलीय जनवादको परिभाषा हुन्छ : लोकतान्त्रिक तरिकाले नेपाली समाजको श्रमजीवी वर्गीय रूपान्तरणको प्रक्रिया जनताको बहुदलीय जनवाद हो । अर्थात्, हामीलाई हरेक नीतिहरूको निर्माणमा ती दुई तत्वले निर्देशित गर्दछन्- लोकतान्त्रिक विधि र श्रमजीवी वर्गीय पक्षधरता । लोकतान्त्रिक विधिले श्रमजीवी वर्गको पक्षधरता लिँदैन भने त्यो बुर्जुवा लोकतन्त्रवाद हो, श्रमजीवी वर्गीय पक्षधरताले लोकतान्त्रिक विधि अवलम्बन गर्दैन भने त्यो उग्र क्रान्तिकारीतावाद हो । ती दुवैका विपरित जनताको बहुदलीय जनवादले एकातिर लोकतन्त्रलाई अवलम्बन गर्छ भने अर्कोतर्फ क्रान्तिकारीता वा श्रमजीवी वर्गीय पक्षधरतालाई समातिरहन्छ । यसरी परिभाषित नगर्ने हो भने जनताको बहुदलीय जनवादले हामीलाई मार्क्सवादी क्रान्तिकारी सिद्धान्तका रूपमा मार्गदर्शन गर्दैन । यसरी परिभाषित गरेपछि नेपाली समाजलाई समाजवादमा लैजाँदासम्म जनताको बहुदलीय जनवादले हामीलाई मार्गदर्शन गर्छ र त्यसैले त्यो मार्गदर्शक सिद्धान्त बन्छ ।

**हाम्रा मुख्य कार्यभार**

नेपालको सामाजिक चरित्र पुँजीवादी हुनु, अर्थतन्त्रको मुख्य चरित्र दलाल पुँजीवादी हुनु, वर्गहरूको चरित्र पनि पुँजीवादले निर्धारण गरेको हुनु, क्षेत्रीय/जातीय/क्षेत्रीय विभेद र असमानताहरू रहनु जस्ता कारणले गर्दा नेपाली समाजको क्रान्तिकारी रुपान्तरणले यी मुद्दाहरूलाई प्राथमिकतामा राख्नु पर्छ :

- करिब दुईसय वर्षदेखि नेपालको अर्थतन्त्र तात्कालिन बेलायती साम्राज्यवादसँग जोडिँदै गयो । हामी बेलायती सामानको बजार हुँदै गयौं, पछि जापानी भारतीय, चिनियाँ र अन्य मुलुकका सामानको बजार हुँदै गएका छौं । हामीले विश्व बजारबाट जुन परिमाणमा सामानहरू खरिद गर्छौं त्यसको तुलनामा नगन्य परिमाणमा बेच्छौं भन्ने कुरा अहिले हाम्रो सम्पूर्ण निर्यात भन्दा भारतबाट ल्याइने पेट्रोलियम पदार्थको मूल्य बेशी भएको तथ्यले स्पष्ट पार्छ । यो प्रक्रिया जारी रहेसम्म नेपालमा राष्ट्रिय पुँजीको विकास हुनै सक्दैन त्यसैले नेपाली क्रान्तिको वर्तमान कार्यभार मध्ये यो ऐतिहासिक पराश्रयलाई अन्त्य गर्ने र स्वाधीन अर्थतन्त्रको विकास गर्नु एउटा मुख्य कार्यभार हो ।
- अहिलेको नेपाली समाजमा राष्ट्रिय पुँजीको विकास गर्ने कार्यक्रमले मुख्यतः सिमान्त श्रमजीवी वगको समस्यालाई सम्बोधन गर्नु पर्छ । परम्परागत खेतीमा रहेको उत्पादक शक्तिलाई त्यो उत्पादन सम्बन्धबाट मुक्त गर्ने र खेतिबाट बाहिर आएको उत्पादक शक्तिको विस्तार गर्ने प्रश्नमा केन्द्रित छ वा छैन भन्ने कुराले हाम्रो कार्यक्रम क्रान्तिकारी छ कि छैन भन्ने कुराको निर्धारण गर्ने छ । काम गर्न सक्नेहरूलाई काम दिनु र नसक्नेहरूलाई संरक्षण दिनु अहिलेको एउटा मुख्य कार्यभार हो ।
- अर्थतन्त्र पराश्रयी हुँदै जाँदा ऐतिहासिक रूपले नै असमान विकासको प्रकृयाले क्षेत्रीय र जातीय असमानता तथा विभेदहरू बन्दै गएको अवस्थालाई अन्त्य नगरी नेपालको न्यायपूर्ण र समृद्ध विकास हुँदैन । अर्थात् पिछडिएका क्षेत्रहरूको योजनावद्ध विकास विना आजका जातीय तथा क्षेत्रीय असमानता र विभेदहरूको अन्त्य हुँदैन । ती क्षेत्र र समुदायको उत्थानका लागि अहिले अपनाइएका आरणक्षण लगायतका विभिन्न उपायहरू आवश्यक छन् तर ती क्षेत्रको द्रुत आर्थिक विकासलाई ध्यान दिन सकिएन भने अन्य उपायले मात्रै समास्याको दिगो समाधान हुन सक्दैन । विभिन्न क्षेत्र र जाती/जनजातीहरूको समान अवसर र विकासमा आधारित राष्ट्रिय एकता नै

राष्ट्रिताको संरक्षण र विकासको ग्यारण्टी हो । त्यसैले योजनावद्ध क्षेत्रीय विकास आजको हाम्रो एउटा मुख्य कार्यभार हो ।

- राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादका आधारहरू तयार गर्न सहयोगी हुने गरी सबै जनवर्ग, जात-जाति, क्षेत्र, लिङ्ग, वर्णको साझा पहिचान भएको समानता र न्यायमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नयाँ सम्विधान गर्नु, राज्यको पुनर्संरचना गर्नु, खासगरी संघीयताको स्वरूप निर्धारण गर्नु र जनक्रान्ति-२०६२/६३ लाई संस्थागत गर्नु अहिलेको अर्को मुख्य कार्यभार हो ।
- पराश्रयी तथा दलाल अर्थतन्त्रका ठाउँमा आत्मनिर्भर तथा उत्पादक अर्थतन्त्रको स्थापना र योजनावद्ध विकास गर्दै लोकतान्त्रिक हिसाबले अन्य बुर्जुवा पार्टीहरूसँग प्रतिस्पर्धामा श्रेष्ठता हासील गर्दै समाजवादका आधारहरू तयार गर्ने काममा नेतृत्व गर्न सक्ने नेकपा एमालेको निर्माण नगरिकन हामीले आजको युगीन कार्यभार पूरा गर्न सक्दैनौं । तसर्थ, राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको आधार तयार गर्न सक्ने गरी वैचारिक/सैद्धान्तिक, राजनीतिक र साङ्गठानिक हिसावले सामाजिक जीवनका हरेका क्षेत्रमा नेतृत्व गर्न र लोकतान्त्रिक प्रक्रियामा अरू बुर्जुवा पार्टीलाई जनमतद्वारा पराजित गर्न सक्ने एकिकृत कम्युनिष्ट आन्दोलनको नेता पार्टीका रूपमा नेकपा एमालेको निर्माण/पुनर्निर्माण आज हाम्रा अगाडिको अर्को मुख्य कार्यभार हो ।

**पार्टी निर्माणका केहि आधारभूत पक्ष**

अहिलेसम्म हामीले आफ्नै पार्टीको चरित्र के हो भन्ने बारेमा ध्यान दिएका छैनौं अर्थात् हामी शासकीय पार्टी हौं कि आन्दोलनकारी/क्रान्तिकारी पार्टी हौं भन्ने निर्क्यौल गर्न सकेका छैनौं । आफ्नो सरकार हुँदा हामी सम्पूर्णरूपले शासकीय पार्टी हौं जस्तो गर्छौं, सरकारबाट बाहिर आएपछि पूर्णरूपले क्रान्तिकारी पार्टी हौं जस्तो गर्छौं । चिनियाँ कम्युनिष्ट पार्टीले आफुलाई १९४९ भन्दा अगाडि क्रान्तिकारी पार्टी र त्यसपछि शासकीय पार्टी भन्ने गरेको छ । उसको विश्लेषण सहि छ । हाम्रो सन्दर्भमा नेकपा एमाले आन्दोलनकारी/क्रान्तिकारी र शासकीय दुवै चरित्रको पार्टी हो । यो कुनै न कुनै हिसाबले सत्तामा पनि छ तर सामाजिक-आर्थिक रूपान्तरणका लागि आन्दोलनरत पनि छ । हाम्रो जस्तो अवस्थामा रहेका पार्टीहरू एकैसाथ दुवै चरित्रका हुन्छन् । किनकि यो सत्तामा हाम्रो पनि स्वामित्व छ, यो निर्माण गर्न हाम्रो पनि योगदान छ त्यसैले हामी शासकीय पार्टी हौं, तर रूपान्तरणका अनेकौं क्षेत्रमा हामीले काम गर्नु पर्नेछ त्यसैले आन्दोलनकारी पनि हौं । यो दोहोरो चरित्रलाई ख्याल गर्न सकेनौं भने हामी या त सत्ताधारी भएर दक्षिणपन्थी हुँदै जान्छौं या क्रान्तिकारीमात्रै भएर उग्रवादी हुँदै जान्छौं । यो प्रश्न पार्टी निर्माणको लागि असाध्यै ठूलो प्रश्न हो, यसलाई समाधान गरेर हामीले आजको पार्टी निर्माण गर्नु पर्छ । नवौं महाधिवेशनले यस प्रश्नमा छलफल गर्नु पर्छ, सहि निष्कर्ष निकाल्नु पर्छ ।

हाम्रो पार्टीको सङगठनात्मक सिद्धान्तलाई हामीले लेनिनवादी भन्दै आएका छौं । अर्कातर्फ लोकतान्त्रिकरणका नाममा हामी पार्टी कामका मोर्चाहरूमा पनि पार्टी नेताहरूका बीचमा निर्वाचन गरेर हार-जीत गर्दैछौं । यसले गर्दा हामी सङ्गठनात्मक क्षेत्रमा अराजक बन्दै गएका छौं । हामीले 'जनवादी केन्द्रियता' को लेनिनवादी सिद्धान्तलाई नअँगालीकन पार्टीलाई एउटा सुस्पष्ट बाटोमा एकतावद्ध बनाएर हिँडाउनै सक्दैनौं । तर लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका नाममा मातहतवादी सङ्गठनात्मक अभ्यास गर्न पनि सक्दैनौं । त्यसैले अध्ययन-अनुसन्धान सहित हरेक सदस्यले पार्टीका सबै विषयमा छलफल गर्न सक्ने गरी जनवादी केद्रियतालाई नै लागु गर्नु पर्छ ।

**हाम्रा कार्यभार पूरा गर्न सक्ने सङ्गठनका केहि महत्वपूण पक्षहरू :**

- हाम्रो आजको मुख्य कार्यभार पराश्रयी पुँजीवादी प्रक्रियालाई आत्मनिर्भर अर्थतन्त्रमा बदल्ने र राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादको आधार तयार गर्ने हो । त्यसैले केन्द्रिय नेतृत्वको मुख्य योग्यता त्यस कार्यभारको दीर्घकालीन र तात्कालिक योजना, कार्यक्रम र कार्यान्वयन गर्न सक्ने हुनुपर्छ । पूर्वाधार विकासका राष्ट्रिय योजना, रोजगारी बृद्धि, राष्ट्रिय उत्पादनमा बृद्धि, न्यायपूर्ण वितरण, विभेदहरूको अन्त्य गर्न र ती कार्यभारहरूको पक्षमा राष्ट्रिय अन्तरराष्ट्रिय सहयोग र समर्थन जुटाउने जस्ता मुद्दामा केन्द्रीय कमिटी केन्द्रित हुनु पर्छ । त्यसको कार्यान्वयनका लागि जनप्रतिनिधिसभा र सरकारमा जाने प्रतिनिधिहरूलाई निर्देशित गर्नु पर्छ । आवश्यक पर्दा राज्यलाई दबाव दिन सम्पूर्ण पार्टी पंक्ति र जनसमुदायलाई सङ्घर्षमा परिचालन गर्नु पर्छ । उपरोक्त

कार्यभार पूरा गर्ने कसले कति योगदान गऱ्यो भन्ने कुरालाई पार्टी नेतृत्वको चयनको आधार बनाउनु पर्छ अर्थात् ती जिम्मेवारी पूरा गर्नेहरूको मूल्याङ्कनका आधारमा मात्रै कुनै पनि सदस्य नेतृत्वमा पुग्न सक्छ भन्ने कुराको वैधानिक व्यवस्था गर्नु पर्छ । यस्तो व्यवस्थाले पार्टी नेतृत्व सामाजिक रूपान्तरणप्रति प्रत्यक्षरूपले उत्तरदायी हुनेछ।

- उत्पादनमा पार्टीको संलग्नता मुलुकलाई पराधीनताबाट मुक्त गर्ने, सीमान्त श्रमजीवी वर्गलाई विद्यमान उत्पादन सम्बन्धबाट मुक्त गर्ने, श्रमजीवी वर्गको जीवनस्तर उकास्ने, सामाजिक विभेदबाट पीडित जनसंख्यालाई त्यस विभेदबाट मुक्त गर्ने, न्यायपूर्ण तथा प्रगतिशील समाजको निर्माण गर्ने, त्यसरी राष्ट्रिय पुँजीको विकास गर्ने र समाजवादी भविष्यको आधार तयार गर्ने उद्देश्य अनुरूप पार्टीले उत्पादन र सामाजिक सुधारमा भूमिका खेल्छ भन्ने कुरालाई स्थानीय तहका कमिटीहरूले आआफ्नो कार्यक्षेत्रमा स्थापित गर्नु पर्छ  विभिन्न स्तरका पार्टी कमिटी र तिनका सदस्यले आआफ्नो कार्यक्षेत्रमा सहकारी र सार्वजनिक पुँजीको विकासमा प्रत्यक्ष रूपले भूमिका खेल्नु पर्छ, नीजी पुँजीलाई उपयुक्त वातावरण दिनु पर्छ  हरेक कमिटीहरूसँग  शिक्षा, स्वास्थ्य, गरिबी निवारण, भ्रष्टाचार निवारण, प्रतिव्यक्ति आयमा वृद्धि, वातावरण संरक्षण, शीप विकास तथा रोजगारी प्रबर्द्धन, विद्युतिकरण, सार्वजनिक सुरक्षा जस्ता क्षेत्रमा योजना हुनु पर्दछ। ती योजना पूरा गर्न सम्बन्धीत सदस्यले खेलेको भूमिकामा आधारमा उसको योग्यता निर्धारित हुने व्यवस्था गर्नु पर्छ । यसरी सामाजिक रुपान्तरण सरकारको मात्रै होइन पार्टीको प्रत्यक्ष जिम्मेवारीको विषय हो भन्ने कुरा स्थापित गर्नु पर्छ ।
- त्यस्तै, पार्टीकाममा पूर्णकालिन बाहेक सबै सदस्यहरु प्रत्यक्ष उत्पादन कार्यमा संलग्न हुनै पर्छ जसले गर्दा हरेक सदस्य उद्यमशील छ भन्ने कुराको ग्यारण्टी होओस् । उत्पादनमा संलग्न हुने र आर्थिक उपार्जन अनुसार अनिवार्यरूपमा राज्यलाई कर तिर्ने सदस्यहरूको संगठनका रूपमा पार्टीको निर्माण गर्नु पर्छ । पार्टीमा पूर्णकालीन भएका सदस्यहरू नीजी उत्पादनको काममा लाग्दैनन् तर आफ्नो कार्यक्षेत्रमा उत्पादन, सुधार र न्यायको योजना र कार्यान्वयनमा प्रत्यक्षरूपले नेतृत्व गर्छन् भन्ने कुराको ग्यारण्टी गर्नु पर्छ । यस्तो व्यवस्थाले पार्टी सदस्यहरूलाई उत्पादनसँग जोड्छ र भ्रष्ट हुनुबाट जोगाउँछ ।
- हरेक तहका अधिवेशनमा सम्बन्धित कमिटीको नेतृत्वमा उठ्न चाहानेहरूले प्रतिनिधिहरूका सामु आफ्नो कार्यकालमा आफ्नो कार्यक्षेत्रमा सामाजिक रूपान्तरणका कुन कुन कार्यक्रम कसरी पुरा हुन्छन् योजना पेश गर्ने र ती कार्यक्रम र योजनाको आधारमा उनीहरू निर्वाचित हुने व्यवस्था गर्नु पर्छ ।
- हरेक स्तरको अधिवेशनमा उपस्थित हुने प्रत्येक प्रतिनिधि पार्टीको कार्यभार र लक्ष्यका बारेमा सैद्धान्तिक रूपमा स्पष्ट छ भन्ने कुराको ग्यारण्टी गर्ने व्यवस्था विधानमा गरिनु पर्छ । जसले गर्दा उनीहरूले निर्वाचित गर्ने हरेक कमिटी विचारधारात्मक र सैद्धान्तिकरूपले योग्य छ भन्ने कुराको प्रत्याभूति होओस् । वस्तुतः पार्टीको हरेक सदस्य पार्टीका कार्यभार र समाजवादी ध्येयका बारेमा सचेत छ भन्ने कुराको ग्यारण्टी नगरिकन त्यस्तो पार्टी नै निर्माण हुँदैन ।
- पार्टीका कार्यभार र समाजवादी ध्येयका बारेमा पार्टीको हरेक कमिटीमा अध्ययन तथा छलफल हुने व्यवस्था गर्नु पर्छ । हरेक पार्टी सदस्यले न्यूनतमरूपमा नियमित अध्ययन गर्छ भन्ने कुरा सुनिश्चित गर्नु पर्छ । पार्टीमा कमसेकम एउटा विधारधारात्मक मुखपत्र हुनु पर्छ र हरेक सदस्य त्यसको सदस्य बन्नु पर्ने वैधानिक व्यवस्था हुनु पर्छ ।
- सदस्यताको सपथमा अरू कुराका साथै 'म आफैले उत्पादन गरेर बाँच्छु', 'आफुले कमाएको हरेक पैसाको कानून बमोजिम कर राज्यलाई बुझाउँछु' र 'राज्यलाई आफुले तिरेको कर श्रमजीवी वर्गको लागि खर्च हुनेछ भन्ने कुरामा ध्यान दिन्छु' जस्ता बुँदाहरू समावेश गर्नु पर्छ ।
- यसरी निर्माण हुने पार्टीले मात्रै मार्क्सवादी सिद्धान्त र नेपाली समाजलाई एकठाउँमा जोड्छ र जनताको बहुदलीय जनवादलाई लागू गर्छ । त्यस्तो पार्टीले सबै वर्ग, जात र क्षेत्रका समस्याहरूको समाधानमा गर्न जनताको नेतृत्व गर्छ, सबै वर्ग, जात र क्षेत्रका जनतामा विचारधारात्मक वर्चस्व स्थापित गर्छ, निर्वाचनहरूमा पार्टीका पक्षमा जनमतको परिचालन गर्छ, निर्वाचनमा निस्पक्षताको ग्यारण्टी गर्छ, आवश्यक पर्दा ठूल्ठूला जनप्रदर्शन तथा सभाहरू आयोजना गर्छ संक्षेपमा, राष्ट्रलाई एकतावद्ध पार्छ । यसरी क्रान्तिकारी पार्टी क्रान्तिकारी सामाजिक रूपान्तरणको वास्तविक नेताका रूपमा विकसित हुँदै जान्छ । जनताको बहुदलीय जनवाद केवल बोलिने र सुनिने होइन गाउँबस्ती र सहरहरूमा प्रत्यक्षरूपले देखिन थाल्छ,  समाजलाई समाजवादी ध्येयको नजिक पुऱ्याउँछ ।